# सर्वोच्च अदालत, संयुक्त इजलास
## माननीय न्यायाधीश श्री कुमार रेग्मी
## माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान
## फैसला
०७३-CR-१०५६

मुद्दाः- भ्रष्टाचार (अनियमितता)।

| | |
|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले नेपाल सरकार-----------१ | पुनरावेदक<br>वादी |

विरूद्ध

| | |
|---|---|
| जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.८ देवपतन बस्ने गोबिन्दप्रसादको छोरा पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव निर्मल कुँईकेल------------------------------------------------------------------१<br>जिल्ला मोरङ, बिराटनगर उपमहानगरपालिका वडा नं.५ स्थायी वतन भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३३ नक्शाल बस्ने स्व. रुपचन्द्र नाहटाको नाति जुगल किशोर नाहटाको छोरा पशुपतिक्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव सुशिल नाहटा------------------------------------------१<br>जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.७ चावहिल स्थायी घर भई हाल ऐ.वडा नं.३४ पुरानो वानेश्वर बस्ने टंकनाथ रेग्मीको नाति भुवनेश्वर रेग्मीको छोरा पशुपति क्षेत्र विकास कोषका उपनिर्देशक राजु कुमार रेग्मी---------------१<br>जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.५, हाडीगाउँ बस्ने दिल बहादुर श्रेष्ठको नाति हरिबहादुरको छोरा जिल्ला विकास समितिको कार्यालय काठमाडौंका तत्कालीन स्थानीय विकास अधिकारी तथा आन्तरिक राजस्व विभाग लाजिम्पाटमा कार्यरत महेन्द्रलाल श्रेष्ठ-----------------------------------------१<br>जिल्ला मोरङ्ग, विराटनगर उपमहानगरपालिका वडा नं.४ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३४ शान्तिनगर बस्ने भरत प्रसाद पराजुलीको नाति केशवप्रसाद पराजुलीको छोरा जिल्ला विकास समितिको | प्रत्यर्थी<br>प्रतिवादी |

कार्यालय काठमाडौंका तत्कालीन स्थानीय विकास अधिकारी तथा जिल्ला प्रशासन कार्यालय सिन्धुपालचोकका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद पराजुली-------१

जिल्ला बाग्लुङ, पैथुपाटी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, धापासी गा.वि.स. वडा नं. १ बस्ने जिल्ला विकास समितिको कार्यालय काठमाडौंका तत्कालीन स्थानीय विकास अधिकारी तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव प्रेमराज जोशी---------------------------१

जिल्ला दाङ, तुल्सीपुर नगरपालिका वडा नं.८ बस्ने टिकाध्वज मल्लको नाति प्रीयराज मल्लको छोरा जिल्ला विकास समितिको कार्यालय काठमाडौंका तत्कालीन योजना अनुगमन तथा प्रशासकीय अधिकृत तथा सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृत भिष्म कुमार मल्ल-------------------------------------------------१

जिल्ला काठमाडौं, गोठाटार गा.वि.स.वडा नं.३ बस्ने कृष्णबहादुर दाहालको नाति चन्द्रबहादुर दाहालको छोरा बच्चुराम दाहाल----------------------------------१

ऐ.ऐ. बस्ने ऐ.को नाति ऐ. को छोरा मिठ्ठाराम दाहाल--------------------------१

०७४-CR-००५४

| | |
|---|---|
| कृष्णबहादुर दाहालको नाति चन्द्रबहादुर दाहालको छोरा काठमाडौं जिल्ला, साविकको गोठाटार गा.वि.स.वडा नं.३ हालको कागेश्वरी मनहरा नगरपालिका वडा नं.८ बस्ने बच्चुराम दाहाल-----------------------------------------------१ | पुनरावेदक प्रतिवादी |

विरूद्ध

| | |
|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत आनन्द जंग थापाको प्रतिवेदनले नेपाल सरकार-----------------------------------------१ | प्रत्यर्थी वादी |

०७४-CR-००६१

| | |
|---|---|
| कृष्णबहादुर दाहालको नाति चन्द्रबहादुर दाहालको छोरा काठमाडौं जिल्ला, साविकको गोठाटार गा.वि.स.वडा नं.३ हालको कागेश्वरी मनहरा न.पा. वडा नं.८ बस्ने मिठ्ठाराम दाहाल-----------------------------------------------------१ | पुनरावेदक प्रतिवादी |

विरूद्ध

| | |
|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत आनन्द जंग थापाको प्रतिवेदनले नेपाल सरकार---------------------------------------१ | प्रत्यर्थी वादी |

## <u>सुरू तहमा फैसला गर्नेः</u>

अध्यक्ष माननीय न्यायाधीश श्री मोहनरमण भट्टराई

सदस्य माननीय न्यायाधीश श्री नरेन्द्र कुमार शिवाकोटी

सदस्य माननीय न्यायाधीश श्री महेशप्रसाद पुडासैनी

विशेष अदालत काठमाडौं

फैसला मितिः २०७३।०९।२७

विशेष अदालत काठमाडौंको फैसला उपर वादी नेपाल सरकार र प्रतिवादीहरुका तर्फबाटसमेत विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

## <u>मुद्दाको संक्षिप्त तथ्य</u>

१. श्री पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं.३ (क) को कि.नं.५९ र ८४ तथा ऐ.वडा नं.४ (क) को कि.नं.८० को ५३४ रोपनी जग्गाहरुको विकास गरी सो जग्गामा सामुदायिक भवन, गौशला, वृद्धाश्रम, अस्पताल, अन्तराष्ट्रिय धार्मिक केन्द्र लगायतका कार्यक्रहरू लागू गर्ने र सो क्रममा उल्लेखित जग्गाहरूमा रहेको ढिस्कोहरू सम्याई निस्कने बालुवा समेत बिक्री गरी कोषको आय आम्दानी बढाउने तथा गुरुयोजना लागू गर्ने सम्बन्धमा विज्ञहरुबाट सम्भाव्यता अध्ययन पश्चात प्रतिवेदन प्राप्त भए पनि सो नगरी खानी ऐन आकर्षित हुने गरी खानी उत्खनन् अनुमति प्राप्त व्यक्तिसँग सस्तो दररेटमा सम्झौता गरी बालुवा, माटो बिक्री वितरण गर्ने मात्र मनसाय राखी पशुपति क्षेत्र विकास कोष, जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका पदाधिकारीहरु तथा खानी उत्खनन्कर्ताहरुको मिलोमतोमा आफूलाई लाभ तथा कोषको जग्गामा क्षति पुग्ने गरी कार्य गरेको; पशुपति क्षेत्र विकास कोषलाई आफ्नो स्वामित्वको उल्लेखित जग्गामा प्रस्तावित गुरुयोजना लागू गर्न कुनै कानूनले निषेध नगरेको तथा कोष आफैले वा जग्गा विकास गर्ने व्यक्ति वा कम्पनीहरुबाट समेत जग्गा सम्याउने, विकास गर्ने र सो क्रममा निस्केको बालुवा, ढुङ्गा आदि नियम बमोजिमको सेवा शुल्क तथा रोयल्टी तिरी बिक्री वितरण गर्न सकिने प्रावधान हुँदा हुँदै खानी ऐन तथा नियमावली आकर्षित हुने तथा खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई मात्र बालुवा बिक्री गर्न दिने मनसाय राखी सोही अनुसारको मापदण्ड बनाई पशुपति क्षेत्र विकास कोष, जिल्ला विकास समितको कार्यालय, काठमाडौंका तत्कालीन पदाधिकारीहरू र खानी उत्खनन्कर्ता बच्चुराम

दाहालको मिलोमतोमा सस्तो दररेटमा सम्झौता गरी पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको; कोषको उल्लेखित जग्गाहरूमा वन क्षेत्र रहेको र उक्त जग्गा तत्कालीन श्री ५ को सरकारबाट कोषको नाममा हस्तान्तरण हुँदा वन विभाग मार्फत वृक्षारोपण भएका रूखहरू कुनै पनि किसिमले नष्ट गर्न नपाउने उल्लेख भएको तथा कोषको स्वामित्वमा रहेको उल्लेखित जग्गामा अवस्थित सल्लाघारी वन कटान गर्दा वातावरणीय प्रभाव मुल्याङ्कन (Environmental Impact Assessment-EIA) गरी जिल्ला वन कार्यालय काठमाडौं, वातावरण तथा भु-संरक्षण मन्त्रालय समेतको सहमति र स्वीकृति लिनु पर्ने कानूनी व्यवस्था हुँदा हुँदै उल्लेखित कानूनी प्रावधान तथा नेपाल सरकारको निर्णय विपरीत समेत हुने गरी अबैध रूख कटान गरी कोषलाई क्षति पुऱ्याएको; खानी उत्खनन्कर्ताहरूले पशुपति क्षेत्र विकास कोष तथा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन पदाधिकारीहरूलाई प्रभाव र प्रलोभनमा पारी पशुपति क्षेत्र विकास कोष तथा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंसँग खानी उत्खनन्कर्ताहरूले गरेको सम्झौता, स्वीकृत माईनिङ स्किम, खानी तथा भूगर्भ विभाग, काठमाडौंले दिएको निर्देशन विपरीत कोषको उल्लेखित जग्गाहरूलाई नै पूर्ण रुपमा बिगारी तोकिएको परिमाण भन्दा बढी बालुवा तथा माटो उत्खनन् गरी सो को नियम बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषलाई बुझाउनु पर्ने रकम समेत छली गरी ठूलो क्षति पुऱ्याएको; खानी उत्खनन्कर्ताहरू, पशुपति क्षेत्र विकास कोष तथा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालिन पदाधिकारीहरूको मिलोमतोमा कोषको उल्लेखित जग्गामा अबैध खानी समेत सञ्चालन गराई आफूहरुलाई लाभ र कोषलाई क्षति हुने बद्नियत राखी कार्य गरेको; कोषको उल्लेखित जग्गाहरूमा जथाभावी खानी सञ्चालन गर्दा स्थानीय बाटो, स्थानीय वासिन्दाहरूको घर जग्गा तथा विद्यालयसमेत पहिरोको जोखिममा परिरहेकोले अविलम्ब रोकथाम गर्नु पर्ने; गुरुयोजना लागू गर्ने नाममा खानी उत्खनन्कर्ताहरू, जिल्ला विकास समितिको कार्यालय, काठमाडौं तथा पशुपति क्षेत्र विकास कोषका तत्कालीन पदाधीकारीहरुको मिलोमतोमा पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषसमेतमा हानी र आफूलाई व्यक्तिगत लाभ हुने गरी बद्नियत राखी कार्य गरेकोले दोषीहरु उपर कारबाही होस् भन्नेसमेत बेहोराको उजुरी।

२. मैले बच्चुराम बालुवा खानी प्रा.लि. तथा मिठ्ठाराम बालुवा खानीवाट बालुवा आफ्नै सवारी साधन प्रयोग गरी ल्याउने गरेको र आफ्नै मिनी ट्रकमा ल्याउदा रु.१३३०।- को भ्याट

विल काट्ने गरेको र हामीले खानीलाई रु.३७५०।- प्रति गाडी तिर्ने गरेको, मैले आफ्नै सवारी साधन प्रयोग गरी ल्याउने गरेको छु, लोडरलाई हामीले छुटै रकम तिर्ने नगरेको, हामीले ल्याउने मिनी ट्रक बापत मूल्य रु.३७५०।- लिने गरेको तर भ्याट विल १३३० को मात्र हामीलाई उक्त खानीले दिने गरेको, जिल्ला विकास समिति कर र ज्याला समेत जम्मा ३७५० लिने गरेको, उक्त रकमको बिल दिने नगरेको भन्नेसमेत बेहोराको महेश अधिकारीको अनुसन्धानका अवस्थामा भएको बयान।

३. बच्चुराम बालुवा खानीवाट बालुवा खरिद गरेको मिति यकिन भएन, सानो गाडी (महेन्द्र निशान) १०० क्यू. फिटको रु.३७५०।- मा खरिद गरी ल्याउने गरेको हो, बालुवा खरिद गर्दा आफ्नै सवारी साधन प्रयोग गरी ल्याउने र भाडाको ट्रकवाट पनि खरिद गर्ने गरेको, उक्त बालुवाको मूल्य जिल्ला विकास समिति, लेबर कस्ट, बाटो/घाटो कर सहित सानो गाडीको रु.३७५०।- र बाहय ट्रक (ठुलो) वाट खरिद गर्दा रु.१५०००।- सम्म सम्पूर्ण कर जिल्ला विकास समिति, गाडी भाडा सहित खरिद गर्ने गरेको हो, लोडरको छुटै चार्ज तिर्नु पर्दैन भन्नेसमेत बेहोराको रामबहादुर भण्डारीको अनुसन्धानका अवस्थामा भएको बयान।

४. मैले बच्चुराम बालुवा खानी प्रा.लि तथा मिठ्ठाराम दाहालको बालुवा खानीबाट बालुवा खरिद गर्दा जिल्ला विकास समितिको कर, ढाट, लेबर कस्ट सहितको रु.३७५०।-का दरले बालुवा खरिद गर्ने गरेको हो, आफ्नै सवारी साधन र भाडाको AC ट्रकवाट बालुवा किन्ने गरेको, आफ्नो गाडीको प्रति ट्रिप सम्पूर्ण खर्च सहितको रु.३७५०।- र बाह्य भाडाको गाडीको १५०००।- (पन्ध्र हजार) को दरमा खरिद गर्ने गरेको भन्नेसमेत बेहोराको श्रीराम ढुंगानाको अनुसन्धानका अवस्थामा भएको बयान।

५. मैले बच्चुराम बालुवा खानी प्रा.लि.बाट एक मिनी ट्रकको कर सहित रु.३७५०।- मा खरिद गर्ने गरेको, मैले बच्चुराम बालुवा खानी प्रा.लि. तथा मिठ्ठाराम बालुवा खानीबाट बालुवा ल्याउदा खानी सञ्चालकले ल्याउने गरेको छैन, आफ्नै सवारी साधनवाट ल्याउछु, त्यसमा प्रति ट्रिप जिल्ला विकास समिति, लेबर खर्च, बाटो कर सहित रु.३७५०।- मा खरिद गरेको हो र बाहय ट्रकवाट १५०००।- मा खरिद गर्छु, खानीको सम्पूर्ण खर्च खानीले नै तिर्छ भन्नेसमेत बेहोराको प्रविन गुरुङको अनुसन्धानका अवस्थामा भएको बयान।

६. काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३स्थित (क) कि.नं. ७०८ को मेरो जग्गा

बच्चुराम दाहाललाई आबश्यक परेमा भाडामा र के कति दर भन्ने खुलाएको थिएन र हाल उक्त जग्गा प्रयोग पनि गरिएको छैन, प्रयोग नगरिएकोले होला रकम पनि पाईएको छैन, दर रेट पनि तोकिएको छैन, कोषको जग्गामा बालुवा निकाल्दा मानिस त डुब्यो, पहिरो पनि जान सक्छ त्यति धेरै गहिरो बनाउँदा गाउँलाई नै असर गर्छ, त्यसैले अब यो खानी बन्द गरिनु पर्छ भन्नेसमेत बेहोराको जग्गाधनी बालकृष्ण दाहालको अनुसन्धानका अवस्थामा भएको बयान।

७. काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं.३ (क) को कि.नं. ४३९ को मेरो जग्गा बच्चुराम दाहाललाई बालुवा निकाल्ने प्रयोजनको लागि मन्जुरीनामा दिएको हो, हाम्रो जग्गावाट बालुवा उत्खनन् गरेनन् र मैले सो जग्गावाट कुनै रकम प्राप्त गरेको पनि छैन, २०६५ साल मंसिरसम्म पटक पटक कित्ताकाट गरी बिक्री गरिसकेको छु, रकम तोकेर कुनै सम्झौता गरेको थिएन, मूल्यको लागि पछि अर्को करारनामा गर्ने मौखिक सहमती भएको थियो भन्नेसमेत बेहोराको जग्गाधनी रामेश्वर आचार्यको अनुसन्धानका अवस्थामा भएको बयान।

८. काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं.३ (क) को कि.नं.४३५ र ४३६ को मेरो जग्गा बच्चुराम दाहाललाई बालुवा निकाल्ने प्रयोजनको लागि मंजुरीनामा दिएको हो, हाम्रो जग्गावाट बालुवा उत्खनन गरेनन् र मैले सो जग्गावाट कुनै रकम प्राप्त गरेको पनि छैन।२०६५ सालमा नै उक्त जग्गा बिक्री गरिसकेको छु, रकम तोकेर कुनै सम्झौता गरेको होईन, त्यसकारण रकम उल्लेख नगरिएको हो, मेरो हक भोगको अवस्थासम्म उक्त जग्गावाट बालुवा निकालिएको थिएन भन्नेसमेत बेहोराको जग्गाधनी ध्रुवप्रसाद आचार्यको अनुसन्धानका अवस्थामा भएको बयान।

९. काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं.३ (क) को कि.नं.४४० को मेरो जग्गा बच्चुराम दाहाललाई बालुवा निकाल्ने प्रयोजनको लागि सहमति दिएको हो, उक्त जग्गावाट कुनै बालुवा उत्खनन भएको थिएन र सो जग्गाबाट मैले कुनै रकम प्राप्त गरेको पनि छैन, २०६५ सालमा नै उक्त जग्गा बिक्री गरिसकेको छु, रकम तोकेर कुनै सम्झौता गरेको होईन, त्यसकारण रकम उल्लेख नगरिएको हो, मेरो हक भोगको अवस्थासम्म उक्त जग्गावाट बालुवा निकालिएको थिएन भन्नेसमेत बेहोराको जग्गाधनी द्वारिकाप्रसाद आचार्यको अनुसन्धानका अवस्थामा भएको बयान।

१०. काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं.३ (क) को कि.नं.४३४ को मेरो जग्गा

बच्चुराम दाहाललाई बालुवा निकाल्ने प्रयोजनको लागि मन्जुरीनामा दिएको हो, सो जग्गामा कुनै बालुवा उत्खनन भएको थिएन र मैले निजबाट कुनै पनि रकम लिएको छैन,२०६५ सालमा नै उक्त जग्गा बिक्री गरिसकेको छु। रकम तोकेर कुनै सम्झौता गरेको होईन त्यसकारण रकम उल्लेख नगरिएको हो, मेरो हक भोगको अवस्थासम्म उक्त जग्गावाट बालुवा निकालिएको थिएन भन्नेसमेत बेहोराको पुण्यप्रसाद आचार्यको अनुसन्धानका अवस्थामा भएको बयान।

११. काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३ को कि.नं.२३ को मेरो जग्गा बच्चुराम दाहाललाई मन्जुरी दिएको हो, निजले उक्त मेरो जग्गाबाट हालसम्म बालुवा उत्खनन् गरेको छैन र कुनै किसिमको रकम प्राप्त गरेको छैन, उक्त जग्गा हाल भाडामा दिएको छु भन्नेसमेत बेहोरा जग्गाधनी हरिकृष्ण दाहालको अनुसन्धानका अवस्थामा भएको बयान।

१२. काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ को कि.नं. २२ को मेरो जग्गा बालुवा झिक्नको लागि बच्चुराम दाहाललाई मन्जुरी दिएको हो, निजले उक्त जग्गावाट बालुवा उत्खनन गरेनन्, बालुवा ननिकालेको कारणले मूल्य निर्धारण नगरेको हो भन्नेसमेत बेहोराको जग्गाधनी उद्धव भट्टराईको अनुसन्धानका अवस्थामा भएको बयान।

१३. काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३ (क) कि.नं.२२ को मेरो जग्गा बालुवा झिक्नको लागि मन्जुरी दिएको हो, हालसम्म बच्चुराम दाहालले बालुवा उत्खनन गरेको छैन र निजबाट कुनै किसिमको रकम प्राप्त गरेको छैन, सर्वे लिनलाई सही गरिदिएको हो, मूल्य वारे केही लिने दिने कुरा भएको छैन, उक्त जग्गा हाल मैले भाडामा दिएको छु भन्नेसमेत बेहोराको जग्गाधनी कुमार भट्टराईको अनुसन्धानका अवस्थामा भएको बयान।

१४. काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ (क) को कि.नं. ७०९ को मेरो जग्गा बच्चुराम दाहाललाई बालुवा झिक्ने प्रयोजनको लागि दिएको हो, हालसम्म मेरो जग्गावाट बालुवा उत्खनन् गरेको छैन र त्यस बापत कुनै रकम प्राप्त गरेको पनि छैन, २०६३ सालवाट कुनै अर्को कागज पनि नगरेकोले मुलतः पशुपति क्षेत्रको जग्गावाट बालुवा झिक्ने प्रयोजनको लागि मेरो जग्गाको बालुवा झिक्ने मन्जुरी लिएको देखिन्छ, उक्त जग्गावाट (पशुपति क्षेत्र विकास कोषको जग्गावाट) बालुवा झिक्दा धेरै गहिराईमा झिकेको पाईएकोले पुरानो चौरको लेबल भन्दा गहिरो गरी बालुवा झिक्नाले गाउमा पैरो जान सक्ने सम्भावना देखिएको भन्नेसमेत बेहोराको जग्गाधनी दिपक दाहालको अनुसन्धानका अवस्थामा भएको बयान।

१५. म पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदमा मिति २०६३/०८/०८ देखि २०६५/०७/२६ गतेसम्म कार्यरत रहेको, मेरो काम पशुपति क्षेत्र विकास कोषको ऐनको अधिनमा रही सञ्चालक परिषद्का निर्णयहरु कार्यान्वयन गर्ने साथै पशुपति क्षेत्र भित्र दैनिक कार्य सञ्चालनमा सहभागी रहने हो, कोषको स्वामित्वमा रहेको उक्त जग्गाको गुरु योजना म सदस्य सचिव हुनु भन्दा पहिला नै तयार भईसकेको थियो, म सदस्य सचिव भईसके पछि सञ्चालक परिषद्ले कोषको जग्गामा गुरुयोजना कार्यान्वयन गर्ने निर्णय पश्चात आगाडि बढेको हो, कोषको उक्त जग्गामा गुरुयोजना लागू गर्ने निर्णय र कोषको समग्र योजना सञ्चालक परिषद्ले पारित गरिसके पछि लागू भएको, सो जग्गामा ०६२/०६३ पछाडि पटक-पटक अतिक्रमण गर्ने प्रयत्न भयो, उक्त जग्गालाई महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयले सट्टा पट्टा गरी लिन खोज्यो, सुकुम्वासी अतिक्रमणसमेत भई टहरा बनाउन थाल्यो, साथै माटो, बालुवा चोरी हुने क्रम जारी नै थियो, यस्तो अवस्थामा उक्त जग्गा जोगाउन पनि छिटो योजनाको थालनी गर्नु पर्ने अवस्था थियो, निश्चित तहसम्म ढिस्को नसम्याई योजना कार्यान्वयन नहुने भएकोले यो कार्यको थालनी गरिएको हो, यसमा स्पष्ट हुनुपर्ने कुरा के हो भन्ने कोषका यस्ता हरेक गतिविधीहरु सञ्चालक परिषद्को निर्णय पश्चात हुन्छ, साथै कार्य सम्पादन समितिको बैठकले समेत कतिपय निर्णय गरी अगाडि बढने प्रचलन छ, सञ्चालक समितिको अध्यक्ष संस्कृति मन्त्रीले गर्ने हुन् र यी सबै प्रकृया अगाडि बढाएका हुन्, मेरो कार्यकालमा गुरुयोजना कार्यान्वयन गर्ने मूल उद्देश्यले अगाडि बढाइएको हो, सो समयमा हामीले गोठाटारका राजनितिक दलहरु, स्थानीय जनता, सरोकारवाला अन्य संघ संस्था, पत्रकारसमेतको उपस्थितिमा गोठाटार गा.वि.स. कार्यालयको हलमा कार्यक्रम गरी सि.एन. एसोसिएटसको तयारी योजनामा भनिए बमोजिम निश्चित तहसम्म ढिस्को सम्याए पछाडि योजना क्रमशः लागू गर्दै जाने गरी सम्झौता गरिएको हो, मेरो हस्ताक्षर रहेको कोषको च.नं. ६ मिति २०६५।०४।०७ गतेको पत्रको सम्वन्धमा नेपाल सरकारको कानून अनुसार कोषको जग्गामा गुरुयोजना लागु गर्ने क्रममा ढिस्को सम्याउने क्रममा निस्कने बालुवा बिक्री सम्वन्धमा खुल्ला प्रतिस्पर्धा गराउन आदेश दिएको हुँ, तर यस सम्बन्धमा जिल्ला विकास समिति, काठमाडौंले यसरी प्रतिस्पर्धा गराउन पाईदैन भनेपछि मात्र थाहा भयो कि जग्गा सम्याउने क्रममा निस्कने माटो, बालुवा लगायतका कुराहरु बेच्नु अगाडि नै खानी बिभागबाट ईजाजत प्राप्त भईसकेको रहेछ, मैले बुझेसम्म जि.वि.स.को सल्लाहमा

यो कार्यलाई अगाडि बढाएको, साधारण निर्माणमुखि खनिज पदार्थहरु उत्खनन्कर्तालाई बिक्री गर्न दिने सम्वन्धमा जि.वि.स.को राय सल्लाह अनुसार खानी उत्खनन्कर्तालाई दिएको हो, खानी उत्खनन्कर्ता बच्चुराम दाहालले रु.३।०५ प्रति क्यू. फिट तिर्ने गरी सम्झौता गर्दा कार्य सम्पादन समितिको बैठक बसी छलफल पश्चात उक्त कार्यको लागि कार्यदल गठन गरेको र सो कार्यदलको प्रतिवेदन बमोजिम उक्त सम्झौता गरेको, मुल्य निर्धारण सम्वन्धी कार्यदलमा जि.वि.स., खानी विभाग, कोषका प्रतिनिधि, गा.वि.स.सचिव लगायतका विज्ञहरुसमेत भएकोले निजहरुले पेश गरेको प्रतिवेदनको आधारमा उक्त सम्झौता गरेको, कोषको जग्गामा गुरुयोजना लागू गर्ने निर्णय सञ्चालक समितिले नै गरेको हो, तर कार्यान्वयनको तहमा जाँदा आउने अन्य कुराको हकमा कार्य सम्पादन समितिले निर्णय गरी अगाडि बढाउने प्रचलन छ, सञ्चालक समितिको बैठक माननीय मन्त्रीज्यूको अध्यक्षतामा बस्ने भएकोले पटक पटक बस्न सम्भव हुँदैन, खानी उत्खनन् गर्ने क्षेत्र वन क्षेत्र भएकोले खानी तथा खनिज पदार्थ नियमावली अनुसार यो कार्य जि.वि.स. मार्फत जानु पर्ने भएकोले जिल्ला विकास समिति काठमाडौंको सल्लाहमा उक्त कार्य अगाडि बढाएको, कोषको उक्त जग्गामा रहेको रुखहरु कटानबारे मलाई जानकारी छैन, ठेक्का सम्झौताको सम्वन्धमा जि.वि.स.को सल्लाहमा बच्चुराम दाहाललाई ठेक्का दिएको, गुरुयोजना लागु गर्ने क्रममा जग्गा सम्याउदा निस्कने माटो बालुवा जि.वि.स.को सल्लाह अनुसार अरुलाई दिन नमिल्ने भनी पत्रचार गरेकोले जि.वि.स.को सल्लाह अनुसार नै उक्त काम गरेको, कोषलाई बढी भन्दा बढी फाईदा होस् भन्ने हेतुले बोलपत्र आव्हान गर्दा न्यूनतम मूल्य नराखी बोलपत्र आव्हान गरेको, बालुवाको मूल्य निर्धारण सम्वन्धी कार्यदलमा खानी विभाग, जि.वि.स. र गा.वि.स. लगायतका विज्ञहरुको सहभागिता भएकोले निजहरुले पेश गरेको प्रतिवेदनको आधारमा बालुवाको मूल्य निर्धारण गरिएको, कोषको आय आम्दानी बढाउने नीति भएकोमा दिर्घकालिन असर पर्ने विषयलाई सञ्चालक परिषद्मा एजेन्डाको रुपमा नलगी आफ्नै संयोजकत्वमा गठित कार्य सम्पादन समितिबाट चयन भएको ज्ञान बहादुर हमालको संयोजकत्वमा गठन गरेको कार्यदलले पेश गरेको रिपोर्टलाई आधार मानी मुल्य निर्धारण गरेको भन्ने सम्बन्धमा कोष सञ्चालक परिषद्को बैठक पटक पटक बस्न सक्दैन र कार्यदलमा सम्बन्धित निकायहरु राखी निर्णय गरिएको, लेवल भन्दा तल गई खानी उत्खनन् गर्दा सम्झौता भंग हुने तथा प्राविधिकले दिएको प्रतिवेदनमा बेन्च मार्क तथा अन्य कित्ताका नापीका रेफरेन्सहरु समेत नदेखिएकोले नापीका विज्ञबाट तत्काल

टोपोग्राफिकल निकाली उत्खनन् गर्नुपर्ने सुझाव दिएको सो नै नगरी उत्खनन् गरेको सम्बन्धमा निश्चित लेवल भन्दा तल गई उत्खनन् गर्न नपाईने गरी कोषको हितमा सम्झौता गरेका थियौं र सो जग्गाबाट निरन्तर बालुवा चोरी भईरहेको थियो, मिति २०६५।०७।२० गते राजिनामा दिएकोले त्यस पछाडिको कुरा जानकारी भएन, खानी उत्खनन्कर्ताको हितमा कार्य गरेको सम्बन्धमा बालुवा चोरी, सुकुम्बासीका नाममा जग्गा अतिक्रमण आदिबाट जग्गा जोगाउन र त्यस बेलाको संक्रमणकालमा गरिएको कार्य मनासिव छ भन्नेसमेत बेहोराको प्रतिवादी निर्मल कुईकेलको अधिकार प्राप्त अधिकारी समक्षको बयान।

१६. म श्री पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को सदस्य सचिव पदमा मिति २०६६।०३।१५ गतेदेखि मिति २०७०।०३।१४ गतेसम्म कार्यरत रहेको, मेरो कार्यकालमा कोषको स्वामित्वमा रहेको बालुवा खानी धेरै समय बन्द रहेकोले कोषको गुरुयोजना अनुसार कार्यहरु गर्न सकिन, परिषद्को निर्देशन अनुसार बालुवा खानी सञ्चालक बच्चुराम दाहालसँग खानी उत्खनन् सम्बन्धी सम्झौता गरेको हुँ, सम्झौता र EIA दुई छुट्टा छुट्टै प्रकिया हो र परिषद्को निर्देशन बमोजिम कार्य गरेको हो, मेरो कार्यकालमा खानी उत्खननकर्ताद्वारा गरेको सम्झौता बिपरितको कार्यको सचेत गराएको थिएँ र उचित जवाफ र निर्देशन हरु पालना नगरेको पाएपछि मैले सम्झौता रद्व पनि गरेको थिएँ। पछि परिषद्को निर्देशन बमोजिम कार्य गरेको हो, मिति २०६६।१२।२६ गते कोष र बालुवा खानी सञ्चालक बच्चुराम दाहालसँग भएको खानी उत्खनन सम्बन्धी सम्झौता रद्द गरेकोमा सो निर्णय पशुपति क्षेत्र विकास कोष, सञ्चालक परिषद्ले सदर नगरी एउटा समिति बनाएको र सो समितिको रिपोर्टको आधारमा परिषद्ले पुनःसम्झौता गर्ने निर्देशन दिएकोले खानी सञ्चालकसँग सम्झौता गरेको हो, म मिति २०६६।०३।१५ गते पशुपति क्षेत्र बिकास कोषको सदस्य सचिव भएर आउनु पूर्व नै कोषको स्वामित्वमा रहेको काठमाडौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं.३(क) को कि.नं. ८४, ५९ र वडा नं.४(क) को कि.नं. ८० को जग्गामा भएको सल्लाका रुखहरु पशुपति क्षेत्र विकास कोषको निर्देशन तथा तत्कालीन कार्य सम्पादन समितिको निर्णय अनुसार कटान भईसकेको थियो, म कोषको सदस्य सचिव रहदा कोषको कर्मचारी राजु कुमार रेग्मीलाई बालुवा खानी सञ्चालक बच्चुराम दाहाल र मिठ्ठाराम दाहाललाई सहमती दिने सम्बन्धमा सदस्य सचिवको हैशियतले कुनै आदेश निर्देशन दिएको छैन, मैले सदस्य सचिवको हैसियतले

खानी बिभाग, जि.बि.स. काठमाडौं र ठेकेदार मिठ्ठाराम दाहाललाई इजाजत दिने सम्बन्धमा कुनै प्रकारको सहमती दिएको छैन, यस सम्वन्धमा आयोग कै निर्देशनमा बालुवा खानी सम्बन्धी छानविन तथा अध्ययन समिति गठन भई सो समितिले मिति २०६६ कार्तिक २६ गते तयार पारेको प्रतिवेदन आयोगमा कार्तिक २९ मा दर्ता गराएको थिए, सम्मानित आयोगवाट कोष सञ्चालक परिषद्लाई दिएको निर्देशन, सम्मानित सर्वोच्च अदालतको फैसला, सम्बन्धित मन्त्रालयको निर्देशन र परिषद्को निर्देशनमा बालुवा खानी उत्खननकर्तासँग सम्झौता गरेको हो, कोषको योजना लागु गर्न जग्गा सम्याउनको लागि बालुवा खानी सञ्चालकले शुरुवात गरेको होला, सस्तो दररेटमा सम्झौता भएको भन्ने सम्बन्धमा मेरो संयोजकत्वमा गठित बालुवा खानी छानविन तथा अध्ययन समितिले सम्मानित आयोगमा पेश गरेको मिति २०६६ कार्तिक २९ को प्रतिवेदनको सुझाव खण्ड को बुँदा नं.(१) मा उल्लेख गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी सुशील नाहटाको अधिकार प्राप्त अधिकारी समक्षको बयान बयान।

१७. म पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवको हैसियतले मिति २०७० आषाढ २५ गतेदेखि कार्यरत रहेको, गोठाटारको प्रस्तावित गुरुयोजना अनुसारका कार्यहरु गर्न जग्गा सम्याउने कार्य बाँकी भएकोले गुरुयोजनालाई चाहे जस्तो गरी अघि बढाउन सकिएको छैन, खानी ऐन तथा जिल्ला विकास समितिको ऐनले एउटा खानीमा एकै पटक अरुलाई दिन नमिल्ने प्रावधान भएको, खानी सञ्चालकहरुसंग गरेको सम्झौताको अबधि बाँकी रहेकोले निजहरुसँग सञ्चालक परिषद्को निर्णय अनुसार सम्झौतालाई निरन्तरता दिएको हो, प्रतिबेदनको बारेमा सुनेको तर त्यसमा सञ्चालक परिषद्बाट कुनै कारवाही नभएको तथा खानी सञ्चालकहरुलाई कुनै दण्ड जरिवाना गरिएको बुझिएन, गोठाटार जस्तो बृहत क्षेत्रफ़लको बालुवा, माटो आदि खानीजन्य पदार्थहरु खानी ऐन एवं जि.वि.स. ऐन अनुसार गर्नुपर्ने बाध्यता रहेको तथा जसलाई बालुवा सञ्चालन गर्न दिएको हो उसैलाई माटोको सञ्चालन पनि दिनु पर्ने भएको कारण अनुमति दिएको हो, जहासम्म दररेटको कुरा छ सञ्चालक परिषद्ले समिति गठन गरेको तथा उक्त समितिले दिएको दरलाई आधार मानी त्यसमा केही बढाउने सहमती भई दररेट निर्धारण भएको हो, गोठाटारस्थित कोषको बालुवा तथा माटो अनियमितता नहोस् भन्नलाई कर्मचारी खटाउने साथै समय समयमा सदस्य-सचिब, कोषाध्यक्ष एबं अन्य कर्मचारी सहितको टोली अनुगमनका लागि जाने व्यवस्था मिलाईएको, कोषको गोठाटारस्थित जग्गामा रहेको बालुवा एवं माटोको विषयमा

सञ्चालक परिषद्को निर्णयअनुसार बालुवा बिक्री गर्ने काम बिगतमा भएको र त्यसको निरन्तरता पछि पनि भएको छ, कोषको जग्गाको खानी सञ्चालनमा कुनै न कुनै रुपबाट खानी ऐन अनुसार खानी विभाग एवं जिल्ला विकास समितिको संलग्नता रहेको। जग्गाधनीको आफ्नो जग्गामा भएको खानीको अधिकतम हितका लागि चाहे अनुसार ठेक्कापट्टा गर्न नसकी स्थानीय रुपमा लाईसेन्स लिएका व्यक्ति वा कम्पनीले मात्रै सञ्चालन गर्न पाउने प्रावधान नै घातक छ, बच्चुराम बालुवा खानी प्रा.लि. जन्मनु भन्दा अघि झन्डै एक करोड कोषलाई तिर्नु पर्ने देखिएको र कोषको बाँकी बक्यौता तिर्न निजहरु राजी भएको र शेयर होल्डर समेत रहेको कागजातको आधारमा कारवाही अगाडि बढाईएको हो, बच्चुराम बालुवा खानी प्रा.लि.सँग मिति २०६९/०९/०८ को निर्णयले प्रति क्यु. फिट रु.६।६० कायम गरेको तथा प्रत्येक बर्ष ५ प्रतिशतका दरले बृद्धि हुने सम्झौता भएकोले रु.६।८१ (छ रुपैयाँ एकासी पैसा) कायम गरिएको हो, सम्झौतामा उल्लेख भएको दररेटलाई निरन्तरता दिईएको हो, खानी सञ्चालक मिठाराम दाहालले आफ्नो क्वारी क्षेत्र भन्दा बाहिर गई उत्खनन् गरेको कुरा भर्खरै जानकारी प्राप्त भयो, यस सम्बन्धमा निजलाई के गर्नु उपयुक्त हुने हो निजलाई निरीक्षण गराई राय लिने र सो अनुसार गर्न पहल भएको, सञ्चालक परिषद्बाट माटो बिक्री गर्ने तथा त्यसको दररेट व्यवस्थापनले कोषलाई अधिकतम हित हुने गरी द्विपक्षिय सहमतिमा दर निर्धारण गर्ने निर्णय गरेको, सम्झौता अनुसार रिहेवेलिटेसनको लागि नपुग माटोको व्यवस्था खानी सञ्चालकले गर्नुपर्ने व्यवस्था रहेको छ, पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्ले व्यवस्थापनलाई कोषको अधिकतम हित हुने गरी द्विपक्षिय सहमतिमा दररेट कायम गर्ने निर्णय गरेको तथा दररेट तोक्न समिति बनाईएको तथा समितिले बिभिन्न गा.वि.स.मा गई माटोको आधार मुल्य तयार पार्न भ्रमण गरेको र त्यसकै आधारमा द्विपक्षिय सहमतिमा प्राप्त दररेट भन्दा अझ केहि बढाउन प्रयत्न गरिएको र त्यस भन्दा बढी दररेट कायम गर्न सञ्चालकहरु नमानेको र द्विपक्षिय सहमति गरिएको दररेटले कोषको अहित नहुने देखिएकोले त्यसमा सहमति भएको, अनौपचारिक रुपमा बुझ्दा माटो सरकारी दररेट कम भएको बुझिन आएकोले पनि उक्त द्विपक्षिय सहमतिलाई मानिएको, बच्चुराम दाहाल र तुंदी कन्स्ट्रक्सन प्रा.लि.बीच के कस्तो सम्झौता भएको छ त्यस बारेमा मलाई जानकारी छैन, पशुपति क्षेत्र विकास कोषमा पनि कुनै जानकारी आएको छैन, पशुपति क्षेत्र विकास कोषको गोठाटारस्थित जग्गामा रहेको बालुवा, माटो खानी ऐन अनुसार सञ्चालनमा रहेको

अवस्था भएकोले कोषले सिधै आफै बालुवा, माटो बेच्न नपाउने अवस्थाको कारण कोषले ग्राहक खोजेर बेच्न नसक्ने बाध्यकारी अवस्था हुँदा सरकारी स्थानीय निकायहरुमा गई दररेट बुझ्ने काम भएको हो मैले कुनै भ्रष्टाचार गरेको छैन र गर्ने कुनै नियत छैन भन्नेसमेत बेहोराको पशुपति क्षेत्र बिकाश कोषको सदस्य सचिब पदमा कार्यरत श्री गोबिन्द टन्डनले अनुसन्धानका अवस्थामा गरेको बयान।

१८. म पशुपति क्षेत्र विकास कोषमा दुई कार्यकालमा सदस्य पदमा रही काम गरेको पछि मिति २०६६/०३/१६ देखि २०७०/०३/१५ सम्म कोषाध्यक्ष पदमा रही काम गरेको, मिति २०६६/०७/२६ गते गोठाटारस्थित बालुवा खानी अध्ययन तथा छानबिन समितिको प्रतिबेदनले बालुवाको न्युनतम मूल्य रु.६।०७ हुनु पर्ने भन्ने विज्ञवाट सुझाब आएको सम्बन्धमा छानविन समितिले दिएको प्रतिबेदन हामीलाई देखाईएन, खानी ऐन बमोजिम त्यो एरियाको खानी उत्खनन गर्ने लाईसेन्स जसले लिएको छ, उसलाई बाहेक अरुलाई प्रतिस्पर्धा गराएर दिन नपाईने हुँदा उही ठेकेदारलाई बढी भन्दा बढी बार्गेनिङ गरी पशुपति क्षेत्र विकास कोषलाई अधिकतम फाईदा हुने गरी निर्णय गर्ने बाहेक अर्को बिकल्प नभएको हुँदा र मलाई पशुपति क्षेत्र विकास कोषले दिएको कार्यदिश सहितको पत्रमा भाउ तोक्ने बाहेक अरु कुरा नभएको हुँदा साबिकमा रु.३।०५ प्रति क्यू.फिटको मुल्यमा ठेकेदारसँग दुई दिन लगाएर वार्गेनिङ गरी मूल्य वृद्धि गरी रु.४।१० प्रति क्यू.फिट दिने गरी सहमति गराई सोही मुल्य सञ्चालक परिषद्मा पेश गरेको हो, निर्णय सञ्चालक परिषद्ले गरेको हो, मलाई दररेट शिफारिस गर्न संयोजक वनाएको हुँदा दररेट बृद्धि गरी सञ्चालक परिषद्मा पेश गरेको हो, अरु सम्पूर्ण काम कारवाही सञ्चालक परिषद्वाट भएको, आस्ता कन्सट्रक्सन प्रा.लि.ले दिएको दररेट निवेदनको सम्बन्धमा मलाई थाहा भएन, सञ्चालक परिषद्को बैठकमा छलफलमा समेत ल्याईएन, कोष तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीको सम्बन्धमा मलाई थाहा भएन, सञ्चालक परिषद्को बैठकमा बालुवाको दररेट मात्र छलफल गरी निर्णय गरिएको हुँदा सहमति जनाएको हुँ, बालुवा उत्खननकर्ता बच्चुराम दाहाललाई स्पष्टिकरण सोधेको मिति २०६६।१२।२६ च.नं. ७६२ को पत्र मार्फत सम्झौता रद्द गरी परफरमेन्स वण्डको रकम समेत जफत गर्ने तथा मिति २०६६।१२।२६ मा निर्णय गरी खानी उत्खनन् अनुमतिपत्र आग्रिम रुपमा समेत रद्द गर्नको लागि जि.वि.स.को कार्यालय काठमाडौं र खानी तथा भुगर्भ विभागलाई लेखेको पत्रको सम्वन्धमा मलाई थाहा छैन, रुखको सम्वन्धमा मिति २०६६।०२।२९ गते

समितिका तत्कालीन संयोजक परमानन्द शाक्यको कार्य समितिको निर्णय नं. ३ मा गोठाटार भैमाल खानेपानी तथा सरसफाई उपभोक्ता समिति गोठाटारको पत्रमाग अनुसार कोषले खानी सञ्चालन गर्दा काटिएका रुखहरु र मदन आश्रितमा राखिएका रुखहरु उपभोक्ता समितिलाई खानेपानी व्यवस्था प्रयोजनको लागि उपलव्ध गराउने निर्णय गरेको देखिन्छ, मिति २०६५।०१।२२ मा तत्कालिन मन्त्री गोपाल किराँतीको अध्यक्षतामा भएको सञ्चालक परिषद्को बैठकको विविध शिर्षकमा भएको निर्णय नं. ३ को निर्णयमा गोठाटारमा रहेको कोषको जग्गामा रहेको बालुवा खानी सञ्चालन गर्न कटानी गरिएका सल्लाको रुखको आम्दानी गोठाटार गा.वि.स.मा संचालित खानेपानीमा खर्च हुने गरी गोठाटार गा.वि.स.लाई दिने सम्वन्धमा कोषको आर्थिक लेखा परीक्षण समितिलाई अधिकार दिएको सर्वसहमतिबाट निर्णय गरिएको, यी दुवै निर्णय मेरो कार्यकालमा भएको होईन, कोषको जग्गामा गुरुयोजना लागू गर्ने सम्वन्धमा त्यति बेलाको समयमा त्यस ठाउँमा सुकुम्वासीलाई वस्ति बसाउन सरकार लागिपरेको र पटक पटक सुकुम्वासीहरु र स्थानीयवासीहरु बीच झगडा भएको, सुकुम्वासीले स्थानीयवासी सानुबाबु चापागाईको घर जलाई दिएको, अधिकार सम्पन्न बाग्मती सभ्यताले नदि किनारमा घर जग्गा भएकालाई तत्कालीन मन्त्री हिसिला यमीसमेत लागेर त्यहाँ पुर्नस्थापना गर्न खोजेको, स्थानीयवासीले पनि पञ्चायतकालमा पशुपतिलाई दिएको सो जग्गा हाम्रो हो, हामीलाई फिर्ता देउ भनी आन्दोलन गरेको, महिला तथा समाज कल्याण मन्त्री पम्फा भुसालले आफ्नो मन्त्रालय अन्तर्गतको परियोजनाको लागि त्यही पशुपतिको ५३४ रोपनी जग्गालाई क्याबिनेट बैठकमा समेत लगेको, नेपाल सरकारसँग पशुपति क्षेत्र विकास कोषले जग्गा बचाउन पटक-पटक वडा प्रहरी कार्यालय गौशाला, कोटेश्वर, बौद्ध तथा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा हारगुहार माग्दा पनि कुनैपनि प्रकारको सहयोग नगरी मुकदर्शक भएर बसेको, सरकारको उपस्थिति नै नभएको अवस्थामा गा.वि.स. समेतको सल्लाहबाट र छलफलबाट पशुपतिको यस जग्गा सुकुम्बासी बस्ती हुनबाट बचाउनको लागि यो एरियाको खानी सञ्चालनको लागि लाईसेन्स भएका बच्चुराम दाहाललाई पुनः खानी सञ्चालन गर्न दिने सञ्चालक परिषद्को निर्णय मैले सहमती जनाएको हुँ, खानी सञ्चालन गर्न नदिएको भए पशुपतिको उक्त जग्गामा अहिले सुकुम्वासी बस्ती बसेको हुन्थ्यो, पशुपति क्षेत्र विकास कोषको पहिलो प्राथमिकता पशुपतिको हाता क्षेत्र भित्र A2, A3, B5 पुरा मानव वस्तीको अतिक्रमण भएको, पशुपतिको बेरुप जस्तो देखिने उक्त क्षेत्रको मानव बस्तीलाई जग्गा

प्राप्ति ऐन, २०३४ अनुसार खाली गरी वस्तीलाई पुर्नस्थापना गराउने मुआव्जा दिने गुरुयोजनाले परिकल्पना गरेको काम, कार्य गर्ने दोस्रो प्राथमिकतामा वनकाली, पिङलास्थान, तिलगंगा लगायत वागमती पारीको सम्पूर्ण जग्गा प्राप्ति ऐन, २०३४ अनुसार अधिग्रहण गर्ने र मुआव्जा दिई वास्ताविकलाई पुर्नस्थापना गर्ने, विद्युत शवदाह गृह निर्माण गर्ने, बसपार्क निर्माण गर्ने आदि इत्यादि कार्यमा नौ दश वर्षे गुरुयोजना खर्च भएको देखिन्छ, कोषले ठेकेदारसँग सम्झौता गर्दा करार ऐन बमोजिम सम्झौता गरी जग्गा समतल वनाएर कोषलाई जग्गा फिर्ता गराउनु पर्दा यदि सम्झौता बमोजिम ठेकेदारले काम पुरा गरेन भने उसले राखेको धरौटी जफत गरी त्यही रकममा जग्गा सम्याउने कार्य गर्नु पर्दछ, त्यसबाट पनि पुगेन भने उसको घरघरानाबाट समेत असुल उपर गर्नुपर्दछ, मैले कुनै पनि निर्णय गर्दा मेरो विवेकले भ्याएसम्म गरेको पशुपति क्षेत्र विकास कोषको हितमा हुने गरी गरेको छु, मैले जाने बुझेसम्म पशुपति क्षेत्र विकास कोषको अहित हुने गरी कुनै पनि निर्णय गरेको छैन, ठेकेदारसँग भएको करारमा माटो बिक्री गर्ने कुरा छैन भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका तत्कालीन कोषाध्यक्ष नरोत्तम बैद्यले अनुसन्धानका अवस्थामा गरेको बयान।

१९. पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को सदस्य सचिवको पदमा मिति २०६५।०८।०१ गतेदेखि २०६६।०३।१६ गतेसम्म म कार्यरत रहेको, कोषको स्वामित्वमा रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३(क) को कि.नं. ८४, ५९ र वडा नं. ४ (क) को कि.नं. ८० को जग्गामा भएको सल्लाका रुखहरु पशुपति क्षेत्र विकास कोषको निर्देशनमा कटान भएन र कटान भएका रुखहरु समयमा कोषलाई बुझाउने कार्य भएन र मेरो कार्यकाल भन्दा अघि कटान भईसकेको थियो, मेरो कार्यकालमा उक्त जग्गाहरुको स्थलगत निरीक्षण गर्दा रुखहरु काटिसकेका र अलपत्र अवस्थामा भएको पाएपछि तत्काल ठेकेदारलाई मौखिक निर्देशन दिई ती रुखका मुढाहरु सुरक्षित राख्न लगाएको र पछि सञ्चालक परिषद्को निर्णय वमोजिम ती मुढाहरुलाई गोठाटार भैमाल खानेपानी आयोजनामा उपयोग हुने गरी गोठाटार गा.वि.स.लाई अनुदान स्वरुप हस्तान्तरण गरिएको, खानीको स्थलगत निरीक्षण गरी नियम विपरीत कार्यहरु भएको जानकारी भएपछि ठेकेदार बच्चुराम दाहाललाई कार्यालयमा पटक पटक बोलाई सचेत गराउने काम गरेको र खानी सञ्चालन नै रोक्ने सम्मको प्रयास गरेको थिएँ तर त्यसवेला ठेकेदरले पाएको खानी सञ्चालन अनुमति र स्थानीय वासिन्दाहरुकोसमेत

दवाबको कारण उक्त खानी बन्द गर्न सकिएन तर थप कडाईका साथ अनुगमनको व्यवस्था मिलाई नियम विपरीत गहिरोसम्म खन्ने र माटो झिक्ने जस्ता अनियमित कार्य भने तत्काल रोकेको साथै अनावश्यक रुपले माटो कटान गर्न नदिएको, बालुवा झिक्दा निस्केको माटोलाई खाडलहरुमा पुर्न लगाएको थिएँ भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषको तत्कालीन सदस्य सचिव परमानन्द शाक्यले अनुसन्धानका अवस्थामा गरेको बयान।

२०. म पशुपति क्षेत्र विकास कोषको कोषाध्यक्ष पदमा मिति २०६३।०८।०८ गतेदेखि मिति २०६५।०८।०१ गतेसम्म कार्यरत थिएँ। गुरुयोजना तयार भइ लागू गराउनु पर्दछ भन्ने कुरामा सहमति थियो, दोश्रो पटक बोलपत्र आव्हान गर्ने सम्बन्धमा के कति कारणले नगराएको थाहा भएन, मेरो संयोजकत्वमा गठित बालुवा खानी समितिमा जि.वि.स.को प्रतिनिधि, खानीको प्रतिनिधि, गा.वि.स.को प्रतिनिधि थिए। निजहरुसँग छलफल गरी सर्वैसँग बुझी तत्काल अवस्था र बालुवाको स्तर अनुसार मूल्य निर्धारण गरिएको हो, गोठाटारको जग्गा भएको अधिकरण चोरी र हानी नोक्सानीलाई कम गर्न रोक्न गुरुयोजना लागु नगरी नहुने भएबाट टेण्डर गरेको, गुरुयोजना लागू गर्न पूर्व जग्गा सम्याउनु पर्ने सम्याउदा निस्केको बालुवा खरे जान नदिने, त्यसबाट आम्दानी गर्ने सार्वजनिक लेखा समितिको समेत भनाई आएको कोषले पनि महसुस गरेकोले मूल्य निर्धारण समिति गठन गरेको प्रस्तावित दररेटमा बालुवा बिक्री गर्ने व्यवस्था नमिले पछि मूल्यको विषयमा खानीबाट आएका प्रतिनिधि समेतका विज्ञहरुको र सदस्यहरुको सुझावलाई आधार लिइएको हो सो दररेटको सिफारिस बाध्यात्मक थिएन कोष आफैले निर्णय गरी दिएको छ, मैले दिएको प्रतिबेदन सुझाव मात्र हो भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका तत्कालीन कोषध्यक्ष ज्ञानबहादुर हमालले अनुसन्धानका अवस्थामा गरेको बयान।

२१. पशुपति क्षेत्र विकास कोषको च.नं. १७८, मिति २०६८/०९/२० गतेको पत्रको सम्बन्धमा मलाई तत्कालीन सदस्य सचिव सुशिल नाहटा ज्यूले लिखित रुपमा नै दिनु भएको थियो अख्तियारी, उल्लेखित पत्रमा रहेको छाप कोषको हो तथा दस्तखत मेरो हो, पत्र काटिएपछि सम्वन्धितले बुझ्नु अघि चलानी हुने पर्चा दर्ता चलानीको सामान्य प्रकृया पनि नपुगेको देखिँदा म स्वयं अचम्मित छु, उक्त पत्र मैले कार्यालयमा तयार गरेको हुँ, उक्त पत्रमा उल्लेखित पक्षले लगेका हुन्, कोषको सम्झौताको अवधि र मूल्यको विषयमा मलाई पूर्व सदस्य सचिव सुशिल नाहटा ज्यूबाट प्राप्त भएको हो, सोही बमोजिम पत्र

गएको हो, सो पत्र कोषको तत्कालीन सदस्य सचिवज्यूको आदेश बमोजिम लेखेको हुँ, र सो पत्रको आशय बमोजिमको बालुवा र माटो दिने सम्वन्धमा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को तत्कालीन अध्यक्ष पोष्टबहादुर बोगटीज्यू हुँदा निर्णय गरेको जस्तो लाग्छ, खानी सञ्चालक मिठ्ठाराम दाहाललाई खानी सञ्चालन गर्न दिने कार्यवापत मैले कोषको हित विपरीत कुनै कार्य गरेको छैन तथा म आफूले कुनै व्यक्तिगत लाभ लिएको छैन, अनुगमनका हकमा यस ठेक्काको विषयमा मलाई कुनै आदेश दिएको छैन, निज खानी उत्खनन्कर्ताले क्षेत्राधिकार नाघेको भए कार्यालयले रोक्ने कार्य गर्नुपर्ने हुन्छ भन्नेसमेत बेहोराको प्रतिवादी राजुकुमार रेग्मीको अधिकार प्राप्त अधिकारी समक्षको बयान।

२२. म पशुपति क्षेत्र विकास कोषमा अस्थायी ओभरसियर पदमा २०४४ सालमा नियुक्ति भई हाल कोषमा उपनिर्देशक पदमा कार्यरत छु, कोषको स्वामित्वमा रहेको गोठाटारस्थित बालुवा खानीमा मेरो जिम्मेवारी जग्गाको सिमांकन गर्ने नक्शा डिजाईन गर्ने लगत अनुमान सहितको कार्यक्रम तयार गरी पेश गर्ने, प्रत्येक बर्षको शाखागत कार्यको कार्यतालिका बनाई सचिवालयमा पेश गर्ने, परिषद्बाट गठन भएका समिति, उपसमितिको आफ्नो महाशाखासँग सम्बन्धित आबश्यक कार्य गर्ने शाखासँग सम्वन्धित भैपरी र समय समयमा भएका निर्णय र निर्देशन अनुसार अन्य कार्य गर्ने भएता पनि गोठाटार शाखा सम्बन्धित कुनै पनि फायल तथा कागजात मसँग नभएकोले काम कारवाही अगाडि वढाउन नसकिएको हो, निरीक्षण तथा अनुगमनको लागि म त्यस शाखामा मिति ०६७/०७/१६ देखि कार्यरत भएको उक्त मिति २०७०/०३/१५ सम्म स्थलगत निरीक्षण तथा अनुगमनको लागि कुनै निर्देशन र आदेश नभएकोले अनुगमन भएको छैन, हालसालै एउटा कार्यटोली TOR अनुसार ४-५ पटक साइट निरीक्षण गरी टोलीले दिने प्रतिबेदन दिने कार्य गरेको छु, कोषको सचिबालयबाट मलाई कुनै पनि प्रकारको जानकारी नदिएकोले कारवाही अगाडि बढाउन सकिएन, सम्झौता-पत्र तथा खानी तथा खनिज पदार्थ ऐन र नियमावली आदि र गोठाटारसँग सम्वन्धित कुनै पनि कागजात म सँग नभएकोले अनुगमन नभएको हो, प्रतिबेदन पेश गर्न कुनै पनि आदेश प्राप्त नभएको र सम्बन्धित कागजातहरु पनि मलाई नदिईएकोले प्रतिबेदन दिन सकिएन, सम्झौता समेत मलाई थाहा नभएकोले मैले कारवाही अगाडि बढाउन सकिन, सम्पूर्ण कार्य सदस्य सचिवको कार्यालय (सचिवालय) बाटै हुने गरेकोले म अनभिज्ञ छु भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका उपनिर्देशक राजेन्द्रधर राजोपाध्यायले अनुसन्धानका अवस्थामा गरेको बयान।

२३. म २०४४ सालमा पशुपति क्षेत्र विकास कोषमा सहायक पाँचौ तहमा मासिक पारिश्रमिकमा प्रवेश गरी हाल निर्देशक पदमा कार्यरत छु, पशुपति क्षेत्र विकास कोष परिषद्का निर्णय एवम् नीतिगत निर्णयकर्ताहरुबाट भएका निर्णय, सम्झौता बमोजिम साधारण निर्माणमुखी खनिज पदार्थ उत्खनन् गरी जग्गा सम्याउने कार्य कोषको गुरुयोजना अनुसार भईरहेको, पशुपति क्षेत्र विकास कोष र बच्चुराम दाहाल बीच २०६५ साल कार्तिकतिर खानी सम्बन्धी सम्झौता भएको हो र उक्त जग्गामा भएको रुखहरु खानी सञ्चालन शुरु गर्दाकै अवस्थामा कटान भएको हुनुपर्दछ, अख्तियार दरुपयोग अनुसन्धान आयोगको निर्देशन अनुसार खानी सम्बन्धमा अध्ययन छानविन गरी प्रतिवेदन गर्न कोषबाट गठन भएको छानविन तथा अध्ययन समितिको म पनि सदस्य थिए उक्त समितिले खानी सम्बन्धमा छानविन गरी मिति २०६६।०७।२९ गते सम्मानित आयोगमा प्रतिवेदन दर्ता गराएको थियो, मिति २०७०।११।२२ गते कोषको सदस्य सचिवज्यूको तहबाट माटो बिक्री गर्ने निर्णय गरी कार्यादेश दिएको, वातावरण प्रभाव मुल्याङ्कन नगराई खानी सञ्चालन सम्बन्धी टिप्पणी उठाई मैले पेश गरेको होईन र उक्त समयमा म प्रशासन माहाशाखामा कार्यरत थिईन, खानी सञ्चालक बच्चुराम दाहालले स्वीकृत माईनिङ्ग स्किम, कोषसँगको सम्झौता तथा अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लंघन गरी खानी सञ्चालन गर्दा मैले मिति २०६६।०७।२९ मा सम्मानित आयोगमा प्रतिवेदन दिएको हुँ, खानी सञ्चालकले शर्त पालना नगरेको सम्बन्धमा तत्कालीन सदस्य सचिवज्यूको आदेशानुसार सोधिएको स्पष्टीकरणमा म सहितले मिति २०६६।११।१४ मा प्रतिवेदन दिएको र सदस्य सचिवबाट मिति २०६६।११।२६ मा सम्झौता भंग गर्ने निर्णय सञ्चालक परिषद्बाट अनुमोदन भएन, कोषको जग्गामा सञ्चालन भएको बालुवा खानी माईनिङ्ग स्किम अनुसार भए नभएको अनुगमन गर्न मैले आफू भन्दा माथिल्लो तहमा मौखिक र लिखित रुपमा जानकारी गराएको हुँ र केही महिना अगाडि कोषले उक्त कार्यको लागि प्राविधिक कर्मचारी खटाएको, खानी सञ्चालकले कोषलाई तिर्नु पर्ने दररेट सम्बन्धी छलफलमा म पनि उपस्थित भएको हुँ र कोषका पदाधिकारीज्यूहरुको सहमतीमा दररेट तोकिएको हो, स्वीकृत माईनिङ्ग स्किम बमोजिमको जग्गा समतल गर्न थप करिब ६ लाख घनमिटर माटो चाहिने अवस्थामा उक्त जग्गाको माटो प्राविधिकबाट यकिन नै नगराई बिक्री वितरण गरेको सम्बन्धमा माटोको दर रेट सिफारिस गर्न कोष सञ्चालक परिषद्का सदस्य श्री कोकिल गोबिन्द श्रेष्ठको संयोजकत्वमा म सहितको कार्य टोली गठन भई आदेश भए अनुसार कार्य

टोलीको निर्देशन बमोजिम पत्राचार गरी दररेट माग गरिएको हो, आफू प्राविधिक नभएकोले जग्गा समतल गराउन के कति परिमाणमा माटो लाग्छ भन्ने कुरा थाहा हुने कुरा भएन, आफूले जे भएको थियो सो अनुसारको टिप्पणी अग्रिम कारवाहीको लागि पेश गरेको हो, माटोको दररेट सिफारिस गर्न बनेको कार्यदलले कार्यदलमा रहेका प्राविधिकहरुबाट सरकारी दररेट विश्लेषण हुँदा कम हुने भएकोले विभिन्न गा.वि.स.मा पत्राचार गरेको र खानी क्षेत्र समेतमा गई दर रेट बुझी सिफारिस गरिएको, बच्चुराम दाहाल र तुँदी कन्सट्रक्शन प्रा.लि. विच प्रति ३५० क्यू.फिटको (६ चक्के टिपर रु.१५३०।- मु.अ. कर वाहेक) मा खरिद गर्ने सहमति भएको र निजले दिएको मुल्य ३५०।- क्यू.फिटको (६ चक्के टिपर रु.२२५।-) को आधार तथा यति छोटो अवधिमा पर्न गएको फरक सम्बन्धमा बच्चुराम दाहाल र तुँदी कन्सट्रक्शन प्रा.लि. विच भएको माटो बिक्री सम्बन्धी सहमती आफूलाई थाहा जानकारी नभएको, मिठ्ठाराम दाहाल र बच्चुराम दाहाललाई १५ बर्षको लागि रु. ६।२० मा कोषबाट त्यस्तो अख्तियारी दिएको कुरा मलाई थाहा छैन, कोषको मिति २०६८।०९।२०, च.नं. १७८ (प्रशासन) को पत्र कोषको मुल चलानी तथा प्रशासन चलानीमा दर्ता नभएको सन्दर्भमा मलाई कुनै जानकारी छैन भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका निर्देशक भोलाप्रसाद सिटौलाले अनुसन्धानका अवस्थामा गरेको बयान।

२४. म मिति २०४६।१०।२५ गतेवाट पशुपति क्षेत्र विकास कोषमा लेखा अधिकृतको रुपमा सेवा प्रवेश गरी बढुवा हुँदै हाल कोषका निर्देशक पदमा कार्यरत छु। श्रीमान सदस्य सचिव ज्यूको आदेश अनुसार जिल्ला विकास समितिलाई बालुवा उत्खनन् सम्बन्धी विषयमा पत्राचार गरेको हुँ। जिल्ला विकास समितिलाई पत्रचार गर्दा कोषले जि.वि.स.लाई रोयल्टी वुझाई खानी सञ्चालन गर्न सक्छ भनी जवाफ पनि नदिएको, प्रतिष्पर्धामा जादा कोषलाई फाईदा हुन्छ भनेर गरिएको हो। सम्झौता गर्ने अबस्थामा म संलग्न छैन। सि.एन. एसोसियट्सले दिएको प्रतिबेदन अध्ययन गरियो गरिएन मलाई जानकारी भएन। वन कार्यालयको सहमति स्वीकृति आउनु अगावै मेरो जानकारी विना, संलग्नता विना नै तत्कालीन निर्णयकर्ताहरुले मिति २०६५।०७।०५ गते सम्झौता गरेका हुन जस्तो लाग्छ। कार्तिकको दोश्रो हप्तातिर खानी सञ्चालकलाई कार्यादिश दिदै प्रशासन मातहतको अधिकृतलाई खानीको रेखदेख समन्वय गर्ने अधिकार दिने कार्य सदस्य सचिवले तोकेको हो। सो क्षेत्रमा रहेका रुखहरु कटानका सम्बन्धमा निर्णयकर्ताहरुले जिम्मेवारी लिने कुरा

हो। मेरो कार्यक्षेत्र गोठाटार नपरेकोले मलाई जानकारी पनि भएन। राजस्व असुली गर्ने कुरा राजस्व अनुसन्धान विभागले गर्ने कुरा हो। गोरखापत्र संस्थानलाई बोलपत्रको पत्राचार गर्दा मूल्य उल्लेख नगरिएको हो। बोलपत्र फारममा न्युनतम मुल्य उल्लेख गरेकोले नलेखेको हो। बोलपत्रको रकम न्युनतम मूल्य बोलपत्र फारममा उल्लेख भएको हुनुपर्दछ। खानीको वढि भएको माटोको सम्बन्धमा विभिन्न खानी, स्थलगत रुपमा खानीमा समेत गई वुझी छलफल गरी माटोको मूल्य सम्बन्धी सुझाव पेश गरेको हो। गुरुयोजना त्यस क्षेत्रमा लागू हुनुपर्छ भनेर वन कार्यालयलाई अध्ययनको लागि पत्रचार गरेको हो। माटोको सम्बन्धमा T.O.R. भित्र रही दरको सुझाव दिएको र म निर्णायक तहमा नरहेको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकासका तत्कालीन निर्देशक रमेशकुमार उप्रेतीले अनुसन्धानका अवस्थामा गरेको बयान।

२५. म पशुपति क्षेत्र विकास कोषको कार्यकारी समितिमा बरिष्ठ ईन्जिनियरको रुपमा २०४६।१०।२९ गतेदेखि र २०५६ सालमा अधिकृत प्रथम श्रेणी पद प्रशासकमा बढुवा भई कार्यरत रहेकोमा पछि उक्त पदलाई निर्देशक नामाकरण गरेको र सो पश्चात २०६६ सालमा बरिष्ठ निर्देशक पदमा बढुवा भई हालसम्म कार्य गर्दैछु। गुरुयोजना सम्बन्धी कार्यको लागि जग्गा सम्याउन आवश्यक रहेकोमा सो बमोजिम काम प्रारम्भ नभएको अवस्थामा रहेको। गुरुयोजना कार्यको लागि सञ्चालक परिषद्‌बाट स्वीकृत कार्यक्रम र बजेट अनुसार कार्यक्रम निर्देशित हुने व्यवस्था र अवस्था रहेकोमा सोबाट कुनै कार्यक्रम स्वीकृत वा निर्देशन नभएको। बोलपत्र आव्हान गर्दा सम्बन्धित कार्यको ईजाजत प्राप्त फर्म वा व्यक्तिले बढाबढ प्रकृयाद्धारा कोषलाई अधिकतम मुनाफा हुने अभिप्रायले मात्र वोलपत्र आव्हान भएको हो। खानी ऐन तथा नियमावली अनुसार साधारण निर्माणमुखी खनिज पदार्थ अनुमति प्राप्त व्यक्ति वा फर्मले ०.२५ बर्ग कि.मी. एरियालाई आफ्नो लिज एरिया बनाउन सक्ने व्यवस्थाको सम्बन्धमा ६ बर्ष अघिको कुरा भएकोले यही व्यवस्था भएको भन्न कठिन हुने, बच्चुराम दाहालले खानी उत्खनन् गर्ने ईजाजत प्राप्त गरेको वा प्राप्त गर्ने क्रममा रहेको कुरा अहिले स्मरणमा छैन। सो विषयमा जिल्ला विकास समितिमा मैले पत्राचार गरेको छैन र कार्यकारी प्रमुखको आदेशानुसार कुनै पत्रमा तोक आदेश बमोजिम कोषको प्रशासन शाखामा पठाएको हो। खानी ऐन अन्तर्गत नै गई बालुवा बिक्री गर्ने सम्बन्धमा कार्यकारी प्रमुखको निर्णय बेगर आफूले केही नगरेकोले कोषको जग्गामा गुरुयोजना लागू गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्ने संस्था सि.एन. एसोसिएट्सले

बुझाएको प्रतिवेदनमा र ०६४/६५ सालको खानीको बालुवाको मुल्य रु. २१४।४५ (प्रति घनमिटर) रु.६।०७ (प्रति क्यु.फिट) न्युनतम मुल्य भनी सुझाव पेश गरेको अवस्थामा सो कुरालाई उल्लेख नै नगरी गरेको बोलपत्र आव्हानको सम्बन्धमा सो सूचनामा नभएपनि अन्य कागजातमा उल्लेख भएको हुनुपर्छ। काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ बस्ने बच्चुराम दाहालले कोषको उल्लेखित जग्गालाई आफ्नो लिज एरियामा पारी ईजाजत प्रमाणपत्र जारी गरेको र जिल्ला विकास समितिको च.नं. ३३६ मिति २०६५।०४।१९ गतेको पत्रले कोषको उल्लेखित जग्गाहरुमा साधारण निर्माणमुखी खनिज बालुवा उत्खनन् गर्ने व्यक्तिबाट मात्र हुन सक्छ भनी जवाफ पठाएकोमा लिज एरियामा पारिसकेको अवस्थामा अन्य व्यक्तिले उत्खनन् गर्न नमिल्ने भनी खानी ऐन तथा नियमावलीमा व्यवस्था रहेको अवस्थामा न्युनतम मुल्य नखुलाई भएको बोलपत्र आव्हानको सम्बन्धमा उक्त बोलपत्रको अभिप्राय एक व्यक्तिले ईजाजत-पत्र प्राप्त गरी मात्र उत्खनन् गर्न सक्छ भन्ने कुरा प्रतिष्पर्धाको सर्वमान्य सिद्धान्त विपरीत देखिन्छ र बोलपत्रको मनसाय कोषलाई अधिकतम लाभ दिने नै हो तथापि मैले कुनै कुराको निर्णय आदेश बिना गरेको छैन। कार्यकारी प्रमुखले गरेको निर्णय र दिएको आदेश बमोजिम गरेको हुँ। कन्सल्टेन्सीद्धारा विश्लेषण गरिएको आधारमा तयार गरेको दरलाई म आफै पनि प्राविधिक भएका कारण गलत भनेकै होईन। मैले कोषलाई हानी नोक्सानी पुर्‍याउने कार्य गरेको छैन भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को बरिष्ठ निर्देशक श्री श्याम शेखर झाले अनुसन्धानका अवस्थामा गरेको बयान।

२६. म पशुपति क्षेत्र विकास कोषमा २०५९ सालमा सिभिल ओभरसियरको रुपमा नियुक्ति भई २०६६ सालमा ईन्जिनियर रुपमा वढुवा भई कोषमा कार्यरत छु। कोषका सदस्य सचिव मार्फत कोषको जग्गामा बालुवा खानी सञ्चालन गर्दा वढी भएको माटो विक्री गर्नु पर्दाको अबस्थामा के कति दररेटमा विक्री गर्न सकिन्छ सो को सुझाब पेश गर्न मेरो कार्य क्षेत्र भएकोले दररेट कायममा केन्द्रित रहेको र अन्य कुराको हकमा केही नगरिएको हो। बिगतमा भएको निर्णय सम्झौता, स्विकृत माईनिङ्ग स्किम र विज्ञहरुको राय समेत लिने कार्य नभएको, म समेतको समितिले खानीको वढि भएको माटो निस्काशन गर्दा के कति दररेट विक्री गर्न सकिन्छ भन्ने मात्र कार्यक्षेत्र दिएकोले मैले माटोको दररेट निर्धारण गर्दा काठमाडौं भवन विभागले गरेको दर विश्लेषणको आधारमा अनौपचारिक रुपमा छलफल गरी दररेट तय गर्ने क्रममा कम्तिमा ३ स्थानमा गई दररेट बुझी प्रचलित वजार भाउ

समेतको अध्ययन गरी ४ स्थानको बालुवा विक्री दर भाउ प्राप्त गरी सोही आधारमा समितीको सदस्य भई बढी प्रचलित दररेटलाई आधारमानी मूल्य सिफारिश गरी दररेट प्रतिवेदन दिएको हो। माटोको दररेट निर्धारण गर्नको लागि प्रचलित दररेट अथवा वजार मूल्य बुझी सोही तरिका अपनाई गर्ने कार्य मात्र गरिएको र दररेट निर्धारण गर्दा कोषसँग भएका पूर्व सम्झौता, माईनिङ स्किमको अध्ययन नगरिएको, कोषको जग्गामा माटोको परिमाण यकिन गर्ने कार्यक्षेत्र समेतको नभएको हुँदा गुरुयोजना लागू गर्ने कार्यमा कति मात्रामा माटो चाहिन्छ भन्ने यकिन नहुँदा समितीले दररेटमात्रको प्रतिबेदन दिएको हो भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका तत्कालीन भौतिक योजना तथा निर्माण महाशाखा अन्तर्गत विकास निर्माण शाखाको ईन्जिनियर अक्रुर सिंह महतले अनुसन्धानका अवस्थामा गरेको बयान।

२७. म पशुपति क्षेत्र विकास कोषको पूर्व सदस्य हुँ र हाल पेशाले व्यापार गर्छु, पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको गोठाटारस्थित बालुवा खानीको बालुवाको बिक्री दर अत्यन्त न्यून रहेको भनी मेरो व्यक्तिगत धारणालाई पटक पटक राख्दा कोषका उच्च अधिकृतहरु, प्राविधिक, जिल्ला विकास सहित कोषका केही सदस्यहरु सहितको मुल्याङ्कन समितिबाट प्रस्तुत दर परिषद्को निर्णय अनुसार स्वीकृत दिईएको हो। खानी उत्खनन्कर्ताले व्यापक अनियमितता गरेको भन्ने उजुरी सम्बन्धमा कोषको मिटिङ्गमा मेरो धेरै मतभेद रह्यो तर पछि कोषको मुल्याङ्कन समितिद्धारा रिपोर्ट आएपछि सो निर्णयमा हामीले सदर गरिदिएका हौं। कोषका कार्यकारी सदस्य सचिवले दिएको प्रतिवेदन र निर्णयका सम्बन्धमा मलाई जानकारी थिएन भन्नेसमेत व्यहाराको पशुपति क्षेत्र विकास कोष परिषद्का तत्कालीन सदस्य सुनिलकुमार बंशलले अनुसन्धानका अवस्थामा गरेको बयान।

२८. पशुपति क्षेत्र विकास कोषका परिषद् सदस्यको रुपमा कार्यरत रहेकोले मैले परिषद्ले गर्ने निर्णयहरुमा मेरो पनि सहभागिता हुन्थ्यो। पशुपति क्षेत्र विकास कोषको गोठाटारस्थित जग्गामा कोषले भविष्यमा विभिन्न विकास कार्य गर्ने कार्यका लागि जग्गा विकास गर्न लागेको कुरा जानकारी छ। मेरो संयोजकत्वमा गठित समितिको काम माटोको मूल्य मात्र बुझी सिफारिस गर्ने हो। हामीले मूल्य मात्र सिफारिस गरेको हौ, मूल्य मात्र सिफारिस गर्ने भएकोले यस सम्बन्धमा हामीले विज्ञको राय नलिएको हो। स्वीकृत माईनिङ स्किम अनुसार काम गर्ने कोष व्यवस्थापनवाट आवश्यक काम हुनु पर्ने देखिन्छ। माटोको दररेट

निर्धारण सम्बन्धमा सरकारी दररेट समेत बिचार गरी माटोको बिक्री मूल्यको लागि सिफारिस गरेको हो भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका तत्कालीन परिषद् सदस्य कोकिल गोबिन्द श्रेष्ठले अनुसन्धानका अवस्थामा गरेको बयान।

२९. म पशुपति क्षेत्र विकास कोषको सञ्चालक परिषद्को सदस्य पदमा २०६६ साल आषाढ महिनादेखि करिब साढे तीन वर्षसम्म कार्यरत थिए। म परिषद्को सदस्य हुनु अगावै गरेको ठेक्का सम्झौतामा लेखिएको दररेट भन्दा बढी रु.४।१० का दरले कायम हुने गरी म समेत सहभागी भएको बैठकबाट कुनैपनि प्राविधिक विशेषज्ञको राय नलिई सिफारिस भएको हो। कोषका पूर्व पदाधिकारीहरुले खानी सञ्चालन गर्ने सम्झौता गरेकोले सम्झौताबारे मलाई थाहा छैन। खानी उत्खनन् सम्बन्धमा कोषका सदस्य सचिव शुशिल नाहटालाई जानकारी रहेको र वहाँले हामीलाई जानकारी नगराएको कारण विज्ञबाट यकिन नगराएको हो। कोषको जग्गामा गुरुयोजना लागू गर्ने सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत भएको कार्यक्रम मध्ये के कति कार्यक्रम पुरा भएको हो सो सम्वन्धमा मलाई जानकारी भएन। कोषको सञ्चालक परिषद्को सदस्य बाहेक कोषबाट बनाईएका कुनै पनि समितिमा म नभएकोले अन्य निर्णय बारे मलाई थाहा नभएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका तत्कालीन सञ्चालक परिषद्का सदस्य टंक बहादुर श्रेष्ठले अनुसन्धानका अवस्थामा गरेको बयान।

३०. कोषको मिति २०६६/१२/२७ गते, च.नं. ७६६ पत्रको सम्बन्धमा उक्त मिति र च.नं.को पत्र कसले कहाँवाट ड्राफ्ट भएको हो सो थाहा नभएको। शाखामा बसेको हिसाबले O/c कपीमा मेरो सही मात्र हो। सो पनि मलाई विशेष रुपमा त्यस बेलाको समयमा अर्को शाखावाट त्यस शाखामा कार्यरत भएको। सो सम्बन्धी पत्रमा आफूलाई पनि जानकारी नरहेको। भुलवस O/c कपीमा सहि मात्र रहेको। सो पत्र कसले कहाँ ड्राफ्ट भएको हो थाहा नभएको र शाखाको नाताले मात्र अफिस कपिमा मात्र सही गरेको हो। सो पत्रमा जे लेखिएको थियो सो अनुसार अफिस कपीमा मात्र सही गरेको कसलाई बोधार्थ दिनु पर्ने, नपर्ने सो सम्बन्धी सही गर्ने अधिकारीले नै भन्नु पर्ने थियो जस्तो लाग्छ भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन नायव सुब्बा गोबर्धन खड्काले अनुसन्धानका अवस्थामा गरेको बयान।

३१. म जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा मिति २०६४/०४/२३ देखि २०६५/०९/२२ गतेसम्म योजना अनुगमन तथा प्रशासकीय अधिकृतको रुपमा कार्यरत

रहेको, मलाई स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठवाट च.नं. १०६८ मिति २०६४/०५/२३ पत्रानुसार अधिकार प्रत्यायोजन भए अनुसार प्रचलित ऐन नियमको अधिनमा रही ढुंगा खानी/बालुवा खानी सञ्चालनको इजाजत पत्र स्वीकृतिको लागि पेश गर्ने तथा नियमानुसार नविकरण तथा सो सँग सम्बन्धित कार्य गर्न तोकिएको थियो। खानी सञ्चालन सम्बन्धी सूचना स्थानीय विकास अधिकारी र राजस्व शाखामा आउथ्यो। म कार्यरत रहेको अवधिमा जिल्ला विकास समितिको कार्यालयले वार्षिक ठेक्का प्रणालीवाट ठेक्का लगाई ठेकेदारवाट एकमुष्ट रुपमा आर्थिक वर्ष भरीको सेवा शुल्क, वातावरणीय शुल्क तथा रोयल्टी लिने गरिन्थ्यो। मलाई स्थानीय विकास अधिकारीले जिल्ला विकास समिति र अन्तर्गतका पुँजीगत कार्यक्रमहरुवाट निर्माण हुने र भईरहेका योजनाहरुको मात्र अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिईएको थियो। काठमाडौं जिल्लामा संचालित सबै खानीहरु खानी तथा खनिज पदार्थ नियमावली २०५६ को नियम ४२ अनुसूची ४ को सिफारिस र वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) को अडिट रिपोर्ट आर्थिक वर्ष शुरु भएको ३ महिना भित्रमा नविकरण गर्ने गरिएको थियो। सोही अनुसार मेरो कार्यकालमा आ.व. ०६५/०६६ मा नविकरण गरिएको हो। सो नविकरण गर्दा कुनै व्यक्ति वा निकायबाट कुनै उजुरी, गुनासो वा जानकारी प्राप्त भएको देखिएको थिएन। कोषको जग्गाको क्वारी एरिया थप गर्ने निर्णय स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठले आफै गर्नु भएको हो। सो अनुमति प्रदान गर्ने कार्यमा मेरो कुनै संलग्नता छैन। आर्थिक बर्ष ०६५/०६६ को लागि नियमानुसार तोकिएको नविकरण दस्तुर, गा.वि.स.को सिफारिस र वातावरणीय प्रभाव मुल्याङ्कन (IEA) को अडीट रिपोर्टको आधारमा सबै सेवाग्राहीलाई नविकरण गरे जस्तै यसमा पनि नविकरण गरिएको छ। पशुपति क्षेत्र विकास कोषको जग्गामा योजना अनुसार कारवाही थालनी गर्नको लागि बालुवाको न्युनतम मुल्य निर्धारण गर्न सिफारिस गर्न गठित ज्ञानबहादुर हमाल संयोजक भएको कार्यदलमा जिल्ला विकास समितिको तर्फबाट मलाई प्रतिनिधित्व गर्न पठाईए अनुसार मिति २०६५।०५।१९ गते पहिलो बैठक बसी मिति २०६५/०५/२० गते बिहान ७ बजे कोष कार्यालयमा जम्मा भई बिभिन्न खानीहरुमा गई दररेट समेत बुझी प्रतिबेदन तयार गर्ने निर्णय भएको थियो। मेरो कार्य व्यस्तताले गर्दा खानी क्षेत्रमा जाने टोलीमा सहभागी हुन भ्याइएन। मिति २०६५।०५।२० गते सो कार्यदलको बैठकमा पुनः बोलाईएको थियो। सो कार्यदलका संयोजक ज्ञानबहादुर हमालले सो बैठकमा प्रस्तुत गर्नु भए अनुसार

कार्यदलका संयोजक सहितका अन्य सदस्यहरुले खानी क्षेत्रहरुको फिल्डमा गै दररेट बुझेको र खानीका सञ्चालकहरुले खानीस्थलबाट बिक्री गर्दाको मुल्य ६/- रुपैयाँ चलन चल्तीमा रहेको यसमा जि.वि.स.ले उठाउने रोयल्टी शुल्क समेत समाबेश भएको हुँदा कोषले ठेक्का प्रथाद्वारा आफ्नो बालुवा बिक्री गर्न न्युनतम मुल्य निर्धारण गरिएको हो। मैले उत्खनन्कर्ता र आफूलाई हित हुने गरी खानी तथा खनिज पदार्थ नियमावलीको उल्लंघन गरेको छैन भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन योजना अनुगमन तथा प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले अनुसन्धानका अवस्थामा गरेको बयान।

३२. म काठमाडौं जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा २०६८ साल पौषदेखि २०७० साल चैतसम्म कार्यरत थिए। कुनैपनि खानी सञ्चालन गर्ने व्यक्तिले खानी नियमावलीको अनुसूचीमा उल्लेख भए बमोजिमको निबेदन, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, जग्गाको हकमा मन्जुरीनामा, नागरिकताको प्रमाणित प्रतिलिपी, आर्थिक हैशियत खुल्ने कागजात, माईनिङ स्किम र IEE प्रतिबेदन हेर्ने, साथै मैले योजना अनुगमन तथा प्रशासकीय अधिकृतको हैसियतमा खानी विकास समितिको सदस्य सचिव भएर निबेदनसँग सम्बन्धित कागजातहरु जाँच गरेर स्थानीय विकास अधिकारीज्यू समक्ष पेश गर्नु पर्थ्यो। पशुपति क्षेत्र विकास कोषको नाममा रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ४(क) को कि.नं. ८० मा खानी सञ्चालन गर्न निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजातमा पशुपति क्षेत्र विकास कोषले खानी सञ्चालकलाई दिएको सहमति पत्र समाबेश थियो। उक्त पत्र कोषले सम्बन्धित खानी सञ्चालकलाई दिएको हो। पशुपति क्षेत्र विकास कोषको नाममा रहेको उक्त जग्गाको सहमति पत्र सम्बन्धित ब्यक्तिलाई दिएको आधारमा प्रकृया अगाडि बढाएको हो। पशुपति क्षेत्र विकास कोषको आधिकारीक लेटर प्याडमा प्राप्त सहमति पत्र झुट्टा हो भन्ने अनुमान गरिएन। त्यसैले पशुपति क्षेत्र विकास कोषलाई पत्रचार भएन। उल्लेखित पत्र लगायत अन्य आबश्यक कागजातहरू स्थानीय विकास अधिकारी र खानी समितिमा समेत पेश भएको हुन्छ। पशुपति क्षेत्र विकास कोषको प.सं. १७८ प्रशासन च.नं. ०६८/६९ मिति २०६८/०९/२० गतेको पत्र मैले स्थानीय विकास अधिकारीज्यूसँग समेत पेश गरें। उहाँले ठिकै छ भनेपछि प्रकृया अगाडि बढाएको हो।स्थानीय विकास अधिकारीज्यूवाट पशुपति क्षेत्र विकास कोषको यसै पत्रलाई आधार मानी पेश गर्ने निर्देशन भई खानी विकास समितिमा राखिएको हो भन्नेसमेत बेहोराको

प्रतिवादी भिष्मकुमार मल्लले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

३३. पशुपति क्षेत्र विकास कोषको खानी सञ्चालक बच्चुराम दाहालसँगको सम्झौता रद्द भएकोले खानी इजाजतको पनि औचित्यता समाप्त हुने भनी लेखी आएकोमा खानीको इजाजत जिल्ला विकास समितिमा नियमानुसार नविकरण भईरहेको अवस्थामा खानीको सञ्चालन, उत्खनन् खानीवाला र जग्गावाला विचको आपसी सम्झौता र सहमति वमोजिम हुने हुनाले तत्कालको लागि जग्गादाताले खानीवालासँगको सम्झौता पुरा नभएको कारण सञ्चालनमा रोक लगाएता पनि खानी तथा खनिज पदार्थ सम्बन्धी नियमावली, २०५६ को ४३ वमोजिम सो इजाजत समाप्तिको पर्याप्त आधार हुन नसक्ने, कोषले आफ्नो जग्गामा पूर्व सम्झौता बमोजिमका शर्त पुरा नभएमा खानी सञ्चालन/उत्खनन् रोक लगाउन सक्ने अनुमान गरी लेखिएको हो। उक्त पत्र मैले कुनै वदनियत राखी पशुपति क्षेत्र विकास कोष, जिल्ला विकास समितिको कार्यालय वा अन्य कुनै सार्वजनिक निकायलाई क्षति पुऱ्याई कुनै अमुक व्यक्तिलाई व्यवसायीलाई लाभ पुऱ्याउने दुरुत्साहनले लेखेको होईन। पशुपति क्षेत्र विकास कोषबाट पनि खानी इजाजत रद्दको प्रकृयामा नियमानुसारको कारवाही अगाडि वढाएको देखिएन भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय काठमाडौंका तत्कालीन योजना अनुगमन तथा प्रशासकीय अधिकृत दिल कुमार तामाङ्गले अनुसन्धानका अवस्थामा गरेको बयान।

३४. म मिति २०६८।०१।२५ गतेदेखि मिति २०६८।०९।२४ गतेसम्म जि.वि.स.को कार्यालय, काठमाडौंमा योजना अनुगमन तथा प्रशासकीय अधिकृतको पदमा कार्यरत थिएँ, खानी सञ्चालन सम्बन्धमा प्रचलित ऐन, नियमको अधिनमा रही ढुंगा खानी/बालुवा खानी सञ्चालनको ईजाजत पत्र स्वीकृतिको लागि पेश गर्ने तथा नियमानुसार नविकरण तथा सोसँग सम्बन्धित कार्यहरु गर्ने भनी स्थानीय विकास अधिकारीज्यूबाट TOR दिनु भएको थियो सो TOR संलग्न गरेको छु। खानी सञ्चालन गर्न अनुमति पाएका खानी सञ्चालकहरुलाई सम्झौता गरी सम्झौताको परिमाणको अधिनमा रही उत्खनन् निकासी गर्न दिने गरेको र अग्रिम रुपमा जि.वि.स.मा शुल्क जम्मा गरे पछि नगदी रसिद दिने ब्यवस्था गरिएको थियो। जि.वि.स.को राजस्व शाखाबाट सो को अनुगमन गर्ने र आर्थिक प्रशासन शाखामा सो रकम जम्मा गर्ने गरिएको थाहा छ। छोटो समयको कार्यकाल भएकोले र तोकिएर किटानी साथ यी जिम्मेवारी कार्यालयले मलाई नदिएको कारण सबै विषय थाहा हुन सकेन। यस सम्बन्धमा प्रकृया पुरा भई आएका बालुवा खानी नविकरण गर्न राजस्व

शाखाबाट पेश भए अनुसार स्थानीय विकास अधिकारीको आदेशमा नविकरण मात्र गरेको हुँ। खानी सम्बन्धमा अनुगमन गर्ने प्रष्ट कार्य अधिकार मलाई दिएको थिएन। मेरो कार्यकालमा माटो उत्खनन् गर्ने अनुमति जि.वि.स.ले दिएको थिएन। मैले स्थानीय विकास अधिकारीले दिएको अधिकार तथा आदेश अनुसार खानी नियमित रुपमा नविकरण मात्र गरेको हुँ भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको तत्कालीन योजना अनुगमन तथा प्रशासकीय अधिकृत मोहन अधिकारीले अनुसन्धानका अवस्थामा गरेको बयान।

३५. म मिति २०६५/०९/२८ देखि २०६६/०६/१५ सम्म जि.वि.स.को कार्यालय, काठमाडौंमा यो.अ.तथा प्र.अ.को हैसियतमा कार्यरत थिए। मेरो काम प्रचलित ऐन, नियमको परिधि भित्र रही ढुंगा/बालुवा खानी सञ्चालनको ईजाजत पत्र स्वीकृतिका लागि पेश गर्ने, नियमानुसार ईजाजत पत्र नविकरण गर्ने विषय मेरो जिम्मेवारी भित्र थिएन। स्थानीय विकास अधिकारी र राजस्व शाखाको जिम्मेवारी भित्र पर्दथ्यो। ईजाजत पत्र नविकरण गर्दा सम्बन्धित गा.वि.स.को सिफारिस, नियमानुसार लाग्ने दस्तुर र वातावरणीय प्रभाव अध्ययन प्रतिबेदन लिई प्रतिवेदनमा उल्लेखित अवस्था सुधार गर्ने निर्देशन दिई प्रकृयागत रुपमा गरीन्छ। म कार्यरत अवधिमा समेत सोही बमोजिम नविकरण गरिएको थियो। म कार्यरत रहेको अधिकांश समय खानी बन्द थियो। खानी उत्खनन्कर्ताबाट शुल्क लिने जिम्मेवारी मेरो थिएन। राजस्व शाखाबाट जानकारी लिन सकिन्छ, यो जिम्मेवारी मलाई तोकिएको थिएन। मैले कार्यरत अवधिमा कोषलाई हानी हुने कुनै कार्य गरेको छैन भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन योजना अनुगमन तथा प्रशासकीय अधिकृत ऋषिराज आचार्यले अनुसन्धानका अवस्थामा गरेको बयान।

३६. म मिति २०६४।०९।१७ गतेदेखि कार्यक्रम अधिकृत (सुचना) पदमा कार्यरत रहेको तथा आ.व. ०६५/०६६ देखि राजस्व अधिकृतको सम्पर्क ब्यक्ति समेत भई कार्य गर्ने पत्र दिईएको र मलाई खानी सञ्चालन सम्बन्धी कार्य गर्नको लागि सम्पर्क व्यक्तिको रुपमा तोकिएको थियो। खानी विभागबाट सहमति प्राप्त भई स्वीकृत प्राप्त खानीहरुले हरेक आ.व.को आश्विन मसान्तभित्र नविकरण गराउनु पर्ने प्रावधान रहेकोमा नविकरण भएका खानीहरुले सञ्चालन अनुमति पाए पश्चात हुने दैनिक प्रशासनिक कार्यहरु गर्ने गरेको हो। जिल्ला परिषद्बाट स्वीकृत दररेट बमोजिमको रसिद छपाई गरी सम्वन्धित बालुवा खानी

नविकरण र सञ्चालन स्वीकृत पाए पश्चात ठेक्का मार्फत वा सम्बन्धित बालुवा खानी सञ्चालकलाई अग्रिम रकम जम्मा गरी रसिद उपलब्ध गराउने गरिएको थियो। जि.वि.स. शुल्क तथा वातावरणीय शुल्क गरी प्रति क्यु. फिट रु. ३।- (तिन रुपैयाँ) लिने गरिएको, कोषको जग्गामा खानी उत्खनन्कर्ताले पटक पटक शर्त तथा नियम उल्लंघन गरेको भन्ने कुरा आफूलाई कुनै जानकारी नभएको, खानी नविकरणको लागि खानी नियमावलीमा व्यवस्था भएको साथै जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिको सिफारिसमा मात्र नविकरण गर्ने गरिएको थियो। आन्तरिक अनुगमनबाट समय समयमा चोरी निकासीका गाडीहरु समातेर ल्याई नियमानुसार जरीवाना गर्ने गरिएको थियो। उक्त खानी क्षेत्रमा तोकिएको भन्दा बढी बालुवा उत्खनन् भएको भन्ने विषयमा कसैले पनि मलाई जानकारी दिएको थिएन। सम्झौता तथा माईनिङ्ग स्किम बमोजिम खानी सञ्चालन गराउने दायित्व जिल्ला विकास समिति, खानी विभाग जिल्लास्तरीय समन्वय समितिको हो भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन सुचना तथा राजस्व अधिकृत श्री प्रविण प्याकुरेलले अनुसन्धानका अवस्थामा गरेको बयान।

३७. म जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको स्थानीय विकास अधिकारीको रुपमा मिति २०६९।०१।१८ गतेदेखि २०७१।०२।०६ गतेसम्म कार्यरत रहेको थिएँ। साधारण निर्माणमुखी खनिजको सञ्चालनको लागि खानी समितिको सिफारिसमा खानी तथा भूगर्भ विभागबाट सहमति प्राप्त भए पछि खानी सञ्चालन अनुमति दिने र हरेक बर्ष नविकरण गर्ने (जि.वि.स.को निर्णय बमोजिम) बिभिन्न सरकारी निकायसँग समन्वय गरी अनुगमन गर्ने, अन्य कानुनले तोकेका काम गर्ने, पशुपति क्षेत्र विकास कोषको गुरुयोजना अनुसार कार्य गर्न पशुपति क्षेत्र विकास कोषले निज बच्चुराम बालुवा खानीलाई कार्यदेश दिए अनुसार त्यसमा जिल्ला विकास समितिले केही गर्न नसक्ने साथै खानीको अनुगमन गर्न जिल्ला विकास समितिको योजना अधिकृत, राजश्व अधिकृत अन्य कर्मचारी र नेपाल प्रहरी समेतको सहयोगमा नियमित अनुगमन गरिएको थियो। साथै प्रमुख जिल्ला अधिकारी ज्यूको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा मुल्याङ्कन समितिबाट गठन भएको अनुगमन उप-समितिबाट समेत अनुगमन गरी जि.वि.स.ले संचालन अनुमति दिएको थियो। बालुवाको कति परिमाण निष्काशन गर्ने भन्ने कुरा पशुपति क्षेत्र विकास कोषले नै निर्धारण गरेको हो। जिल्ला अनुगमन तथा मुल्याङ्कन समितिको सिफारिसमा अनुमति-पत्र नविकरण गरेको हो। बालुवा र माटोको परिमाण सम्बन्धमा कति निष्काशन गर्नुपर्ने सो काम

गुरुयोजना अनुरुप छ, छैन पशुपति क्षेत्र विकास कोषले निर्धारण गर्नुपर्ने हो। नेपाल सरकारको निर्णय बमोजिम ढुंगा, गिट्टी, बालुवा व्यवस्थापन गर्ने उद्देश्य राखी गठन भएको जिल्ला खानी अनुगमन तथा मुल्याङ्कन समिति (प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरेको अनुगमन उपसमितिले) दिएको प्रतिबेदन समेतको आधारमा गरिएको हो। जिल्ला अनुगमन तथा मुल्याङ्कन समितिको निर्देशन शिफारिस बमोजिम प्रमाण-पत्र नबिकरण गरिने हो। जिल्ला विकास समितिको सम्झौता जि.वि.स.शुल्क लिनेसँग मात्र सिमित हुने भएकोले पशुपति क्षेत्र विकास कोषको जग्गा भित्र बालुवा उत्खनन गर्न दिने नदिने भन्ने अधिकार पशुपति क्षेत्र विकास कोषको नै भएको भन्नेसमेत बेहोराको प्रतिवादी प्रेमराज जोशीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

३८. मेरो काम जिल्ला विकास समितिवाट भएको निर्णय कार्यान्वयन गर्ने, कार्यालय प्रमुखवाट खानी सञ्चालन सम्बन्धी दिएको निर्देशन पालना गर्ने, बार्षिक रुपमा खानी इजाजत प्रमाण पत्र नविकरण गर्ने हो। खानी रद्द गर्ने सम्बन्धमा राजेन्द्रबहादुर गोर्खालीको बालुवा खानी इजाजत प्रमाण-पत्र २०५४ साल असार मसान्तसम्म नविकरण नगरेको र साधारण निर्माण मुखी खनिज पदार्थ नियमावलीमा एक आर्थिक बर्ष नविकरण नगरे स्वतः रद्द हुने भन्ने उल्लेख भएको, पशुपति क्षेत्र विकास कोषमा कर्मचारी राजुकुमार रेग्मीले पशुपति क्षेत्र विकास कोषको कि.नं. ८० को ३१० रोपनीको जग्गा सम्बन्धमा बालुवा खानी माग गर्ने मिठ्ठाराम दाहालले बालुवा खानी क्षेत्र माग गर्दाको समयमा आफूले पेश गर्नु पर्ने माईनिङ्ग स्किम, वातावारण सम्बन्धी रिपोर्ट र जग्गा सम्बन्धी सम्पूर्ण कागजात आफैले पेश गरेकोले उक्त पत्रको सम्वन्धमा विवाद छ भन्ने कार्यालयमा जानकारी नभएकोले बालुवा खानी कोही कसैलाई दिने नदिने सम्बन्धमा सम्पूर्ण अधिकार खानी विकास समितिमा रहने हुँदा फाँटवालाहरुको कुनै किसिमको संलग्नता नरहने भन्नेसमेत बेहोराको जिल्ला विकास सामितिको कार्यालय, काठमाडौका तत्कालीन नायव सुब्बा हरि कोइरालाले अनुसन्धानका अवस्थामा गरेको बयान।

३९. म २०६४ साल भाद्र महिनादेखि २०६५ साल मंसिरसम्म जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा स्थानीय विकास अधिकारीको रुपमा कार्यरत थिएँ। खानी सञ्चालन सम्वन्धमा मेरो काम ढुंगा वा बालुवा खानी उत्खनन् वा सञ्चालनको लागि कुनै व्यक्तिले खानी भएको जग्गाधनीको लिखित सहमति सहित निवेदन पर्न आएपछि सो को स्किम बनाउन, स्थलगत अध्ययन गरी खानी सञ्चालन गर्न दिन हुने नहुने बारेमा खानी

विभागसँग पत्राचार गर्ने, खानी विभागका प्राविधिक समेतले स्थलगत अनुगमन गरी जिल्ला खानी समितिलाई प्रतिवेदन पेश गरे पछि जिल्ला खानी समितिको निर्णयको आधारमा खानी सञ्चालन इजाजत पत्र दिने हो। राजेन्द्र बहादुर गोर्खालीको इजाजत रद्द सम्वन्धमा निजको नाममा रहेको इजाजत पत्र २०६४ सालसम्म नविकरण नगरेको र खानी तथा खनिज पदार्थ नियमावलीमा इजाजत पत्रवालाले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नविकरण नगराएमा सो इजाजत पत्र स्वतः रद्द हुनेछ भन्ने उल्लेख भएकोले राजेन्द्र वहादुर गोर्खालीले प्राप्त गरेको इजाजत पत्र म्यादभित्र नविकरण नगराएकाले इजाजत पत्र स्वतः रद्द भई बच्चुराम दाहालको फाईल खानी विभागमा पठाईएको हो, बच्चुराम दाहालले इजाजत पत्र माग गरी दिएको निवेदन करिब एक ढेड बर्ष अघि नै जिल्ला विकास समितिमा दर्ता भईसकेको थियो। खानी सञ्चालन गर्दा इजाजत प्राप्त ब्यक्ति वा संस्थाले मात्र सञ्चालन गर्न पाउने हुँदा प्रतिस्पर्धाको कुनै व्यवस्था नरहेको हो। आफ्नो क्वारी क्षेत्रमा बच्चुराम दाहालले खानी उत्खनन् नगरेको अवस्थामा अनुमति नविकरण गरेको सम्बन्धमा इजाजत पत्र नविकरणका लागि तोकिएको म्याद भित्र नविकरण गर्न आएमा नविकरण गरी दिनु पर्ने व्यवस्था छ। पशुपति क्षेत्र विकास कोषको जग्गामा क्वारी क्षेत्र थप गर्ने सम्बन्धमा निज बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषको कि.नं. ८४, ५९ र ४(क) को कि.नं. ८० को जग्गा इजाजत पत्रवालाको क्वारी क्षेत्र भित्र पर्ने भई सो जग्गामा उत्खनन् कार्य गर्न कानून बमोजिम खानी सञ्चालन गर्न उक्त कोषको मिति २०६५/०५/२४ को पत्रवाट सहमति प्राप्त भएकोले खानी सञ्चालनको लागि अनुमति दिईएको हो। वनको सहमति लिने सम्बन्धमा पशुपति क्षेत्र विकास कोषले खानी सञ्चालन गर्न सहमति दिएपछि खानी क्षेत्रमा पर्ने रुख कटान सम्बन्धी जिल्ला वन कार्यालय, काठमाडौंसँग पत्राचार समेत भएको देखिन्छ। खानी सञ्चालन अनुमति पाएपछि ६ महिना भित्र सञ्चालन गर्नुपर्ने समयावधि रहेकोमा मिति २०६५ /०६/१७ मा अनुमति दिंदा नै रुखको सम्बन्धमा जिल्ला वन कार्यालयसँग स्वीकृति लिन सम्बन्धित व्यक्तिलाई निर्देशन समेत दिईएको थियो। मैले उक्त काम गर्दा सकेसम्म कानूनी प्रकृया पुरा गरी गर्ने प्रयास गरेको थिएँ। खानी उत्खनन गर्नु पूर्व जि.वि.स. सँग शर्त सहित सम्झौता गर्नु पर्नेमा सो पनि नगरेको, सम्झौता गर्न माग नै नगरेको र जि.वि.स.लाई थाहै नदिई इजाजतवालाले पशुपति क्षेत्र विकास कोषसँग मिलि उत्खनन कार्य गरेको भन्ने अनौपचारिक रुपमा थाहा हुन आए पछि जि.वि.स.को च.नं. ९०२ मिति २०६५/०७/१७ को पत्रबाट पशुपति क्षेत्र

विकास कोषको जग्गाहरुमा खानी सञ्चालन गर्न बन्द गरेको पत्र गोठाटार गा.वि.स.लाई लेखी बोधार्थ पशुपति क्षेत्र विकास कोष, महानगरीय प्रहरी बृत, खानी सञ्चालक समेतलाई दिईएको हो। मेरो कार्यकालमा उक्त खानी सञ्चालन कार्यान्वयनमा नआएको भन्नेसमेत बेहोराको प्रतिवादी महेन्द्रलाल श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

४०. म जि.वि.स. काठमाडौंमा २०६५ साल मंसिरदेखि २०६८ साल चैत्रसम्म स्थानीय विकास अधिकारीको रुपमा कार्यरत रहेको थिएँ। बच्चुराम दाहालको नाममा जारी भएको अनुमति पत्रमा प्रस्तावित माईनिङ्ग स्किममा उल्लेख गरिएको क्वारी क्षेत्रबाट स्किममा उल्लेख भए अनुसारको काम भए नभएको अनुगमन गर्न जिल्ला विकास समितिको योजना अनुगमन तथा प्रशासकिय अधिकृतको संयोजकत्वमा साल वसाली अनुगमन समिति गठन गर्ने गरेकोमा उक्त अनुगमन टोलीको सिफारिसको आधारमा निज बच्चुराम दाहालको नाममा जारी भएको अनुमति पत्र साल वसाली नविकरण हुने व्यवस्था अनुसार नविकरण गरेको हो। मिति २०६९।०६।१९ मा खानी अनुमति पत्र नविकरणको सम्वन्धमा जिल्ला विकास समितिका कर्मचारीले नियमित अनुगमनबाट खानी सञ्चालन नभएकोले नविकरण नगर्नु पर्ने भनी उल्लेख भएको नदेखिएकोले खानी नविकरण भएको अवस्था हो। मिति २०६६।०४।२० मा बच्चुराम दाहालको खानी क्षेत्रको क्वारी क्षेत्र थप गरेको सम्वन्धमा जिल्ला विकास समितिले वन क्षेत्रका सम्वन्धमा उल्लेख गरेको स्थिति समेतको अवस्थाकै आधारमा आएका जवाफ समेतलाई हेरी खानी समितिका पदाधिकारीहरुले स्थलगत अनुगमन पछि जिल्ला वन कार्यालयका प्रतिनिधि समेतको बैठकको निर्णयका आधारमा खानी क्षेत्र बिस्तारका लागि खानी विभागमा सहमतिका लागि पठाई सहमति प्राप्त भएपछि क्वारी क्षेत्र थप गरिएको हो। खानी उत्खनन्कर्ताले माईनिङ्ग स्किम वमोजिम काम नगरेको, सम्झौता उल्लंघन गरेको, तोकेको परिमाण भन्दा बढी बालुवा चोरी गरेको, खानी क्षेत्रमा भएका रुखहरुको अवैध रुपमा कटान गरेको भनी पशुपति क्षेत्र विकास कोषले सम्झौता रद्द गर्ने निर्णय गरी गरेको पत्राचारको बारेमा मलाई थाहा भएन। खानी सञ्चालकले उत्खनन् क्षेत्र थपघट गर्न आफै आवेदन गर्ने र सम्वन्धित जग्गावालाको सहमती आफै पेश गर्ने हुनाले खानी सञ्चालकको उत्खनन् क्षेत्र थप गर्न पशुपति क्षेत्र विकास कोषले अख्तियार प्राप्त अधिकारीले दिएको सिफारिसका आधारमा खानी तथा भूगर्भ विभागको सहमति पछि मात्र कारवाही अगाडि बढाएको हो। खानी सञ्चालन भए वापत के कति रकम लिने निर्णय गर्ने अधिकार पशुपति क्षेत्र विकास

कोषको हो। त्यसमा जिल्ला विकास समितिको कुनै अधिकार रहदैन। जिल्ला विकास समितिले त ईजाजत दिने र नविकरण गर्ने मात्र हो। सम्झौता कायम रहने वा भंग गर्ने सम्झौताका शर्तमा उल्लेख भएका कुराहरुले निर्धारण गर्ने हो। सम्झौता भंग गर्दा पनि अर्को पक्षले नमानेमा कानूनी उपचारका लागि सम्वन्धित पक्ष थप कानूनी उपचारमा गएर समस्या समाधान गर्नु पर्ने हो। जिल्ला विकास समितिले बच्चुराम दाहालसँग सम्झौता गरेको होईन। बच्चुराम दाहाललाई बालुवा खानी सञ्चालन गर्न मात्र ईजाजत दिएको हो। त्यसमा निस्केको माटो निजले स्किम अनुसार खाल्डो पुर्न मात्र प्रयोग गर्नु पर्छ। जिल्ला विकास समितिले माटो बिक्री गर्न दिने कुरै हुँदैन। जिल्ला विकास समितिले खानी सञ्चालन गर्दा वन क्षेत्र भित्र खानी सञ्चालन गर्न दिनु हुँदैन। खानी सञ्चालन ईजाजत वा उत्खनन थप गर्ने स्वीकृति दिनु पूर्व वन कार्यालयका प्रतिनिधि सदस्य रहेको समितिको स्थलगत अध्ययन गरेपछि मात्र खानी तथा भूगर्भ विभागमा समितिको निर्णय सहित सिफारिस गरेर पठाईएको हो। पशुपति क्षेत्र विकास कोष स्वामित्वमा रहेको जमिन समेतमा खानी सञ्चालनको अनुमति (लाईसेन्स) म भन्दा अगाडिकै स्थानीय विकास अधिकारीको समयमा बच्चुराम दाहालले प्राप्त गरी सकेको र मेरो समयमा खानी सञ्चालन स्किम अनुसार खानी तथा भूगर्व विभागले हेरी जाँची सहमती आधारमा नियमित प्रकृया अन्तर्गत खानी सञ्चालनको क्वारी क्षेत्र थप गर्ने कार्य मात्र भएको हो। साविकदेखि शुरु भएको प्रकृया अन्तर्गत काम भएको हो। म समक्ष थप सेवा शुल्क कर असूली बाँकी समावेश गरीनु पर्ने भन्ने कुनै पनि बेहोरा कहिँ कतैबाट जानकारी तथा पेश समेत नभएको, अवैध कामलाई वैधानिकता दिने काम म बाट भएको छैन। क्वारी क्षेत्र थप गर्न खानी विभागको स्वीकृति पत्र ढिला गरी आएका कारणले मात्र पछि क्वारी एरिया थप भएको पत्र दिएको हो। मेरो कार्यकालमा सेवा शूल्क अशुल गर्न छुटेको छैन। मबाट कोष तथा नेपाल सरकारलाई कुनै किसिमको हानी नोक्सानी र क्षति भएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी गोपाल प्रसाद पराजुलीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

४१. यस कम्पनीले बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा रहेको शेयर मिति २०६९।१०।१५ मा श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंबाट सो कम्पनीको नाममा जम्मा १,८७,५००।- कित्ता शेयर नामसारी दाखिल खारेज गरी बच्चुराम बालुवा खानी प्रा.लि.को ३७.५ प्रतिशत शेयर होल्डर भएको र सो शेयर मिति २०६९/१२/२५ मा यस कम्पनीको नामबाट दोलखा जिल्ला, माटी गा.बि.स. वडा नं. ३

स्थाई ठेगाना भएकी जेनु बस्नेतको नाममा बिक्री गरी दा.खा. नामसारी समेत गरेको बेहोरा मिति २०६९/१०/१५ को शेयर खरीद भई प्राप्त शेयर लगत र मिति २०६९/१२/२५ को शेयर बिक्री गर्दाको प्रमाणित शेयर लगतबाट स्पष्ट हुन्छ। यस कम्पनीले बच्चुराम बालुवा खानी प्रा.लि.को शेयर खरिद गरे पछि सो कम्पनीको कुनै पदीय हैसियतमा रहेर कार्य नगरेको, यस कम्पनी प्रा.लि.ले बच्चुराम बालुवा खानी प्रा.लि.को शेयर खरिद गर्नु पूर्ब बच्चुराम बालुवा खानी प्रा.लि., पशुपति क्षेत्र विकास कोष र जिल्ला विकास समितिको कार्यालय, काठमाडौं बीच भएको कुनै सम्झौता यस कम्पनीले अध्ययन नगरेको, यस कम्पनीले बच्चुराम बालुवा खानी प्रा.लि.को शेयर खरिद गर्नु परेको कारण निज मिठ्ठाराम दाहालले व्यक्तिगत कारोवार मिलाउनको लागि सरसापटीको लागि उक्त कम्पनीको शेयर खरिद गरेको देखाई सोही शेयर बापतको रकम छोटो समय लगभग २ महिनाको लागि उपलब्ध गराईएको हुँदा निज बच्चुराम बीच भएका कुनै सम्झौतामा यस ईन एण्ड आउट कम्पनीको जानकारी छैन। उपरोक्त अनुसारको शेयर बालुवा खानी सम्बन्धी व्यवसाय गर्न खरिद गरेको नभई क्षणिक आर्थिक सहयोग पुगोस तथा निजको परियोजना समेत सफल होस् भनी सुरक्षित लगानीदेखि सो कम्पनीको शेयर खरिद गरिएको थियो। निश्चित समयमा नै बिक्री गरी शेयर हस्तान्तरण गरेको कुरा यसै स्पष्टीकरण पत्रसाथ संलग्न पत्रबाट अबगत हुने नै छ। कुनैपनि संस्थामा वा ब्यापार व्यवसायमा लगानी गरी नाफा खाने नियत भएको भए न्युनतम एक आर्थिक बर्ष पुरा अवधि भित्र शेयर नबेची बार्षिक हिसाब किताब गरी नाफा घाटा लिने व्यहोर्ने अवस्था आउने थियो तर सहयोगको लागि निज मिठ्ठाराम दाहालको बालुवा खानी कम्पनीको शेयर यस कम्पनीको नाममा नामसारी गरी लगानी गरेकोमा सो लगानी सुरक्षित तरिकाले गरिएको मात्र भएको, यस कम्पनीले बच्चुराम बालुवा खानी कम्पनीको शेयर खरिद गर्दा निज कम्पनीले कुन कुन संस्थासँग कसरी सम्झौता गरेको छ भन्ने यस कम्पनीको लागि गहन नभएको हुँदा सो कम्पनीले बिभिन्न परियोजना, उद्योग सञ्चालन गर्न लागेको जानकारीमा आएको तर यस कम्पनीले पशुपति क्षेत्र विकास कोषसँग अनुमति लिएर शेयर खरिद गर्नु पर्ने जानकारीमा नआएकोले यस कम्पनीका तर्फबाट त्यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री मिठ्ठाराम दाहालको घर जग्गा लिलाम हुनबाट जोगाउने अभिप्रायले बच्चुराम बालुवा खानी प्रा.लि.को शेयर खरिद गरी लिएको हो। लगभग २ महिनाको समयमा नै सो शेयर यस ईन एण्ड आउट मल्टी बिजनेश प्रा.लि.ले बच्चुराम बालुवा खानी कम्पनीका अन्य शेयर

होल्डरहरुले इच्छाएका ब्यक्ति जेनु बस्नेतलाई बिक्रि गरेको हुँदा पूर्ब निर्धारीत सल्लाह बमोजिममात्र शेयर खरिद बिक्री गरिएको हो। तहाँबाट उद्वारण गरिएको सवाल नं. ५ अनुसार उक्त कम्पनीले पशुपति क्षेत्र विकास कोषसँग बालुवा खानी सञ्चालन गर्न यस कम्पनीले सो कम्पनीको शेयर खरिद गर्नु भन्दा अगावै सम्झौता गरी उत्खनन्का कार्यहरु भईसकेको देखिन्छ र यस कम्पनीले आफ्नो शेयर बिक्री गरे पछी समेत सो कार्य निरन्तर बच्चुराम कम्पनीले नै गरेको देखिएको हो। लगभग २ महिनाको अवधिमात्र यस कम्पनी त्यस बच्चुराम बालुवा खानी प्रा.लि.ले स्वीकृत माईनिङ्ग स्किम सम्झौता बिपरित कार्य गरेकोमा यस कम्पनीले कुनै बिपरित कार्य वा गैरकानुनी कार्य गरी पशुपति क्षेत्र विकास कोषलाई जानी नजानी कुनै नोक्सानी पुऱ्याएको छैन। यसरी प्रत्यक्ष रुपमा संलग्न नभएको हुँदा यस कम्पनीको दायित्व सृजना हुन् सक्दैन। कुनैपनि कम्पनीको नाफा घाटा आदि हिसाब बिवरण तयार गर्ने कार्य प्रत्येक आर्थिक बर्षको आषाढ मसान्त पछि मात्र हुने गरिने प्रचलन भएको हुँदा न त त्यस कम्पनीको नाफामा यस कम्पनीले दाबी गरेको छ, न त दायित्व बेहोर्न सक्दछ, जसले कानूनको बाटो बिराएको छ, सोही व्यक्तिले सो सजायको भागी हुने हो। यो प्राकृतिक कानूनको एक हिस्सा पनि भएको कारण यस कम्पनीले कुनै किसिमको बदनियत राखी शेयरमा लगानी नगरेको हुँदा यस ईन एण्ड आउट मल्टी बिजनेश कम्पनीको त्यस कम्पनीसँगको कार्यले कुनै दायित्व बाँकि छैन भन्नेसमेत बेहोराको बच्चुराम बालुवा खानी प्रा.लि.का तत्कालीन शेयर होल्डर श्री ईन एण्ड आउट मल्टीबिजनेश प्रा.लि. काठमाण्डौंलाई आयोगको च.नं.११५४ मिति २०७१/०७/०२ गतेको पत्रको जवाफ।

४२. यस कम्पनि प्रा.लि.ले बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा रहेको शेयर मिति २०६९/१०/१५ मा श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरबाट यस कम्पनीको नाममा जम्मा ६२,५०० कित्ता शेयर नामसारी दाखिला खारेज गरी बच्चुराम बालुवा खानी प्रा.लि.को १२.५ प्रतिशत शेयर होल्डर भएको र सो शेयर यस कम्पनीको नामबाट श्री मिठ्ठाराम दाहालबाट इच्छाइएका व्यक्तिहरुको नाममा शेयर बिक्री गरिएको, यस कम्पनीले बच्चुराम बालुवा खानी प्रा.लि.को शेयर खरिद गरे पछी सो कम्पनीको कुनै पदिय हैसियतमा रहेर कार्य नगरेको, यस कम्पनी प्रा.लि.ले बच्चुराम बालुवा खानी प्रा.लि.को शेयर खरिद गर्नु पूर्व बच्चुराम बालुवा खानी प्रा.लि. पशुपति क्षेत्र विकास कोष र जिल्ला विकास समितिको कार्यालय, काठमाडौं बीच भएको कुनै सम्झौता यस कम्पनीले अध्ययन

नगरेको, यस कम्पनीले बच्चुराम बालुवा खानी प्रा.लि.को शेयर खरिद गर्नु परेको कारण केही समयको लागि व्यक्तिगत ऋण, सरसापटीको लागि उक्त शेयर खरिद गरेको देखाई सोही शेयर बापतको रकम छोटो समय लगभग २ महिनाको लागि उपलब्ध गराईएको हुँदा निज बच्चुराम विच भएका कुनै सम्झौतामा यस एन.एस. ईन्भेष्टमेन्ट कम्पनीको जानकारीको नबनेको निबेदन गरिन्छ। उक्त बच्चुराम बालुवा खानी कम्पनीको शेयर मिठ्ठाराम दाहालले इच्छाएका ब्यक्तिहरुलाई नै बिक्री गरी निजहरुकै नाममा दा.खा. नामसारी समेत गरीसकिएको, उपरोक्त अनुसारको शेयर बालुवा खानी सम्बन्धी व्यवसाय गर्न खरिद गरेको नभई क्षणिक आर्थिक सहयोग पुगोस तथा निजको परियोजना समेत सफल होस् भनी सुरक्षित लगानीदेखि सो कम्पनीको शेयर खरिद गरिएको थियो। निश्चित समयमा नै बिक्री गरी शेयर हस्तान्तरण गरेको कुरा यसै स्पष्टिकरण पत्रसाथ संलग्न पत्रबाट अवगत हुने नै छ। कुनै पनि संस्थामा वा व्यापार व्यवसायमा लगानी गरी नाफा खाने नियत भएको भए न्युनतम एक आर्थिक बर्ष पुरा अवधि शेयर नबेची बार्षिक हिसाब किताब गरी नाफा घाटा लिने व्यहोर्ने अवस्था आउने थियो तर सहयोगको लागि निज मिठ्ठाराम दाहालको बालुवा खानी कम्पनीको शेयर यस कम्पनीको नाममा नामसारी गरी लगानी गरेकोमा सो लगानी सुरक्षित तरिकाले गरिएको मात्र भएको, यस कम्पनीले बच्चुराम बालुवा खानी कम्पनीको शेयर खरिद गर्दा निज कम्पनीले कुन कुन संस्थासँग कसरी सम्झौता गरेको छ भन्ने यस कम्पनीको लागि गहन नभएको हुँदा सो कम्पनीले बिभिन्न परियोजना उद्योग सञ्चालन गर्न लागेको जानकारीमा आएको तर यस कम्पनीले पशुपति क्षेत्र विकास कोषसँग अनुमति लिएर शेयर खरिद गर्नुपर्ने जानकारीमा नआएकोले यस कम्पनीका तर्फबाट त्यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री मिठ्ठाराम दाहालको घरजग्गा लिलाम हुन बाट जोगाउने अभिप्रायले बच्चुराम बालुवा खानी प्रा.लि.को शेयर खरिद गरी लिएको हो। लगभग २ महिनाको समयमा नै सो शेयर यस एन.एस. इन्भेष्टमेन्ट प्रा.लि.ले बच्चुराम खानी कम्पनीका अन्य शेयर होल्डरहरुले इच्छाएका ब्यक्ति जनक बस्नेत र बिक्रम लामालाई बिक्री गरेको हुँदा पूर्व निर्धारित सल्लाह बमोजिम मात्र शेयर खरिद बिक्री गरिएको हो। उक्त कम्पनीले पशुपति क्षेत्र विकास कोषसँग बालुवा खानी सञ्चालन गर्न यस कम्पनीले सो कम्पनीको शेयर खरिद गर्नु भन्दा पहिला अगावै सम्झौता गरी उत्खननका कार्यहरु भैसकेको देखिन्छ। यस कम्पनीले आफ्नो शेयर बिक्री गरे पछि समेत सो कार्य निरन्तर बच्चुराम कम्पनीले नै गरेको देखिएको हो। लगभग २

महिनाको अवधिमात्र यस कम्पनी त्यस बच्चुराम बालुवा खानी प्रा.लि.को शेयर होल्डर भएको हुँदा बच्चुराम बालुवा खानी प्रा.लि.ले स्वीकृत माईनिङ्ग स्किम, सम्झौता विपरीत कार्य गरेकोमा यस कम्पनीले कुनै कार्य वा गैह्र कानुनी कार्य गरी पशुपति क्षेत्र विकास कोषलाई जानी नजानी कुनै नोक्सानी पुऱ्याएको छैन। यसरी प्रत्यक्ष रुपमा संलग्न नभएको हुँदा यस कम्पनीको दायित्व सृजना हुन सक्दैन। कुनैपनि कम्पनीको नाफा घाटा आदि हिसाब बिवरण तयार गर्ने कार्य प्रत्येक आर्थिक बर्षको आषाढ मसान्त पछि मात्र हुने प्रचलन भएको हुँदा नत त्यस कम्पनीको नाफामा यस कम्पनीले दाबी गरेको छ नत दायित्व बेहोर्न सक्दछ। जसले कानुनको बाटो बिराउछ, सोही व्यक्तिले सो सजायको भागी हुने र यस कम्पनीले कुनै किसिमको बदनियत राखी शेयरमा लगानी नगरेको हुँदा यस एन.एस.इन्भेष्टमेन्ट प्रा.लि.को कम्पनीसँगको कार्यले कुनै दायित्व बाँकी छैन भन्नेसमेत बेहोराको मिति २०७१/०७/२६ मा बच्चुराम बालुवा खानी प्रा.लि.का तत्कालीन शेयर होल्डर श्री एन.एस. ईन्भेष्टमेन्ट प्रा.लि.को आयोगको च.नं.११५३ मिति २०७१।०७।०२ गतेको पत्रको जवाफ।

४३. म २०५२ साल चैत्रदेखि २०६७ आषाढसम्म माईनिङ्ग इन्जिनियर र २०६७ आषाढदेखि सि.डी. माईनिङ्ग इन्जिनियर पदमा रहेको, कोषको जग्गामा बालुवा खानी सञ्चालनको सहमतिको प्रकृया अन्तर्गत खानी तथा भूगर्भ बिभाग, काठमाडौंबाट माईनिङ्ग स्किम फिल्ड भेरिफिकेशनको लागि मलाई खटाईएकोमा फिल्ड निरीक्षण गर्दा केही जग्गामा सल्लाका रुखहरु भएको देखिएको बेहोरा मैले मेरो प्रतिबेदनमा उल्लेख गरेको, जि.वि.स. काठमाडौंबाट बच्चुराम दाहालको बालुवा उत्खनन्को निवेदन विभागको सहमतिको लागि पेश भएता पनि राजु गोर्खालीको नाममा जारी अनुमति पत्र रद्द गरेको र बच्चुराम दाहालको निवेदनमा कारवाहीको लागि भनी जि.वि.स.बाट जानकारी प्राप्त भएपछी मात्र प्रकृया अघि बढाइएको देखिन्छ। माईनिङ्ग स्किम फिल्ड भेरिफीकेशन उद्देश्यले निरीक्षण गर्दा प्राविधिक विषयहरु (उत्खनन, वातावरण) मा बढी केन्द्रित हुने गरिन्छ। फिल्ड निरीक्षणका क्रममा प्रकृयागत त्रुटी भए नभएको विषयहरु नआउने हुँदा यस विषयमा हेरिएन। खानी तथा भूगर्भ विभागले पुरानो इजाजत रद्ब भएको जानकारी प्राप्त भएपछि मात्र जि.वि.स.ले कारवाही उठाएको देखिन्छ। बालुवा खानी सञ्चालनको लागि माग गरेको जग्गा पशुपति क्षेत्र विकास कोषको नाममा दर्ता रहेको र कोषले बालुवा उत्खनन् गर्न खानी सञ्चालकसँग लिखित सम्झौता गरी पेश भएकोमा सो कार्य खानी तथा खनिज

पदार्थ नियमावली २०५६ को नियम (४६) २ मुताविक छ। पशुपति क्षेत्र विकास कोषको जग्गामा रहेका रुखहरु काट्दा प्रचलित ऐन नियम बमोजिम गर्नुपर्ने भएमा सो कार्य जग्गाधनी र खानी सञ्चालकले गर्नुपर्दछ। खानी सञ्चालनको सहमति प्रदान गरीसकेपछि यसबारे के कसो भयो भएन भन्ने बारे सम्बन्धित जि.वि.स.बाट जानकारी नआएसम्म जानकारीमा आउदैन। वातावरण संरक्षण ऐन र नियमावलीको अनुसूचिमा उल्लेख खानीको लागि तोकिएको मापदण्ड अनुसार सहमति दिइएको, बच्चुराम दाहालले माग गरेको थप क्वारी क्षेत्रको कानूनी प्रकृया पुऱ्याई विभागीय सहमती दिनको लागि सुझाब पेश गरेको भन्नेसमेत बेहोराको खानी तथा भूगर्भ विभाग, काठमाडौंका तत्कालीन उपसचिव रुपककुमार खड्काले अनुसन्धानका अवस्थामा गरेको बयान।

४४. खानी उत्खननकर्ता मिठ्ठाराम दाहालले ईजाजत पत्र लिनको लागि आवश्यक पर्ने जग्गाधनी (पशुपति क्षेत्र विकास कोष) को सहमति लिएको छ। उल्लेखित मन्जुरीनामा पत्रहरु सामान्यतया प्रशासनिक कार्य जिल्ला विकास समितिको कार्यालयबाट हुने र खानी तथा भूगर्भ विभागमा पेश हुन आउदा सो पत्र पशुपति क्षेत्र विकास कोषको लेटर प्याडमा छाप, चलानी नं. साथै सही समेत भई आएकोले त्यसैलाई नै आधार मानिएको, खानी तथा खनिज पदार्थ ऐन तथा नियमावलीको आधारमा यस विभागको समन्वय (निर्माणमुखी खनिज पदार्थको लागि) सम्बन्धित जि.वि.स. तथा अनुमति मागकर्तासँग मात्र हुने भएकोले र पशुपति क्षेत्र विकास कोषसँग पत्राचार नभएको, प्रशासनिक कार्य सम्बन्धित जि.वि.स. काठमाडौंबाट भएकै होला भन्ने आधारमा सो पत्रमा केरकार नभएको, खानी तथा खनिज पदार्थ ऐन तथा नियमावली अनुसार साधारण निर्माणमुखी खनिज पदार्थको नियमन तथा अनुगमन गर्ने अधिकार सम्बन्धित जिल्ला विकास समितिलाई दिएको र यस विभागबाट अनुगमन नभएको, यस सम्मानित आयोगको अनुसन्धान गर्ने क्रममा विभागसँग बिभिन्न कुरामा सोधनी हुँदा यस विभागबाट अनुगमन गरिएको र सो अनुगमनको प्रतिवेदनमा त्यहाँस्थित खानीहरु मापदण्ड र तोकिएको शर्त अनुसार नगरेको उल्लेख भएको, अनुगमनमा म उपस्थित नभएको, खानी तथा खनिज पदार्थ ऐन तथा नियमावली अनुसार साधारण निर्माणमुखी खनिज पदार्थको नियमन तथा अनुगमन सम्बन्धित जि.वि.स.को रहेकोले यस विभाग त्यसमा सम्मिलित नभएको, माथि उठेको मन्जुरीनामा पत्रको आधिकारिकताको बारे थाहा पाउँदा सचेत हुने अवसर पाईयो। यस्ता किसिमको अनधिकृत कार्य थाहा पाउने तथा रोक्ने तर्फ के गर्नु पर्छ त्यस तर्फ कारवाही हुन आवश्यक देंखे

भन्नेसमेत बेहोराको खानी तथा भूगर्भ विभाग, काठमाडौंका तत्कालीन सुपरिटेन्डेन्ट माईनीङ इन्जिनियर श्री रामप्रसाद घिमिरेले अनुसन्धानका अवस्थामा गरेको बयान।

४५. म खानी तथा भूगर्भ विभाग, काठमाडौंमा मिति २०३९/१२/१३ देखि मा.स.ई. (रा.प.अनं.प्रथम) पदमा नियुक्ति भई मिति २०५३/०४/०१ देखि मा.ई.(रा.प. तृतीय) पदमा पदोन्नति भई सेवारत थिएँ। बच्चुराम दाहालले माग गरेको सो कोषसँग सम्झौता भएको खानी क्षेत्रको बारे जि.वि.स.ले राखेको मिटिङ्गमा म उपस्थित थिएँ। मैले स्थलगत निरीक्षण नगरेको हुनाले सो बारे मलाई जानकारी नभएको, मिति २०६४/०५/०९ मा जि.वि.स.मा बसेको बैठकमा म उपस्थित भई प्रतिनिधिको रुपमा नरहेको, वन क्षेत्र रहेकोमा सामान्यतया वन तथा भू-संरक्षण मन्त्रालयको सहमती लिई जि.वि.स.बाट कारवाही हुनु पर्ने, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ ले व्यवस्था गरे अनुसार साधारण निर्माणमुखी खनिज पदार्थहरुको व्यवस्थापन तथा अनुगमन गर्ने कार्य सम्बन्धित जि.वि.स.को नै रहेको भन्नेसमेत बेहोराको खानी तथा भूगर्भ विभागको तत्कालीन ईन्जिनियर श्री सोमप्रसाद शर्माले अनुसन्धानका अवस्थामा गरेको बयान।

४६. म २०६५ र २०६६ सालमा करिव ८/९ महिना खानी तथा भुगर्भ विभागको निमित्त महानिर्देशक पदमा रहेको, कोष स्वामित्वमा रहेको जग्गाहरुमा वन क्षेत्र रहे/नरहेको भन्ने मलाई याद नभएको, खानी तथा भुगर्भ विभागले प्राविधिक सहमतिको प्रकृया वन तथा भू-संरक्षण मन्त्रालयसँग सहमति लिने होईन। विभागको तर्फबाट सहमति लिइएन, वातावरणीय प्रभाव मुल्याङ्कन(Environmental Impact Assessment-EIA) गर्ने सम्बन्धमा मलाई याद भएसम्म बालुवा खानीको सञ्चालनको लागि IEE प्रतिबेदन सहित सहमति माग भएको हो। EIA होईन, साधारण निर्माणमुखी खनिज पदार्थको कुनै सिमित उत्पादनको लागि IEE प्रतिबेदनको आधारमा प्राविधिक सहमति दिईएको हो। खानी तथा भूगर्भ विभागको Defined Role अनुसार नियमानुसार जिल्ला विकास समितिलाई प्राविधिक सहमति दिईएको हो। प्रकृया अनुसार विभागले आफ्नो कार्य गरेको हो। खानीको अनुगमन एवं सम्बन्धित ऐन, कानुन कार्यान्वन गर्ने, गराउने सम्बन्धमा साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुगमन गर्ने कार्य जिल्ला विकास समितिमा निहित रहेको देखिन्छ। नियम विपरीत कसैको हितमा कार्य गरेको छैन भन्नेसमेत बेहोराको खानी तथा भूगर्भ बिभाग, काठमाडौंका तत्कालीन निर्देशक राजेन्द्रबहादुर श्रेष्ठले अनुसन्धानका अवस्थामा गरेको बयान।

४७. कोषको स्वामित्वमा रहेको काठमाडौं जिल्ला गोठाटारगा.वि.स.वडा नं. ४(क) को कि.नं. ८० को जग्गामा खानी उत्खनन अनुमती प्राप्त मिठ्ठाराम दाहालले खानी उत्खनन् अनुमती प्राप्त गर्नु अघि कोषको सहमति लिएको कारणले उत्खनन् अनुमति पत्रको लागि खानी तथा खनिज पदार्थ नियमावली २०५६ (पहिलो संशोधन) २०६० को नियम ३६ को उपनियम ३ अनुसार सहमति दिईएको हो। सोही नियमावलीको नियम ४६ को उपनियम २ अनुसार कोष र निवेदकको सम्झौता पत्र फायल साथ संलग्न रहेको र साथै जि.वि.स.बाट सिफारीस भई आएकोले नियमानुसार दिन मिल्ने देखिएकोले सहमति प्रदान गरिएको हो। खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३६ अनुसार निबेदन उपर खानी विकास समितिले आवश्यक जाँच बुझ गरी खनिज कार्य गर्न अनुमति पत्र दिन मनासिब देखेमा जि.वि.स.लाई सिफारिश गर्ने र जि.वि.स.ले सहमतिको लागि विभागमा पठाउने र विभागले प्राविधिक दृष्टिकोणले उचित ठानेमा खनिज कार्य गर्न सहमति दिने व्यवस्था भए अनुसार विभागबाट प्राबिधिक रुपमा उत्खनन् कार्य गर्न मिल्ने भएकोले सहमति दिएको हो। खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३८ बमोजिम अनुगमन गर्ने कार्य सम्बन्धित जि.वि.स.अन्तर्गत रहेता पनि विभागलाई अनुरोध भै आएको अवस्थामा अनुगमन कार्य गर्ने गरेको र मिठ्ठाराम दाहालले तोकिएको क्वारी क्षेत्र भन्दा बाहिर गई खानी उत्खनन् गरेको सम्बन्धमा अनुगमन गर्ने कार्य जि.वि.स.अन्तर्गत रहेकोले यस सम्बन्धमा विभागलाई कुनै जानकारी नभएको भन्नेसमेत बेहोराको खानी तथा भू-गर्भ बिभागका तत्कालीन महानिर्देशक सर्बजीतप्रसाद महतोले अनुसन्धानका अवस्थामा गरेको बयान।

४८. म गोठाटार गा.वि.स.को गा.वि.स.सचिवको रुपमा २०६१ सालदेखि २०६९ सालसम्म कार्यरत थिएँ। स्थानीय स्तरमा सञ्चालन हुने खानीको सम्वन्धमा जग्गाधनीको सहमतिमा सिफारिस दिनु वाहेक अन्य कुनै अधिकार गा.वि.स.सँग हुदैन। हामी दुबै पक्ष सहमत छौ भनेर जग्गाधनीले मन्जुरी दिएपछि केही फरक पर्दैन भनेर जग्गाधनीले नै भनेको, खानीको क्वारी एरिया निर्धारण गर्ने काम खानी तथा भूगर्भ विभागको रहेको र सो कार्यालयले खानी उत्खनन् अनुमतिपत्र जारी गरेपछि गा.वि.स.ले पनि सोही अनुमतिपत्र र माग निवेदनको आधारमा मात्रै सामान्य सिफारिस गरेको हुँ। खानी सञ्चालन अनुमति जि.वि.स.कै क्षेत्राधिकार रहेकोले गा.वि.स.ले त्यति ध्यान दिनु जरुरी छैन। बच्चुराम दाहालले पनि नविकरणको लागि दिएको निवेदनको आधारमा नविकरणको लागि सिफारिस दिएको हुँ।

नविकरणको लागि सिफारिस दिनु गा.वि.स.को सामान्य एउटा प्रकृया पनि हो। खानी सञ्चालनको लागि खनिज पदार्थ उत्खनन् अनुमति लिँदा नै वातावरणिय प्रभाव मुल्याङ्कनको लागि सार्वजानिक सूचना जारी हुन्छ। सो म्याद भित्र उजुरी आयो भने त्यसको सक्कल सहित जि.वि.स.मा गा.वि.स.ले पठाउनु पर्ने हुन्छ। खानी सञ्चालन सम्वन्धमा गा.वि.स.को कुनै अधिकार हुदैन। खानी उत्खनन्कर्ताले निर्धारण गरिएको क्वारी क्षेत्र भित्र सम्झौता, माईनिङ स्किम, खानी ऐन तथा नियमावली बमोजिम अनुमति-पत्रमा लेखिएका शर्तहरु विपरीत गरिएका सम्पूर्ण कार्यको जिम्मेवारी पशुपति क्षेत्र विकास कोष, जि.वि.स. र आन्तरिक राजस्व कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विषय हो। सो खानी सञ्चालक र जग्गाधनी बीच जे जस्तो सम्झौता भयो, त्यही आधारमा खानी सञ्चालन हुनुपर्ने हो र हालसम्म पनि गा.वि.स.लाई सम्झौता कार्यान्वयनको लागि कही कतैबाट निर्देशन गरिएको छैन भन्नेसमेत बेहोराको गोठाटार गा.वि.स.को कार्यालय, काठमाडौंका तत्कालीन गा.वि.स.सचिव मुकुन्द गजुरेलले अनुसन्धानका अवस्थामा गरेको बयान।

४९. मेरो नाममा रहेको काठमाडौं जिल्ला गोठाटार ३ र ४ स्थित बालुवा खानी सञ्चालन सम्बन्धी सम्पूर्ण अख्तियारी मेरो आफ्नै सहोदर दाई मिठ्ठाराम दाहाललाई दिएको र काठमाडौं जिल्ला गोठाटर गा.वि.स.वडा नं. ३(क) को कि.नं. ५९, ८४ र ऐ. ४(क) कि.नं. ८० को जग्गाहरुमा बालुवा खानी सञ्चालन गर्दा निस्केको टप स्वाईल र सव स्वाईललाई ढिस्को बनाएर राखेको र हाज्मा कोर्पोरेशनलाई तोरण कुमारी चापागाई र उद्धव दाहालको जग्गाबाट माटो बिक्री वितरण गरेको हुँ। Hazma Corporation लाई माटो बिक्री गर्ने क्रममा मेरो सवारी साधनहरु महानगरीय प्रहरी परिसर, काठमाडौंले नियन्त्रणमा लिँदा पछि उक्त माटो तोरणकुमारी चापागाई र उद्धव दाहालको जग्गाबाट खनी ल्याएको पुष्टी भई मेरो सवारी साधन छोडेको हो। खानी सञ्चालन गर्दा सिल्टेशन पोण्ड निर्माण गरेको हो र वर्षाको कारणले गर्दा सिल्टेशन पोण्ड निर्माण नगरेको जस्तो देखिएको, वर्षाको कारणले जमिन बिग्रेको हो हामीले बालुवा उत्खनन् गर्ने क्रममा जमिन बिग्रेको होईन। करको विषयमा पहिला थाहा नपाएकोले पछि एकमुस्ट रकम बुझाएको छु। खानी सञ्चालन माईनिङ स्किम विपरीत नभएको जस्तो लाग्छ। कोषले तोकिएको भन्दा कुनै दिन वढि र कुनै दिन घटी बालुवा उत्खनन् हुने गरेको, रुखको सम्बन्धमा माओबादीले कटान गरी लगेको, पछि मदन आश्रित प्रतिष्ठानमा राखेर बेचेको र केही रकम गोठाटार खानेपानीलाई दिएको, माईनिङ स्किम अनुसार खानी सञ्चालन भए नभएको सम्बन्धमा

मलाई भन्दा दाई मिठ्ठाराम दाहाललाई थाहा छ। मैले खानीको सम्पूर्ण अख्तियार दाजुलाई दिएको हुँदा मैले खाली परेको बेला खानी सञ्चालनको लागि हस्ताक्षर मात्र गर्ने गरेको, मैले मिति २०७०/११/१६ देखि खानीको सम्पूर्ण जिम्म्मा बच्चुराम बालुवा खानी प्रा.लि.लाई दिएको हुँदा त्यस पछि के भो मलाई थाहा भएन। सबै कुरा खानी सञ्चालकहरुलाई नै थाहा होला उक्त समयमा बच्चुराम बालुवा खानीका सञ्चालकको रुपमा जनक बस्नेत, लवराम दाहाल, नाम्गले शेर्पा र भेष कुमार भट्टराई रहेको र निजहरुले माछापुच्छ्रे बैक र नागरिक वचत तथा ऋण सहकारीमा भएको ऋण चुक्ता गरी मेरो घर जग्गा फुकुवा गराई दिन्छु भनी जिम्मा लिएको र हालसम्म मेरो घर जग्गा फुकुवा गराई दिएको छैन। पशुपति क्षेत्र विकास कोषले मिति २०७०।११।२१ मा च.नं. ५७५ को पत्रद्वारा मलाई सम्वोधन गरी लेखेको पत्र मैले बुझेको होईन। किनकि उक्त मितिमा मैले बालुवा खानी सम्वन्धि सम्पूर्ण अख्तियारी बच्चुराम बालुवा खानी प्रा.लि.लाई दिईसकेको हुँदा उक्त समयमा बालुवा खानी सञ्चालक रहेका ब्यक्तिहरुले पत्र बुझेको हो। सो पत्रको बारेमा मलाई कुनै जानकारी छैन। माटो बिक्री गर्दा विज्ञहरु खटाएको बारेमा मलाई थाहा छैन। बालुवा उत्खनन् गर्ने क्रममा रुखहरु कटान गर्दा सम्वन्धित निकायहरुसँग स्विकृत लिए नलिएको बारेमा मलाई जानकारी नभएको साथै वन तथा भू-संरक्षण मन्त्रालयको सहमति लिए नलिएको बारेमा समेत जानकारी नभएको भन्नेसमेत बेहोराको प्रतिवादी बच्चुराम दाहालले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान।

५०. मैले बालुवा खानी उद्धव दाहाल र तोरणकुमारी चापागाईको जग्गाबाट मात्र उत्खनन गरेको हुँ। खानी सञ्चालनको क्रममा खानी सञ्चालनको अख्तियारी पशुपति क्षेत्र विकास कोषमा पेश गर्दा कुनै पनि किसिमको लिखित आदेश मलाई नदिएको हुनाले मेरो यसमा प्रत्यक्ष सहभागिता नभएको तर उक्त खानी सञ्चालन गर्ने सवालमा खानी सञ्चालक बच्चुराम दाहाललाई सहयोग गरेको, बच्चुराम बालुवा खानी प्रा.लि.मा २०६९ साल माघ देखि ५० प्रतिशत शेयर लिई जम्मा छ महिना जति सञ्चालक, शेयरधनीको हैशियतले काम गरेको हुँ। बालुवा खानी सञ्चालन गर्ने क्रममा पालना गर्नुपर्ने सर्तहरुको सकेसम्म अध्ययन गरी सञ्चालन गरेको, उक्त बालुवा खानीमा २०६९ साल माघदेखि २०७० जेष्ठसम्म अध्यक्षको रुपमा काम, कर्तब्य र अधिकारको भूमिका निर्वाह गरेको, कम्पनीको समग्र काम सञ्चालन गर्ने गरेको हो। मैले शेयर खरिद गर्दा पशुपति क्षेत्र विकास

कोषलाई जानकारी गराएको छैन। कोषको गुरुयोजना लागू गर्नुपर्ने भएकोले तोकिएको भन्दा वढी बालुवा बेचेको, बेन्चिङ प्रणालीवाट मात्र खानी सञ्चालन गरेको बेहोरा जानकारी गराउदछु। जग्गामा भएको रुख खानी सञ्चालकको तर्फवाट नकाटेको, खानी सञ्चालन गर्दा जमिनलाई कही कतैवाट नबिगारेको, जमिन मुनी भएको बालुवा निकाली उक्त ठाउँमा जमिन सम्याउने काम गरेको, माटो बिक्री गर्दा कोषको स्वीकृति लिएर मात्र माटो बिक्री गरेको हुदा माईनिङ्ग स्किम र सम्झौता विपरीत गई कुनै पनि काम नगरेको, प्रत्येक बर्ष आउने वर्षाको वाढीको पानीले बगाई लगेको, Hazma Corporation लाई माटो बिक्री गर्दा उक्त समयमा कोष र बच्चुराम विच भएको सम्झौता रोक्का थियो। सोहि कारण खानी सञ्चालकले उद्धव दाहाल समेतको जग्गावाट Hazma corporation माटो बिक्री गरेको हो। मैले कुनै पनि किसिमको चोरी गरी बालुवा तथा माटो बिक्री नगरेको, म बाट हालसम्म माटो बिक्री नभएको, जिल्ला विकास समितिको कार्यालय काठमाडौंवाट फिरोज लामाको नाममा रहेको बालुवा खानी इजाजत प्रमाण-पत्र खारेज भए पश्चात उक्त एरियामा अर्को बालुवा खानी इजाजत-पत्र लिन पुग्ने एरिया खाली भएकोले मैले पशुपति क्षेत्र विकास कोषको नाममा मन्जुरीनामा माग गरी निबेदन पेश गरेको हुँदा उक्त मंजुरीनामा लिएको, उक्त मन्जुरीनामाको आधारमा जिल्ला विकास समितीको कार्यालयमा निबेदन दर्ता गरी इजाजत-पत्र प्राप्त गरेको, क्वारी क्षेत्र भन्दा बाहिर गई खानी सञ्चालन नगरेको, मैले अबैध रुपमा खानी सञ्चालन नगरेको कारण प्रत्येक महिना कोषको खातामा तिर्नु पर्ने रकम तिर्दै आएको र वढी बालुवाको निकासी सम्बन्धमा जति वढी बालुवा निष्काशन भयो त्यही रुपमा कोषमा पैसा तिर्दै आएको भन्नेसमेत बेहोराको प्रतिवादी मिठ्ठाराम दाहालले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान।

५१. म बच्चुराम बालुवा खानी प्रा.लि.मा २०७० साल आषाढवाट सुरुमा ५०% शेयर लिएकोमा हाल ४०% शेयर धनी भई अध्यक्षको रुपमा रहेको, म भन्दा पहिला खानी सञ्चालन गर्दा के भयो, कसले के गर्यो थाहा भएन। मैले शेयर जेनु बस्नेतवाट लिएको हो। म समेत हाल नाम्गेल शेर्पा ४०% र पुस्कर थापा २०% शेयर धनीमा हुनुहुन्छ। मैले शेयर लिनु भन्दा आगाडी मिठ्ठाराम दाहाल र जनक बस्नेतको पनि थियो रे। मैले आफ्नो कार्यकालमा जिल्ला विकास समितिको कार्यालय, काठमाडौं र कोषको सम्पूर्ण रकम बुझाएको छु। शेयर खरिद गर्दा मैले पशुपति क्षेत्र विकास कोषलाई जानकारी गराए, बिच-बिचमा सम्झौता गर्दा हाम्रो बैठकको पनि कोषलाई जानकारी गराउँथे। हामीले बालुवा

निकाल्ने ठाउमा नै बालुवा निकालेको छौ। पशुपति विकास कोषसँग सम्झौता गरेर मात्र माटो बेचेका छौ। हामीले कोषको नियमानुसार माटोको सम्झौता गरेको, हामीले कोषले यति गहिराईसम्म मात्र जान पाउने र गहिरो भएको खण्डमा पुर्ने सम्झौता थियो। हामीले बालुवा निकाली पुरेका छौ। कोषको नियम र सम्झौता अनुरुप पुर्ने छौ भन्नेसमेत ब्यहोराको बच्चुराम बालुवा खानी प्रा.लि.का शेयरधनी भेषकुमार भट्टराईले अनुसन्धानका अवस्थामा गरेको बयान।

५२. म पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गाहरुमा सञ्चालनमा रहेको बच्चुराम बालुवा खानी प्रा.लि.मा शेयर होल्डर तथा सञ्चालकको रुपमा अं. २०७० सालमा प्रवेश गरी अं. ४/५ महिना पछि छाडि दिएको हुँ। म उक्त प्रा.लि.मा प्रवेश गरेको बेला नाम्गेल शेर्पा, भेष कुमार भट्टराई थिए। बच्चुराम बालुवा खानी प्रा.लि.को नियमवाली बमोजिमको काम, कर्तव्य र अधिकार तथा पशुपति क्षेत्र विकास कोष र बच्चुराम बालुवा खानी प्रा.लि.बिच भएको सम्झौता, माईनिङ स्किम, मेरो प्रवेश अगाडि नै रुखहरु काटिसकेको थियो। सम्झौता बमोजिम उत्खनन् गर्दा निस्केको बालुवा बेन्चिङ प्रणालीबाट सम्याई बढि भएको माटो मात्र बिक्री तथा निष्काशन गर्न कोषले कार्यदिश दिएकोले बढि भएको माटो मात्र विक्री भएको, म केही समय मात्र उक्त खानीमा सञ्चालकको रुपमा कार्य गरेको र उक्त मितिदेखि कुनैपनि अनियमित गरेको छैन भन्नेसमेत बेहोराको बच्चुराम बालुवा खानी प्रा.लि.का शेयरधनी लवराम दाहालले अनुसन्धानका अवस्थामा गरेको बयान।

५३. म पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गाहरुमा सञ्चालनमा रहेको बच्चुराम बालुवा खानी प्रा.लि.लाई रकम आवश्यक परेकोले मेरो नाममा दर्ता रहेको जिल्ला मोरङ, दुलारी गा.वि.स.मा रहेको ५० कट्टा २-१०-० क्षेत्रफल जग्गालाई धितो राखी रकम निकाल्ने प्रयोजनको लागि नाम्गेल शेर्पा, भेषराज भट्टराई र जनक बस्नेत समेतले उक्त प्रा.लि.को २०% शेयर खरिद गरेको तर यस्मा मेरो कुनै जिम्मेवारी नरहेकोले मैले उक्त प्रा.लि.को नियमावली, सम्झौता, माईनिङ स्किम अध्ययन गरेको छैन। उक्त प्रा.लि.मा भेषराज भट्टराई ४०% र नाम्गेल शेर्पा ४०% शेयरमा समेत रहेको र सम्झौता तथा माईनिङ स्किम विपरीत कार्यहरु भएको सम्बन्धमा निजहरुले मलाई सम्झौता, माईनिङ स्किम सम्बन्धी जानकारी नगराएको तथा मेरो नाममा शेयर पास भएको मिति २०७१।०१।२४ देखि पहिला नै उक्त खानी बन्द रहेको थियो। सम्झौता विपरीत कार्य गर्दा कोषमा पुगेको हानी नोक्सानी सम्बन्धमा शेयर होल्डरको हैसियतमा कारवाही गर्ने वा नगर्ने भन्ने सम्बन्धमा

मलाई बैंकिङ कारोवारको लागि मात्र शेयर दिएको हो। यसको नाफा, घाटामा समेत म भागिदार छैन भन्नेसमेत बेहोराको बच्चुराम बालुवा खानी प्रा.लि.का शेयरधनी पुष्करदेव थापाले अनुसन्धानका अवस्थामा गरेको बयान।

५४. म पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गाहरुमा सञ्चालनमा रहेको बच्चुराम बालुवा खानी प्रा.लि.मा सञ्चालकको रुपमा रहेको, शेयर खरिद गर्नु पूर्व पशुपति क्षेत्र विकास कोष र बच्चुराम बालुवा खानी प्रा.लि.बिच भएको सम्झौता, स्वीकृत माईनिङ स्किम, जि.वि.स.काठमाडौं र बच्चुराम दाहाल बिचको सम्झौता, खानी सञ्चालन गर्दा कोषसँग भएको सम्झौता तथा स्वीकृत माईनिङ स्किम विपरीत कार्य गरेको भन्नेसमेत बेहोरा भनी विज्ञहरुले दिएको प्रतिवेदन अनुसार मेरो नाममा शेयर आउनु भन्दा अगाडिदेखि पहिलाको सञ्चालकहरुले सञ्चालन गर्दै आएको र म शेयरमा आएदेखि खासै खानी सञ्चालन हुन पाएन। जहाँसम्म माटोको कुरा छ त्यो कोष र हाम्रो प्रा.लि.को अख्तियारी नियुक्ति लवराम दाहाल र जनक बस्नेतले कोषसँग छलफल गरी सम्झौता गराई कार्य गरेको हो। कोषलाई बुझाउनु पर्ने रकम बुझाई डिपोजिट स्लिप यसै निवेदनसाथ संलग्न स्वीकृत माईनिङ स्किम र कोष एवं बच्चुराम खानी प्रा.लि. बिच भएको सम्झौता बमोजिम बालुवा उत्खनन् गर्दा निस्कने माटोलाई बेन्चिङ प्रणालीद्धारा सम्याई बढी हुन जाने माटो मात्र खानी क्षेत्र वाहिर निष्काशन गर्ने गरेको, म यस प्रा.लि.को शेयरमा आउनु भन्दा पहिले नै खानीको अवस्था बिग्रिएको रहेछ भन्नेसमेत बेहोराको बच्चुराम बालुवा खानी प्रा.लि.का शेयरधनी नाम्गेल शेर्पाले अनुसन्धानका अवस्थामा गरेको बयान।

५५. म पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गाहरुमा सञ्चालनमा रहेको बच्चुराम बालुवा खानी प्रा.लि.मा सञ्चालक तथा शेयर धनीको रुपमा र हाल कृषि विकास बैंक लिमिटेडमा कार्यरत छु। मैले उक्त बालुवा खानीमा २०६९।१२।०९ देखि २०७०।०३।१५ सम्म करिब ४५% मा शेयरमा सहभागी भएको हो तर कोष तथा जि.वि.स.को कारणले गर्दा मैले शेयर लिएको समयमा करिब १३ दिन जति मात्र खानी सञ्चालनमा रहेको र अन्य समय खानी बन्द भएको थियो। साझेदारी तथा शेयर खरिद गर्नु पूर्व पशुपति क्षेत्र विकास कोष र बच्चुराम बालुवा खानी प्रा.लि.बिच भएको सम्झौता, स्वीकृत माईनिङ्ग स्किम, जि.वि.स.काठमाडौं र बच्चुराम दाहाल बिचको सम्झौता, मैले खानी सञ्चालक मेरो दाई (काकाको छोरा) जनक बस्नेत तथा मिठ्ठाराम दाहालले पहिले गरेको सम्झौता र मौखिक पुष्ट्याईको आधारमा दाईबाट मैले शेयर लिएको हुँ। बच्चुराम बालुवा खानी

प्रा.लि.मा मिठ्ठाराम दाहाल, एस.एस.ईन्भेष्टमेण्ट, बच्चुराम दाहाल, ईन एण्ड आउट मल्टि को नाममा शेयर थियो तर निजहरुको निश्चित शेयर प्रतिशत थाहा भएन। मैले शेयर किनेको तर कम्पनी सञ्चालन सम्बन्धी अन्य काम नगरेको हुनाले कम्पनीको संयुक्त नाममा खाता सञ्चालनमा मेरो दस्तखत पनि चलाई खाता सञ्चालन गरिएको, शेयर खरिद गर्दा पशुपति क्षेत्र विकास कोषलाई जानकारी गराउनु पर्ने सम्बन्धमा कम्पनीको पहिले नै उक्त कोषसँग अधिकार लिएको हुनाले सो को जानकारी गराई रहनु नपर्ने स्वयं पछि थाहा हुने हुनाले जानकारी नगराएको, खानी सञ्चालन गर्दा कोषसँग भएको सम्झौता तथा स्वीकृत माईनिङ्ग स्किम विपरीत तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् नगरेको, सम्बन्धित निकायको स्वीकृत बिना रुखहरु कटान गरेको, प्रत्येक आर्थिक बर्षमा प्राविधिकहरुबाट वातावरणीय सूचांक नगराएको, खानी सञ्चालन गर्दा जमिनको लेवल भन्दा तल गई बालुवा उत्खनन् नगरेको, हामीले कोष तथा नीति नियम विपरीत काम नगरेको, मैले शेयर लिएको करिव १३ दिन जति मात्र खानी सञ्चालन भएको र मैले जान्न बुझ्न काम गर्न नपाउदै खानी बन्द भएकोले मेरो गल्ती मेरो मनसायले पनि राज्य, खानी, कोष कुनैपनि विरुद्ध काम गरेको छैन भन्नेसमेत बेहोराको बच्चुराम बालुवा खानी प्रा.लि.का शेयरधनी जेनु बस्नेतले अनुसन्धानका अवस्थामा गरेको बयान।

५६. म पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गाहरुमा सञ्चालनमा रहेको बच्चुराम बालुवा खानी प्रा.लि.मा सञ्चालक तथा शेयर धनीको रुपमा कार्यरत छु र मैले उक्त शेयर मेरो बहिनी जेनु बस्नेतलाई करिब ४०% को नाममा नामसारी गरेको थियो। म उक्त खानी सञ्चालक तथा कोषमा छलफल, जि.वि.स.मा नविकरण, कार्यालका चिठ्ठी पत्र, निवेदन तथा अन्य कार्यहरु गर्ने मेरो दायित्वको रुपमा कार्य गरेको, साझेदारी तथा शेयर खरिद गर्नु पूर्व पशुपति क्षेत्र विकास कोष र बच्चुराम बालुवा खानी प्रा.लि.बिच भएको सम्झौता, खानी ईजाजत पत्र मैले अध्ययन गरेको तर माईनिङ्ग स्किम अध्ययन गरिन। बच्चुराम बालुवा खानी प्रा.लि.मा बच्चुराम दाहाल ५०%, मिठ्ठाराम दाहाल ४०%, एस.एस. ईन्भेष्टमेण्ट, ईन एण्ड आउट मल्टि विजनेश प्रा.लि. १५%, जेनु वस्नेत ४०% शेयर रहेको थियो। खानी सञ्चालन गर्दा कोषसँग भएको सम्झौता तथा स्वीकृत माईनिङ स्किम विपरीत तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् गरेको, बेन्चिङ प्रणालीबाट खानी सञ्चालन नगरेको, सम्बन्धित निकायको स्वीकृत बिना रुखहरु कटान गरेको, प्रत्येक आर्थिक बर्षमा प्राविधिकहरुबाट वातावरणीय सूचाङ्क नगराएको, खानी सञ्चालन गर्दा

जमिनको लेवल भन्दा तल गई बालुवा उत्खनन् गरेको, खानी सञ्चालन गर्दा पशुपति क्षेत्र विकास कोष, जि.वि.स., खानी विभागबाट प्राप्त निर्देशन तथा शर्त पालना गरेको, कोषकै सहमतीमा माटो विक्री गरेको, माईनिङ स्किम विपरीत कार्य गरेको छैन्, तोकिएको परिमाण भन्दा बढी अवैध रुपमा बालुवा उत्खनन् गरी बिक्री गरेको छैन भन्नेसमेत बेहोराको बच्चुराम बालुवा खानी प्रा.लि.का शेयरधनी जनक बस्नेतले अनुसन्धानका अवस्थामा गरेको बयान।

५७. मैले माईनिङ्ग स्किम मात्र अध्ययन गरेको, Environmental Impact Assessment-EIA गर्नुपर्ने सम्बन्धमा काठमाडौं जिल्ला वन कार्यालयको पत्र सम्बन्धमा निज खानी उत्खननकर्ताले अबगत नगराएको, ५ हेक्टर भन्दा बढी वनको जग्गा उपभोग गरेको खण्डमा EIA को प्रकृयामा जानु पर्छ। निज खानी उत्खननकर्ताले EIA वा ५ हेक्टर भन्दा बढी जग्गा उपभोग गरेको त्यसको जानकारी मलाई गराईएन। खानी उत्खननकर्ताले स्वीकृत माईनिङ्ग स्किम, कोष तथा जि.वि.स.को कार्यालय काठमाडौंसँगको सम्झौता बिपरित उत्खनन गरी वातावरणमा प्रतिकूल असर पर्ने गरी कार्य गरेको सम्बन्धमा बिभिन्न समयमा बिज्ञहरुबाट दिएको प्रतिबेदन र यस आयोगबाट गरिएको प्रतिबेदन सम्बन्धमा उक्त खानी उत्खननकर्ताले मलाई अबगत नगराएको, आफूलाई कुनै लाभ तथा कोषको जग्गामा क्षती पुऱ्याउने उद्देश्य मेरो नरहेको भन्नेसमेत बेहोराको GIEF Consultancy का प्रोपराईटर दिपककुमार झाले अनुसन्धानका अवस्थामा गरेको बयान।

५८. मिठ्ठाराम दाहाल खानी सञ्चालक रहेको बालुवा खानी सञ्चालन भएको क्षेत्र पनि थाहा नभएको र खानी सञ्चालन गरे बापत मिठ्ठाराम दाहालसँग कुनै लेनदेन नगरेको, तपाईहरु बीच सम्झौता भएको भन्ने सम्बन्धमा मिति २०६८/११/१५ मा गोठाटार गा.बि.स. ३ बस्ने मिठ्ठाराम दाहालले म मनु कार्की सँग नबिल बैंक सिनामंगल शाखाबाट रु.१०,००,०००।- लिएको र छ महिना भित्रमा फिर्ता गर्छु भनी फिर्ता नगरेको हुँदा पैसा माग्दा अहिले तिर्न सक्दिन पछि सावाँ ब्याज तिर्ने गरी अहिलेलाई मेरो नाममा रहेको बालुवा खानीको लाईसेन्स जमानत बापत राखी कागज गरी दिएको र मिति २०६९/०७० मा सो रकमको सावाँ ब्याज सहित फिर्ता गरेको र सो कागज च्याती दिएँ भनी जानकारी गराएको थियो। निज मिठ्ठाराम दाहाल र मेरो श्रीमान रामेश्वर कार्कीको २०६१ देखि नै चिनजान भएको र उहाँ हाम्रो घरमा आउने जाने हामी उहाँको घरमा पनि आउने जाने भएको र घरायसी कामकाजको लागि भनी भाई बच्चुराम साँक्षी बसी रु.१०,००,०००।-

को चेक परिवारको सल्लाहमा दिईएको हो। मिठ्ठारामलाई दिईएको पैसा लेनदेनको हिसाबमा कागज गरेको र खानी सञ्चालन गर्दा म मनु कार्कीलाई कुनै जानकारी नगराएको र मैले कुनै पनि अफिसेली कागज नगरेको जानकारी गराउदछु। पशुपति विकास कोषसँग मैले कुनै सम्झौता लेनदेन खानी सञ्चालन कुनै कर्मचारी सँग चिनाजान नभएको, तेरो नाममा कुनै खानी सम्बन्धी जिम्मेवारी छैन भनी मिठ्ठाराम दाहालले जानकारी गराएको हुनाले उक्त करारनामामा मेरो कुनै अधिकार नभएको रहेको भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला इन्द्रायणी- ८ बस्ने रामेश्वर कार्कीको श्रीमती मनु कार्कीले अनुसन्धानका अवस्थामा गरेको बयान।

५९. मैले बच्चुराम बालुवा खानी प्रा.लि.को मिति २०७१/०५/०९ मा पुष्कर थापाबाट खरिद गरी २०% शेयर लिएको हो। मेरो नाममा आउनु अगावै खानी बन्द थियो। मलाई केहि थाहा भएन। मेरो पालामा खानी सञ्चालन थिएन। कुनै कारोबार नभएको र हालसम्म बन्द भएको जानकारी गराउदछु। मैले केही नहेरी लिएँ। मलाई साथीहरुबाट प्रस्ताब आयो अनि उनीहरुको विश्वासमा लिएँ। खानी बन्द अवस्था भएकोले मलाई कुनै जानकारी भएन त्यसैले हालसम्म बन्दनै रहेको छ। अघि के के भो मलाई थाहा भएन मेरो पालामा कुनै कारोबार नभई हालसम्म बन्द भै कुनै काम गर्न पाईएन भन्नेसमेत बेहोराको बच्चुराम बालुवा खानी प्रा.लि.को शेयरधनी बेदप्रसाद काप्रीले अनुसन्धानका अवस्थामा गरेको बयान।

६०. पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०५७।०३।११ गतेको बैठकले कोषको स्वामित्वमा रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३(क) को कि.नं. ८४ र ५९ र ४(क) को कि.नं. ८० को जग्गामा के-कस्ता कार्यक्रम लागू गर्न तथा के कसरी उपभोग गरी सेवा सञ्चालन र आय आर्जन समेत गर्न सकिन्छ भन्ने बिषयमा निःशुल्क रुपमा अवधारणा तथा योजना दिन सार्वजनिक सूचना गर्ने भनी गरेको निर्णय।

६१. लागत ईष्टिमेट तयार गरी पशुपति क्षेत्र विकास कोषलाई पठाएको नापी विभाग, स्थलरुप नापी महाशाखा, क्षेत्रिय शाखा, काठमाडौंको च.नं ३८४ मिति २०५८।०८।१५ गतेको प्रतिवेदन सहितको पत्र।

६२. पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्ष माननीय संस्कृति, पर्यटन तथा नागरीक उड्डयन राज्यमन्त्री यांङ्किला शेर्पाको अध्यक्षतामा मिति २०६२।११।०१ गते बसेको परिषदको बैठकले काठमाडौं जिल्ला गोठाटार गा.वि.स.स्थित कोषको स्वामित्वमा

रहेको जग्गाको विस्तृत योजना तयार गरी भू-उपयोग गर्ने अभिप्रायले सि.एन. एशोसियट्सलाई उक्त कार्यको जिम्मेवारी दिईएकोमा सो को अध्ययन प्रतिवेदन प्राप्त भएको र सो अध्ययन प्रतिवेदन उपर छलफल हुँदा तत्काल कार्य आरम्भ गर्न कोष सञ्चालक परिषद्का सदस्य श्री रञ्जनसिंह शाहको संयोजकत्वमा आवश्यकता अनुसारको विज्ञ सहितको कार्यटोली गठन गर्ने, आवश्यकता अनुसार नीतिगत निर्णय गर्नुपर्ने विषयहरूका लागि कार्यसम्पादन समितिको बैठकमा पेश गर्ने गरी अध्ययन प्रतिवेदनलाई कार्यान्वयन गर्ने सम्पूर्ण अधिकार कार्यटोलीलाई प्रत्यायोजन गर्ने गरी निर्णय भएको।

६३. सि.एन.एसोसिएट्स प्रा.लि.ले कोषको उल्लेखित जग्गामा गुरुयोजना लागू गर्ने सम्बन्धमा पशुपति क्षेत्र विकास कोषमा बुझाएको "Gothatar Land Development Project (GLDP), सि.एन.एसोसियट्सले Ref.No. 60।064।065 को पत्र मार्फत आ.व.०६४।०६५ को लागि सरकारी दररेटको आधारमा विस्तृत आर्थिक विश्लेषण गरी पशुपति क्षेत्र विकास कोषमा बुझाएको खानीको बालुवाको मुल्य प्रति क्यू फिट रु. ६।०७ सम्बन्धी प्रतिवेदन (Calculation of the Cost of Raw Sand Statement)।

६४. काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३ बस्ने बच्चुराम दाहाललाई ऐ. ऐ. बस्ने श्रीधर आचार्य समेतले आफ्नो जग्गामा खानी सञ्चालनको लागि दिएको मञ्जुरीनामा कागज।

६५. गोठाटार गा.वि.स.को कार्यालय, काठमाडौंको च.नं. २०४६ मिति २०६३।११।१३ गतेको पत्र मार्फत काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३ बस्ने बच्चुराम दाहाललाई खानी सञ्चालनका लागि अनुमती प्रदान गरी दिन हुन भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई लेखिएको सिफारिस पत्र।

६६. दैनिक उत्पादन योजना २८ घन मिटर, वार्षिक २१० कार्यदिन, वार्षिक उत्पादन ५८८० घन मिटर हुने तथा अन्य उत्खनन् कार्यबिधि सहितको बच्चुराम दाहालले २०६३ माघ महिनामा पेश गरेको बालुवा खानीको उत्खनन् कार्य योजना (Mining Scheme)।

६७. काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ र ४ टोपो सिट नं. २७७५-०६ बि मा पर्ने कोटेश्वरबाट गोठाटार इचौटबाट मदनआश्रित प्रतिष्ठान हुँदै उत्तर-पश्चिम जाने १३४३ मिटरको उचाई बिन्दुलाई कायम गरी सोबाट पुर्व १९७ मि. दुवाको चौरको दोबाटोलाई मूल चिन्ह मानी सोबाट पुर्व ५०० मि., पश्चिम- X मि., उत्तर ३२५ मि. र दक्षिण १७५ मि. जम्मा ०.२५ बर्ग किलोमिटर लाई चौहदी विवरण माग गरी बच्चुराम

दाहालले मिति २०६३।११।१४ गते जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति-पत्रको लागि दिएको निवेदन।

६८. बच्चुराम दाहालले माग गरेको बालुवा खानीको स्थलगत निरीक्षण एवं फायल अध्ययन गर्दा खानी खोल्न सहमतिको लागि खानी तथा भूगर्भ विभागमा पठाउने भन्नेसमेत बेहोराको खानी विकास समितिको मिति २०६४।०२।२१ गतेको निर्णय।

६९. खानी विकास समितिको मिति २०६४।०२।२१ गतेको निर्णय अनुसार बच्चुराम दाहालले माग गरेको बालुवा सम्बन्धी सक्कलै फाईल यसैसाथ संलग्न राखी खानी तथा भूगर्भ विभाग, काठमाडौंलाई पठाईएको भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं.७४४१ मिति २०६४।०२।२४ गतेको पत्र।

७०. बच्चुराम दाहालले माग गरेको क्षेत्रमा यस अघि सहमति प्राप्त गरेका राजु थापाको क्षेत्र खप्टने भनी मिति २०६३।११।२२ मा प्राविधिक प्रतिकृया दिईएको र निज राजु थापाको अनुमति पत्र रद्ध नभएकोले सवै प्रकृया पुरा गरी राजु थापाको खानी क्षेत्र टुंगो लागेपछि मात्र आवश्यक कारवाही हुने भएकोले जि.वि.स.बाट प्राप्त सक्कलै फाईल फिर्ता पठाएको भन्नेसमेत बेहोराको खानी तथा भूगर्भ विभाग, काठमाडौंको च.नं. ८६३ मिति २०६४।०३।०१ गतेको पत्र।

७१. जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. ७७७३ मिति २०६४।०३।०६ गतेको पत्र मार्फत निज राजेन्द्र बहादुर गोर्खालीले २०५९ साल आषाढ मसान्तसम्म मात्र नविकरण गराएको भनी बच्चुराम दाहालको सक्कल फाईल संलग्न राखी खानी तथा भुगर्भ विभाग, काठमाडौंलाई पठाएको पत्र।

७२. खानी तथा भूगर्भ विभाग, काठमाडौंको मिति २०६४।०३।२० गतेको निर्णय अनुसार राजेन्द्र बहादुर गोर्खालीको नाममा जारी भएको अनुमति पत्र रद्ध गरिएको निर्णयको प्रतिलिपि र आ.व.०६३/०६४ सम्म नविकरणको लागि निवेदन परे नपरेको सम्बन्धमा जि.वि.स.बाट के कस्ता निर्णय भई हाल कुन खानी के कस्तो अवस्थामा रहेको सो को up-to-date विवरण खुलाई पठाउन हुन भनी बच्चुराम दाहालको सक्कल फायल फिर्ता पठाएको भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई लेखिएको खानी तथा भुगर्भ विभागको च.नं. ९६४ मिति २०६४।०३।२७ गतेको पत्र।

७३. काठमाडौं जिल्ला  गोठाटार गा.वि.स.वडा.नं.३ ईचोट टोलमा सानुबाबु चापागाईको घरमा

आगलागी भएको भन्ने प्रहरीद्वारा खडा गरेको घटनास्थल मुचुल्का।

७४. काठमाडौं जिल्ला  गोठाटार गा.वि.स. वडा.नं.३ ईचोट टोलमा रहेको मेरो घरमा अपरिचित ५/६ जनाको समुहले आगो लगाई भागेको र उक्त आगलागिबाट ७/८ लाख मूल्यको धनमाल क्षति भएको भन्ने बेहोराको सानुबाबु चापागाँईले प्रहरीमा दिएको निवेदन।

७५. पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६४।०४।२९ गतेको निर्णयले कोषको गोठाटारस्थितमा रहेको जग्गामा बिभिन्न समुहद्वारा अतिक्रमण गर्ने प्रयास हुँदा स्थानीय जनताद्वारा प्रतिकार गर्दा सानोबाबु चापागाँईको घर अतिक्रमणकारीबाट आगजनी गरी क्षति पुऱ्याएकोले निज सानोबाबु चापागाँईलाई क्षतिपूर्ति स्वरूप रु.१,००,०००।- दिएको भुक्तानी अनुमोदन गर्ने निर्णय।

७६. जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. १०१७ मिति २०६४।०५।१३ गतेको पत्र मार्फत राजेन्द्र बहादुर गोर्खालीको ईजाजत पत्र रद्द गरिएको पत्र।

७७. साविक राजु थापाको नामबाट हाल राजेन्द्र बहादुर गोर्खालीको नाममा रहेको प्रमाण-पत्र २०५४ साल अषाढ मसान्तसम्म नविकरण नगराएको भनी मिति २०६४।०५।०९ गते बसेको जि.वि.स.बैठकबाट निज राजेन्द्र बहादुर गोर्खालीको बालुवा खानी प्रमाणपत्र रद्द भएको तथा मिति २०६४।०२।२१ मा बसेको खानी विकास समितिको निर्णयले बच्चुराम दाहालले माग गरेको बालुवा खानीको स्थलगत निरीक्षण एवं फायल अध्ययन गर्दा खानी खोल्न सहमतिको लागि खानी तथा भूगर्भ विभागमा पठाउने निर्णय भएकोले सहमतिको लागि खानी तथा भूगर्भ विभाग, काठमाडौंलाई पठाएको जिल्ला विकास समितिको कार्यालयको च.नं. ११२४ मिति २०६४।०५।१७ गतेको पत्र।

७८. खानी तथा भूगर्भ विभाग, काठमाडौंको पत्र संख्या ०६४।०६५।३४२ मिति २०६४।०७।१९ गतेको पत्र मार्फत खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई खानी उत्खनन् अनुमति-पत्र दिंदा निजको खानी क्षेत्र नजिकमा रहको पशुपति क्षेत्र विकास कोषको जग्गालाई असर नपर्ने गरी कार्य गर्नुपर्ने लगायतका शर्तहरु तोकी जिल्ला विकास समितिको कार्यालय काठमाडौंलाई दिएको सहमति पत्र।

७९. जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं. ३५३५ मिति २०६४।०७।२० गतेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३ बस्ने श्रीधर आचार्य समेतको जग्गामा बच्चुराम दाहाललाई खानी सञ्चालन गर्न अनुमति पत्र जारी गर्ने सम्बन्धमा पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गालाई असर पर्ने नपर्ने राय दिन पशुपति क्षेत्र

विकास कोषलाई लेखिएको पत्र।

८०. बच्चुराम दाहालले माग गरेको गोठाटार गा.वि.स. वडा नं. ३ र ४ मा बालुवा खानी सञ्चालन गर्न खानी तथा भूगर्भ विभाग, काठमाडौंको पत्र संख्या ६४।६५।३४२ मिति २०६४।०७।१९ गतेको निर्देशन सहितको सहमति पत्र प्राप्त भएको हुँदा बच्चुराम दाहाललाई खानी उत्खनन् प्रमाण-पत्र नियमानुसार दिने भनी खानी विकास समिति, काठमाडौंको मिति २०६४।०८।०३ गतेको निर्णय।

८१. खानी विकासको क्रममा डम्पयार्ड, सिल्टेशन पोण्डको निर्माण गर्नुपर्ने, खानीबाट निस्केको टप स्वाईल तथा माटोको अन्य तहहरुलाई डम्पयार्डमा व्यवस्थापन गर्नुपर्ने, खानी क्षेत्र नजिकमा रहको पशुपति क्षेत्र विकास कोषको जग्गालाई असर नपर्ने गरी कार्य गर्नुपर्ने, प्रचलित खानी तथा खनिज सम्बन्धी ऐन, कानूनको अधिनमा रही खानी उत्खनन् गर्ने, समय समयमा विभागीय तथा जि.वि.स.बाट दिईने निर्देशनहरुको पालना गर्नुपर्ने लगायतका निर्देशनहरु सहित बच्चुराम दाहालको नाममा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंबाट मिति २०६४।०८।०४ गते जारी भएको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्र।

८२. जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं. ७०३८ मिति २०६५।०१।२७ गतेको पत्र मार्फत बालुवा खानीहरुबाट निस्कने बालुवाको स्वायत्त शासन ऐन तथा नियमावली अनुसार प्रति क्यू.फिट रु.२।-, जि.वि.स. सेवा शुल्क र रोयल्टी वापत प्रति क्यू.फिट १३ पैसा समेत गरी जम्मा रु. २।१३ पैसा असुल गर्ने गरी बालुवा खानी सञ्चालन गर्न स्वीकृति दिईएको भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको पत्र।

८३. गोठाटार गा.वि.स.को कार्यालयको च.नं. ३४३९ मिति २०६५।०२।०२ गतेको पत्रद्वारा पशुपति क्षेत्र विकास कोषको गोठाटारस्थित जग्गामा गुरुयोजना कार्यान्वयन गर्नका लागि सर्वदलीय डेलिगेशन जाने समेतको निर्णय भएको भन्नेसमेत बेहोराको पत्र सहितको निर्णय।

८४. खानी उत्खनन्कर्ता बच्चुराम दाहालले खानी सञ्चालन अनुमति-पत्र नविकरण गरी पाउँ भनी जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा दिएको मिति २०६५।०४।०१ गतेको निवेदन।

८५. खानी उत्खनन्कर्ता बच्चुराम दाहालले खानी सञ्चालनको लागि आवश्यक पर्ने विल प्याड उपलब्ध गराई दिन हुन भनी जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा दिएको

मिति २०६५।०४।०२ गतेको निवेदन।

८६. काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३ बस्ने बच्चुराम दाहालले खानी सञ्चालन गर्दा कुनैपनि किसिमको वातावरणीय असर नपर्ने हुँदा खानी सञ्चालन अनुमति दिनको लागि सिफारिस साथ अनुरोध गरीन्छ भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई लेखिएको गोठाटार गाउँ विकास समितिको कार्यालय, काठमाडौंको च.नं. १५ मिति २०६५।०४।०२ गतेको पत्र।

८७. कोषको उल्लेखित जग्गाहरूको भू-उपयोगिता गर्ने सम्बन्धमा बालुवा बिक्री गर्दा अपनाउनु पर्ने प्रकृया, कस्ता इजाजत प्राप्त बालुवा ठेकेदार विच प्रतिस्पर्धा गराईन्छ, वातावरणीय अध्ययन सम्बन्धमा, बालुवामा कानूनअनुसार लाग्ने करहरु, खानी विभागको स्वीकृत लिनु पर्ने वा नपर्ने र जिल्ला विकास समितिको स्वीकृति लिनु पर्ने वा नपर्ने जानकारी सम्बन्धमा जिल्ला विकास समितीको कार्यालय काठमाडौंलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं.६ मिति २०६५।०४।०७ गतेको पत्र।

८८. काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ (क) र ४ (क) को कोषको नाममा रहेको जग्गाहरुको कि.नं. खुलाई जिल्ला विकास समितिको कार्यालय काठमाडौंलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. १४ मिति २०६५।०४।०८ गतेको पत्र।

८९. खानी उत्खनन्कर्ता बच्चुराम दाहालको खानी क्षेत्रको चार किल्ला उल्लेख गरी बच्चुराम दाहालको नाममा खानी सञ्चालन गर्न इजाजत पत्र जारी गरिएको साथै खनिज पदार्थ नियमावली २०५६ को पहिलो शंसोधन २०६० मा ब्यवस्था भए अनुसारको जि.बि.स.सेवा शुल्क प्रति क्युफिट रु.२।- र प्रति घ.मि.रु.४।- रोयल्टी लिने व्यवस्था भएको भन्ने समेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं.२३६ मिति २०६५।०४।०८ गतेको पत्र।

९०. बालुवा खानी उत्खनन् सम्बन्धी तोकिएको क्षेत्रमा सम्बन्धितबाट मात्र खानी उत्खनन् हुन्छ वा अन्य समेतको प्रतिस्पर्धाबाट गर्नु पर्छ खुलाई दिन हुन भनी जिल्ला विकास समितिको कार्यालय काठमाडौंलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं.३९ मिति २०६५।०४।१९ गतेको पत्र।

९१. पशुपति क्षेत्र विकास कोषको च.नं. ३९ मिति २०६५।०४।१९ गतेको पत्रमा उल्लेखित बालुवा खानी उत्खनन् गर्ने कार्य खानी तथा भूगर्भ विभागको स्वीकृति र सहमतिमा सम्बन्धित इजाजत प्रमाणपत्र प्राप्त व्यक्ति (बच्चुराम दाहाल) बाट मात्र उत्खनन् र बिक्री

वितरण गर्न सकिने भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. ३३६ मिति २०६५।०४।१९ गतेको पत्र।

९२. पशुपति क्षेत्र विकास कोषको च.नं.४७ मिति २०६५।०४।२० गतेको पत्र मार्फत नापी कार्यालय, चावाहिल काठमाडौंलाई कोषको गोठाटारस्थित जग्गाहरुको नक्शा उपलब्ध गराईदिन लेखिएको पत्र।

९३. सि.एन. एसोसिएट्सले दिएको प्रतिवेदन सम्बन्धमा पशुपति क्षेत्र विकास कोषको २०६५।०४।२१ गतेको टिप्पणी र आदेश।

९४. गोठाटारस्थित जग्गामा बालुवा बिक्री गर्ने सम्बन्धमा बोलपत्रको सूचना प्रकाशित गरी दिने सम्बन्धमा गोरखापत्र संस्थानलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ७० मिति २०६५।४।३१ को पत्र।

९५. पशुपति क्षेत्र विकास कोषको नाममा रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३(क) को कि.नं. ५९, ८४ र ४(क) को कि.नं. ८० को करिब ५३४ रोपनी जग्गाको भू-उपयोगिता सम्बन्धी संरक्षित क्षेत्र, सामुदायिक भवन क्षेत्र, गौशाला, अन्तराष्ट्रिय अध्ययन केन्द्र, स्कूल, स्वास्थ्य केन्द्र, अडोटोरियम लगायत कार्यक्रम लागू गर्नुपर्ने भएकोले सो जग्गाको ढिस्कोहरु सम्याई बालुवा, माटो निकाली बिक्री गर्नुपर्ने हुँदा सम्बन्धित कार्य गर्न ईजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आव्हान गरिएको भन्नेसमेत बेहोराको मिति २०६५।०४।३२ गते दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित बोलपत्र आब्हान सम्बन्धी सूचना।

९६. कोषको गोठाटारस्थित जग्गाको बालुवा बिक्री गर्ने सम्बन्धमा बोलपत्रको सूचना प्रकाशित (संशोधन) गरीदिने बारे गोरखापत्र संस्थानलाई लेखी पठाएको पशुपति क्षेत्र विकास कोषको च.नं. ७३ मिति २०६५।०५।०२ गतेको पत्र।

९७. पशुपति क्षेत्र विकास कोषको गोठाटारस्थित जग्गामा बालुवा निकाल्न न्यूनतम दर प्रति घन मिटर रू.२१४।४५ उल्लेख भएको बोलपत्र आव्हान फारम सहितको टेण्डर कागजात।

९८. कोषको गोठाटारस्थित जग्गाको बालुवा बिक्री गर्ने सम्बन्धमा बोलपत्र आव्हान गर्दा कसैको पनि बोलपत्र फाराम प्राप्त हुन नआएको हुँदा बोलपत्र फायल कार्यदललाई उपलब्ध गराउने भनी पशुपति क्षेत्र विकास कोष कार्य सम्पादन समितिको मिति २०६५।०५।०८ गतेको निर्णय।

९९. गोठाटारस्थित कोषको जग्गामा गुरुयोजना कार्यान्वयन गर्ने सम्बन्धमा पशुपति क्षेत्र विकास

कोषलाई लेखिएको गोठाटार गा.वि.स.को कार्यालयको च.नं. ६७२ मिति २०६५।५।१३ गतेको पत्र।

१००. खानी तथा भूगर्भ विभागको प.सं. ०६४।०६५।३४२ मिति २०६४।०७।१९ गतेको सहमति पत्र सम्बन्धमा पशुपति क्षेत्र विकास कोषको समेत सहमति भई आएमा मात्र अनुमतिको निर्णय हुन मनासिव देखि पेश गरेको भनी जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको मिति २०६५।०५।१५ गतेको टिप्पणी आदेश।

१०१. निवेदकले सञ्चालन गर्न खोजेको क्वारी एरिया वरिपरिका जग्गाधनीका सहमति माग गर्ने र सो सहमति नआउञ्जेल मञ्जुरीनामा प्राप्त भईसकेका क्वारी क्षेत्र भित्र खानी सञ्चालन गर्न स्वीकृति दिने गरी जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठले मिति २०६५।०५।१६ मा सदर गरेको टिप्पणी आदेश।

१०२. बच्चुराम दाहालले खानी सञ्चालन नविकरण गरी पाउँ भनी मिति २०६५।०४।०२ मा गा.वि.स.को सिफारिस समेत राखी पेश गर्नु भएको हुँदा निजको खानी क्षेत्र त्यस कोषको क्षेत्राधिकार भित्र पर्ने भएको हुँदा खानी सञ्चालन गर्ने सम्बन्धमा त्यस कोषको सहमति माग गर्ने भनी यस कार्यालयको मिति २०६५।०५।१६ मा निर्णय भए अनुसार सहमतिको लागि पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं. ५९० मिति २०६५।०५।१६ गतेको पत्र।

१०३. पशुपति क्षेत्र विकास कोषद्वारा कोषको गोठाटारस्थित जग्गाबाट बालुवा, माटो बिक्री गर्ने सम्बन्धमा बोलपत्र आब्हान गरिएकोमा अन्तिम मितिसम्म ६ वटा फाराम बिक्री भएको तर अन्तिम मितिको ५:०० बजेसम्ममा कुनै पनि बोलपत्र फारम दर्ता नभएको बेहोराको कोषका कार्यालय सहायक गंगा घिमिरेले मिति २०६५।०५।१६ मा दिएको प्रतिवेदनसँग सम्बन्धित आन्तरिक सम्बाद पत्र।

१०४. खानीको बालुवाको बिक्री मुल्य निर्धारण गरी प्रतिवेदन पेश गर्न कोषका कोषाध्यक्ष ज्ञान बहादुर हमालको संयोजकत्वमा कार्यदल गठन गरिएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष कार्य सम्पादन समितिको मिति २०६५।०५।१८ गतेको निर्णय।

१०५. खानी सञ्चालन गर्दा खानी ऐन, नियमावली, जिल्ला विकास समितिको निर्णय, नीति, निर्देशन तथा अन्य प्रचलित नेपाल कानून अनुरुपको सम्पूर्ण कानूनी व्यवस्था परिपालन द्वितीय पक्षले गर्नुपर्ने, द्वितीय पक्षले जि.वि.स.बाट प्राप्त अनुमति भन्दा बाहिरको क्षेत्रमा खानी सञ्चालन गर्न नपाउने, खानी सञ्चालन गर्दा वस्तुगत नक्शामा तोकिएको उत्खनन्

क्षेत्रबाट मात्र खानी सञ्चालन गर्नुपर्ने, खानी सञ्चालन गर्दा तिर्नु बुझाउनु पर्ने कर, शुल्क, रोयल्टी रकम दोश्रो पक्षले बुझाउनु पर्ने, खानी सञ्चालन गर्दा बाटो, नदिनालाको सतह र जग्गाको सतह भन्दा गहिराईमा उत्खनन् गर्न नपाईने, सतहको माथिल्लो माटो सुरक्षीत राखी पछि सोही माटोद्धारा उत्खनन् क्षेत्र समतल गराउनु पर्ने, वातावरणमा कुनै किसिमको प्रतिकुल असर नपर्ने गरी खानी सञ्चालन गर्नुपर्ने भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौं (प्रथम पक्ष) र बच्चुराम दाहाल (द्वितीय पक्ष) विच मिति २०६५।०५।१९ मा भएको सम्झौता-पत्र।

१०६. बच्चुराम दाहालको बालुवा खानी सञ्चालन भएको भनी गा.वि.स.को कार्यालय, गोठाटारलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं.६११ मिति २०६५।५।१९ गतेको पत्र।

१०७. कोषको गोठाटारस्थित जग्गाबाट बालुवा बिक्री गर्दा खानीको बालुवाको दर निर्धारण गर्न विभिन्न बालुवा खानीमा गई दर रेट बुझ्ने भनी कोषका कोषाध्यक्ष ज्ञान बहादुर हमालको संयोजकत्वमा गठित कार्यदलको मिति २०६५।०५।१९ गतेको निर्णय।

१०८. कोषको गोठाटारस्थित जग्गामा बालुवा बिक्री गर्दा रू. ३।- प्रति क्यू.फिट उपयुक्त हुने भनी कोषका कोषाध्यक्ष ज्ञान बहादुर हमालको संयोजकत्वमा गठित कार्यदलको मिति २०६५।०५।२० गतेको निर्णय।

१०९. गोठाटार गा.वि.स.को कार्यालयले मिति २०६५।०५।२० गते तयार गरेको बालुवाको रेटको स्थलगत सर्जमिन मुचुल्का।

११०. कार्य सम्पादन समितिले गठन गरेको कार्यदलले सम्बन्धित क्षेत्रमा गई बुझ्दा रु.३।- सम्बन्धित जग्गाधनीले बिक्री वितरण गरिरहेको र स्थलगत निरीक्षण गर्दा सो मनासिव भएकोले सोही अनुसार सिफारिस गरिएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषको च.नं. १८८ मिति २०६५।०५।२२ गतेको पत्र मार्फत कार्य सम्पादन समितिका संयोजक ज्ञान बहादुर हमालले कोषका सदस्य सचिवलाई सम्बोधन गरी पेश गरेको प्रतिवेदन।

१११. कोषबाट मिति २०६५।०४।३२ मा बोलपत्र आव्हान गरेकोमा कसैको पनि बोलपत्र नपरेको, कोषबाट गठन गरेको कार्यदलले कम्तिमा रु.३।— प्रति क्यू.फिट बालुवा बिक्री वापत पाउने दर सिफारिस गरी पेश गरेकोले उक्त दर कोषले पाउने गरी बाँकी रोयल्टी कर, सेवा शुल्क लगायत सम्पूर्ण दायित्व खानी उत्खननकर्ता स्वयंले वहन गर्ने शर्तमा

प्रचलित ऐन नियम बमोजिम हुने गरी कसबाट खानी सञ्चालन गर्नु गराउनु पर्ने हो सो समेत त्यहाँबाट गराई दिने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषको च.नं. १९७ मिति २०६५।०५।२४ गतेको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई दिईएको सहमति पत्र।

११२. द्वितीय पक्ष (बच्चुराम दाहाल) ले प्रथम पक्ष (पशुपति क्षेत्र विकास कोष) ले अनुमान गरेको १२,१५,००० घनमिटर बालुवाको परिमाणलाई क्यू.फिटमा रुपान्तरण गरी सो को प्रति क्यू.फिट निर्धारित रु.३।- का दरले गणना गरी द्वितीय पक्षले जम्मा रकमको ५% हिसाबले हुन आउने रकम प्रथम पक्षको बैंक खातामा नगद जम्मा गरको सक्कलै भौचर, बैंक ग्यारेन्टी पत्र प्रथम पक्षलाई बुझाउनु पर्नेछ लगायतका २३ बुँदा सहितको पशुपति क्षेत्र विकास कोषका कानूनी सल्लाहकार हुतराज पौडेलले कोषमा पेश गरको मिति २०६५।०५।२४ गतेको सम्झौता पत्रको मस्यौदा (कोषको मिति २०६५।०५।२४ गतेको टिप्पणी आदेशबाट खुल्न आएको)।

११३. बालुवा खानी सञ्चालनको लागि काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३(क) को कि.नं. ८४ र ५९ र वडा नं. ४(क) को कि.नं. ८० को जग्गा मेरो खानी क्षेत्र भित्र परेको र पशुपति क्षेत्र विकास कोषले समेत सहमति दिएको हुँदा खानी सञ्चालन गरी पाउँ भनी बच्चुराम दाहालले मिति २०६५।०५।२६ गते जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा दिएको निवेदन।

११४. पशुपति क्षेत्र विकास कोषको गोठाटारस्थित जग्गामा गुरुयोजना लागू गर्ने तथा बालुवा बिक्री गर्ने सम्बन्धमा बसेको बैठकको निर्णय यसै साथ पठाएको भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको गोठाटार गा.वि.स.को कार्यालयको च.नं. ८५२ मिति २०६५।५।२७ गतेको पत्र।

११५. कोषको जग्गामा सल्लाघारी वन देखिएकोले जिल्ला वन कार्यालयको स्वीकृति र खानी तथा भुगर्भ विभागबाट सहमति प्राप्त भए पछि सो सम्बन्धी कारबाही अगाडि बढाउने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं. ७१४ मिति २०६५।०६।०२ गतेको पत्र।

११६. काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वार्ड नं. ३ (क) को ८४, ५९ र वडा नं. ४(क) को कि.नं. ८० को जग्गामा सल्लाघारी वन रहेको ढिस्को जग्गा समथर बनाई उक्त जग्गाको भू-उपयोगिता गरी संरक्षित क्षेत्र, सामुदायिक भवन, गौशाला, अन्तराष्ट्रिय धार्मिक

केन्द्र लगायतका कार्यक्रमको थालनी गर्नुपर्ने भएको हुँदा सो क्षेत्रमा रहेको हाल त्यस कोषको नाममा कायम भएको जग्गामा सल्लाघारी वन रहेको देखिएकोले उक्त योजना कार्यान्यनको लागि जिल्ला वन कार्यालयको सहमति र सम्बन्धित गा.वि.स.को सर्वदलीय संयन्त्रको निर्णय, स्थानीय जनताको सहमति समेत उपलब्ध गराई दिनुहुन भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं. ७३४ मिति २०६५।६।५ गतेको पत्र।

११७. कोषको गुरुयोजना लागू गर्दा केही रुखहरु काट्नु पर्ने हुँदा सहमतिको लागि जिल्ला वन कार्यालय, काठमाडौंलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३४० मिति २०६५।०६।०५ गतेको पत्र।

११८. पशुपति क्षेत्र विकास कोषको च.नं. ३४० मिति २०६५।०६।०५ गतेको पत्र सम्बन्धमा कोषको उल्लेखित जग्गामा रहेका रूख कटान क्षेत्र ५ हेक्टर भन्दा बढी भएकोले रुख कटान सम्बन्धी कारवाही गर्न विज्ञहरुबाट वातावरणीय प्रभाव मुल्याङ्कन तयार पारी सम्बन्धित निकायबाट स्वीकृत समेत गराई पेश गर्न हुन भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला वन कार्यालय, काठमाडौंको च.नं. ५०७ मिति २०६५।९।३ गतेको पत्र।

११९. पशुपति क्षेत्र विकास कोषको नाममा रहेको गोठाटार गा.वि.स. वडा नं. ३ (क) को कि.नं. ८४ र ५९ तथा वडा नं. ४ (क) को कि.नं. ८० को जग्गाहरु समेत खानी सञ्चालक बच्चुराम दाहालको खानी क्षेत्र भित्र पर्ने भएको र मिति २०६५।०५।२४ मा पशुपति क्षेत्र विकास कोषको समेत सहमति प्राप्त भएकोले उक्त क्षेत्रमा खानी सञ्चालनको अनुमति दिएको भन्नेसमेत बेहोराको गा.वि.स.को कार्यालय गोठाटारलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं. ८०० मिति २०६५।०६।१७ गतेको पत्र।

१२०. पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गामा खानी सञ्चालन गर्नको लागि कोष र बच्चुराम दाहाल विच गर्नुपर्ने सम्झौताको मस्यौदा तयार गरी कोषका कानूनी सल्लाहकार हुतराज पौड्यालले टिप्पणी साथ पेश गरेको मिति २०६५।०६।२७ को टिप्पणी आदेशमा कोषका सदस्य सचिव निर्मल कुँईकेलले मिति २०६५।०६।२७ गते सदर गरेको टिप्पणी आदेश।

१२१. कोषको जग्गामा खानी सञ्चालन गर्न जिल्ला विकास समितिको कार्यालयबाट अनुमति

प्राप्त गरीसकेकोले खानी सञ्चालनका लागि सम्झौता गरी पाउँ भनी खानी सञ्चालक बच्चुराम दाहालले मिति २०६५।०६।२९ गते पशुपति क्षेत्र विकास कोषमा दिएको निवेदन र सो निवेदन साथ संलग्न नेपाल बैंक लिमिटेडको मिति २०६५।०६।३० गतेको रु.३२,४२,५३२।- को भौचर।

१२२. कोषको उल्लेखित जग्गा समेतबाट दैनिक २९९ घनमिटर बालुवा उत्पादन गरिने, बालुवा उत्खनन् गर्दा गह्रा गह्रा बनाई बेञ्च बनाई गरीने, माथिल्लो सतहको माटोलाई छुट्टै डम्पयार्डमा राखी खानी उत्खनन् सँग सँगै तथा उत्खनन् पश्चात् समेत बालुवा झिकिएको खाल्डो पुरी जग्गा समतल गर्ने, उत्खनन् लेभल १३२५ मिटर पुगेपछि र कार्य गर्ने लेभलको चौडाई ३० मिटर भन्दा बढी भएपछि उत्खनन् हुने माटोलाई खाल्डोमा राख्न शुरु गरीने, बालुवाको तहलाई कामदारबाट साभेल, कोदालो, फोरुवा, हिवल व्यारो आदि प्रयोग गरी उत्खनन् गरीने, ८ वटा सिल्टेशन पोण्ड निर्माण गरी उत्खनन् क्षेत्रबाट बग्ने पानीलाई सिल्टेशन पोखरीमा जम्मा गरेर मात्र वाहिर छाड्ने व्यवस्था गरीने, दैनिक जनशक्ति ६२ जना हुने लगायतका सर्त तथा माईनिङ्ग कार्यबिधि सहितको खानी उत्खनन्कर्ता बच्चुराम दाहालले २०६५ साल मंसिर महिनामा पेश गरेको बालुवा खानीको उत्खनन कार्य योजना (स्किम क्षेत्र बृद्धि)।

१२३. प्रथम पक्षले तोकेको न्युनतम मूल्य भन्दा घटीमा दर रेट स्वीकार्य नहुने, उक्त जग्गामा रहेका रुखहरु प्रथम पक्षको निर्देशनमा कटान गरी उक्त रुखहरु प्रथम पक्षलाई बुझाउनु पर्ने, बालुवा माटो निकाल्दा आवश्यक पर्ने सम्पूर्ण सुरक्षाको व्यवस्था (Seftey Precaution) द्वितीय पक्ष स्वयंले व्यवस्था गर्नुपर्ने, प्रथम पक्षले निर्धारण गरेको लेभल भन्दा तल गई बालुवा, माटो, ढुङ्गा लगायतका अन्य कुनैपनि चिजबस्तु उत्खनन् गरी झिक्न नपाईने, प्रथम पक्षले खटाईएका प्राविधिकले सो लेभल समय-समयमा जाँच गर्ने र तोकिएको लेभल भन्दा तल गई खानी उत्खनन् गरेमा सम्झौता भंग हुने, द्वितीय पक्षले खानी तथा खनिज पदार्थ ऐन र नियमावलीको पूर्ण रुपमा पालना गरी उत्खनन् कार्य गर्नुपर्ने, प्रथम पक्षले बालुवाको परिमाण १२,१५,००० घ.मि. अनुमान गरेको हुँदा बालुवाको परिमाण घटबढ हुन सक्नेछ, त्यस्तो भएमा सोही अनुसारको प्रति क्यू.फिटको दरले प्रथम पक्षलाई भुक्तानी गर्नुपर्ने, यो सम्झौताको म्याद ५ बर्षको हुने र दोश्रो बर्षदेखि निर्धारित दर प्रति क्यू.फिट रु.३।०५ मा प्रति बर्ष ५% का दरले थप हुँदै जाने र बिशेष कारणले प्रथम पक्षलाई उचित लागेमा पुनः म्याद थप गर्न सक्ने, प्रचलित कानून अनुसार लाग्ने सबै प्रकारका

रोयल्टी सेवा, शुल्क, भ्याट र अन्य सवै प्रकारका करहरु द्वितीय पक्ष स्वयंले बुझाउनु पर्ने, द्वितीय पक्षले बालुवा माटो उत्खनन् गर्दा जग्गामा कुनै किसिमको हानी नोक्सानी पुऱ्याउन नपाउने र हानी नोक्शानी भएमा सोको क्षतिपुर्ति स्वरूप प्रथम पक्षले तोकेको रकम द्वितीय पक्षले प्रथम पक्षलाई बुझाउनु पर्ने, प्रथम पक्षले दिएको नीति निर्देशन द्वितीय पक्षले पालना गर्नुपर्ने लगायतका सर्तहरू सहितको पशुपति क्षेत्र विकास कोष (प्रथम पक्ष) र बच्चुराम दाहाल (द्वितीय पक्ष) विच मिति २०६५।०७।०५ मा भएको सम्झौता पत्र।

१२४. पशुपति क्षेत्र विकास कोष कार्य सम्पादन समितिका संयोजक निर्मल कुँइकेलको अध्यक्षतामा मिति २०६५।०७।०७ गते बसेको बैठकले कोषको गोठाटारस्थित जग्गाको बालुवा बिक्री गर्ने सम्बन्धमा जिल्ला विकास समितिको कार्यालय काठमाडौंको पत्र अनुसार खानी सञ्चालक बच्चुराम दाहालसंग प्रति क्यू.फिट रु.३।०५ (तीन रुपैयाँ पाँच पैसा) लिने गरी भएको सम्झौतालाई अनुमोदन गरेको निर्णय।

१२५. कोषको उल्लेखित जग्गाबाट बालुवा उत्खनन् कार्यका लागि दैनिक रूपमा विहान ६ बजेदेखि साँझ ५ बजेसम्म निर्धारण गरिएको र उक्त उत्खनन् कार्य गर्नका लागि प्रशासनिक कार्यका हकमा श्री राजु कुमार रेग्मी र प्राविधिक पक्षका लागि ई.श्री श्याम शंकर गिरी र ई.श्री विश्वानन्द मिश्रको निर्देशनमा कार्य गर्न श्री बच्चुराम दाहाललाई कार्यदेश दिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३५१ मिति २०६५।७।११ गतेको पत्र।

१२६. कोषको मिति २०६५।०७।११ गतेको पत्र अनुसार कार्यदेश दिई टोपोग्राफिकल लाईन लेभल दिने कार्य नापी कार्यसँग सम्बन्धित भएको, सञ्चालन कार्यविधि स्पष्ट नभएको, जग्गाको पश्चिम र उत्तर तर्फबाट बालुवा केही समय अगाडिबाटै निकालिएको देखिएको हुँदा सो ठाँउको टोपोग्राफी समेत परिवर्तन भई कुनै पनि बेञ्च मार्क तथा अन्य कित्ता नापीका रेफरेन्सहरु नदेखिएकोले उक्त कार्य गर्न असमर्थ रहेकोले सो कार्य सम्बन्धित नापी विज्ञबाट तत्काल गराउनु पर्ने देखिन्छ, अन्यथा बालुवाको परिमाणमा व्यापक फरक पर्न सक्ने, बालुवा निकाल्ने क्षेत्रको नापी नक्शा एकिन नहुँदा जग्गाको वातावरणीय अवस्थामा समेत असर पर्न जाने भन्ने बेहोराको ई.श्री श्याम शंकर गिरी र ई.श्री विश्वानन्द मिश्रले मिति २०६५।०७।२२ गते पशुपति क्षेत्र विकास कोषमा दिएको प्रतिवेदन।

१२७. पशुपति क्षेत्र विकास कोषको नाममा रहेको कि.नं. ३ (क) ८४ र कि.नं. ५९ र वडा

नं. ४ (क) को कि.नं. ८० को जग्गा समेतलाई क्वारी क्षेत्र थप गरी पाउँ भनी मिति २०६५।०७।२० गते खानी उत्खननकर्ता बच्चुराम दाहालले जिल्ला विकास समितिको कार्यालय,काठमाडौंमा दिएको निवेदन।

१२८. पशुपति क्षेत्र विकास कोषको नाममा रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३ (क) को कि.नं. ८४,५९ र वडा नं. ४ (क) को कि.नं. ८० को जग्गा समेत थप गरी पाउँ भनी जग्गाधनी प्रमाण पुर्जाको फोटोकपी तथा पशुपति क्षेत्र विकास कोष र खानी सञ्चालक बच्चुराम दाहाल विच मिति २०६५।०७।०५ मा भएको सम्झौता पेश हुन आएकोले क्वारी क्षेत्र थप गर्ने सम्बन्धमा आवश्यक कारबाही हुन खानी तथा भूगर्भ विभाग, काठमाडौंमा लेखी पठाईएको जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं. ९१६ मिति २०६५।०७।२० गतेको पत्र।

१२९. पशुपति क्षेत्र विकास कोषको च.नं. ३२८ मिति २०६५।०७।०५ गतेको पत्र सम्बन्धमा सिमाङ्कन गरी दिन भनी नापी कार्यालय, चावाहिललाई लेखिएको नापी विभाग काठमाडौंको च.नं. ४५ मिति २०६५।०७।२० गतेको पत्र।

१३०. कोषसँगको सम्झौतामा बालुवा मात्र बिक्री गर्नु भनेकोमा केहि दिन यता तपाईले माटो समेत बिक्री वितरण गरेको भन्ने खुल्न आएकोले बालुवा निकाल्ने क्रममा निस्केको माटो सोही स्थानमा मिलाएर राख्नु हुन भन्नेसमेत बेहोराको खानी सञ्चालक बच्चुराम दाहाललाई निर्देशन दिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ४५१ मिति २०६५।०९।०७ गतेको पत्र।

१३१. बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषको गोठाटारस्थित जग्गामा सञ्चालित बालुवा खानी सञ्चालन गर्न आफ्नो फुर्सद नमिलेकोले खानी सञ्चालनको लागि आफ्नो सहोदर दाजु मिठ्ठाराम दाहाललाई सम्पूर्ण अख्तियारी दिएको कागज।

१३२. कोषको गोठाटारस्थित जग्गामा सञ्चालित बालुवा खानी सञ्चालन गर्न आफ्नो फुर्सद नमिलेकोले खानी सञ्चालनको लागि आफ्नो सहोदर दाजु मिठ्ठाराम दाहाललाई सम्पूर्ण अख्तियारी दिएको भनी खानी उत्खननकर्ता बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषमा मिति २०६५।०९।०८ गते दिएको निवेदन।

१३३. गोठाटारको बालुवा खानीमा प्रयोग हुने नमूना अनुसारको टिकट छपाई कोषको अधिकृत राजकुमार रेग्मीको दस्तखत र छाप लगाउने तथा तत्काल उक्त टिकट प्रचलनमा ल्याउन व्यवस्था मिलाउने सम्वन्धी पत्र।

१३४. पशुपति क्षेत्र विकास कोषको च.नं. ४९६ मिति २०६५।१०।०३ गतेको पत्रद्वारा बालुवा खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई खानी सञ्चालनको लागि कोषले ३ किसिमले टिकट बनाएकोले सोही अनुसार टिकट सञ्चालन गर्नु हुन भनी दिएको जानकारी पत्र।

१३५. पशुपति क्षेत्र विकास कोषका माननीय संस्कृति तथा राज्य पुनः संरचना मन्त्री गोपाल किराँतीको अध्यक्षतामा मिति २०६५।१०।२३ गते बसेको बैठकले कोषको गोठाटारस्थित जग्गाको समस्याको बारेमा परिषद्लाई जानकारी गराएको निर्णय।

१३६. खानी उत्खनन्कर्ताले कोषबाट जारी भएको बिल भन्दा अन्य बिलबाट बालुवा बिक्री वितरण गरेको भनी पशुपति क्षेत्र विकास कोषका उप-निर्देशक रमेश कुमार उप्रेतिले मिति २०६५।११।०८ गते कोषमा दिएको प्रतिवेदन।

१३७. पशुपति क्षेत्र विकास कोषका माननीय संस्कृति तथा राज्य पुनः संरचना मन्त्रि गोपाल किराँतीको अध्यक्षतामा मिति २०६५।१२।०९ गते बसेको बैठकले गोठाटार गा.वि.स.को समस्याको बारेमा गोठाटारका बासिन्दाहरुबाट माग भएकाहरु मध्ये कार्य सम्पादन समितिको निर्णय अनुसार कोषको जग्गामा बालुवा खानी सञ्चालन भएकोमा कोषलाई प्राप्त रकमबाट २५% रकम गोठाटार गा.वि.स.लाई दिने र सो को अनुगमन कोषले गर्ने गरी भएको निर्णय।

१३८. पशुपति क्षेत्र विकास कोषको अध्यक्षतामा जिल्ला विकास समितिको कार्यालयका प्रतिनिधि, खानी तथा भूगर्भ विभागका प्राविधिक प्रतिनिधि समेत रहेको अध्ययन छानविन समिति गठन गरी एक महिना भित्र विस्तृत प्रतिवेदन आयोग समक्ष पेश गर्न लगाउने भनी मिति २०६६।०१।०६ मा निर्णय भएकोले छानविन गरी प्रतिवेदन पेश गर्न पशुपति क्षेत्र विकास कोषलाई लेखिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. १०८० मिति २०६६।०१।०६ गतेको पत्र।

१३९. बालुवा खानी सञ्चालन तथा उत्खनन् गर्दा अनियमितता भएको सम्बन्धमा कोषका कोषाध्यक्ष गणेश प्रसाद अधिकारीको संयोजकत्वमा अध्ययन समिति गठन गरिएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषको च.नं. ८८६ मिति २०६६।०१।१० गतेको पत्र।

१४०. कोषको गोठाटारस्थित जग्गामा रहेको बालुवा खानी सञ्चालन गर्ने क्रममा कटान गरिएका सल्लाका रुखहरुको आम्दानी गोठाटार गा.वि.स.मा सञ्चालित खानेपानीमा खर्च हुने गरी

गोठाटार गा.वि.स.लाई दिने सम्बन्धमा कोषको आर्थिक लेखा परीक्षण समितिलाई अधिकार दिईएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६६।०१।२२ गतेको निर्णय।

१४१. मिति २०६५।०७।११ गतेको कार्यदेश अनुसार कोषको जग्गामा तपाईले बालुवा खानी सञ्चालन गर्दै आउनु भएकोमा कोषको निर्देशन अनुसार खानी सञ्चालन गर्नुपर्नेमा सो नगरी जमिन सतह भन्दा २०-२५ फिट तलसम्म उत्खनन् गरी खानी सञ्चालन गरिएको अवस्था देखिएकोले ठे.प.शर्तको दफा ६ अनुसार कारवाही किन नगर्ने ? साथै त्यस क्षेत्रमा रहेका रुखहरुको अवस्थाका सम्बन्धमा समेत ३ दिन भित्र जानकारी गराउन हुन भन्नेसमेत बेहोराको श्री बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं.१००७ मिति २०६६।०१।२८ गतेको पत्र।

१४२. मैले खानी उत्खनन् मिति २०६५।०७।२२ गतेदेखि सुचारु गरेको, खानी सञ्चालन गर्नु भन्दा अगाडि कुन लेवल मानी खानी सञ्चालन गर्नुपर्ने हो त्यस बिषयमा त्यस कोषबाट आएका प्राविधिकबाट हालसम्म समेत ठोष निर्देशन प्राप्त नभएको र रुख कटान गरेको सम्बन्धमा खानी उपभोक्ता समितिको रोहवरमा समितिले नै मदन आश्रित प्रतिष्ठानमा सुरक्षित राखेको भन्नेसमेत बेहोराको खानी उत्खनन्कर्ता बच्चुराम दाहालले मिति २०६६।०१।३० गते कोषमा पेश गरेको स्पष्टीकरण पत्रको जवाफ।

१४३. पशुपति क्षेत्र विकास कोषको च.नं. ८८६ मिति २०६६।०१।१० गतेको पत्र मार्फत कोषको स्वामित्वमा रहेको गोठाटार गा.वि.स.मा रहेको जग्गामा बालुवा खानी सञ्चालन तथा उत्खनन् गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का कोषाध्यक्ष गणेश प्रसाद अधिकारीको संयोजकत्वमा समिति गठन गरी छानबिन गरी प्रतिवेदन पेश गर्न लेखि आएकोमा उक्त समितिको छानविन टोलीको सदस्य प्रतिनिधिको रुपमा यस विभागका माईनिङ ईन्जिनियर श्री जयराज घिमिरेलाई खटाईएको भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको खानी तथा भूगर्भ विभाग काठमाडौंको च.नं.११५६ मिति २०६६।०१।२९ गतेको पत्र।

१४४. पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गामा रहेको रुखहरूको सम्बन्धमा खानी उत्खनन्कर्ता बच्चुराम दाहालले खुलाई पठाएको मिति २०६६।०१।२९ गतेको प्रतिवेदन।

१४५. कोषको गोठाटारस्थित जग्गामा जिल्ला रामेछाप घर भई हाल काठमाडौं जिल्ला

काँडाघारी बस्ने अन्दाजी वर्ष ३० को मोहन तामाङ्गको मिति २०६६।०२।२७ गते बालुवा निकाल्ने क्रममा माटोले पुरिई घाईते भई उपचारको क्रममा मृत्यु भएको भनी पशुपति क्षेत्र विकस कोषका कर्मचारी गोविन्द प्रसाद कोइराला समेतले मिति २०६६।०२।२८ गते कोषमा दिएको प्रतिवेदन।

१४६. गोठाटार भैमाल खानेपानी तथा सरसफाई उपभोक्ता समिति गोठाटारको मिति २०६६।०१।२० गतेको पत्र अनुसार हाल कोषले खानी सञ्चालन गर्दा काटिएका रुखहरु र मदन आश्रीतमा राखिएका रुखहरु उपभोक्ता समितिलाई खानेपानी व्यवस्था प्रयोजनको लागि उपलब्ध गराउने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव परमानन्द शाक्यको संयोजकत्वमा मिति २०६६।०२।२९ गते बसेको बैठकको निर्णय।

१४७. पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव परमानन्द शाक्यको संयोजकत्वमा मिति २०६६।०३।१४ गते बसेको बैठकले गोठाटार गा.वि.स. निवासी श्रीधर पुडासैनीले दिएको निवेदनमा छलफल हुँदा कोषले सञ्चालन गरेको बालुवा खानीको कारण निजको गाईगोठ र घर समेतमा हानि नोक्सानी पुगेको हुँदा कोषले एक पल्टको लागि सहयोग स्वरूप एकमुष्ट रु.३०,०००।- उपलब्ध गराउने गरी गरेको निर्णय।

१४८. पशुपति क्षेत्र विकास कोषको जग्गामा खानी सञ्चालन गर्न खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई शर्तहरु (बालुवा उत्खनन् कार्य स्वीकृत माईनिङ्ग स्किममा उल्लेख भएको क्वारी क्षेत्रमा गर्ने, दैनिक बालुवा उत्खनन् २९९ घन मिटर तथा वार्षिक ७१,७६० घन मिटरमा सीमित हुनुपर्ने, उत्खनन् गर्दा निस्केको माटो छुट्टै डम्पयार्डमा व्यवस्थापन गरी जमिन समतल गर्नुपर्ने, पुर्नस्थापना कार्य उत्खनन्को क्रममा बालुवा निकाली सकेको भागमा तथा उत्खनन् कार्य समाप्त भएपछि गरिनु पर्ने, कार्य सम्पन्न भएपछि हालको जमिनको सतह १३२५ मिटरको लेभलसम्म माटोले पुरी जग्गा कोषलाई हस्तान्तरण गर्नुपर्ने, उत्खनन् कार्य गर्दा कुनै हानी नोक्सानी भएमा सो को क्षतिपूर्ती दिनुपर्ने आदि) सहित सहमति दिईएको भनी जिल्ला विकास समितिको कार्यालय काठमाडौंलाई लेखिएको खानी तथा भूगर्भ विभाग, काठमाडौंको च.नं. १३७५ मिति २०६६।०३।२६ गतेको पत्र।

१४९. खानी सञ्चालक बच्चुराम दाहालले २०६६ साल श्रावणमा महिनामा पेश गरेको Environmental Audit Report.

१५०. बच्चुराम बालुवा खानी नविकरणको लागि जिल्ला विकास समितिको कार्यालय,

काठमाडौंलाई लेखिएको गोठाटार गा.वि.स.को कार्यालय, काठमाडौंको च.नं. १०७ मिति २०६६।०४।११ गतेको सिफारिस-पत्र।

१५१. बालुवा खानी ईजाजत पत्र नविकरणको लागि मिति २०६६।०४।१५ गते बच्चुराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा दिएको निवेदन।

१५२. खानी सञ्चालक बच्चुराम दाहालले माग गरेको पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३(क) को कि.नं. ५९ र ८४ तथा वडा नं. ४(क) को कि.नं. ८० को जग्गा समेत खानी क्षेत्र थप गरी खानी ईजाजत प्रमाण-पत्रको प्रतिलिपी दिने भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको मिति २०६६।०४।२० गतेको टिप्पणी आदेश।

१५३. पशुपति क्षेत्र विकास कोषको च.नं.१९७ मिति २०६५।०५।०२ को सहमति, मिति २०६५।०७।०५ को कोषसँगको सम्झौता र खानी तथा भूगर्भ विभाग, काठमाडौंको च.नं. १३७५ मिति २०६६।०३।२६ को सहमति र जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको मिति २०६६।०४।२० गतेको निर्णय अनुसार गोठाटार गा.वि.स. वडा नं. ३ मा पर्ने कि.नं. ५९ र ८४ तथा वडा नं. ४ मा पर्ने कि.नं. ८० खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप गरिएको भनी खानी उत्खनन्कर्ता बच्चुराम दाहालको नाममा जिल्ला विकास समितिको कार्यालय काठमाडौंले मिति २०६६।०४।२० मा जारी गरेको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति-पत्रको प्रमाणित प्रतिलिपि।

१५४. कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६१।११।२० मा दर्ता तथा जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा मिति २०६१।१२।३० मा दर्ता र आन्तरिक राजस्व विभागमा मिति २०६१।१२।०५ मा दर्ता भई जग्गा विकासको क्षेत्रमा काम गर्दै आएको आस्ता कन्सट्रक्शन एण्ड सर्भिसेस प्रा.लि.ले मिति २०६६।०४।२३ मा कोषको स्वामित्वमा रहेको काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं.३ (क) को कि.नं. ५९ र ८४ र ऐ. वडा नं.४ (क) को कि.नं. ८० को जग्गाहरुको विकास कार्य गर्ने तथा सो क्रममा निस्केको बालुवा प्रति क्यु.फिट रु.५।- वा रु. मासिक रु.५०,००,०००।— (पचास लाख) जुन बढी हुन्छ सो अनुसार प्रत्येक महिनाको ७ गते भित्र बुझाउने गरी आस्ता कन्सट्रक्शन एण्ड सर्भिसेस प्रा.लि.ले पशुपति क्षेत्र विकास कोषमा बुझाएको मिति २०६६।०४।२३ गतेको प्रस्ताव-पत्र।

१५५. गोठाटारस्थित कोषको जग्गामा बालुवा खानीमा अनिमियतता भएको भन्ने उजुरीको सम्बन्धमा छानविन गर्न समिति गठन भएकोले अर्को आदेश नभएसम्म बालुवा उत्खनन् तथा खानी संचालन नगर्न लेखी पठाउने भन्ने बेहोराको पशुपति क्षेत्र विकास कोषको मिति २०६६।०४।२३ गतेको पत्र।

१५६. कोषको गोठाटारस्थित जग्गामा सञ्चालित बालुवा खानीमा अनिमियतता भएको सम्बन्धमा अनुसन्धान कार्यको लागि बालुवा खानी सञ्चालन रोक्का गर्ने सम्बन्धमा पशुपति क्षेत्र विकास कोषको मिति २०६६।०४।२३ गतेको टिप्पणी आदेश।

१५७. पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल विच मिति २०६५।०७।०५ मा भएको सम्झौता अनुसार बालुवा खानी सञ्चालन गर्दै आउनु भएकोमा सो कार्य तुरुन्त रोकी छानविन समिति गठन गरी कारवाही अगाडि बढाउनु पर्ने आवश्यकता देखिएकोले अर्को निर्णय वा आदेश नभएसम्म कोषको जग्गाको बालुवा खानी सञ्चालन तुरुन्त बन्द गर्न मिति २०६६।०४।२३ को निर्णय अनुसार जानकारी गराईएको भन्नेसमेत बेहोराको बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ५५ मिति २०६६।०४।२३ गतेको पत्र।

१५८. पशुपति क्षेत्र विकास कोषको गोठाटारस्थित जग्गामा रहेको बालुवा खानीको बालुवा चोरी निकासी हुन नदिन पशुपति क्षेत्र विकास कोषको च.नं. ६६ मिति २०६६।०४।२७ गतेको पत्रद्वारा महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी काठमाडौं र जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई लेखिएको पत्र।

१५९. कोषको जग्गामा बच्चुराम दाहालबाट अनियमित तरिकाले बालुवा निकाल्ने कार्य भईरहेको सम्बन्धमा के कारबाही भईरहेको छ? सो को जानकारी पठाई दिन हुन भनी जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई लेखिएको खानी तथा भूगर्भ विभागको च.नं. १७९ मिति २०६६।०५।१७ गतेको पत्र।

१६०. काठमाडौं जिल्ला गोठाटार गा.वि.स.अन्तर्गत पर्ने बालुवा तथा ढुङ्गा खानीको उत्खनन् गर्ने ईजाजत प्रमाणपत्र आ.व. ०६६/०६७ को लागि ठेक्का प्रथाद्धारा जि.वि.स.कर र नियमानुसार लाग्ने रोयल्टी समेत उठाउने व्यवस्था मिलाई सकिएको हुँदा आ.व. ०६५/०६६ मा तपाईले गर्नुभएको सम्झौतापत्रमा उल्लेख भएका सम्पूर्ण शर्त बन्देजहरु, IEE र माईनिङ स्किममा तोकिए बमोजिमको शर्त, खानी तथा खनिज पदार्थ नियमावली (संशोधन) समेतमा उल्लेख भएका शर्तहरु पूर्ण रुपमा पालना गरी कुनै किसिमको हानी

नोक्शानी हुन नपाउने गरी कि.नं. २२, २३, ३४१ समेतको जग्गामा खानी सञ्चालन गर्न हुन स्वीकृति दिएको भन्नेसमेत बेहोराको खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. ८५२ मिति २०६६।०६।०७ गतेको पत्र।

१६१. पशुपति क्षेत्र विकास कोषको नाममा रहेको का. जि. गोठाटारस्थितको जग्गाबाट बालुवा खानी सञ्चालन गर्न प्रति क्यु.फिट रु ८।- (आठ रुपैया) कोषलाई बुझाउने र अन्य तिर्नु बुझाउनु पर्ने कर समेत आफैले तिर्ने बुझाउने गरी खानी सञ्चालन गर्न स्वीकृति पाउँ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका ६, बौद्ध बस्ने फिरोज लामाले पशुपति क्षेत्र विकास कोषमा मिति २०६६।०६।२२ गते दिएको निवेदन।

१६२. गोठाटारस्थित कोषको जग्गामा भएको अनिमियतता सम्बन्धमा गठित छानविन समितिका संयोजकद्वारा छानविनको क्रममा आवश्यक कागजात उपलब्ध गराउन भनी पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई सम्बोधन गरी लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. २७१ मिति २०६६।०७।१० गतेको पत्र।

१६३. कोषको उल्लेखित जग्गामा बालुवा खानी सञ्चालित बालुवा खानीमा भएको अनियमितता सम्बन्धमा गठित गोठाटार बालुवा खानीको छानविन समितिलाई पशुपति क्षेत्र विकास कोषको च.नं. ११० मिति २०६६।०७।१२ गतेको पत्रद्वारा फायल तथा कागजात पठाईएको पत्र।

१६४. गोठाटारस्थित कोषको जग्गामा खानी सञ्चालित बालुवा खानीमा अनियमितता भएको भन्ने सम्बन्धमा गठित छानविन समितिलाई बालुवा खानी सञ्चालनबाट भएको आर्थिक आय तथा व्यय, कोष सञ्चालक परिषद्, कार्य सम्पादन समिति र अन्य तहबाट बालुवा खानी सम्बन्धमा भएका सबै निर्णय कागजातहरु उपलब्ध गराई दिन हुन भनी पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई सम्बोधन गरी लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं.२९१ मिति २०६६।०७।१५ गतेको पत्र।

१६५. खानी तथा भूगर्भ विभाग, काठमाडौंको सहमति, जि.वि.स. समन्वय समितिको निर्णय प्रतिलिपी, साधारण निर्माणमुखी खनिज पदार्थको अनुमति-पत्र, खानी तथा भुगर्भ विभागको खानी सञ्चालन क्षेत्र थप गर्ने सम्बन्धी पत्र, माईनिङ स्किम पुस्तिका, IEE पुस्तिकाको छायाँकपी यसै पत्रसाथ पठाईएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं.११४८ मिति

२०६६।०७।१६ गतेको पत्र।

१६६. पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको गोठाटारस्थित ५३४ रोपनी जग्गामा खानी उत्खनन्कर्ता बच्चुराम दाहालले सञ्चालन गरेको बालुवा खानीबाट जिल्ला विकास समितिको कार्यालय, काठमाडौंले के कुन मितिबाट कर तथा रोयल्टी प्राप्त गरेको हो उपलब्ध गराई दिन जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३१७ मिति २०६६।०७।२३ गतेको पत्र।

१६७. जि.वि.स.बाट कर संकलन क्षेत्र विभाजन गरी नाका ठेक्का गरिएकोले प्रत्येक खानी सञ्चालकसँग रोयल्टी कर असुल नगरिएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. १२१९ मिति २०६६।०७।२४ गतेको पत्र।

१६८. बच्चुराम दाहाल र फिरोज लामाको बालुवा खानी क्षेत्र सहमति-पत्र बमोजिमको क्षेत्रमा परे नपरेको भन्ने प्रमाणित आधार नरहेकोले नापी सम्बन्धी निकायबाट फिल्ड भेरिफिकेसन गरी गराई अनुमति पत्र वमोजिम क्षेत्रको योजनामा पर्ने कित्ता सिमाङ्कन र खानी क्षेत्र सिमाङ्कन तथा रेखाङ्कन हुन उपयुक्त हुने भएकोले संलग्न कागजातहरुको छाँयाप्रति संलग्न राखी पठाइएको भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको खानी तथा भूगर्भ विभाग, काठमाडौंको च.नं. ३७८ मिति २०६६।०७।२५ गतेको पत्र।

१६९. कोषको गोठाटारस्थित उल्लेखित जग्गामा कोषसँग सम्झौता गरी आफूले खानी सञ्चालन गर्दै आईरहेको र प्रथम पक्ष (पशुपति क्षेत्र विकास कोष) बाट खानी सञ्चालन स्थगित गर्न अनुरोध भै आएकोमा पुनः खानी सञ्चालन गरी पाउँ भनी खानी उत्खनन्कर्ता बच्चुराम दाहालले मिति २०६६।०८।०३ गते पशुपति क्षेत्र विकास कोषलाई दिएको निवेदन।

१७०. पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६६।०७।२३ गतेको निर्णय अनुसार बालुवा ठेक्काबाट कोषलाई अधिकतम फाईदा हुने गरी सञ्चालन गर्न उपयुक्त हुने गरी गरेको निर्णयलाई कार्यान्वयन गर्न परिषद्का सदस्य सचिव श्री सुशिल नाहटालाई निर्देशन दिने भनी पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६६।०८।०५ गतेको निर्णय।

१७१. परिषद्को मिति २०६६।०७।२३ एवं २०६६।०८।०५ को बैठकको निर्णय अनुसार कोषको गोठाटारस्थित बालुवा खानीबाट कोषलाई अधिकतम फाइदा हुने गरी पुनः खानी सञ्चालन गर्न निर्देशन भएकोले बालुवा खानी सञ्चालकसँग छलफल गरी साविकको दरमा

बृद्धि हुने गरी बालुवाको बिक्री दर तय गरी पेश गर्न पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष नरोत्तम बैद्य र सदस्य टंक बहादुर श्रेष्ठलाई जिम्मेवारी दिईएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३७३ मिति २०६६।०८।०५ गतेको पत्र।

१७२. गोठाटारस्थित बालुवा खानीबाट कोषलाई अधिकतम फाइदा हुने गरी बालुवाको दररेट तय गर्न खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३७४ मिति २०६६।८।५ गतेको पत्र।

१७३. गोठाटारस्थित बालुवा खानीबाट कोषलाई अधिकतम फाइदा हुने गरी बालुवाको दररेट तय गर्न खानी उत्खनन्कर्ता बच्चुराम दाहाल, पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष नरोत्तम बैद्य र सदस्य टंकबहादुर श्रेष्ठको उपस्थितिमा मिति २०६६।०८।०७ गते बसेको बैठकले मिति २०६६।०८।०८ पुनः छलफल गर्ने गरी गरेको निर्णय।

१७४. गोठाटारस्थित बालुवा खानीबाट कोषलाई अधिकतम फाइदा हुने गरी बालुवाको दररेट तय गर्न खानी उत्खनन्कर्ता बच्चुराम दाहाल, पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष नरोत्तम बैद्य र सदस्य टंक बहादुर श्रेष्ठको उपस्थितिमा मिति २०६६।०८।०७ गते बसेको बैठकको निर्णय।

१७५. कोषका आधिकारीक प्रतिनिधि र खानी सञ्चालक विचमा बालुवाको साविक दररेट बृद्धिका सम्बन्धमा छलफल हुँदा कोषको जग्गामा उत्खनन् गर्दा निस्केको बालुवाको प्रति क्यू.फिट रू. ४।१० का दरले कोषलाई बुझाउने सर्तमा खानी सञ्चालन गर्न दिने सहमति गरी प्रतिवेदन पेश गर्ने खानी उत्खनन्कर्ता बच्चुराम दाहाल, पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष नरोत्तम बैद्य र सदस्य टंक बहादुर श्रेष्ठको मिति २०६६।०८।०८ गतेको निर्णय।

१७६. कोषको गोठाटारस्थित जग्गामा अनियमितता भएको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रानुसार छानविन समिति गठन भई छानवित तथा अध्ययन गरी आयोगमा प्रतिवेदन बुझाईसकेको अवस्थामा सो विषयमा आयोगबाट जो जे निर्देशन हुन्छ सोही बमोजिम पालना गर्ने गरी हाललाई प्रति क्यू.फिट रू. ४।१० लिने गरी बालुवा खानी पुनः सञ्चालन गर्न दिन उपयुक्त हुने देखि सिफारिस गरिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३०३ मिति २०६६।०८।०९ गतेको पत्र मार्फत टंक बहादुर श्रेष्ठ र नरोत्तम बैद्यले कोषका सदस्य सचिवलाई सम्वोधन गरी लेखिएको प्रतिवेदन।

१७७. बालुवा मुल्य प्रति क्यू.फिट रु.४।१० प्रथम पक्ष (पशुपति क्षेत्र विकास कोष) लाई

बुझाउने र खानी उत्खनन् गर्दा माईनिङ स्किममा बमोजिम गर्ने भनी खानी उत्खनन्कर्ता बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषलाई सम्झौताको प्रतिस्थापन गर्ने सम्बन्धमा मिति २०६६।०८।१० गते दिएको निवेदन।

१७८. बालुवाको दररेट प्रति क्यू.फिट रु.४।१० का दरले १२,१५,०००।- घ.मि.को प्रचलित कानूनबमोजिम राख्नु पर्ने ५% धरौटी कोषको नाममा रहेको डिल्लीबजारस्थित नेपाल बैंक लिमिटेडको ब.हि.न.७७७४५ मा नगद जम्मा गरी वा खानी सञ्चालन अवधिभरको म्याद भएको बाणिज्य बैंकहरुको परफरमेन्स बोण्डको सक्कल प्रति एवं करदाता प्रमाण-पत्रको प्रामाणित प्रतिलिपि पेश गर्न भनी खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ९२१ मिति २०६६।०८।११ गतेको पत्र।

१७९. मिति २०६६।०४।२३ बाट बन्द रहेको बच्चुराम बालुवा खानीबाट कोषलाई अधिकतम फाइदा हुने गरी खानी सञ्चालन गर्न कोष परिषद्का कोषाध्यक्ष नरोत्तम बैद्य समेतले मिति २०६६।८।९ गते पेश गर्नु भएको प्रतिवेदनको आधारमा बालुवा ठेकेदारसँग छलफल गरी कार्यन्वयन गर्न निर्देशन भए बमोजिम बालुवा प्रति क्यू.फिट रु.४।१० (चार रुपैयाँ दश पैसा मात्र) कोषलाई बुझाउने गरी स्थगन गरिएको बालुवा खानी मिति २०६६।०८।११ गतेबाट पुनः सञ्चालन गर्न फुकुवा गरिएको भन्नेसमेत बेहोराको खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ८९८ मिति २०६६।०८।११ गतेको पत्र।

१८०. कोषको च.नं. ८९८ मिति २०६६।०८।११ को पत्रद्वारा खानी सञ्चालन फुकुवा गर्दा त्यहाँ केही दिन अगाडि काटिएका रुखहरु कोषमा बुझाउने र उक्त खानी क्षेत्रबाट बालुवा चोरी गरी नजिकै जम्मा गरेको भन्ने बिषयमा तपाईले विवरण उपलब्ध गराउने मौखिक कुरा भएकोमा रुख पनि नबुझाउनु भएको र चोरी गरेको बालुवाको विवरण समेत हालसम्म नबुझाउनु भएकोले तुरुन्त उक्त रुख र विवरण पेश गर्न हुन भनी खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३१९ मिति २०६६।०८।२३ गतेको पत्र।

१८१. यस कोषको च.नं.९२१ मिति २०६६।०८।११ गतेको पत्रद्वारा गोठाटार बालुवा खानी सञ्चालनका लागि प्रचलित कानून बमोजिम कुल लागतको ५% बैंक धरौटी वा बाणिज्य बैंकहरुले परफरमेन्स बोण्डको सक्कल भौचर र कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्न जानकारी गराएकोमा हालसम्म पनि पेश गर्नु नभएको तर बालुवा खानी भने

सञ्चालन गरी रहनु भएकोले के कति कारणले धरौटी र कर दर्ता प्रमाण-पत्र पेश नगरी खानी सञ्चालन गर्नु भएको हो? स्पष्टीकरण सहित माग गरे अनुसारको कागजात पेश गर्न हुन भनी खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३१८ मिति २०६६।०८।२३ गतेको पत्र।

१८२. पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव सुशिल नाहटाको संयोजकत्वमा गठित गोठाटारस्थित बालुवा खानीको अध्ययन तथा छानविन समितिले खानी तथा खनिज पदार्थ ऐन, २०४२ ले दिएको अधिकार प्रयोग गरी बनेको खानी तथा खनिज पदार्थ नियमावली,२०५६ को परिच्छेद ७ नियम ३५,३६,३७ र ३८ अनुसार जिल्ला विकास समितिले कोषको जग्गामा बालुवाखानी सञ्चालन गर्न बच्चुराम दाहाललाई विधिवत रुपमा मिति २०६६।४।२० मा अनुमतिपत्र (क्वारी क्षेत्र थप गर्ने) जारी गरेको भए तापनि सो अनुमतिपत्र र कानूनी व्यवस्थालाई अवलम्वन नगरी उक्त मिति भन्दा अगावै मिति २०६५।६।१७ मा खानी सञ्चालन सम्बन्धमा अनुमति दिई खानी सञ्चालन गराएको तर क्वारी क्षेत्र थप गरिएको जानकारी जिल्ला विकास समितिबाट कोषलाई जानाकारी गराईएको नदेखिएको, कोषको च.नं. ७८७ मिति २०६५।४।७ को पत्रद्वारा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौलाई बालुवा बिक्री गरी ढिस्को सम्याउने कार्यक्रम कार्यान्वयन गर्ने विषयमा जानकारी माग गरेको, सो पत्रको जवाफमा जिल्ला विकास समितिको चं.नं. २३६ मिति २०६५।४।८ को पत्रबाट गोठाटार गा.वि.स. वडा नं. ३ बस्ने बच्चुराम दाहालले खानी तथा भूगर्भ विभागको स्विकृति र सहमतिमा कोषको जग्गा समेतलाई आफ्नो लिज एरियामा पारी बालुवाखानी उत्खनन् गर्न जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौबाट ईजाजत प्रमाणपत्र जारी गरिएको छ भनी पत्राचार गरेको देखिएको, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३१, ३२ र ३३ मा खानी सञ्चालन गर्दा वातावरण संरक्षणका लागि पालना गर्नु पर्ने विभिन्न प्रावधानहरु भएपनि खानी उत्खनन्कर्ताले त्यसको पालना गरेको नपाईएको, खानी उत्खनन्कर्ताले कोषसँग गरेको सम्झौता र स्वीकृत माईनिङ्ग स्किम बमोजिम पालना गर्नुपर्ने सर्तहरू पालना नगरेको, कोषका तर्फबाट नियुक्त सि.एन. एसोशियट्स प्रा.लि. ले नेपाल सरकारले तय गरेको मूल्यलाई आधार बनाई दिएको प्रतिवेदन अनुसार कायम भएको मूल्य प्रति क्यू.फिट रू. ६।०७ का आधारमा तत्कालिन सदस्य सचिवबाट बोलपत्र प्रकृया सम्बन्धी निर्णय भई सो को प्रारम्भ भईसकेको अवस्थामा कुनै ठोस आधार र कारणको अभावमा प्रकृया नै

नपुऱ्याई आफ्नै पूर्व निर्णय प्रतिकूल हुने गरी कोषलाई प्रत्यक्ष घाटा हुने गरी साविकको मूल्यलाई घटाई प्रति क्यू.फिट रू. ३।०५ मूल्य कायम गरिएको कार्य कानून सम्मत नदेखिएको, गैह्रकानुनी रुपमा काटिएका रुखहरुको जिम्मा आर्थिक लेखा परिक्षण समितिलाई अधिकार दिने परिषदको मिति २०६६।०१।२२ को निर्णय प्रतिकुल हुने गरी यस बिषयमा कार्य सम्पादन समितिको मिति २०६६।०२।२९ को निर्णय नं. ३ अनुसार गोठाटार भैमाल खानेपानी तथा सरसफाई उपभोक्ता समिति, गोठाटारलाई उपलब्ध गराउने निर्णय अख्तियारी विपरित देखिएको, श्री बच्चुराम दाहालले कानूनी रुपमा बालुवा खानी सञ्चालन गर्ने जि.वि.स.बाट अनुमति नै नलिई (क्वारी क्षेत्र थप नभई) कोषसँग सम्झौता गरी कोषको जग्गामा बालुवा खानी सञ्चालन गरी बालुवा बिक्री गरेको कार्य अनियमित भएको, माईनिङ स्किम र खानी तथा भुगर्भ विभागको सहमति प्रतिकुल तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् गरी अनियमित कार्य गरेको, खानी सञ्चालन गर्दा वातावरण संरक्षण सम्बन्धमा कानूनी व्यवस्था बमोजिम कार्य नगरेको, बेन्चिङ्ग प्रणालीबाट बालुवा उत्खनन् कार्य गर्नु पर्नेमा सो नगरेको र कोषसँग भएको सम्झौता बमोजिम प्रर्याप्त सुरक्षाको व्यवस्था नगरी खानी उत्खनन् कार्य गरेबाट जिउ धनको नोक्सानी समेत भएकोले सम्झौताका शर्तहरुको पालना गरेको नदेखिएको भन्नेसमेतका बेहोरा उल्लेख गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष पेश गरेको मिति २०६६।०८।२६ गतेको छानविन प्रतिवेदन।

१८३. पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको गोठाटारस्थित जग्गाको बालुवा खानी ठेकेदारलाई सञ्चालन गर्न दिंदा अनियमितता गरे भन्ने उजुरी उपर आयोगको मिति २०६६।०१।०६ को निर्णय अनुसार सो विषयमा प्रतिवेदन पेश गर्न समिति तोकिएकोमा उक्त समितिले प्रतिवेदन पेश गरेको, सो क्षेत्रमा उक्त खानी सञ्चालन गर्न निज ठेकेदारले अनुमति प्राप्त गरेको समेत देखिएको र कोषका प्रतिनिधि तथा ठेकेदार विच बालुवा विक्रीको साविक दरमा विक्री गर्न भएको सहमति एवं मिति २०६६।०८।०९ मा परिषद्का कोषाध्यक्ष नरोत्तम बैद्य समेतबाट पेश भएको प्रतिवेदनको आधारमा उक्त खानीबाट विक्री हुने बालुवाको दरमा वृद्धि गरी प्रति क्यू.फिट रू. ४।१० कोषलाई बुझाउने भन्ने कोषको च.नं. ८९८ मिति २०६६।०८।११ को आयोगमा प्राप्त पत्र समेतबाट देखिँदा प्रश्तुत विषयमा थप छानविन गरीरहनु परेन। प्रश्तुत विषयको उजुरी तामेलीमा राखी लगत कट्टा गरीनुका साथै पशुपति क्षेत्र विकास कोषको वृहत्तर हितलाई

ध्यानमा राखी उक्त खानी सञ्चालन सम्बन्धी कार्य गर्न प्रश्तुत निर्णयको जानकारी सहितको प्राप्त प्रतिवेदन पशुपति क्षेत्र विकास कोषलाई पठाईदिने भनी आयोगबाट मिति २०६६।०९।१४ मा निर्णय भएको बेहोरा अनुरोध साथै, गोठाटारस्थित बालुवा खानी अध्ययन तथा छानविन समितिको प्रतिवेदन, २०६६ यसै पत्र साथ संलग्न राखी पठाईएको भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. ८२७ मिति २०६६।०९।२३ गतेको पत्र।

१८४. पशुपति क्षेत्र विकास कोष अन्तर्गत रहेका जग्गाहरुबाट बालुवा चोरी निकासी भइरहेको भन्ने व्यापक जनगुनासो प्राप्त हुन आएको हुँदा तहाँ कोष अन्तर्गत रहेका जग्गाबाट खानी सञ्चालन भएका छन्, छैनन् ? यदि भएमा कहाँ कहाँ, को कसले खानी सञ्चालन गरेका छन् ? सो को विवरण उपलब्ध गराई दिन हुन भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको महानगरीय प्रहरी वृतको च.नं. २१७० मिति २०६६।१०।२१ गतेको पत्र।

१८५. निर्माण सामाग्री ढुवानी गर्ने सवारी साधनको मापदण्ड निर्धारण गरी यातायात ब्यवस्था विभागबाट मिति २०६६।१०।१८ गते राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित सूचना।

१८६. यातायात व्यवस्था विभागले ढुवानी गर्ने सवारी साधनको मापदण्ड निर्धारण गरेकोले मूल्य परिमार्जन गरी पाउँ भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको खानी सञ्चालक बच्चुराम दाहालको मिति २०६६।११।२८ गतेको निवेदन।

१८७. खानी सञ्चालक बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषसँग भएको मिति २०६५।०७।०५ गतेको सम्झौता बमोजिम बालुवा खानी सञ्चालन नगरेको भन्ने सम्बन्धमा स्पष्टीकरण पेश गर्न खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ६४२ मिति २०६६।११।०५ गतेको स्पष्टीकरण पत्र।

१८८. वालुवा खानी सञ्चालन गर्दा सम्झौता, माईनिङ स्किम र खानी तथा भूगर्भ विभागको सहमतिको प्रतिकूल हुने गरी बालुवा उत्खनन् गरी बिक्री वितरण नगरेको, वातावरणीय सूचाङ्कहरुको अडिट सम्बन्धमा नियमानुसार गराई सम्बन्धित निकायमा पेश गरी सकिएको, कामदारको विमा लगायत प्रर्याप्त सुरक्षा व्यवस्थाको सम्बन्धमा प्रचलित कानून र कोषसँग भएको सम्झौताको दफा ४ र ५ बमोजिम भईरहेको, रुख कटान गरी नबुझाएको भन्ने सम्बन्धमा कोषको सञ्चालक परिषद् र कार्य सम्पादन समितिबाट श्री परमानन्द शाक्यज्यू सदस्य सचिव भएको बखत कोषको निर्णय बमोजिम उपभोक्ता समितिले लगेको, बालुवाको

लगत प्रचलित कानून बमोजिम नै राखिएको, वातावरणलाई प्रतिकुल असर नपारिएको र प्रचलित वातावरण सम्बन्धी कानूनको पालना गरिएको, सम्झौता भन्दा वाहिर कुनैपनि कार्य नभएको भन्नेसमेत बेहोराको खानी सञ्चालक बच्चुराम दाहालले मिति २०६६।११।१० गते कोषमा पेश गरेको पशुपति क्षेत्र विकास कोषको च.नं. ६४२ मिति २०६६।११।०५ गतेको स्पष्टिकरण पत्रको जवाफ।

१८९. पशुपति क्षेत्र विकास कोषको नाममा दर्ता रहेको गोठाटार गा.वि.स. अन्तर्गत विभिन्न वडामा रहेको जग्गामा ठेकेदारबाट बालुवा उत्खनन् भैरहेको तथा उक्त ठेकेदारको तेज विनायक बालुवा प्रशोधन केन्द्रमा ठेकेदारकै ट्रिपरबाट विना बिल बालुवा निकास हुँदा समेत त्यहाँ ड्युटीमा रहेका सुरक्षाकर्मी मुकदर्शक भई बस्नु पर्ने अवस्था भएको कारण उक्त चुहावट रोक्नको लागि मिति २०६६।०९।०७ मा जानकारी गराएको तर हालसम्म रोक्ने व्यवस्था नभएको तथा उक्त चुहावट नियन्त्रणका लागि खानी भन्दा दक्षिण तर्फको सडक बन्द गर्ने र खानीबाट बालुवा लिई निस्कने सवारी साधनको बिल चेक जाँच गरी पठाउनु पर्ने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई सम्वोधन गरी लेखिएको कोषका सुरक्षा जवान यदु कुमार भट्टको मिति २०६६।११।६ गतेको प्रतिवेदन।

१९०. कोषको गोठाटारस्थित बालुवा खानीमा खानी सञ्चालक बच्चुराम दाहालले खानी सञ्चालन गर्दा कोषसँग गरेको सम्झौता तथा माईनिङ स्किम अनुसार खानी सञ्चालन नगरेको, रुखहरु कटान गरेको प्रमाण पेश नगरेको, वातावरणीय सूचाङ्कहरुको अडिट नगराएको, खानी क्षेत्रको भौतिक संरचना पूर्ण रुपमा विगारी बालुवा निकाली बिक्री वितरण गरेको, बालुवा निकालिएको लागत हिसाव नराखेको, माटो बिक्री गर्न नपाउनेमा खानी क्षेत्रवाट माटो समेत बिक्री गरिएको, जमिनको लेभल भन्दा तल गई खाल्डो खनी बालुवा निकालिएको, प्रचलित ऐन, नियमावली तथा खानी तथा भूगर्भ विभाग र जिल्ला विकस समितिको कार्यालयबाट तोकिएको शर्तहरुको पूर्ण पालना नगरेको र निर्धारित समय भन्दा वाहिर गई बालुवा उत्खनन् भईरहेको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष, प्रशासन महाशाखाका निर्देशक भोला सिटौला समेतले मिति २०६६।११।१४ गते कोषमा पेश गरेको तथ्यगत विवरण सहितको प्रतिवेदन।

१९१. खानी सञ्चालन गर्दा सम्झौता अनुसारको माईनिंग स्किम अनुसार खानी सञ्चालन नगरेको, रुखहरु कटान गरेको प्रमाण पेश नगरेको, वातावरणीय सूचाङ्कहरुको अडिट नगराएको, खानी

क्षेत्रको भौतिक संरचना पूर्ण रुपमा बिगारी बालुवा निकाली बिक्री वितरण गरेको, बालुवा निकालिएको लागत हिसाव नराखेको, माटो बिक्री गर्न नपाउनेमा खानी क्षेत्रवाट माटो समेत बिक्री गरेको, जमिनको लेभल भन्दा तल गई खाल्टो खानी बालुवा निकालेको, प्रचलित ऐन, नियमावली, खानी तथा भूगर्भ विभाग र जिल्ला विकस समितिको कार्यालयवाट तोकिएको शर्तहरुको पूर्ण पालना नगरेको र निर्धारित समय भन्दा वाहिर गई बालुवा उत्खनन् गरेको सम्बन्धमा कुनै युक्तियुक्त स्पष्टिकरण पेश नगरेको भनी खानी सञ्चालक बच्चुराम दाहाललाई सोधिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ६६४ मिति २०६६।११।१९ गतेको पुनः स्पष्टिकरण-पत्र।

१९२. खानी सञ्चालक बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषको च.नं. ६६४ मिति २०६६।११।१९ गतेको पत्र पढी सही नै नगरी फिर्ता दिएको भन्नेसमेत बेहोराको मुचुल्का सहितको कोषका तर्फबाट खानी क्षेत्रमा खटिएका रक्षक (सुरक्षा जवान) यदु कुमार भट्ट समेतले मिति २०६६।११।२१ गते दिएको निवेदन।

१९३. कोषको स्वामित्वमा रहेको गोठाटारस्थित बालुवा खानीमा विहान ६ बजेदेखि साँझ ६ बजेसम्म कोषको नगदी रसिद अनुसारको गाडिहरूलाई बालुवा मात्र निकासी गर्ने गरी अनुमति दिईएकोमा सो खानीबाट माटो समेत चोरी निकासी भएको भन्ने जानकारी प्राप्त भएकोले माटो निकासी गर्ने अनुमति कोही कसैलाई नभएको हुँदा चोरी निकासी हुन नदिन आवश्यक सुरक्षा व्यवस्था मिलाई दिन हुन महानगरीय प्रहरी वृत्त बौद्ध, काठमाडौंलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.न. ६७१ मिति २०६६।११।२३ गतेको पत्र।

१९४. बालुवा चोरी निकासी भएको सम्बन्धमा घनश्याम पराजुली समेतले पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई मिति २०६६।११।२६ मा दिएको प्रतिवेदन।

१९५. श्री कृष्ण प्रणामी सेवा समिति गोठाटारले मिति २०६६।१२।०२ गते आफ्नो कार्यक्रम रहेकोले कार्यक्रम अवधिभर खानी सञ्चालन रोकी दिन अनुरोध गरी लेखिएको पत्र।

१९६. पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको बालुवा खानीबाट कोषलाई अधिकतम फाईदा पुग्ने गरी काम अगाडि बढाउन मिति २०६६।०९।२३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्धारा निर्देशित पत्र बमोजिम काम सम्बन्धमा उपयुक्त राय सुझाव सहितको प्रतिवेदन पेश गर्न कोषका कार्यकारी निर्देशक रामशरण चिमौरियाको संयोजकत्वमा जि.वि.स.को कार्यालय, काठमाडौं समेतको प्रतिनिधि रहने गरी कार्यटोली

गठन गर्ने र सो टोलीले पत्र पाएको मितिले ३ हप्ता भित्र परिषद्मा प्रतिवेदन पेश गर्ने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६६।११।११ गतेको निर्णय।

१९७. बालुवा खानी सञ्चालन सम्बन्धमा भएका निर्णय लगायतका कागजातहरु उपलब्ध गराई अर्को व्यवस्था नभएसम्मको लागि बालुवा खानी सञ्चालन नगर्न नगराउन हुन भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ११७९ मिति २०६६।१२।१७ गतेको पत्र।

१९८. कोषको गोठाटारस्थित जग्गामा सञ्चालित बालुवा खानीको सञ्चालन सम्बन्धी छानविन प्रतिवेदन पठाएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ७४७ मिति २०६६।१२।१७ गतेको पत्र।

१९९. गोठाटारस्थित जग्गावाट बालुवा झिक्न दिईएको ठेक्का सम्बन्धमा कोषका कार्यकारी निर्देशकलाई विवरण एवं कागजातहरु उपलब्ध गराई दिन भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको व्यवस्थापिका-संसद सार्वजनिक लेखा समितिको च.नं. ४१३ मिति २०६६।१२।१८ गतेको पत्र।

२००. गोठाटारस्थित जग्गामा कोषको अर्को व्यवस्था नभएसम्म बालुवा खानी सञ्चालन नगर्न पशुपति क्षेत्र विकास कोषलाई लेखिएको सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा सस्कृति मन्त्रालय संस्कृति शाखाको च.नं. १०२१ मिति २०६६।१२।२० गतेको पत्र।

२०१. सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय, संस्कृति शाखाको च.नं. माईनिङ स्किम तथा कोष विचको सम्झौता र उत्खनन्कर्तालाई तोकिएको सहमतिको शर्त विपरीत कार्य गरेको भनी खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई स्पष्टीकरण सोधिएकोमा निजले आधारयुक्त जवाफ पेश गर्न नसकेको, तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् गरेको, बेञ्चिङ प्रणालीबाट बालुवा उत्खनन् कार्य नगरेको, डम्पयार्ड, सिल्टेशन पोण्ड निर्माण नगरेको, दैनिक २९९ घन मिटर मात्र बालुवा उत्खनन् गर्नु पर्नेमा सोको ठाडो उल्लंघन गरेको, सम्झौताको शर्त अनुसार माथिबाट बेञ्च बनाई तल आउनु पर्नेमा सो कार्य नगरेको, स्वीकृति विना रुख कटान गरेको, Environment Audit नगराएको, कामदारको सुरक्षा व्यवस्था नगरेको, जथाभावी रुपमा बालुवा निकासी तथा विक्री वितरण गरेको, निकालिएको बालुवाको लगत हिसाब नराखिएको, बालुवा चोरी निकासी गरी बिक्री

वितरण भएको, अनुमति प्राप्त गर्नु अगावै कोषको जग्गामा बालुवा खानी सञ्चालन गरेको, सम्झौता विपरीत जमिनको लेभल भन्दा तल गई उत्खनन् गरेको, वातावरणमा प्रतिकूल असर पर्ने गरी खानी सञ्चालन गरेको, सम्झौता विपरीत माटो समेत विक्री वितरण गरी माईनिङ स्किम र खानी विभागले दिएको मिति २०६६।०३।२६ को सहमतिको शर्तहरू समेत उल्लंघन गरेको हुँदा परफरमेन्स बण्डको रकम समेत जफत गर्ने गरी मिति २०६५।०७।०५ मा भएको सम्झौता रद्ध गरिएको भन्नेसमेत बेहोराको श्री बच्चुराम दाहाललाई लेखी पठाएको पशुपति क्षेत्र विकास कोषको निर्णय पर्चा सहितको पशुपति क्षेत्र विकास कोषको च.नं. ७६२ मिति २०६६।१२।२६ गतेको पत्र।

२०२. कोषको मिति २०६६।१२।२६ गतेको निर्णय अनुसार कोषको जग्गामा रहेको खानी सञ्चालन गर्न कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल विच मिति २०६५।०७।०५ मा भएको सम्झौता रद्द गरिएकोले सो को आधारमा खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई प्रदान गरिएको खानी सञ्चालन अनुमति पत्रको औचित्य समेत समाप्त हुने भएकोले अग्रिम कारबाहीको लागि खानी तथा भूगर्भ विभाग, काठमाडौंलाई लेखी पठाएको पशुपति क्षेत्र विकास कोषको च.नं.७६५ मिति २०६६।१२।२७ गतेको पत्र।

२०३. कोषको मिति २०६६।१२।२६ गतेको निर्णय अनुसार कोषको जग्गामा रहेको खानी सञ्चालन गर्न कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल विच मिति २०६५।०७।०५ मा भएको सम्झौता रद्द गरिएकोले सो को आधारमा खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई प्रदान गरिएको खानी सञ्चालन अनुमति-पत्रको औचित्य समेत समाप्त हुने भएकोले अग्रिम कारबाहीको लागि जिल्ला विकास समितिको कार्यालय काठमाडौंलाई लेखी पठाएको पशुपति क्षेत्र विकास कोषको च.नं.७६६ मिति २०६६।१२।२७ गतेको पत्र।

२०४. पशुपति क्षेत्र विकास कोषको गोठाटारस्थित बालुवा खानी प्रति क्यु.फिट रू. ११।- (एघार रुपैयाँ) तिरी अन्य तिर्नु पर्ने कर समेत आफैले तिर्ने बुझाउने गरी खानी सञ्चालन गर्न स्वीकृति पाउँ भन्नेसमेत बेहोराको काठमाडौं महानगरपालिका ६ बौद्ध बस्ने फिरोज लामाले पशुपति क्षेत्र विकास कोषमा दिएको मिति २०६६।१२।२७ गतेको निवेदन।

२०५. पशुपति विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल विच भएको सम्झौता रद्द भएको हुँदा कोष लाई तिर्न बाँकी रकम दाखिला गरी प्रयोग हुन बाँकी सम्पूर्ण कुपन फिर्ता बुझाउन भनी खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं.७८५ मिति २०६७।०१।०३ गतेको पत्र।

२०६. कोषको जग्गामा रहेको खानी उत्खनन् सम्बन्धी सरसामान हटाई जग्गा खाली गर्न खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति विकास कोषको च.नं. ७८३ मिति २०६७।०१।०३ गते पत्र।

२०७. पशुपति क्षेत्र विकास कोषको च.नं. ७६६ मिति २०६६।१२।२७ गतेको पत्र सम्बन्धमा खानी सञ्चालक बच्चुराम दाहालले प्रत्येक बर्ष खानी ईजाजत पत्र नविकरण गर्दै आईरहेको र खानी तथा खनिज नियमावली, २०५६ र संशोधित २०६० को नियम ४३ मा व्यवस्था भए अनुसार मात्र कुनैपनि खानीको ईजाजत पत्र रद्द हुने हुनाले त्यस कोषको निर्णय वा पत्रबाट खानी सञ्चालन ईजाजतको औचित्यता समाप्त हुन नसक्ने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. २७३१ मिति २०६७।०१।०७ गतेको पत्र।

२०८. बालुवा खानी सञ्चालन गर्दा सम्बन्धित जग्गाधनीले प्रति घनफिट प्राप्त गर्ने गरेको रकम खुलाई पठाई दिन जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई लेखिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंको च.नं. १२८३ मिति २०६७।०१।१३ गतेको पत्र।

२०९. सम्बन्धित जग्गाधनी र खानी सञ्चालक विच भएको सम्झौताको आधारमा बालुवाको मूल्य निर्धारण हुने भन्नेसमेत बेहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाललाई लेखिएको जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं. २९०८ मिति २०६७।०१।१५ गतेको पत्र।

२१०. कोषको गोठाटारस्थित बच्चुराम बालुवा खानीको बालुवा बिक्रीमा के कति मुल्य अभिवृद्धि कर दाखिला गरेका छन्, मुल्य अभिवृद्धि कर तिर्नु बुझाउन नपर्ने भए कुन कानूनले छुट सुविधा प्रदान गरिएको हो? उल्लेखित कुराहरु खुलाई पठाई दिन हुन भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको राजस्व अनुसन्धान विभागको च.नं.२९४८ मिति २०६७।०१।१९ गतेको पत्र।

२११. स्थायी लेखा नं. ३०३९५८३१६ मा दर्ता भएका करदाता बच्चुराम दाहालले तहासँग सम्झौता गरी बालुवा वेचविखन गर्ने ठेक्का प्राप्त गरेको सम्बन्धमा निजले सम्झौता भए देखि हालसम्ममा गरेको विक्री कारोबारलाई प्रमाणित हुने विक्री बिलहरु वा नगद प्राप्ति रसिदको प्रतिलिपि वा सो कारोबारको मासिक रुपमा खुल्ने विवरण उपलब्ध गराई दिन हुनको साथै दाखिला भएको रोयल्टी रकम समेत खुलाई दिन हुन भनी पशुपति क्षेत्र

विकास कोषलाई लेखिएको आन्तरिक राजस्व कार्यालय बबरमहल काठमाडौंको च.नं. १६१९ मिति २०६७।०१।१४ गतेको पत्र।

२१२. आन्तरिक राजस्व कार्यालय बबरमहल काठमाडौंको च.नं. १६१९ मिति २०६७।०१।१४ गतेको पत्र सम्बन्धमा कोषलाई प्राप्त हुने सम्झौता बमोजिमको रकम बाहेक रोयल्टी लगायत अन्य कुनैपनि रकम कोषमा प्राप्त नभएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषको च.नं. ८७१ मिति २०६७।०२।०९ गतेको जवाफ।

२१३. कोषको नाममा दर्ता भएको गोठाटारको जग्गाहरुमा सञ्चालित बालुवा खानीको सञ्चालक बच्चुराम दाहालले कोषमा दाखिला गरेको रकमको फाँटवारी यसै साथ संलग्न राखी पठाएको भन्नेसमेत बेहोराको राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ८७२ मिति २०६७।२।९ गतेको पत्र।

२१४. पशुपति क्षेत्र विकास कोषको कि.नं. ५९, ८४ र ८० का कित्ताहरू बाहेक अन्य कित्ताहरूमा खानी सञ्चालन गरीरहेकोमा उक्त बालुवा खानी बन्द भएको भनी मलाई प्रहरीबाट रोकावट भएको हुँदा खानी सञ्चालन भएको बेहोरा जानकारी गराई दिनु हुन भनी जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा खानी सञ्चालक बच्चुराम दाहालले मिति २०६६।०२।२४ गते दिएको निवेदन।

२१५. पशुपति क्षेत्र विकास कोषको बृहत्तर हितलाई ध्यानमा राखी हाल बुझाउदै आएको शुल्कमा बृद्धि गर्ने र आवधिक रुपमा बुझाउने न्युनतम रकम निर्धारण गरी जुन बढी हुन्छ सोही रकम शुल्कका रुपमा बुझाउन पर्ने गरी पारदर्शी ढंगले सम्झौता गरी खानी सञ्चालन गर्न भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. १२९१ मिति २०६७।०२।२७ गतेको पत्र।

२१६. पशुपति क्षेत्र विकास कोषको बृहत्तर हितलाई ध्यानमा राखी हाल बुझाउदै आएको शुल्कमा बृद्धि गर्ने र आवधिक रुपमा बुझाउने न्युनतम रकम निर्धारण गरी जुन बढी हुन्छ सोही रकम शुल्कका रुपमा बुझाउन पर्ने गरी पारदर्शी ढंगले सम्झौता गरी खानी सञ्चालन गर्न भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६७।०२।३१ गतेको निर्णय।

२१७. खानी सञ्चालक बच्चुराम दाहालले २०६७ साल आषाढमा पेश गरेको Environmental Audit Report.

२१८. पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६७।०२।३१ गते बसेको

बैठकबाट भएको निर्णयमा उल्लेख भएका कुराहरु कार्यान्वन गरी मन्त्रालयलाई जानकारी गराउनु हुन भनी पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई लेखिएको सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको च.नं.१४०४ मिति २०६७।०३।०१ गतेको पत्र।

२१९. पशुपति क्षेत्र विकास कोषको च.नं. ९६१ मिति २०६७।०३।०७ गतेको पत्र मार्फत जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली बमोजिम गठित राजस्व परामर्श समितिबाट सिफारिस भएको सो बस्तुहरुको न्यूनतम दर रेट तथा ठेक्का बन्दोबस्त भएको भए सम्झौता भएको दररेट अंक खुलाई पठाई दिन लेखिएको पत्र।

२२०. खानी सञ्चालक बच्चुराम दाहालले खानी ईजाजत प्रमाणपत्र नविकरण गरी पाउँ भनी जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा दिएको निवेदन।

२२१. बच्चुराम दाहालको नाममा जारी भएको ईजाजत प्रमाणपत्र आ.व.०६७।०६८ को लागि खानी सञ्चालन गर्नको लागि नविकरण गरी दिन सिफारिस गरिएको भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय काठमाडौंलाई लेखिएको गोठाटार गाउँ विकास समितिको कार्यालयको च.नं. ४५२२ मिति २०६७।०३।२२ गतेको पत्र।

२२२. पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक तथा संयोजक रामशरण चिमौरिया समेतको कार्यटोली (समिति)ले बालुवा खानी सञ्चालन सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन बमोजिम कोषको अधिकतम हित कसरी हुन् सक्छ भन्ने विषयमा छलफल र अन्तरक्रिया हुँदा जग्गाको सदुपयोग गरी आय आम्दानी बढाउने तथा जग्गा समतल गराई समयमा गुरूयोजना लागू गर्ने लगायतका सुझावहरू प्राप्त भएको, खानी उत्खनन्कर्ताका सहोदर दाजु मिठ्ठाराम दाहालले खानी क्षेत्र बन्द रहेको अवस्थामा समेत बालुवा तथा माटो उत्खनन् गरी निकासी पैठारी गरेको भनी कोषका तर्फबाट उक्त जग्गाको रेखदेख गर्न खटिएका सुरक्षाकर्मीहरुले प्रतिवेदन दिएको, खानी उत्खनन्कर्ताले स्वीकृत माईनिङ्ग स्किम बमोजिम दैनिक २९९ घन मिटर वा वार्षिक ७१,७६० घ.मि. बालुवा उत्खनन् गर्न पाउनेमा दैनिक सरदर ६८३ घ.मि. उत्पादन गरेको, कोषको जग्गामा म्यानुएल मेथड (Manual Method) बाट खानी उत्खनन् गर्ने भनी माईनिङ्ग स्किममा उल्लेख गरेतापनि स्थलगत निरिक्षणको बखतमा इस्काईभेटर समेत प्रयोग गरी माटो तथा बालुवा उत्खनन् गरेको, खानी सञ्चालकबाट जमिनको सतहभन्दा तल गई

ठूला ठूला खाल्टा पारी बालुवा उत्खनन् गरेको तथा सम्झौता बमोजिम खनिएका खाल्टाहरु पुर्नु पर्नेमा सो नगरेको, खानी उत्खनन् बेञ्चिङ्ग विधि (Benching Method) बाट हुनु पर्नेमा सो बमोजिम नगरेको, खानी सञ्चालन के कसरी भैरहेको छ भन्ने सम्बन्धमा कोष, जि.वि.स.को कार्यालय, काठमाण्डौबाट आफूलाई दिईएको कानूनी अधिकार प्रयोग गरी समय समयमा अनुगमन नगरेको, खानी सञ्चालकले जग्गा विकास भन्दा पनि बालुवा उत्खनन् गर्ने कार्यलाई मात्र प्रथामिकतामा राखी कार्य गरेको भन्नेसमेत बेहोरा उल्लेख गरी मिति २०६७।०३।२३ गते पेश गरेको "गोठाटार स्थित बालुवा खानी अध्ययन कार्यटोली (समिति) को प्रतिवेदन, २०६७"।

२२३. खानी सञ्चालकले खानी उत्खनन गर्ने क्रममा पालना गर्नुपर्ने सर्तहरू सहितको जिल्ला विकास समितिको कार्यालय, काठमाडौं र खानी सञ्चालक बच्चुराम दाहाल विच मिति २०६७।०४।०२ मा भएको सम्झौता-पत्र।

२२४. कोषको जग्गाबाट बालुवा बिक्री गर्दा जग्गाधनीलाई बुझाउने न्यूनतम दर प्रति क्यू.फिट रु.६।- कायम गरिएको र सो भन्दा बढी के कति दरमा खानी सञ्चालन गर्न सहमति हुन सम्बन्धित खानी सञ्चालकसँग छलफल गरी बालुवाको बिक्रीको दर प्रस्ताव गर्ने, खानी सञ्चालनबाट सो क्षेत्रमा पर्न सक्ने वातावरणीय प्रभावको समेत अध्ययन गर्न आवश्यक देखिएकोले वातावरण संरक्षण सम्बन्धी कानूनी व्यवस्था बमोजिम वातावरण प्रभाव मुल्याङ्कन गराउने, आगामी दिनमा बालुवा खानी सम्बन्धी कुनैपनि नीतिगत निर्णय गर्नु पर्दा सञ्चालक परिषद्मा पेश गरेर मात्र गर्ने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६७।०९।१३ गतेको निर्णय।

२२५. पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६७।०९।१३ गतेको निर्णय अनुसार गठित समितिले प्रस्तुत गरेको प्रतिवेदनलाई ग्रहण गरी उक्त बालुवा खानी सञ्चालनका लागि सिफारिस भएका खानी सञ्चालकसँग सिफारिस भएकै मुल्य प्रति क्यू.फिट रु.६।२० मा प्रचलित कानून बमोजिम परफरमेन्स वण्ड लिई सम्झौता गर्ने कार्यको जिम्मेवारी कोषका सदस्य सचिव सुशील नाहटालाई दिने र ३५ दिन भित्र सम्झौता गरी कार्यदिश दिने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६७।१०।०५ गतेको निर्णय।

२२६. खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम दोश्रो पक्षलाई स्वीकृति प्रदान गरेको खानीको माईनिङ्ग स्किममा उल्लेखित

गहिराई भन्दा तल गई बालुवा झिक्न नपाईने र सो अनुसार पारेको गहिराईलाई पनि जमिन सतह एउटै पारी जमिनको सतह सम्याउने काम दोश्रो पक्षको हुने, वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) गराई सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भए पछि मात्र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी खानी सञ्चालन गर्ने, खानी सञ्चालन गर्दा आवश्यक पर्ने सम्पूर्ण सुरक्षाको व्यवस्था (Safety Precautions) को व्यवस्था गर्ने दोश्रो पक्षको हुने लगायतका सर्तहरू सहितको पशुपति क्षेत्र विकास कोषको तर्फबाट सदस्य सचिव सुशिल नाहटा (प्रथम पक्ष) र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल (दोश्रो पक्ष) विच मिति २०६८।०२।२३ मा भएको सम्झौता-पत्र।

२२७. पशुपति क्षेत्र विकास कोषको च.नं. ८३३ मिति २०६८।०२।३० गतेको पत्र मार्फत खानी सञ्चालक बच्चुराम दाहाललाई कोषको उल्लेखित जग्गामा बालुवा खानी सञ्चालन गर्न दिईएको कार्यदेश-पत्र।

२२८. खानी उत्खनन्कर्ताले खानी सञ्चालनको क्रममा पालना गर्नु पर्ने अनिवार्य सर्तहरू सहितको जिल्ला विकास समितिको कार्यालय, काठमाडौं (प्रथम पक्ष) र खानी सञ्चालक बच्चुराम दाहाल (द्वितीय पक्ष) भई २०६८ सालमा भएको सम्झौता।

२२९. पशुपति क्षेत्र विकास कोषको बृहत्तर हितलाई ध्यानमा राखी हाल बुझाउदै आएको शुल्कमा बृद्धि गर्ने र आवधिक रुपमा बुझाउने न्यूनतम रकम निर्धारण गरी जुन बढी हुन्छ सोही रकम शुल्कका रुपमा बुझाउन पर्ने गरी पारदर्शी ढंगले सम्झौता गरी खानी सञ्चालन गर्न भनी पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६८।०२।३१ गतेको निर्णय।

२३०. बच्चुराम दाहालको नाममा भएको बालुवा खानी सञ्चालनको लागि सिफारिस गरिएको भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय काठमाडौंलाई लेखिएको गोठाटार गाउँ विकास समितिको कार्यालयको च.नं. ३८ मिति २०६८।०४।०३ गतेको पत्र।

२३१. खानी सञ्चालक बच्चुराम दाहालले २०६८ श्रावण महिनामा पेश गरेको Environmental Audit Report.

२३२. खानी सञ्चालक बच्चुराम दाहालले खानी उत्खनन् अनुमति पत्र नविकरणका लागि जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा दिएको मिति २०६८।०५।२१ गतेको निवेदन।

२३३. काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ४ बस्ने मनोहर चापागाँई समेतले मिठ्ठाराम दाहालले माग गरेको क्षेत्रमा बालुवा खानी सञ्चालन गर्ने गरी प्रस्ताव गर्दा कँही कतैबाट

दावी विरोध नपरेको भनी मिति २०६८।०८।२९ गते गरी दिएको सर्जमिन मुचुल्का।

२३४. म पशुपति क्षेत्र विकास कोषको अधिकार प्राप्त व्यक्तिले कोषको स्वामित्वमा रहेको का.जि.गोठाटार गा.वि.स. वडा नं. ४(क) को कि.नं. ८० को जम्मा क्षेत्रफल ३१० रोपनी जग्गाबाट का.जि.गोठाटार गा.वि.स.वडा नं. ३ बस्ने मिठ्ठाराम दाहाललाई बालुवा उत्खनन् र बिक्री गर्न १५(पन्ध्र) बर्षको लागि प्रति क्यू.फिट रु.६।२० पैसा लिने गरी मञ्जुरीनामा दिएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषको च.नं. १७८ (प्रशासन), मिति २०६८।०९।२० गतेको पशुपति क्षेत्र विकास कोषको लेटर प्याडमा लेखेको राजुकुमार रेग्मी र मिठ्ठाराम दाहालले हस्ताक्षर गरेको मञ्जुरीनामा पत्र।

२३५. पशुपति क्षेत्र विकास कोषको जग्गामा बालुवा खानी सञ्चालन गर्दा सम्झौता विपरित कार्य गरी पशुपति क्षेत्र विकास कोष, जि.वि.स.को कार्यालय, काठमाण्डौका तत्कालिन पदाधिकारी तथा खानी उत्खनन्कर्ताहरूको मिलोमतोमा आफूहरूलाई लाभ र कोषलाई हानी पुऱ्याई भ्रष्टाचार गरेको उजुरी सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६८।०८।२० गतेको निर्णयानुसार स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्न खटाइएको आयोगको ईन्जिनियर सुरेन्द्र बैद्य समेतको टोलीले उल्लेखित विषयमा स्थलगत निरीक्षण तथा अध्ययन गरी खानी सञ्चालकले आफ्नै नाममा तीन प्रति विल छपाई प्रयोग गरीरहेको जस मध्ये एक प्रति बालुवा खरिदकर्तालाई, एक प्रति कोषलाई र बाँकी एक प्रति ठेकेदार स्वयंलाई रेकर्डको रुपमा राख्ने गरेको तर उक्त बिलहरू कोषको छाप प्रमाणित विना प्रयोग भईरहेको देखिएको, उत्खनन् क्षेत्रमा लोड गरेको मिनि ट्रकको बालुवा नाप जाँच गर्दा डालासम्म ('१०-२"“५'-८"“१'-८") गरी ९६.३० क्यु.फिट र ढाला भन्दा माथी (८'-६"“४'-१'“-८") गरी जम्मा १५३.०४ क्यू.फिट लोड गरी उक्त उत्खनन् गरी ढुवानी गरी लगेको देखिएको। त्यसै गरी सोही क्षेत्रमा लोड गरेको ट्रकको बालुवा नापजाँच गर्दा (१४'-७'“५'-४") गरी जम्मा ५२२।— क्यू.फिट लोड गरी उक्त उत्खनन्को क्षेत्रबाट बाहिर ढुवानी गराउन लागेको देखिएको।बालुवाको परिमाण प्रतिमिनि ट्रक १०० क्यू.फिट र प्रति ट्रक/टिपर ३४२ क्यू.फिट हुनु पर्ने भनी तोकिएकोमा त्यसलाई पालना गरिएको नपाईएको। यसरी प्रति मिनि ट्रक विलमा उल्लेखित परिमाण भन्दा ५३ क्यू.फिट भन्दा बढी र प्रति ट्रक १८० क्यू.फिट बढी बिक्री गरेको, स्वीकृति माईनिङ स्किममा उल्लेखित गहिराई भन्दा तल गई बालुवा झिक्न पाईने छैन भनी उल्लेख भएता पनि उत्खनन् गरीरहेको स्थानमा गई हेर्दा हाल कायम गरिएको जमिनको सतह

भन्दा करिव २० फिट गहिराईसम्मबाट बालुवा झिकेको देखिएको, कोषबाट रेखदेख, अनुगमन, नापजाँच आदि गर्नका लागि आफ्नो कर्मचारी/रक्षक उत्खनन् क्षेत्रमा खटाएको भए तापनि तोकिएको परिमाण प्रति ट्रक १०० क्यू.फिट र प्रति ट्रक/टिपर ३४२ क्यू.फिट भन्दा बढी बालुवा लोड गरी बाहिर निकासी गरेकोलाई रोक्ने गरिएको नपाईएको, बालुवा उत्खनन् गर्ने पक्षले पशुपति क्षेत्र वाकस कोष तथा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंलाई प्रति मिनि ट्रक १०० क्यू.फिट र प्रति ट्रक/टिपर ३४२ क्यू.फिटको दरले लाग्ने रुपैया मात्र बुझाएको पाईएको। बालुवा उत्खनन् गरी त्यस क्षेत्रबाट बाहिर लैजाने काम व्यवहारमा प्रति मिनी ट्रकले १५३ क्यू.फिट र प्रति ट्रक/टिपर ५२२ क्यू.फिट रहेको हुँदा यसरी फरक परेको क्यू.फिटबाट आउने आम्दानी नबाँधी भ्रष्टाचार गरेको पाईएको हुँदा सम्बन्धित पक्षलाई कारवाही गरी बालुवा उत्खनन् गरी बिक्री गर्नेले सम्झौता मितिबाट हालसम्म प्रति मिनी ट्रक ५३ क्यू.फिट र प्रति ट्रक/टिपिर १८० क्यू.फिटको थप रकम पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाण्डौंले असुल उपर गर्नुपर्ने देखिएको भन्नेसमेतका बेहोरा उल्लेख गरी मिति २०६८।१०।१९ गते पेश गरेको प्रतिवेदन।

२३६. पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको जग्गामा बालुवा खानी सञ्चालनको जिम्मा पाएका ठेकेदार खानी सञ्चालक बच्चुराम दाहालसँग मिति २०६५।०७।०५ मा भएको सम्झौता रद्द गरी धरौटी रकम जफत गर्ने निर्णय भएको र उक्त निर्णय सदस्य सचिव स्तरको निर्णय सञ्चालक परिषद्बाट बदर भएकोले कोष र ठेकेदार बच्चुराम दाहाल बिच मिति २०६५।०७।०५ गतेको सम्झौता नै कायम भई मिति २०६८।०२।२३ गते परिमार्जित रुपमा पुनः सम्झौता गरी नयाँ परफरमेन्स बण्ड पेश गरीसकेको देखिदा पुरानो सम्झौता अनुसारको धरौटी रकम रु. ३२ लाख ४२ हजार ५३२ खानी सञ्चालक बच्चुराम दाहाललाई फिर्ता दिने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६८।१२।२५ गतेको निर्णय।

२३७. ठेकेदार र कोष विच ठेक्का हुँदा गरेको सम्झौता विपरीत ढुवानीमा प्रयोग भएको ट्रकको संख्या बढी भएको र ढुवानी भएको बालुवाको परिमाण समेत सम्झौता भन्दा बढी भएको पाईएकोले कोषको आम्दानीमा असर हुँदा यस्तो कार्य तत्काल रोकी कडा अनुगमन गर्नुपर्ने भएको हुँदा प्रभाकारी ढंगले अनुगमन कार्य गराउन भनी पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई लेखिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग च.नं. ७५५७ मिति

२०६९।०१।१४ गतेको पत्र।

२३८. खानी सञ्चालक बच्चुराम दाहाल र जिल्ला विकास समितिको कार्यालय, काठमाडौं विच मिति २०६९।०५।०३ गते भएको सम्झौता।

२३९. जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको मिति २०६९।०४।३२ को निर्णय अनुसार खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ को कि.नं. २२, २३, ८४, ५९ समेतको जग्गामा खानी सञ्चालन गर्न अनुमति दिएको भनी गा.वि.स. को कार्यालय, गोठाटारलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. ३४६ मिति २०६९।०५।०३ गतेको पत्र।

२४०. द्वितीय पक्षले जि.वि.स.बाट प्राप्त अनुमति भन्दा बाहिरको क्षेत्रमा खानी सञ्चालन गर्न पाउने छैन साथै खानी सञ्चालन गर्दा बस्तुगत नक्सामा तोकिएको उत्खनन् क्षेत्रबाट मात्र खानी सञ्चालन गर्नुपर्नेछ, द्वितीय पक्षले बालुवा खानी सञ्चालन गर्दा जि.वि.स.लाई प्रति ट्रक रु.६००।—(२०० क्युव फिट सम्मको लागि मात्र) र प्रति मिनी ट्रक रु.३००।—(१०० क्युब फिट सम्मको लागि मात्र) शुल्क रकम बुझाउनु पर्नेछ, यो सम्झौतामा उल्लेखित शर्त बन्देज तथा प्रचलित नेपाल कानून विपरित द्वितीय पक्षले कुनै काम गरेको पाईएमा द्वितीय पक्षलले जि.वि.स.मा राखेको धरौटी रकमम समेत जफत गरी जि.वि.स.बाट प्रदान गरिएको खानी सञ्चालन सम्बन्धी प्रमाणपत्र समेत प्रथम पक्षले रद्द गर्नेतर्फ आवश्यक कारवाही गर्नेछ, खानी सञ्चालन गर्दा बाटो, नदीनालाको सतह र जग्गाको सतह भन्दा गहिराईमा गई उत्खनन् गर्न पाईने छैन, सतहको माथिल्लो तहको माटो सुरक्षित राखी पछि सोही माटोद्धारा उत्खनन् क्षेत्र समतल गराउनु पर्नेछ, बेञ्चिङ्ग प्रणाली कायम राखी बेञ्च स्लोप समतल तेर्सो सतहबाट ४५ डिग्री भन्दा बढी गर्न पाईने छैन भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं (प्रथम पक्ष) तथा खनिज पदार्थ उत्खनन् अनुमति प्राप्त मिठ्ठाराम दाहाल (द्वितीय पक्ष) विच मिति २०६९।०६।१५ गते भएको सम्झौता।

२४१. खानी सञ्चालक बच्चुराम दाहाल र काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका-३४ बस्ने जनक बस्नेत विच मिति २०६९।०६।१६ मा भएको करारनामा।

२४२. बालुवा उत्खनन् गर्दा निस्केको माटो व्यवस्थापनमा समस्या भएकोले मिति २०६८।०२।२३ मा भएको सम्झौता बमोजिम बालुवा उत्खनन् गर्दा निस्कने माटो उक्त खानी क्षेत्र बाहिर लगी व्यवस्थापन गर्न, विक्री गर्न वा अन्य तरिकाबाट व्यवस्थापन गर्न

समेत सहमति पाउँ भनी खानी सञ्चालक बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषमा मिति २०६९।०६।१७ गते दिएको निवेदन।

२४३. कोषको गोठाटारस्थित जग्गामा बालुवा खानी व्यवस्थित रुपमा सञ्चालन गरी नियन्त्रण एवं अनुगमन गर्नुपर्ने भएकोले खानीको प्रवेश मार्गमा ढाट निर्माण गरी दुई पक्ष विच आपसी सहमतिको आधारमा ढाट सञ्चालन गर्ने भन्ने बेहोराको गोठाटार युवा क्लब नेपाल, काठमाडौंलाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं.२५७ मिति २०६९।०७।०२ गतेको पत्र।

२४४. कोषको गोठाटार ३ स्थित जग्गामा संचालित बालुवा खानीमा ढाट सञ्चालन गर्न अनुमतिको लागि पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई सम्वोधन गरी लेखिएको गोठाटार युवा क्लब नेपाल, काठमाडौंको च.नं. ००१ मिति २०६९।०७।०२ गतेको पत्र।

२४५. कोष र तपाई विच सम्झौता भई सञ्चालनमा रहेको उक्त खानी कम्पनी मार्फत सञ्चालन गर्न तपाईले मिति २०६९।०६।१७ मा दिनु भएको निवेदन उपर कारवाही हुँदा मिति २०६९।०७।२४ गतेको निर्णयानुसार तपाईको करारीय दायित्व यथावत रहने गरी बच्चुराम बालुवा खानी प्रा.लि., द.नं. ८३०६४, ०६७/०६८ का नाममा नामसारी गर्न सहमति प्रदान गरिएको भन्नेसमेत बेहोराको खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोष च.नं. २३३ मिति २०६९।०७।२७ गतेको पत्र।

२४६. गोठाटारस्थित बालुवा खानीको बालुवा बिक्रीबाट कोषलाई प्रति क्युफिट रु.६।६० मा कम नहुने गरी हुनुपर्ने उल्लेख भए बमोजिम रू.६।८१ कायम गर्ने भनी पशुपति क्षेत्र विकास कोषको मिति २०६९।०९।०८ गतेको निर्णय।

२४७. क्लबको तर्फबाट कुनैपनि सम्झौता एवं निर्णयहरु गर्न क्लबका अध्यक्ष ईश्वर थापालाई नियुक्त गरिएको भन्ने बेहोराको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई सम्वोधन गरी लेखिएको गोठाटार युवा क्लब, नेपालको च.नं.३ मिति २०६९।१०।०३ गतेको पत्र।

२४८. पशुपति क्षेत्र विकास कोषको तर्फबाट निर्देशक भोला प्रसाद सिटौला र गोठाटार युवा क्लब नेपालको तर्फबाट क्लबका अध्यक्ष ईश्वर थापा विच मिति २०६९।१०।०५ गते ढाट सञ्चालन गर्ने सम्बन्धमा भएको सम्झौता-पत्र।

२४९. प्रमुख जिल्ला अधिकारी चुडामणि शर्माको अध्यक्षतामा बसेको मिति २०६९।१०।२६

गतेको निर्णय अनुसार पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको काठमाडौं जिल्ला गोठाटारस्थित जग्गाहरुमा सञ्चालित बालुवा खानीको उत्खनन् तथा ढुवानी गर्दा उत्खनन्कर्ता र कोष विच भएको सम्झौता विपरीत बालुवा ढुवानीमा प्रयोग हुने ट्रकहरुको संख्या बढी भएको पाइएकोले कोषको आम्दानीमा असर परेको हुँदा यस्तो कार्यलाई तत्काल रोक्न अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन गोठाटार युवा क्लबलाई जिम्मेवारी दिने भन्नेसमेत बेहोराको निर्णय सहित संलग्न राखी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला प्रशासन कार्यालय काठमाडौंको च.नं. २११६ मिति २०६९।१०।२८ गतेको पत्र।

२५०. पशुपति क्षेत्र विकास कोषको जग्गामा बालुवा उत्खनन् र बालुवा खानी ढुवानी गर्दा ठेकेदारले कोषसँग गरेको सम्झौता विपरीत ढुवानीमा प्रयोग भएको ट्रकको संख्या बढी भएको र ढुवानी भएको बालुवाको परिमाण समेत सम्झौता भन्दा बढी भएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६९।१०।०२ को पत्र।

२५१. ठेकेदार र कोष विच भएको सम्झौता विपरीत ढुवानीमा प्रयोग भएको ट्रकको संख्या बढी भएको र ढुवानी भएको बालुवाको परिमाण समेत सम्झौता भन्दा बढी भएको पाईएकोले कोषको आम्दानीमा असर परेको हुँदा यस्तो कार्य तत्काल रोकी कडा अनुगमन गर्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आएकोमा कोषलाई हानी नोक्शानी हुन नदिन अनुगमन प्रणाली समेत प्रभावकारी बनाउन कोषको निर्णय अनुसार गेट पास, दैनिक बालुवा निष्कासन विवरण फाराम र बालुवा बिक्रीको मासिक प्रतिवेदन फारामहरु तयार गरी आवश्यक कार्यार्थ पठाईएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोष, श्रोत परिचालन तथा वित्तीय व्यवस्थापन महाशाखालाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं.३७९ मिति २०६९।१०।०२ गतेको पत्र।

२५२. तपाई र कोष विच ठेक्का सम्झौता विपरीत बालुवा ढुवानीमा प्रयोग हुने ट्रकको संख्या बढी भएको र ढुवानी भएको बालुवाको परिणाम समेत सम्झौता भन्दा बढी पाईएकोले कोषको आम्दानीमा असर परेको हुँदा त्यस्तो कार्य रोकी गेट पास वमोजिम बालुवा निष्काशन गर्न गराउन हुन भनी खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोष च.नं. ३७९ मिति २०६९।१०।०२ गतेको पत्र।

२५३. बच्चुराम बालुवा खानी कम्पनी रजिष्टारको कार्यालयमा "बच्चुराम बालुवा खानी प्रा.लि."

को नाममा दर्ता भएको हुँदा उक्त बालुवा खानीलाई बालुवा खानी कम्पनी लिमिटेड गर्नको लागि खानी तथा भूगर्भ विभागको सहमति माग गराई दिन हुन भनी मिति खानी सञ्चालक बच्चुराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा मिति २०६९।१०।०८ गते दिएको निवेदन।

२५४. बच्चुराम बालुवा खानी कम्पनी रजिष्टारको कार्यालयमा " बच्चुराम बालुवा खानी प्रा.लि."को नाममा दर्ता भएको हुँदा उल्लेखित बालुवा खानीलाई प्रा.लि.मा लैजान खानी तथा भूगर्भ विभागको सहमति माग गराई दिन हुन भनी बच्चुराम दाहालले मिति २०६९।१०।०८ मा दिएको निवेदन सम्बन्धमा सहमतिको लागि सक्कल फाईल संलग्न राखी खानी तथा भूगर्भ विभाग, काठमाडौंलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं.१२३९ मिति २०६९।१०।०८ गतेको पत्र।

२५५. जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. १२३९ मिति २०६९।१०।०८ गतेको पत्र सम्बन्धमा बच्चुराम बालुवा खानीलाई बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा नामसारी वापत लाग्ने दस्तुर रु.६०,०००।— मध्ये २०% ले हुन आउने रकम रु.१२,०००।— यस विभागमा दाखिला भएको र बाँकी रकम रु.४८,०००।— तहाँ कार्यालयमा बुझाउने शर्तमा नामसारी गर्न सहमति प्रदान गरिएकोले सक्कलै फायल फिर्ता पठाईएको भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई लेखिएको खानी तथा भूगर्भ विभाग, काठमाडौंको च.नं. १०८० मिति २०६९।१०।१४ गतेको पत्र।

२५६. कोषको जग्गामा सञ्चालित बालुवा खानीमा बालुवा निकाल्ने क्रममा बढी माटो निस्कन गएको हुँदा बालुवा उत्खनन् कार्यमा कठिन भएकोले सो माटोलाई बिक्री गर्न सके उचित मूल्य प्राप्त हुने साथै व्यवस्थापन गर्न समेत सजिलो हुने भएकोले त्यस तर्फ आवश्यक पहल गरी दिनु हुन भन्नेसमेत बेहोराको खानी सञ्चालक बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषमा मिति २०६९।१०।११ गते दिएको निवेदन।

२५७. जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकको निर्णयको जानकारी तथा ढाट सञ्चालन गर्न हुन भनी गोठाटार युवा क्लब, नेपाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ४७० मिति २०६९।११।०४ गतेको पत्र।

२५८. खानी तथा भूगर्भ विभाग, काठमाडौंको च.नं. १०८० मिति २०६९।१०।१४ गतेको

सहमति पत्रको आधारमा बच्चुराम दाहालको नामबाट बच्चुराम बालुवा खानी प्रा.लि.मा नामसारी गरिएको भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंबाट मिति २०६९।१२।१५ गते जारी भएको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति-पत्र।

२५९. कोषसँग गरेको सम्झौता बमोजिम सतह मिलाउने दायित्व खानी सञ्चालकको भएकोले सतह मिलाई बाँकी रहेको माटो निष्काशन गर्न तपाईबाट माग भएको सम्बन्धमा निकासाको लागि सतह मिलाउन कति माटो चाहिने र कति माटो निष्काशन गर्न मिल्ने प्राविधिक अध्ययन गराई सो प्रतिवेदन सम्बन्धित निकायमा बुझाई अनुमति पत्र सम्बन्धित निकायबाट लिन हुन भनी खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ५५८ मिति २०६९।१२।०७ गतेको पत्र।

२६०. करदाता सेवा कार्यालय, कोटेश्वर, काठमाडौंको च.नं. १४७ मिति २०७०।०१।१३ गतेको पत्रद्धारा खानी सञ्चालक बच्चुराम दाहाललाई ३ दिन भित्र बक्यौता रकम रु.४१०१०६३।- बुझाउन भनी लेखिएको पत्र।

२६१. करदाता सेवा कार्यालय, कोटेश्वर, काठमाडौंको च.नं. १४७ मिति २०७०।०१।१३ गतेको पत्र सम्बन्धमा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं.१९८१ मिति २०७०।०१।१६ गतेको पत्रले उक्त वक्यौता रकम चुक्ता गरेको प्रमाण यस कार्यालयमा पेश नगरेसम्मको लागि बालुवा खानी सञ्चालन स्थगित गरिएको भनी बच्चुराम दाहाललाई लेखिएको पत्र।

२६२. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ करदाता सेवा कार्यालय, कोटेश्वर मार्फत नेपाल सरकारलाई तपाईले बुझाउनु पर्ने बक्यौता देखिएको जानकारीमा आएकोले तपाईले बुझाउनु पर्ने सम्पूर्ण रकम बुझाई कर चुक्ता गरी हिसाब फरफारक गर्नु हुन र आ.व.०६८।०६९ र आ.व.०६९ साउन देखी हालसम्म उत्खनन् गरी बिक्री गरेको बालुवाको परिमाण विवरण उपलब्ध गराई दिन हुन भनी बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ६५१ मिति २०७०।०१।२० गतेको पत्र।

२६३. खानी सञ्चालक बच्चुराम दाहालले यस कार्यालयमा बुझाउनु पर्ने रकम मध्ये रु.१०,००,०००।— मिति २०७०।०२।१६ मा दाखिला गरेको जानकारीको लागि अनुरोध भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई लेखिएको करदाता सेवा कार्यालय, कोटेश्वरको च.नं. १९० मिति २०७०।०२।१६ गतेको पत्र।

२६४. जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. २२५७ मिति २०७०।०२।१९ गतेको पत्रद्धारा खानी सञ्चालक बच्चुराम दाहाललाई बाँकी बक्यौता रकम चालु आ.व. मा बुझाउने गरी मिति २०७०।०२।२० गतेबाट खानी सञ्चालन फुकुवा गरिएको भन्नेसमेत बेहोराको पत्र।

२६५. खानी सञ्चालक बच्चुराम दाहालले २०७० साल भाद्र महिनामा पेश गरेको Environmental Audit Report.

२६६. बच्चुराम दाहालको नाममा रहेको बालुवा खानी बच्चुराम बालुवा खानी प्रा.लि. मा नामसारी भए पश्चात् नयाँ परफरमेन्स बण्ड पेश गर्नको लागि कोषको पत्र आवश्यक परेको हुँदा बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा पत्र उपलब्ध गराई दिन हुन भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको बच्चुराम बालुवा खानी प्रा.लि.को मिति २०७०।०५।२५ गतेको पत्र।

२६७. आ.व.०७०।०७१ मा खानी सञ्चालन गर्नका लागि साधारण निर्माणमुखी खनिज अनुमति पत्र नविकरण गरी पाउँ भनी संलग्न कागजात सहित बच्चुराम बालुवा खानी प्रा.लि.का अध्यक्ष भेष कुमार भट्टराईले जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा मिति २०७०।०६।०३ गते दिएको निवेदन।

२६८. बच्चुराम बालुवा खानी प्रा.लि.का सञ्चालक अध्यक्ष भेष कुमार भट्टराईको अध्यक्षतामा मिति २०७०।०६।०५ गते बसेको सञ्चालक समितिको बैठकले जनक बस्नेतलाई कार्यकारी अधिकृतको रुपमा नियुक्ति गर्ने र बालुवा खानीले सम्पूर्ण स्थानमा पत्राचार, छलफल, प्रतिनिधित्व गर्ने गराउने लगायत सम्पूर्ण कार्य गर्न कम्पनीको तर्फवाट प्रमुख कार्यकारी अधिकृत जनक बस्नेतलाई अख्तियारी दिने गरी गरेको निर्णय।

२६९. बच्चुराम दाहालको करारीय दायित्व यथावत रहने गरी बच्चुराम बालुवा खानीबाट बच्चुराम बालुवा खानी प्रा.लि.का नाममा नामसारी गर्न सहमति प्रदान गरिएकोमा उक्त बालुवा खानी सञ्चालन गर्न त्यस कार्यालयले बच्चुराम दाहाल वा बच्चुराम बालुवा खानी प्रा.लि.मध्ये कसको नाममा स्वीकृति प्रदान गरिएको हो? खुलाई पठाई दिन हुन भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको जिल्ला विकास समितिको कार्यालय काठमाडौंको च.नं. ६७४ मिति २०७०।०६।१७ गतेको पत्र।

२७०. खानी सञ्चालक बच्चुराम दाहालबाट मुल्य अभिवद्धि कर वापत बुझाउनु पर्ने रकम मध्ये रु.१०,००,०००।- यस कार्यालयमा दाखिला भएको भन्नेसमेत बेहोराको खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको करदाता सेवा कार्यालय, कोटेश्वरको च.नं. १२५ मिति

२०७०।०६।२० गतेको पत्र।

२७१. जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. ६७४ मिति २०७०।०६।१७ गतेको पत्र सम्बन्धमा बच्चुराम दाहालको करारीय दायित्व यथावत रहने गरी बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा नामसारी गर्न स्वीकृति प्रदान गरिएको भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय काठमाडौंलाई लेखी पठाएको पशुपति क्षेत्र विकास कोषको च.नं. २२८ मिति २०७०।०६।२१ गतेको पत्र।

२७२. बालुवा उत्खनन् गरी बिक्री वितरण गर्नको निमित्त पशुपति क्षेत्र विकास कोष विच भएको सम्झौता अनुसार मेरो करारीय दायित्व यथावत रही रहेको हुँदा मेरो नाममा जारी साधारण निर्माणमुखी खनिज पदार्थको अनुमति प्र.प्र.नं.२०।०६४।०६५ नविकरण गरी पाउँ भनी खानी सञ्चालक बच्चुराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा मिति २०७०।०६।२३ गते दिएको निवेदन।

२७३. बर्षात्को कारणबाट रोकिएको बालुवा खानी पुनः उत्खनन् र बिक्री विवरण कार्य सुरु गर्नुपर्ने भएकोले कोषको नियमानुसार तिर्न बुझाउन बाँकी ठहर हुन आएको रकम सम्झौता कर्ता बच्चुराम दाहाल समेतलाई उपस्थित गराई १५ दिन भित्र भुक्तानी गर्ने र उक्त कार्य सञ्चालन गर्न कोषको नियमानुसार चाहिने बैंक जमानत पत्र यसै बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा माग गरी दिन हुन भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको बच्चुराम बालुवा खानी प्रा.लि.को तर्फबाट नाम्गेल शेर्पाको मिति २०७०।०७।१४ गतेको पत्र।

२७४. कोषसँग भएको करार सम्झौताको क्रमशः प्रकरण ६ मा भएको "परफरमेन्स बण्ड" र प्रकरण नं. १३ को रकम भूक्तानी सम्बन्धी करारीय व्यवस्थाको कार्यान्वयन र पालनामा करारका दुवै पक्ष गम्भीर रहेको नपाईए तापनि करार सम्झौता भंग नभईसकेको विद्यमान अवस्थामा करारको क्रियाशिलतामा कोषलाई करारीय दायित्वबाट प्राप्त वित्तीय लाभ समेतमा नोक्सान हुन नसक्ने गरी खानी सञ्चालकबाट Advance Payment Guaranty (APG) पत्र प्राप्त गरी द्वितीय पक्षबाट कोष कार्यालयमा तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम समेत फर-फारक हुने गरी पेश भए बमोजिम अग्रीम कारवाही हुनुपर्ने भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको डि जुरे ल फर्मको मिति २०७०।०७।२७ गतेको पत्र।

२७५. बच्चुराम बालुवा खानी प्रा.लि.को मिति २०७०।०७।२८ गते बसेको बैठकले पशुपति

क्षेत्र विकास कोषलाई १,०९,००,०००।- बैंक जमानत (Advance Payment Guaranty) कृषि विकास बैंक, गौशाला काठमाडौंबाट जारी भएको जमानत पेश गर्ने भनी भएको निर्णय।

२७६. कोषको स्वामित्वमा रहेको कि.नं. ८० को जग्गामा दुवै उत्खनन्कर्ताले सिमाना छुट्टयाएर उत्खनन् गर्नुपर्ने भन्ने कोषको निर्देशन आएकोमा हामी दुवै सम्झौताकर्ताले आपसी समझदारीमा कोषलाई कुनै हानी नोक्सानी र कोषको रकम असुलीमा कुनै समस्या नल्याउने र सिमाङ्कनको बारेमा पनि कुनै विवाद नझिकी हामी आफै एक आपसमा बसी आपसी सहमतिमा समस्या सामाधान गर्नेछौ भन्नेसमेत बेहोराको खानी सञ्चालक बच्चुराम दाहाल, मिठ्ठाराम दाहाल र भेष कुमार भट्टराईले पशुपति क्षेत्र विकास कोषमा मिति २०७०।०७।२८ गते दिएको निवेदन।

२७७. बच्चुराम दाहालले सम्झौता बमोजिम कोषलाई बुझाउनु पर्ने बक्यौता रकम हालसम्म पनि बुझाइ फरफारक नगरेको र त्यस कम्पनीले मिति २०७०।०७।२८ मा निवेदन दिई बैंक जमानतको लागि सिफारिश माग गरेको सम्बन्धमा पुरानो बक्यौता रु.९७,६८,८०५।- फरफारक भएपछि मात्र आगामी दायित्वका लागि परफरमेन्स वण्डको कारवाही हुन सक्ने बेहोरा जानकारी गराउदै उक्त बक्यौता रकम कोषमा दाखिला गर्न भनी खानी सञ्चालक बच्चुराम दाहाललाई बोधार्थ दिई बच्चुराम बालुवा खानी प्रा.लि.लाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३१० मिति २०७०।०८।१० गतेको पत्र।

२७८. पशुपति क्षेत्र विकास कोषसँग खानी सञ्चालक बच्चुराम दाहालले मिति २०६८।०२।२३ मा विधिवत सम्झौता गरी बालुवा माटो उत्खनन् गरी बिक्री वितरण गर्दै आएकोमा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंबाट बच्चुराम दाहालको नामको खानी उत्खनन् अनुमति पत्र कोषसँग सहमति लिई बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा नामसारी गरी सकेको समेत जानकारी गराई सकेको र सम्झौताको बखत त्यस कोषमा रहेको धरौटी रकमबाट कट्टा गरी हिसाब मिलान गरी दिन हुन र बाँकी रकम बच्चुराम बालुवा खानी प्रा.लि.ले तोकिएको समयमा चुक्ता भुक्तानी गर्ने भन्नेसमेत बेहोराको बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषमा मिति २०७०।०८।१२ गते दिएको निवेदन।

२७९. बच्चुराम बालुवा खानी प्रा.लि.ले बुझाउनु पर्ने रकम ९७,६८,८०५।- ग्रान्ड बैंक नेपालको

केन्द्रीय कार्यालयबाट दुईवटा चेकबाट रकम जम्मा गरिएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषमा बच्चुराम बालुवा खानी प्रा.लि. का नाम्गेल शेर्पाले मिति २०७०।०८।२४ गते दिएको निवेदन।

२८०. पशुपति क्षेत्र विकास कोष (प्रथम पक्ष) तथा खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाल (दोश्रो पक्ष) विच स्वीकृत खानीको माईनिङ स्किम बमोजिम बार्षिक र आवधिक परिमाण तय गर्दा दैनिक १०० घन मिटरका दरले बार्षिक १८० दिन कार्य दिन मानी बार्षिक १८,००० घन मिटर (६,३५,०४० क्यू.फिट) ले मासिक ५२,९२० क्यू.फिट को परिमाणलाई प्रकरण २ मा तोकिए बमोजिम प्रति क्यू.फिट को दरमा हिसाब गरी अग्रीम रुपमा प्रत्येक महिनाको ५ गते भित्र एकमुष्ट रकम प्रथम पक्षलाई बुझाउनु पर्नेछ तर बालुवा निकासी गर्दाको दैनिक परिमाण र तोकिएको बार्षिक परिमाण जुन बढी हुन्छ सोही परिमाणलाई हिसाब गरी द्वितीय पक्षले रकम भुक्तानी गर्नु पर्ने, खानी तथा खनिज पदार्थ ऐन, २०४२, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम द्वितीय पक्षको स्वीकृत माईनिङ स्किममा उल्लेखित गहिराई मध्ये कोषले तोकेको प्राविधिक सहितको टोलीले सिफारिस गरेको सतह भन्दा तल गई जमिनको भौगर्भिक अवस्थामा क्षति नपुग्ने गरी प्रथम पक्षको स्वीकृत गुरुयोजना अनुकून बालुवा उत्खनन् गर्नुपर्ने छ। साथै बालुवा उत्खनन्को क्रममा भएको उभडखावड जमिनको सतह मिलाई समय मै सम्याउने दायित्व द्वितीय पक्षको हुने, द्वितीय पक्षले बालुवा उत्खनन् गरी खानी सञ्चालन गर्दा सो क्षेत्रमा पर्न सक्ने वातावरणीय प्रभावको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत गराई प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ। साथै खानीको उत्पादन क्षमता बृद्धि गर्नु परेमा वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) गराई सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भए पछि सोही प्रतिवेदनका आधारमा त्यस क्षेत्रको वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी खानीको स्वीकृत माईनिङ स्किम बमोजिम दैनिक उत्पादन क्षमता र मासिक बुझाउनु पर्ने रकम समेत आपसी सहमतिका आधारमा पुनरावलोकन गर्नुपर्ने, करार भंग भएमा प्रथम पक्षले उक्त ८० नं. कित्ताको खानी सम्बन्धी अनुमति पत्र खारेजीका लागि कारवाही अगाडी बढाउनेछ भन्नेसमेतका बेहोरा उल्लेख गरी मिति २०७०।०८।२७ गते भएको सम्झौता।

२८१. कोषको गोठाटारस्थित जग्गाबाट बालुवा बिक्री गर्न ठेक्का लिएका ठेकेदार बच्चुराम बालुवा खानी प्रा.लि.ले मिति २०७०।०८।२४ गते ग्राण्ड बैंकमा रहेको कोषको खातामा

जम्मा गर्न पठाएकोमा रु.८०,०००।- कोषको खातामा जम्मा भएको र ०३९०४३९ नं. को चेकबाट रु.९६,८८,८०५।- भने सटही हुन नसकी आज उक्त बैंकले चेक सहित फिर्ता पठाएकोले र सो सम्बन्धमा बुझ्दा खातामा रकम नभएकोले फिर्ता पठाएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषको मिति २०७०।०९।०१ गतेको पत्र।

२८२. पशुपति क्षेत्र विकास कोष र बच्चुराम बालुवा खानी प्रा.लि. विच पुनः सम्झौता गर्नु पर्ने भएकोले परफरमेन्स बण्ड माग गर्ने प्रयोजनको लागि बालुवा प्रति क्यु फिट रु.६।८१ दरले ९,९०,२४६।- घन मिटरको हुने जम्मा रकमको ५% ले हुन आउने रकम बराबर नेपाल सरकारबाट "क" बर्गको इजाजत प्राप्त बाणिज्य बैंकले जारी गरेको Advance Payment Guarantee-APG को सक्कल सहित सम्झौताको लागि १५ दिन भित्र उपस्थित हुन भन्नेसमेत बेहोराको बच्चुराम बालुवा खानी प्रा.लि.लाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ३९८ मिति २०७०।०९।१८ गतेको पत्र।

२८३. बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा Advance Payment Guarantee दिन बैंक समय अनुकूल नहुने हुँदा Advance Payment Guarantee दिन समय अभाव हुने भएकोले हाललाई परफरमेन्स बण्ड पेश गरी खानी सम्झौता तथा खानी सञ्चालन गर्ने गरी परफरमेन्स वण्ड दिने र सम्झौता भएको मितिले ३ महिना भित्र Advance Payment Guarantee पेश गर्नेछौं भन्ने समेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखिएको बच्चुराम बालुवा खानी प्रा.लि.को मिति २०७०।०९।२३ गतेको निवेदन।

२८४. बच्चुराम बालुवा खानी प्रा.लि.ले कोषका नाममा आजका मितिले ३ महिना भित्र अनिवार्य रुपमा परफरमेन्स बण्ड पेश गर्नुपर्ने र सो अवधी भित्रमा Advance Payment Guarantee पेश नगरेमा स्वतः ठेक्का रद्द हुने शर्तनामाको कागज गराई हाललाई परफरमेन्स बण्ड लिई सम्झौता गर्ने मिति २०७०।०९।२४ मा निर्णय भएकोले सो को जानकारी गराउदै हाललाई कोषको नाममा जारी गरेको बाणिज्य बैंकहरुको पूर्व पत्र अनुसारको रकमको परफरमेन्स बण्ड सक्कलै बण्ड सहित कोषमा ७ दिन भित्र सम्झौताको लागि उपस्थित हुन भनी बच्चुराम बालुवा खानी प्रा.लि.लाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं.४१६ मिति २०७०।०९।२४ गतेको पत्र।

२८५. सम्झौता बमोजिम कोषको नाममा रहेको बत्तिसपुतलीस्थित नेपाल इन्भेस्टमेन्ट बैंकको हि.नं. ०१९०१०३००२३१९९ मा तपाईले प्रत्येक महिना कोषलाई बुझाउनु पर्ने रकम जम्मा गरी भौचर कोषमा पेश गर्न हुन भनी गोठाटार युवा क्लब, नेपाललाई लेखिएको

पशुपति क्षेत्र विकास कोषको च.नं. ४३० मिति २०७०।०९।२९ गतेको पत्र।

२८६. कोषको गोठाटारस्थित जग्गामा रहेको बालुवा खानीको उत्खनन् तथा निकाशी गर्ने क्रममा ढुवानी साधन खानी क्षेत्र प्रवेश तथा निकासीको अभिलेख तथा नियन्त्रण प्रणाली सञ्चालन सम्बन्धमा मिति २०७०।०९।२८ गते भएको सम्झौता अनुसार कार्य गर्न कार्यदिश दिएको भन्नेसमेत बेहोराको गोठाटार युवा क्लब, नेपाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ४३१ मिति २०७०।०९।२९ गतेको पत्र।

२८७. गोठाटारस्थित कोषको स्वामित्वमा रहेको जग्गाबाट निस्केको माटो खानी क्षेत्रबाट बाहिर निस्कासन गर्नु पर्दा माटोको दर निर्धारणको सिफारिसको लागि मिति २०७०।०७।२५ को निर्णय बमोजिम गठित समितिको मिति २०७०।१०।०३ गतेको बैठकले खानी क्षेत्रबाट उठाई लैजाने माटोको दर रेट बुझ्नका लागि उपत्यका भित्रका बालुवा खानी तथा स्थानीय रुपमा माटो बिक्री गर्ने ठाउँहरुबाट बुझ्ने भनी गरेको निर्णय।

२८८. काठमाडौं जिल्ला गोठाटारस्थित कोषको जग्गामा बालुवा खानी सञ्चालन गर्ने सम्बन्धमा पशुपति क्षेत्र विकास कोषको तर्फबाट सदस्य सचिव डा. गोविन्द टण्डन र बच्चुराम बालुवा खानी प्रा.लि.का तर्फबाट काठमाडौं जिल्ला गोठाटार ३ बस्ने लवराम दाहाल विच मिति २०७०।१०।०९ गते प्रथम पक्षको स्वामित्वमा रहेको का.जि.गोठाटार गा.वि.स.वडा नं. ३(क) मा अवस्थित कि.नं. ५९ र ८४ तथा ऐ. गा.वि.स. वडा नं. ४(क) स्थित कि.नं. ८० भित्रको स्वीकृत माईनिङ स्किमले ओगटेको क्वारी क्षेत्र मध्येको जग्गाबाट मिति २०६८।०२।२३ मा भएको सम्झौताको प्रावधान अनुसार बच्चुराम दाहालको करारीय दायित्व यथावत राखी बच्चुराम बालुवा खानी प्रा.लि.का नाममा उक्त अनुमति पत्र नामसारी भएकोमा सो अनुमति पत्रको स्वीकृत माईनिङ्ग स्किमले ओगटेको क्वारी क्षेत्र भित्रको जग्गाबाट द्बितिय पक्षले यसै सम्झौता पत्रमा उल्लेखित शर्तको अधिनमा रही बालुवा उत्खनन् गरी निकासी गर्नुपर्ने, वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) गराई सम्बन्धित निकायवाट स्वीकृति प्राप्त भए पछि सोही प्रतिवेदनको आधारमा त्यस क्षेत्रको वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी खानी सञ्चालन गर्नुपर्ने, द्बितीय पक्षले आप्नो स्वीकृत माईनिङ्ग स्किम भित्रबाट मात्र निर्वाध रुपमा बालुवा उत्खनन् तथा निकासी गर्नुपर्ने, उल्लेखित जग्गाबाट बालुवा उत्खनन् कार्य प्रारम्भ भए पश्चात बालुवा उत्खनन्का क्रममा निस्कने माटोको व्यवस्थापन समेतलाई मध्यनजर गर्दै उत्खनन् क्षेत्रमा बढि हुने माटो दुवै पक्षको सहमतिमा दररेट निर्धारण गरी प्रथम पक्षले द्बितीय पक्षलाई छुट्टै कार्यदेश

दिने र सो कार्यदेश यसै सम्झौताको अभिन्न अंग हुने भन्नेसमेतका विभिन्न सर्तहरू सहित भएको सम्झौता।

२८९. पशुपति क्षेत्र विकास कोष र तपाई विच मिति २०७०।१०।०९ मा भएको सम्झौता बमोजिम बिहान ६ बजेदेखि अपरान्ह ६ बजेसम्म मात्र खानी सञ्चालन, तोकिएको प्रवेश तथा निकासी मार्ग मात्र प्रयोग गर्ने भन्नेसमेत बेहोराको बच्चुराम बालुवा खानी प्रा.लि.लाई दिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ४४९ मिति २०७०।१०।१० को कार्यदेश-पत्र।

२९०. पशुपति क्षेत्र विकास कोषसँग भएको सम्झौता बमोजिम खानी सञ्चालन गर्न पाउँ भनी बच्चुराम बालुवा खानी प्रा.लि.ले जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा मिति २०७०।१०।१३ गते दिएको निवेदन।

२९१. कोष र यस कम्पनी विच मिति २०७०।१०।०९ मा भएको सम्झौता बमोजिम बालुवा उत्खनन् कार्य भई आएकोमा उक्त जग्गामा रहेको माटोको व्यवस्थापन गर्न कठिनाई भएकोले उक्त माटो समेत सो खानी क्षेत्रबाट बाहिर लगी व्यवस्थापन गर्नुपर्ने भएकोले माटो बाहिर लगी व्यवस्थापन, बिक्री वितरण गर्न दर रेट तय गरी कार्यदिश पाउँ भनी पशुपति क्षेत्र विकास कोष काठमाडौंलाई लेखिएको बच्चुराम बालुवा खानी प्रा.लि.को मिति २०७०।१०।२२ को निवेदन-पत्र।

२९२. यस गा.वि.स.मा जग्गाधनी वा खानीवालाले माटो के कतिमा बिक्री गर्ने भन्ने दररेट नभएको र जग्गाधनीहरुसँग सोधनी गर्दा हाल १०० क्यू.फिटको रु.५०।- र ३५०।- क्यू.फिटको रु.१७५।- का दरले बिक्री भईरहेको बुझिएको भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको गाउँ विकास समितिको कार्यालय, झौखेल, काठमाडौंको च.नं.३०३४ मिति २०७०।१०।२३ को पत्र।

२९३. यस गा.वि.स.मा जग्गाधनी वा खानीवालाले माटो के-कतिमा बिक्री गर्ने भन्ने दररेट नभएको र हाल १०० क्यू.फिटको रु.५०।- र ३५० क्यू.फिटको रु.१८०।- का दरले बिक्री भईरहेको बुझिएको भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको गाउँ विकास समितिको कार्यालय, गोठाटारको च.नं.३०३४ मिति २०७०।१०।२३ गतेको पत्र।

२९४. १०० क्यू. फिटको सानो मिनी ट्रकको रु.३०।- र ३५० क्यू.फिट को ठुलो ट्रक, टिपर को रु.१२०।- का दरले माटो बिक्री गर्ने गरेको भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको गा.वि.स.को कार्यालय, मुलपानीको च.नं. ११९५ मिति २०७०।१०।२४ को

पत्र।

२९५. १०० क्यू.फिटको रु.२५।- र ३५० क्यू.फिटको रु.१००।- का दरले माटो बिक्री भईरहेको भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको गा.वि.स.को कार्यालय, गोकर्णको च.नं. ८७० मिति २०७०।१०।२४ को पत्र।

२९६. माटोको दररेट बुझ्न मिति २०७०।११।०६ गते स्थलगत रुपमा जोरपाटी लगायतका गा.वि.स.हरुका माटो बिक्री भएका ढिस्कोहरुको भ्रमण गर्ने भन्नेसमेत बेहोराको माटोको दर निर्धारणका लागि गठित समितिको मिति २०७०।११।०५ को निर्णय।

२९७. मिति २०७०।११।०६ गते माटो विक्री गरिएको स्थानहरूको स्थलगत रुपमा भ्रमण गरी जग्गाधनीले माटो बिक्री गरे वापत प्राप्त गरेको दररेट र विभिन्न गा.वि.स. र बालुवा खानीबाट प्राप्त भएसम्मका माटोको दररेट समेत अध्ययन विश्लेषण गर्ने भन्नेसमेत बेहोराको माटोको दर निर्धारणका लागि गठित समितिको मिति २०७०।११।०७ को निर्णय।

२९८. गोठाटारस्थित कोष मातहतको जग्गाबाट निस्केको माटो खानी क्षेत्रबाट बाहिर निस्कासन गर्नु पर्दा माटोको दर निर्धारण गरी सिफारिशको लागि मिति २०७०।०७।२५ को निर्णयले गठित समितिको मिति २०७०।११।११ गतेको बैठकले खानी क्षेत्रबाट उठाई लैजाने माटोको दररेट देहाय अनुसार सिफारिश गर्ने निर्णय गरेको (क) मिनी ट्रक १०० क्यू.फिटसम्म बोक्ने रु.१००।-, (ख) ट्रक/टिपर करिब ३५० क्यु फिटसम्म बोक्ने रु.२२५।-, (ग) दस चक्के ठुलो ट्रक/टिपर प्रति ट्रीप रु.३२५।- माटो निष्काशन प्रणालीको सम्बन्धमा पूर्व निर्णय अनुसार बालुवा निष्कासन गर्दा जुन प्रणाली र नियन्त्रण संयन्त्रबाट गर्ने गरिएको छ, सोही बमोजिम नै हुन उपयुक्त हुने बेहोरा सिफारिस गर्ने, माटोको सवारी साधन खानी क्षेत्रमा प्रवेश गर्दा के कति दस्तुर लिने सम्बन्धमा व्यवस्थापनले नै तोक्न मनासिव हुने सुझाव दिने गरी गरेको निर्णय।

२९९. माटोको दर निर्धारण सिफारिसको लागि गठित समितिले मिति २०७०।११।११ गते पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई पेश गरेको माटोको दररेट सम्बन्धी प्रतिवेदन।

३००. कोषको मातहतको गोठाटारस्थित जग्गाबाट साधारण निर्माणमुखी खनिज पदार्थ बालुवा उत्खनन् गर्दा निस्कने माटो त्यहाँ सम्याई बढी हुन जाने माटो खानी क्षेत्रबाट बाहिर निष्कासन (बिक्री) गर्नु पर्दा मिति २०७०।११।२० को निर्णयानुसार माटो बिक्रीको दर

रेटमा यस बच्चुराम बालुवा खानी प्रा.लि. मञ्जुर भएकोले कार्यदेश पाउँ भनी पशुपति क्षेत्र विकास कोषलाई लेखिएको बच्चुराम बालुवा खानी प्रा.लि.को मिति २०७०।११।२१ गतेको निवेदन।

३०१. माटो बिक्रीको दर मिनी ट्रक (१०० क्यू.फिट क्षमता) प्रति ट्रीप रु.१०५।-, ट्रक/टिपर (३५० क्यू.फिट क्षमता) प्रति ट्रीप २३०।-, दश चक्के ठुलो ट्रक/टिपर (५०० क्यू.फिट क्षमता) प्रति ट्रीप रु.३५०।- भनी खानी सञ्चालक बच्चुराम दाहाललाई लेखिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ५७५ मिति २०७०।११।२१ गतेको पत्र।

३०२. माटो Cutting, Loading, Transportation को जिम्मा प्रथम पक्षको हुने, प्रथम पक्षले प्रति ६ चक्के टिपर (३५० CFT) क्षमताको प्रति टिप रु.१५३० (मु.अ.कर बाहेक) मा खरिद गर्ने लगायतका सर्तहरू समेत रहेको तुँदी कन्स्ट्रक्सन प्रा.लि.(प्रथम पक्ष) र र बच्चुराम बालुवा खानी प्रा.लि. विच मिति २०७०।११।२८ गते भएको सम्झौता।

३०३. बच्चुराम बालुवा खानी प्रा.लि.ले शुरुदेखि हालसम्म प्रयोग गरेको जिल्ला विकास समितिको बालुवाको बिलको भुक्तानी स्टेटमेन्ट उपलब्ध गराई दिन हुन भनी बच्चुराम बालुवा खानी प्रा.लि ले मिति २०७१।०२।१९ गते जि.वि.स.कार्यालय काठमाडौंमा निवेदन दिएकोमा उक्त कार्यालयको च.नं.२७८० मिति २०७१।०२।२० गतेको पत्रद्धारा उक्त प्रा.लि.ले बैशाख मसान्तसम्म रोयल्टी बाहेक रु.१५,३०,०००।- मात्र बुझिएको भनी बच्चुराम बालुवा खानी प्रा.लि.लाई पठाएको जवाफ।

३०४. खानी सञ्चालक बच्चुराम दाहाल बालुवा खानी र ठेकेदार मिठ्ठाराम दाहाल बालुवा खानीले आफ्नो १ वटा डोजर र १ वटा लोडर एवं तुँदी कन्ट्रक्सनको २ वटा स्काईभेटर र २० वटा ट्रक/ट्रीपर प्रयोग गरी दैनिक २५० ट्रीपसम्म माटो, बालुवा निष्कासन गर्ने गरेको, माटो, बालुवा निष्कासन गर्दा फिल्डमा १०० जनासम्म मजदुर जनशक्तिले उक्त खानीमा काम गर्ने गरेको, बालुवा तथा माटो निष्कासन गर्दा जमिन लेभल भन्दा बढी ३० फीटसम्म गहिराइमा गई उत्खनन् गरेको र सो सम्बन्धमा सम्बन्धित ठेकेदारसंग मौखिक रुपमा बुझ्दा हाल खाल्डो भएको जमिन बर्षाको पानीले माथितिरबाट बगाएर ल्याउने माटो र बालुवाले पुरिने बेहोरा जानकारी गराएको, उक्त खानीबाट तुँदी कन्ट्रक्सनले माटो निष्कासन गर्दा गुहेश्वरी, ताम्रगंगा, तिलगंगाको (युनेस्कोवाट बाटो बन्द गर्नु भन्ने) अस्थायी बाटो प्रयोग गर्ने गरेको, हालसम्म उक्त बालुवा खानीबाट निष्कासन गर्ने गरेको माटो र बालुवाबाट नजिकका गाउँहरुलाई तत्काल असर नगरे तापनि भविष्यमा क्षति हुन सक्ने,

भविष्यमा हुन सक्ने सम्भावित खतरालाई मुक्त राख्न एवं भू-उपयोग योजना तयार गर्ने सम्बन्धमा तत्कालै सम्बन्धित क्षेत्रका बिशेषज्ञ (परामर्श सेवा) सहितको एक कार्यटोली बनाइ प्रतिवेदन लिई कार्यान्वयनमा जान उपयुक्त हुने लगायतका सुझावहरू सहितको कोषका उप-निर्देशक राजेन्द्र राजोपाध्याय समेतको प्राविधिक टोलीले मिति २०७१।२।२६ गते खानी क्षेत्रको स्थलगत अध्ययन गरी पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई सम्वोधन गरी पेश गरेको प्रतिवेदन।

३०५. खानी सञ्चालक बच्चुराम दाहालको तर्फबाट Multi Mineral Development Consultancy, Kathmandu ले २०७१ श्रावणमा तयार गरेको Environmental Audit Report.।

३०६. बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा रहेको बालुवा खानी ईजाजत प्रमाण पत्र नविकरण गरी खानी सञ्चालनको लागि सम्झौता गरी पाउँ भन्ने बेहोराको जिल्ला विकास समितिको, कार्यालय काठमाडौंलाई लेखिएको बच्चुराम बालुवा खानी प्रा.लि.को मिति २०७१।०४।०४ गतेको पत्र।

३०७. बच्चुराम बालुवा खानी प्रा.लि.को सम्बन्धमाः स्वीकृत क्वारी क्षेत्र तथा अनुमति क्षेत्र भन्दा बाहिर समेत उत्खनन् गरेको, दैनिक २९९ घन मिटर भन्दा बढी बालुवा उत्खनन् गरेको, स्वीकृत माईनिङ स्किममा म्यानुएल मेथडबाट खानी उत्खनन् गर्ने भनिएतापनि सो विपरित हुने गरी Excavator समेतको प्रयोग गरी खानी उत्खनन् भएको, माटोको व्यवस्थापन नगरी विक्री वितरण गरेको, बालुवा उत्खनन्को क्रममा पर्न गएको खाल्डो पुर्ने कार्य नगरेको, वातावरण सुधारका उपायहरू बेञ्च निर्माण, डम्पयार्ड, सिल्टेशन पोण्ड निमार्ण नगरिएको, दुई वटा खानी विच सिमाङ्कन कार्य नभएको, बालुवा उत्खनन् कार्य ०६५/०६६ देखि ०७०/०७१ सम्ममा ४,४०,४३९ घन मिटर (पशुपति क्षेत्र विकास कोषको डाटा) भएकोमा नियम बमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनु पर्नेमा हालसम्म बुझाएको नपाईएको, साथै २०७० चैत्र देखि २०७१ असार सम्म १,४३,७०८ घन मिटर माटो उत्पादन भई बेचबिखन भएको र सो को राजस्व प्राप्त नभएको, खानी तथा भूगर्भ विभागबाट सहमति प्रदान गर्दा दिईएका शर्तहरू पालना भएको नपाईएको, र मिठ्ठाराम दाहालको अनुमति (बालुवा) को सम्बन्धमाः स्वीकृत क्वारी क्षेत्र तथा अनुमति क्षेत्र बाहिर कोषको जग्गामा उत्खनन् गरेको, दैनिक १०० घन मिटर उत्खनन् गर्नुपर्नेमा सो भन्दा बढी उत्खनन् गरेको, माईनिङ स्किम विपरित Excavator को प्रयोगबाट उत्खनन् भएको,वातावरण सुधारका उपायहरू बेञ्च निर्माण, डम्पयार्ड, सिल्टेशन पोण्ड निमार्ण

नगरिएको, बालुवा उत्खनन् कार्य आ.व.०७०/०७१ सम्ममा २०,६६१ घन मिटर (पशुपति क्षेत्र विकास कोषको डाटा) भएकोमा नियमानुसार २०% ले हुन आउने रकम बुझाएको नपाईएको, खानी सञ्चालकहरुले खानी सञ्चालन गरे/नगरेको सम्बन्धमा जिल्ला विकास समितिको कार्यालयबाट विज्ञहरुको राय माग नभएको, बच्चुराम बालुवा खानी प्रा.लि.का क्वारी क्षेत्रको सह उत्पादन माटो बिक्री गर्दा समेत खानी तथा भूगर्भ विभागको सहमति नलिई कोषबाट आफै निर्णय गरेको, खानी तथा भूगर्भ विभागबाट सहमति प्रदान गर्दा दिईएका सर्तहरु पालना भएको नपाईएको, मिठ्ठाराम दाहालको स्वीकृत कार्य क्षेत्रमा उत्खनन् नभए तापनि कोष तथा जिल्ला विकास समितिबाट चलान पुर्जी पाईरहेको अवस्था रहेको, खानी तथा भूगर्भ विभागबाट सहमति प्रदान गर्दा दिईएका शर्तहरू पालना भएको नपाईएको, खानी तथा खनिज पदार्थ नियमावली बमोजिम खानी सञ्चालन कार्य गरेको नपाईएकोले दुवै अनुमतिको हकमा कारवाही प्रकृया जिल्ला विकास समितिबाट थालनी गर्नुपर्ने देखिने भन्नेसमेत बेहोराको खानी तथा भूगर्भ विभाग, काठमाडौँको च.नं. १५ मिति २०७१।०४।०४ गतेको पत्रसाथ प्राप्त प्रतिवेदन।

३०८. बालुवा उत्खनन् ओपनकष्ट माईनिङ मेथड अनुसार जमिनको माथिल्लो भागबाट बेञ्च बनाई Manual Method अपनाई गर्नुपर्ने र बेञ्चको चौडाई कम्तिमा ५ मि. र उचाई ५ मि. बनाई उत्खनन् गर्नुपर्नेमा सो अनुसार नगरेको, खानी उत्खनन् गर्दा पश्चिम तर्फ ठाडो भीर बनाई जमिनको तलबाट माथि कटान भईरहदा १५ मि. सम्मको ठाडो स्लोप भई बेञ्च नबनाएको, माटो थुपार्नको लागि डम्पयार्ड नबनाएको, खानी क्षेत्रमा ८ वटा सिल्टेसन पोखरी (५ मि.× ५ मि.) साईजको बनाई खानी क्षेत्रको पानी थिग्राएर पठाउनु पर्नेमा सो कार्य नगरेको, डम्प यार्ड नबनाएको, बालुवा उत्खनन् Manual Method बाट साभेल, कोदालो, फोरुवा, ह्विल ब्यारो (Wheel Barrow) आदि प्रयोग गरेर उत्खनन् गरी ढुवानी साधनमा कामदारहरुबाट लोड गर्नुपर्नेमा Excavator प्रयोग गरिएको बुझिएको, भू-क्षयीकरण रोकथाम गर्न कुनै प्रविधि नअपनाईएको भन्नेसमेत बेहोराको जिईयो ईनभाईन कन्सल्टयान्ट, नयाँ बानेश्वर काठमाण्डौंको मिति २०७१।०४।०६ गतेको पत्र।

३०९. खानी उत्खननकर्ताले आफूलाई तोकेको क्वारी क्षेत्र तथा लिज एरिया बाहिर गई खानी उत्खनन् गरेको, सिल्टेशन पोण्ड नबनाएकोका कारण खानी क्षेत्रमा कार्यरत कामदार तथा स्थानीय सर्वसाधरणको जीवन जोखिममा परेको, बेञ्चिङ्ग विधिद्वारा खानी सञ्चालन नगरेको, खानी क्षेत्रको सम्बन्धित निकायबाट अनुगमन नगरिएको भन्नेसमेत बेहोराको जिआईईफ

कन्सल्टयान्ट (GIEF Consultant) गौशालाले मिति २०७१।०४।१५ गते स्थलगत निरीक्षण गरी पेश गरेको प्रतिवेदन।

३१०. गोठाटार गाउँ विकास समितिको कार्यालय, काठमाडौंको च.नं. ६५१ मिति २०७१।०४।१९ गतेको पत्र मार्फत बोरिङ तथा बालुवा प्रशोधन उद्योगका कारण स्थानीय स्तरमा पानीको मुहान सुकी समस्या भएकोले तत्काल बन्द गर्ने भनी स्थानीय ५७६ जना सर्वसाधारणको हस्ताक्षरित निवेदनसहितको पत्र।

३११. काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं.४ क (१) र ४ क (२) को Blue Print नक्शा।

३१२. खानी उत्खनन्कर्ताले माईनिङ स्किममा तोकिएको भन्दा बढी गहिराईमा गई बालुवा तथा माटो उत्खनन् गरेको, बालुवा उत्खनन् पश्चात् माटो समेत बिक्री गरेको, माईनिङ स्किम र IEE प्रतिवेदनले सिफारिस गरेको प्रावधान बारे खानी सञ्चालक मिठ्ठाराम दाहाल स्वयं अनभिज्ञ रहेको, बालुवा उत्खनन् गर्दा बेञ्चिङ प्रणाली अनुरुप उत्खनन् नगरेको, माथिल्लो सतहबाट तल्लो सतहतर्फ उत्खनन् गर्नुपर्नेमा सो को पालना नगरेको, जमिनको सतही कोणमा ध्यान नदिएको, जमिनको पुनस्थापनाको लागि माटो भण्डारण गर्नुपर्नेमा सो नगरेको, सिल्टेशन पोण्ड निर्माण नगरेको, उत्खनन् कार्य समाप्त भएको स्थानमा पुनर्स्थापना नगरिएको, काम नलाग्ने बालुवा/माटो भण्डारण गरेको क्षेत्रमा आवश्यकता अनुसार ढुङ्गाको पर्खाल लगाई क्षयिकरण रोक्ने प्रयास नगरिएको, खानी उत्खनन् कार्य स्वीकृत माईनिङ स्किम र IEE प्रतिवेदनमा उल्लेखित प्रावधानहरुको पूर्ण पालना हुने गरी सञ्चालन नगरेको भन्नेसमेत बेहोराको वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. २२० मिति २०७१।०४।२१ गतेको पत्रसाथ प्राप्त प्रतिवेदन।

३१३. कोषमा त्यस्तो कुनै रेकर्ड फेला नपरेको र गुरुयोजना लागू नभएको, वातावरणीय प्रभाव मुल्याङ्कनको प्रतिवेदन प्राप्त भएको जानकारी नभएको, कोषको स्वामित्वमा रहेको गोठाटारको उक्त जग्गामा सल्लाका रूखहरू रहेको र त्यसको परिणाम एकिन नगरिएको, कोषले आधिकारिक रुपमा रुख कटान गर्न कसैलाई स्वीकृति नदिएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषलाई लेखी पठाईएकोमा कोषको च.नं. १२० मिति २०७१/५/४ गतेको पत्र।

३१४. जिल्ला वन कार्यालय, काठमाण्डौको च.नं. ५०७ मिति २०६५/०९/०३ गतेको पत्र मार्फत पशुपति क्षेत्र विकास कोषलाई पत्राचार गरे पश्चात् कोषबाट थप कारबाही अघि

बढाए/नबढाए सम्बन्धी जानकारी यस कार्यालयलाई प्राप्त नभएको, वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने कार्य प्रस्तावक पशुपति क्षेत्र विकास कोषले नै गर्नु पर्ने भएकोले यस सम्बन्धमा थप जानकारी प्राप्त नभएको, कोषको स्वामित्वमा रहेको गोठाटार गा.वि.स. को ५३४ रोपनी जग्गामा सल्लाका रुखहरु सि.नं. १ देखि १८६९ सम्म (मिसिलमा संलग्न) सल्लाका रूखहरू जम्मा रुख १८६९ थानको हुन आउने खडा रुखहरुको मुल्याङ्कन आयतन ३१७.७१७ क्यु. मि. को ११२१५.४२ क्यु.फिट रहेको, उक्त क्षेत्रमा रहेको रुखहरुको लगत लिने कार्यको लागि पशुपति क्षेत्र विकास कोषबाट २ जना कर्मचारीहरु मिति २०६५/६/७ गतेको पत्रबाट खटाएको देखिने, उक्त खडा रुख थान १८६९ को तत्कालिन समयको राजश्वदर प्रति क्यु.फिट रु.४०।- का दरले हुन आउने मुल्य रु.४,४८,६१६।८० र हालको राजश्व प्रति क्यू.फिट रु.२००।- का दरले हुन आउने जम्मा रकम रु.२२,४३,०८४।- रहेको, उक्त रुखहरु कटान मुछान घाटगद्दी तथा ओसार-पसार गर्ने कार्यको लागि यस कार्यालयबाट थप कारवाही भएको नदेखिएको भन्नेसमेत बेहोराको जिल्ला वन कार्यालय, काठमाण्डौको च.नं. ३१७ मिति २०७१/५/१० गतेको पत्रसहितको प्रतिवेदन।

३१५. खानी उत्खनन् गर्दा बेञ्चिङ्ग प्रणाली अपनाई उत्खनन् गर्नु पर्नेमा सो गरेको पाईएन, खानी क्षेत्रमा उत्खनन् भै सकेको स्थानको माटो सुरक्षित राखेको नदेखिएको र खानी क्षेत्रमा कति उचाई (तह) माटो बालुवा थियो, हालको अवस्थाबाट एकिन गर्न नसकिएको, पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको जग्गामा Fencing Demarcation (साँध सिमाना) एकिन गरिएको नपाईएको साथै हालको अवस्थामा चारै दिशातर्फको सिमाना स्पष्ट नदेखिएको, यस अघि खानी सञ्चालन गर्दा जमिनको कुन सतहसम्म उत्खनन् गर्ने भन्ने बिषयमा Bench Mark स्थलगत राखेको नपाईएको, माईनीङ्ग स्किम स्वीकृत गर्ने खानी तथा भू-गर्भ विभाग तथा जि. वि. स. को कार्यालय, काठमाण्डौबाट कडाईका साथ अनुगमन नगरेको भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय काठमाण्डौंको च.नं.४३८ मिति २०७१/५/१८ गतेको पत्रसहित प्राप्त प्रतिवेदन ।

३१६. सर्भे गर्दा सर्भेका आधारभुत सिद्धान्तलाई मनन गर्दै सम्पन्न गरिएको, शुद्धता कायम राख्नका निम्ति Reflector less Total Station प्रयोग गरिएको, सबै Horizontal Control Point तथा Vertical Reference Point अनुसूचिमा उल्लेख गरिएको, खानी उत्खननकर्ता बच्चुराम दाहालले खानी उत्खनन् अनुमति प्राप्त गर्न प्रयोग गरेको टोपोग्राफिकल नक्सामा

उल्लेखित जमिनको उचाई तथा Vertical Reference Point लाई आधार मानी सर्भे गरिएको, खानीवाला श्री बच्चुराम दाहाल तथा मिठ्ठाराम दाहाल दुबैले उत्खनन्का लागि स्वीकृति नलिएका क्षेत्रमा समेत बालुवा तथा माटो उत्खनन् गरेको, खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले स्वीकृत लिएको क्षेत्र भित्र निरीक्षण गर्दा उत्खनन् गरिएको नदेखिएको, खानी उत्खनन् क्षेत्र वाहेक बालुवा तथा माटो निकालिएको क्षेत्र ६८२०.६२१ बर्ग मिटर रहेको भन्नेसमेत बेहोराको कोषको स्वामित्वमा रहेको का.जि.गोठाटार गा.वि.स.वडा नं. ३(क) को कि.नं. ५९ र ८४ तथा ऐ. वडा नं. ४ (क) को कि.नं. ८० को जग्गाहरुको टोपोग्राफिकल सर्भे (Topographical Survey) कार्य सम्पन्न गरी नापी विभाग, काठमाण्डौंको च.नं. ३७ मिति २०७१।०५।२० गतेको पत्रसहितको प्रतिवेदन।

३१७. खानी सञ्चालक बच्चुराम दाहालको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्र तथा निजको स्वीकृत माईनिङ स्किममा बार्षिक २४० कार्यदिन र दैनिक २९९ घनमिटर उत्खनन् गर्न पाउने भनी उल्लेख भएअनुरुप खानी उत्खनन्कर्ता बच्चुराम दाहालले बार्षिक ७१,७६० घनमिटर उत्खनन् गर्न पाउनेमा निज बच्चुराम दाहालले आ.व. ०६६/०६७ देखि आ.व. ०७०/०७१ सम्म कोषको जग्गाबाट कुल ३,५८,८०० घन मिटर बालुवा उत्खनन् गर्न पाउनेमा निजले कुल ६,९१,७६१ घनमिटर उत्खनन् गरेको जसमध्ये ३,३२,९६१ घनमिटर बढी बालुवा र १,९५,११२ घनमिटर माटो उत्खनन् गरी विक्री वितरण गरेको भन्नेसमेत बेहोराको खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. ४०१ मिति २०७१।०५।२० गतेको पत्रसहितको खानी तथा भूगर्भ विभाग, काठमाण्डौं तथा नापी विभाग, काठमाण्डौंका विज्ञहरुले स्थलगत सर्भेको आधारमा तयार गरेको "श्री पशुपति क्षेत्र विकास कोषको जग्गामा सञ्चालित बालुवा खानीको फिल्ड सर्भे प्रतिवेदन-२०७१" मा आधारित रही  खानी तथा भूगर्भ विभागबाट निकालिएको साईट भोलम (Site Volume) प्रतिवेदन।

३१८. पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको का.जि. गोठाटार गा.वि.स. वडा न.३ (क) र ४(क) को जग्गाहरुमा सञ्चालनमा रहेको बालुवा खानीबाट प्राप्त जि. वि. स. सेवा शुल्क, रोयल्टी तथा अन्य शुल्क सम्बन्धमा देहाय बमोजिमको विवरण उल्लेख भएको जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. १००७ मिति २०७१।०७।२१ गते तथा च. नं. १३६२ मिति २०७१।०८।२२ गतेको पत्र।

## बच्चुराम बालुवाखानीतर्फ

| विवरण | आ.व. | परिमाण (घ.मि.) | परिमाण (क्यु.फि.) | जिल्ला विकास समिति सेवा शुल्क | रोयल्टी |
|---|---|---|---|---|---|
| बालुवा | ०६५/६६ | - | - | - | - |
| | ०६६/६७ | - | - | - | - |
| | ०६७/६८ | ३११७।९१ | ११०००० | २२०००० | १२४७४ |
| | ०६८/६९ | ५२५७९।३७ | १८५५००० | ५५६५००० | २१०३५७ |
| | ०६९/७० | २०५४९।८९ | ७२५००० | २१७५००० | ८२२५० |
| | ०७०/७१ | २७९१९।५० | ९८५००० | २९५५००० | १११६९९ |
| | जम्मा | १०४१६६।६७ | ३६७५००० | ११०२२५००० | ४१६७८० |
| माटो | ०६५/६६ देखि ०६९/७० | आ.व.०७०/०७१ भन्दा अगाडी माटोमा कुनै शुल्क तथा कर नलगाईएको। | | | |
| | ०७०/७१ | बच्चुराम बालुवा खानी प्रा.लि.र मिठ्ठाराम दाहालको बालुवा खानीबाट माटोको कर संकलन गर्न नदिएको, जिल्ला विकास समिति र तुँदी कन्सट्रक्शन बिच सम्झौता भई गोठाटार गा.वि.स.क्षेत्रबाट संकलित कर शुल्क रु.३३,९०,०००।— प्राप्त भएको। | | | |

नोटः- आ.व.०६५/०६६ मा गोठाटार लगायतका गा.वि.स.बाट जिल्ला विकास समिति सेवा शुल्क उठाउन स्मिृति कन्सट्रक्शनलाई रु.८०,५०,०००।—मा ठेक्का स्वीकृति दिएको र आ.व.०६६/०६७ मा गोठाटार लगायतका गा.वि.स.बाट जिल्ला विकास समिति सेवा शुल्क उठाउन रु.९५,०९,०००।— मा ठेक्का स्वीकृति दिई कर संकलन गरिएको।

## बच्चुराम बालुवाखानी प्रा.लि.तर्फ

| विवरण | आ.व. | परिमाण (घ.मि.) | परिमाण (क्यु.फि.) | जिल्ला विकास समिति सेवा शुल्क | रोयल्टी |
|---|---|---|---|---|---|
| बालुवा | ०७०/०७१ | २७९१९।५० | ९८५००० | २९५५००० | १११६९९ |
| माटो | ०७०/०७१ | ुराम बालुवा खानी प्रा.लि.र मिठ्ठाराम दाहालको बालुवा खानीबाट माटोको कर संकलन गर्न नदिएको, जिल्ला विकास समितिर तँदी कन्सट्रक्शन बिच सम्झौता भई गोठाटार गा.वि.स.क्षेत्रबाट संकलित कर शुल्क रु.३३,९०,०००।— प्राप्त भएको। | | | |

## मिठ्ठाराम दाहाल खानीतर्फ

| विवरण | आ.व. | परिमाण (घ.मि.) | परिमाण (क्यु.फि.) | जिल्ला विकास समिति सेवा शुल्क | रोयल्टी |
|---|---|---|---|---|---|
| बालुवा | ०६९/७० | ६५१९।२७ | २३०००० | ६९०००० | २६०८२ |
| मिठ्ठाराम दाहाले आ. व. २०६९/७० मा खानी उत्खनन् गरी विक्री वितरण गर्दा तिरेको जि. वि.स. सेवा शुल्क र रोयल्टीको विवरण जि. वि. स. को कार्यालय, काठमाण्डौको च. नं. १३६२ मिति २०७१।०८।२२ को पत्रबाट खुल्न आएको। | | | | | |
| बालुवा | ०७०/०७१ | १४१७२।३४ | ५००००० | १५००००० | ५६७०० |
| माटो | ०७०/०७१ | बच्चुराम बालुवा खानी प्रा.लि.र मिठ्ठाराम दाहालको बालुवा खानीबाट माटोको कर संकलन गर्न नदिएको, जिल्ला विकास समितिर तँदी कन्सट्रक्शन बिच सम्झौता भई गोठाटार गा.वि.स. क्षेत्रबाट संकलित कर शुल्क रु.३३,९०,०००।— प्राप्त भएको। | | | |

३१९. खानी उत्खनन्कर्ताहरुले कोषको जग्गामा खानी सञ्चालन गरे वापत कोषमा बुझाएको बालुवा तथा माटो वापतको रकम सम्बन्धमा देहाय बमोजिमको विवरण उल्लेख भएको पशुपति क्षेत्र विकास कोषको च.नं. २१२ मिति २०७१।०६।०५ गतेको पत्र।

| सि.नं. | खानी उत्खनन्कर्ता | विवरण | आ. व. | परिमाण (क्यू. फि.) | कोषलाई बुझाएको रकम |
|---|---|---|---|---|---|
| १. | बच्चुराम दाहाल | बालुवा | २०६५/०६६ | ५४२५२५०.०० | १६५५०६९०\|- |
| | | बालुवा | २०६६/०६७ | २०१६३५०.०० | ९२७१२२०\|- |
| | | बालुवा | २०६७/०६८ | २६६४६०.६७ | १९२४६९०\|- |
| | | बालुवा | २०६८/०६९ | २५३१६९२.८० | १४९१८२३८\|- |
| | | बालुवा | २०६९/०७० | २५३१६९२.८० | ८७२०३१८\|- |
| | | बालुवा | २०७०/०७१ | १३२९१३८.०० | १३२५२९३४\|- |
| | | माटो | - | - | - |
| २. | बच्चुराम बालुवा खानी प्रा.लि. | बालुवा | २०७०/०७१ | १३८३८४४.०० | ८२५२६५८\|- |
| | | बालुवा | २०७१/०७२ | २१०९७४.० | २०,००,०००\|- |
| | | माटो | २०७०/०७१ | ५०६८६००.०० | ३३३६४४०\|- |
| | | | २०७१/०७२ | | ७३,०४०\|- |

| | | | | | |
|---|---|---|---|---|---|
| | मिठ्ठाराम दाहाल | बालुवा | २०७०/०७१ | ७३८००६.०० | ४३०५६५४।- |
| | | | २०७१/०७२ | - | ११००००।- |
| | | माटो | - | - | - |

३२०. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल निर्माण कार्य गर्ने कन्सट्रक्टोरा सानजोसे एस. ए. सँग आवद्ध भई काम गर्ने हामी (तुँदी कन्सट्रक्सन प्रा. लि.) र बच्चुराम बालुवाखानी प्रा. लि. बिच पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको गोठाटार गा. वि. स. वडा नं. ३ (क) कि. नं. ५९, ८४, र वडा नं. ४ (क) कि. नं. ८० मध्येको जग्गाबाट माटो खरिद विक्री गर्न मिति २०७०।११।२८ गते सम्झौता भई माट खरिद विक्री भएको, माटोको Cutting, Loading र Transportation को जिम्मा प्रथम पक्ष (तुँदी कन्सट्रक्सन) को रहेको, प्रथम पक्षले कम्तिमा २ थान एस्काभेटर र १५ देखि २० थान टिपर प्रयोग गरी माटो ढुवानी गर्ने र दैनिक २५० देखि ५०० टिप सम्म माटो खरिद गरिने, प्रथम पक्षले प्रति ६ चक्के टिपर ३५० क्युव फिट क्षमताको प्रति टिप रू. १५३० (मुल्य अभिवृद्धि कर बाहेक) मा खरिद गर्ने, तुँदी कन्सट्रक्सन प्रा. लि. ले बच्चुराम दाहाल खानी प्रा. लि. लाई मिति २०७१।१२।७ देखि मिति २०७१।३।२२ सम्ममा भएको माटोको कारोबारमा २,०३,३९,१३१।५० (दुई करोड तीन लाख उन्नचालीस हजार एक सय एकतीस रुपैया पचास पैसा) भुक्तानी गरेको भन्नेसमेत बेहोराको तुँदी कन्ट्रक्सन प्रा.लि. को च.नं.१०३/०७०/०७१ मिति २०७१/०४/०६ गतेको पत्र।

३२१. खानी सञ्चालक राजेन्द्र बहादुर गोर्खालीले अनुमति पत्र नविकरण नगराएकोले मिति २०६४।०५।०९ को निर्णयबाट निजको अनुमति पत्र रद्द गरिएको र का.जि.गोठाटार गा.वि.स.वडा नं. ३(क) को कि.नं. ५९ र ८४ तथा ४(क) को कि.नं. ८० का जग्गाहरु समेत निज राजेन्द्र बहादुर गोर्खालीको लिज एरियामा परेको तर क्वारी एरियामा नपरेको भन्नेसमेत बेहोराको खानी तथा भूगर्भ विभागको च.नं. ५४३ मिति २०७१।०६।०८ गतेको पत्र।

३२२. कर्पोरेसनलाई चाहिने बलौटे माटो (Sandy Soil) पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको का.जि.गोठाटार गा.वि.स. वडा नं. ३(क) र ४(क) को जग्गाहरुमा खानी उत्खनन् अनुमति प्राप्त श्री बच्चुराम दाहालबाट समेत खरिद गरेको, यस कर्पोरेशनले कोटेश्वर देखि सुर्यविनायक ६ लेन सडक बिस्तारको लागि आवश्यक पर्ने बलौटे माटो (Sandy Soil) August 2010 देखि November 2014 सम्म खरिद गरेको देखिन आएको, खानी

उत्कनन्कर्ता बच्चुराम दाहालसँग माटो खरिद गरी नियम बमोमिमको जिल्ला विकास समिति सेवा शुल्क वापतको जम्मा रकम रु. ७,९८,३६३/- (सात लाख अन्ठानब्वे हजार तीन सय त्रीसठ्ठी रूपैयाँ) जि. वि. स. को कार्यालय, काठमाण्डौमा दाखिला गरेको भन्नेसमेत बेहोराको HAZAMA ANDO Corporation बाट मिति २०७१।६।२ गते (१८ सेप्टेम्बर, २०१४) को पत्र।

३२३. <u>प्रतिवादी निर्मल कुँईकेलको हकमा अभियोग:</u> सि.एन.एसोसिएट्स प्रा.लि.ले कोषको उल्लेखित जग्गाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना लागु गर्ने सम्बन्धमा कोषमा पेश गरेको प्रतिवेदनमा उल्लेखित बालुवाको भण्डार सम्बन्धी सूचना बदनियतपूर्वक खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई चुहावट गरेको; खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई मात्र कोषको उल्लेखित जग्गामा उत्खनन् गर्न दिने बदनियत राखी सोही अनुसारको बेहोरा बनाई जिल्ला विकास समितिको कार्यालय, काठमाडौंसँग राय माग गर्न पत्राचार गरेको; खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट मात्र कोषको उल्लेखित जग्गामा खानी सञ्चालन गराउने बदनियत राखी सोही अनुसारको मापदण्ड तयार गरी प्रतिष्पर्धाको सिद्धान्त विपरीत बोलपत्र आव्हान गरेको; बालुवाको न्यूनतम मूल्यलाई विना कारण घटाई हचुवाको कोषलाई दीर्घकालिन रुपमा क्षति पुऱ्याउने गरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालसँग सस्तो दररेटमा सम्झौता गरी खानी समेत सञ्चालन गराई रु.१,६३,८०,५७७।५० पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको; उल्लेखित जग्गाहरुमा लाईन लेभल तथा नापीका रेफरेन्सहरु स्पष्ट राख्न नलगाई खानी उत्खनन्कर्ता बच्चुराम दाहालको प्रभाव र प्रलोभनमा परी बदनियतपूर्वक कोषको गुरुयोजनालाई नै असर पार्ने गरी जथाभावी बालुवा उत्खनन् गराएको; खानी क्षेत्रमा रहेका रुखहरु अवैध कटान गरी गराई पशुपति क्षेत्र विकास कोषलाई रु.४,४८,६१६।८० क्षति पुऱ्याएको, जस्ता कार्यहरु गरी गर्न दिई निज प्रतिवादीले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१,६८,२९,१९४।३० हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१,६८,२९,१९४।३० (एक करोड अठ्सठ्ठी लाख उनान्तीस हजार एक सय चौरान्नब्बे रूपैयाँ तीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ।

३२४. <u>प्रतिवादी सुशिल नाहटाको हकमा अभियोगः</u> प्रतिवादी सुशिल नाहटाले पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६७।०९।१३ गतेको निर्णय तथा पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बिच मिति २०६८।०२।२३ गते भएको सम्झौता विपरीत वातावरणीय प्रभाव मुल्याङ्कन नै नगराएको अवस्थामा कोषको जग्गामा पुनः खानी सञ्चालन गराएको, खानी उत्खनन्कर्ता बच्चुराम दाहालले सम्झौता तथा स्वीकृत माईनिङ स्किममा उल्लेखित प्रावधानहरुको उल्लंघन हुने गरी खानी सञ्चालन गरेकोले निज बच्चुराम दाहालसँग भएको सम्झौता रद्द गर्ने प्रकृया अगाडि बढाए तापनि सोही उल्लंघन भएका शर्तहरुलाई नै पुनः समावेश गरी निज बच्चुराम दाहालसँग सम्झौता गरी जथाभावी खानी उत्खनन् कार्यलाई निरन्तरता दिएको, खानी उत्खनन्कर्ता बच्चुराम दाहालसँग मिलोमतो गरी कोषको जग्गाबाट तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् तथा निकासी गराई रू.१,७८,५२,१३८।४७ पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको, प्रतिवादीहरु राजुकुमार रेग्मी, गोपाल प्रसाद पराजुली र मिठ्ठाराम दाहाल संग मिलोमतो गरी मिठ्ठाराम दाहाललाई कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट खानी उत्खनन् पत्र दिने प्रयोजनको लागि पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी सुनियोजित र बदनियतपूर्वक अवैधानिक मञ्जुरीनामा पत्र बनाई सोही मञ्जुरीनामा भनीएको पत्रबाट निज मिठ्ठाराम दाहालले खानी उत्खनन् अनुमति पत्र लिई कोषको जग्गामा अवैध खानी समेत सञ्चालन गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,००० क्षति पुऱ्याएको, कोषको जग्गामा अवैध खानी सञ्चालन गराएको र पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६८।०९।०८ गतेको बैठकमा कोषको जग्गामा अवैध खानी उत्खनन् गर्ने मिठ्ठाराम दाहाललाई बालुवा तथा माटो समेत बिक्री गर्न दिने बिषय प्रवेश गराई निर्णय गराई प्रतिवादी सुशिल नाहटाले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रू.१,९२,७८,१३८।हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रू.१,९२,७८,१३८।४७ (एक करोड बयानब्बे लाख अठहत्तर हजार एक सय अठ्तीस रुपैयाँ सत्चालीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ।

३२५. <u>प्रतिवादी राजुकुमार रेग्मीको हकमा अभियोगः</u> प्रतिवादी राजुकुमार रेग्मीले प्रतिवादीहरु

सुशिल नाहटा, उपनिर्देशक राजुकुमार रेग्मी, गोपाल प्रसाद पराजुली र मिठ्ठाराम दाहाल संग मिलोमतो गरी निज मिठ्ठाराम दाहाललाई कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट खानी उत्खनन् पत्र दिने प्रयोजनको लागि पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी सुनियोजित र बदनियतपूर्वक अवैधानिक मञ्जुरीनामा पत्र बनाई सोही मञ्जुरीनामा भनीएको पत्रबाट निज मिठ्ठाराम दाहालले खानी उत्खनन् अनुमति पत्र लिई कोषको जग्गामा अवैध खानी समेत सञ्चालन गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।- हानी नोक्सानी पुऱ्याई निज प्रतिवादी राजुकुमार रेग्मीले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।- (चौध लाख छब्बीस हजार मात्र) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१४,२६,०००।- (चौध लाख छब्बीस हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ।

३२६. <u>प्रतिवादी महेन्द्रलाल श्रेष्ठको हकमा अभियोगः</u> प्रतिवादी महेन्द्रलाल श्रेष्ठले खानी तथा भूगर्भ विभाग, काठमाडौंको निर्देशन विपरीत खानी उत्खननकर्ता बच्चुराम दाहालको नाममा खानी उत्खनन् अनुमति पत्र जारी गरी खानी सञ्चालन समेत गराएको, कोषको उल्लेखित जग्गामा गुरूयोजना लागू गर्दा निस्केको बालुवा विक्री वितरण गर्ने सम्बन्धमा राय माग हुँदा बदनियतपूर्वक खानी उत्खननकर्ता बच्चुराम दाहालले मात्र उत्खनन् गर्न पाउने भनी पत्राचार गरेको,खानी तथा भूगर्भ विभाग, काठमाडौंको निर्देशनको अपव्याख्या गरी कोषको जग्गामा खानी उत्खननकर्ता बच्चुराम दाहाललाई खानी सञ्चालन गर्न दिने बदनियत राखी कोषको सहमति माग गरेको,खानी उत्खननकर्ता बच्चुराम दाहालले खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम ६ महिना भित्र उत्खनन् नै नगरेको अवस्थामा निजको अनुमति पत्र नविकरण गरे गराएको,खानी तथा खनिज पदार्थ नियमावली, खानी तथा भूगर्भ विभाग, काठमाडौंको निर्देशन विपरीत कोषको जग्गा निज खानी उत्खननकर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप हुनु भन्दा अगावै अबैध खानी सञ्चालन गरे गराएको,वन क्षेत्रमा खानी सञ्चालन गर्दा अनिवार्य रूपमा गर्नुपर्ने वातावरणीय प्रभाव मुल्याङ्कन गरी गराई वन तथा भू-संरक्षण मन्त्रालयको सहमति र स्वीकृति लिनु पर्नेमा सो नगराई अबैध खानी सञ्चालन गराएको,खानी उत्खननकर्ता बच्चुराम दाहालले खानी सञ्चालन सम्बन्धमा

पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाडौंसँग गरेको सम्झौता विपरीत अवैध खानी सञ्चालन गराएको, खानी उत्खनन्कर्ता बच्चुराम दाहाल र पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव निर्मल कुँईकेल बिच मिलोमतो गरी वन तथा भू-संरक्षण मन्त्रालयको सहमति नै नभएको तथा वन क्षेत्रमा खानी सञ्चालन गर्दा अनिवार्य रूपमा गर्नुपर्ने वातावरणीय प्रभाव मुल्याङ्कन नै नगराएको अवस्थामा वातावरण संरक्षण ऐन तथा खानी तथा खनिज पदार्थ नियमावलीका प्रावधान विपरीत कोषको उल्लेखित जग्गामा रहेका रुखहरु अवैध कटान गरी पशुपति क्षेत्र विकास कोषलाई रु.४,४८,६१६।८० (चार लाख अठचालिस हजार छ सय सोह्र रुपैयाँ अस्सी पैसा) क्षति पुऱ्याएको, बदनियतपूर्वक खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट आ.व. ०६५/०६६ मा उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको नियम बमोजिम प्राप्त हुने जि.वि.स.सेवा शुल्क छली गराई कोषको जग्गामा अबैध खानी समेत सञ्चालन गरी गराई रु.१,१५,५५,७८२।५० (एक करोड पन्ध्र लाख पचपन्न हजार सात सय बयासी रुपैयाँ पचास पैसा) राज्य कोषलाई क्षति पुऱ्याएको जस्ता कार्य गरी निज प्रतिवादीले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ७ र दफा १७ द्वारा परिभाषित कसुर गरी राज्य कोषलाई रु.१,१५,५५,७८२।५० (एक करोड पन्ध्र लाख पचपन्न हजार सात सय बयासी रुपैयाँ पचास पैसा) तथा पशुपति क्षेत्र विकास कोषलाई रु.४,४८,६१६।८० (चार लाख अठचालिस हजार छ सय सोह्र रुपैयाँ अस्सी पैसा) गरी जम्मा रु.१,२०,०४,३९९।३० (एक करोड वीश लाख चार हजार तीन सय उनान्सय रुपैयाँ तीस पैसा) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१,२०,०४,३९९।३० (एक करोड वीश लाख चार हजार तीन सय उनान्सय रुपैयाँ तीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ।

३२७. <u>प्रतिवादी गोपाल प्रसाद पराजुलीको हकमा अभियोगः</u> प्रतिवादी गोपाल प्रसाद पराजुलीले खानी तथा भूगर्भ विभागको च.नं. १३७५ मिति २०६६।०३।२६ गतेको पत्रबाट खानी उत्खनन्कर्ता बच्चुराम दाहालले कोषको उल्लेखित जग्गामा अवैध खानी सञ्चालन भईरहेको जानकारीमा पाएर पनि निज बच्चुराम दाहाललाई आवश्यक कारवाही गरी निजलाई करको दायरामा नल्याई अवैध खानी उत्खनन्लाई निरन्तरता दिएको तथा कोषको

उल्लेखित जग्गालाई खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप गरी अवैध खानीलाई बैधानिकता दिई निज बच्चुराम दाहालको नाममा खानी उत्खनन् अनुमति पत्र समेत जारी गरेको, बदनियतपूर्वक खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट आ.व. ०६५/०६६ मा उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको नियम बमोजिम प्राप्त हुने जि.वि.स.सेवा शुल्क छली गराई कोषको जग्गामा अबैध खानी समेत सञ्चालन गरी गराई रु.१,१५,५५,७८२।५० राज्य कोषलाई हानी नोक्सानी पुऱ्याएको, बदनियतपूर्वक खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट आ.व. ०६६/०६७ मा पनि उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको नियम बमोजिम प्राप्त हुने जि.वि.स.सेवा शुल्क छली गराई रु.४२,९४,८२५।५० राज्य कोषलाई हानी नोक्सानी पुऱ्याएको, खानी उत्खनन्कर्ता बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषसँग गरेको सम्झौता, खानी तथा खनिज पदार्थ नियमावली, स्वीकृत माईनिङ स्किम तथा खानी तथा भूगर्भ विभागले दिएको निर्देशन विपरीत जथाभावी अवैध खानी सञ्चालन तथा रुख कटान समेत गरी कोषको जग्गामा ठूलो क्षति पुऱ्याएकोले निजसँग गरेको सम्झौता रद्द गरी कोषको जग्गा समेतलाई क्वारी क्षेत्र बनाई खानी उत्खनन् अनुमति पत्र लिएकोले त्यसको औचित्यता समेत समाप्त हुने भएकोले पशुपति क्षेत्र विकास कोषले अग्रीम कारवाहीको लागि लेखी पठाएकोमा त्यस कोषको पत्रले निज खानी उत्खनन्कर्ता बच्चुराम दाहालको अनुमति पत्रको औचित्यता समाप्त नहुने भनी बदनियतपूर्वक खानी तथा खनिज पदार्थ नियमावलीको प्रावधान विपरीत हुने गरी पत्राचार गरे गराएको, पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव सुशिल नाहटा, उपनिर्देशक राजुकुमार रेग्मी, जिल्ला विकास समितिको कार्यालय, र खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालसंग मिलोमतो गरी निज मिठ्ठाराम दाहाललाई कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट खानी उत्खनन् पत्र दिने प्रयोजनको लागि पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी सुनियोजित र बदनियतपूर्वक अनधिकृत मञ्जुरीनामा पत्र बनाई निज मिठ्ठाराम दाहालको नाममा खानी उत्खनन् अनुमति पत्र जारी गर्ने प्रकृया अघि बढाएको तथा सोही मञ्जुरीनामा भनीएको पत्रबाट निज मिठ्ठाराम दाहालले खानी उत्खनन् अनुमति पत्र लिई कोषको जग्गामा अवैध खानी समेत सञ्चालन गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।-हानी नोक्सानी पुऱ्याएको जस्ता कार्य गरी निज प्रतिवादी गोपाल प्रसाद पराजुलीले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ७ र दफा १७ द्वारा परिभाषित

कसुर गरी राज्य कोषलाई रु.१,५८,५०,६०८।— (एक करोड अन्ठाउन्न लाख पचास हजार छ सय आठ रुपैयाँ) तथा पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।- (चौध लाख छब्बीस हजार मात्र) गरी जम्मा रु.१,७२,७६,६०८।- (एक करोड बहत्तर लाख छयहत्तर हजार छ सय आठ) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१,७२,७६,६०८।- (एक करोड बहत्तर लाख छयहत्तर हजार छ सय आठ) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ।

३२८. प्रतिवादी प्रेमराज जोशीको हकमा अभियोगः प्रतिवादी प्रेमराज जोशीले जग्गाधनी पशुपति क्षेत्र विकास कोषसँग खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले सम्झौता गर्नु पूर्व नै निज प्रतिवादीहरु भिष्म कुमार मल्ल र मिठ्ठाराम दाहालसंग मिलोमतो गरी कोषको कि.नं. ८०को जग्गामा करिब १५ महिनासम्म अवैध खानी सञ्चालन गरी गराई आ.व.०६९/०७० मा निज मिठ्ठाराम दाहालले कोषको जग्गाबाट उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको परिमाणबाट पशुपति क्षेत्र विकास कोषलाई प्राप्त हुनुपर्ने रकम रु.१४,२६,०००।- हानी नोक्सानी पुऱ्याएको, मिठ्ठाराम दाहालको क्वारी क्षेत्र भन्दा बाहिर कोषको जग्गामा खानी सञ्चालन गरे गराएको, पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को मिति २०६९।०९।०८ गतेको बैठकमा निज उपस्थित भएर पनि कोषको उल्लेखित जग्गामा मिति २०६९।०६।१५ गतेबाट नै खानी सञ्चालन भईसकेको सम्बन्धमा बैठकलाई जानकारी नगराई अवैध खानी सञ्चालनलाई बैधानिकता दिने गरी निर्णय गराएको, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (संशोधन सहित) को परिच्छेद ४ को नियम १८ को उप-नियम (१) र (२) विपरीत खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालको अनुमति पत्र नविकरण गराएको जस्ता कार्य गरी निज प्रतिवादी प्रेमराज जोशीले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा १७ द्वारा परिभाषित कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।- (चौध लाख छब्बीस हजार मात्र) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१४,२६,०००।- (चौध लाख छब्बीस हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ।

३२९. <u>प्रतिवादी भिष्मकुमार मल्लको हकमा अभियोगः</u> प्रतिवादी भिष्मकुमार मल्लले कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट खानी उत्खनन् पत्र दिने प्रयोजनको लागि पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले पेश गरेको मञ्जुरीनामा पत्र सम्बन्धमा आवश्यक जाँचबुझ तथा कोषलाई पत्राचार समेत नगरी निज मिठ्ठाराम दाहाललाई खानी उत्खनन् अनुमति दिने सम्बन्धमा प्रकृया अघि बढाएको, जग्गाधनी पशुपति क्षेत्र विकास कोषसँग खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले सम्झौता गर्नु पूर्व नै निजले प्रतिवादीहरु प्रेमराज जोशी र मिठ्ठाराम दाहालसंग मिलोमतो गरी कोषको कि.नं. ८०को जग्गामा करिब १५ महिनासम्म अवैध खानी सञ्चालन गरी गराई आ.व.०६९/०७० मा निज मिठ्ठाराम दाहालले कोषको जग्गाबाट उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको परिमाणबाट पशुपति क्षेत्र विकास कोषलाई प्राप्त हुनुपर्ने रकम रु.१४,२६,०००।- क्षति पुऱ्याएको, मिठ्ठाराम दाहालको क्वारी क्षेत्र भन्दा बाहिर कोषको जग्गामा खानी सञ्चालन गरे गराएको, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (संशोधन सहित) को परिच्छेद ४ को नियम १८ को उप-नियम (१) र (२) विपरीत खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालको अनुमति पत्र नविकरण गराएको जस्ता कार्य गरी निज प्रतिवादी भिष्म कुमार मल्लले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा १७ द्वारा परिभाषित कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।- (चौध लाख छब्बीस हजार मात्र) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१४,२६,०००।- (चौध लाख छब्बीस हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ।

३३०. <u>प्रतिवादी बच्चुराम दाहालको हकमा अभियोगः</u> प्रतिवादी बच्चुराम दाहालले सि.एन. एसोसिएट्सको प्रतिवेदनबाट कोषको उल्लेखित जग्गामा ठूलो परिमाणमा बालुवाको भण्डार रहेको भन्ने खुल्न आए पश्चात पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरुसँग मिलोमतो गरी कोषको उल्लेखित जग्गामा आफुले मात्र खानी उत्खनन् गर्ने बदनियतले कोषको जग्गालाई लिज एरियामा पार्ने गरी खानी उत्खनन् अनुमति पत्रको लागि प्रकृया अगाडि बढाएको, खानी तथा भूगर्भ विभाग, काठमाडौंको निर्देशन विपरीत जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठसँग

मिलोमतो गरी कोषको सहमति नै नभएको अवस्थामा खानी उत्खनन् अनुमति पत्र लिएको, आफुलाई तोकिएको क्वारी क्षेत्रमा ६ महिना भित्र उत्खनन् नै नगरेको अवस्थामा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन पदाधिकारीहरुसँग मिलोमतो गरी गा.वि.स.को सिफारिसको आधारमा खानी उत्खनन् अनुमति पत्र नविकरण गराएको, कोषको उल्लेखित जग्गामा आफुले मात्र खानी उत्खनन् गर्ने बदनियतले पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव निर्मल कुँईकेल र जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठलाई प्रभाव र प्रलोभनमा पारी सुनियोजित तवरबाट आफ्नो मात्र हितमा हुने गरी पत्राचार गराएको, सुनियोजित रुपमा प्रतिष्पर्धाको सिद्धान्त विपरीत कोषको उल्लेखित जग्गामा आफुले मात्र बालुवा बिक्री वितरण गर्ने बदनियत राखी सोही अनुसारको मापदण्ड तयार गर्न लगाई बोलपत्र आव्हान गराएको, बोलपत्र आव्हान प्रकृयामा सहभागी भए तापनि कोषबाट तय गरिएको न्यूनतम मुल्य सकार्ने वा नयाँ मुल्य तय गर्न छलफल समेत नगरी सुनियोजित रुपमा सस्तो दररेटमा सम्झौता गर्ने बदनियतले हचुवाको भरमा बालुवाको दररेट तयार गर्न लगाई आफुलाई गैह्रकानूनी लाभ तथा पशुपति क्षेत्र विकास कोषलाई दीर्घकालिन रुपमा क्षति पुऱ्याउने बदनियत राखी सस्तो दररेटमा सम्झौता गरेको, खानी तथा भूगर्भ विभाग, काठमाडौंबाट कोषको उल्लेखित जग्गालाई निज बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप गर्ने सहमति दिनु भन्दा अगावै खानी सञ्चालन गर्ने अनुमति तथा कार्यदिश जारी गर्न लगाई अवैध खानी सञ्चालन गरेको, वन तथा भू-संरक्षण मन्त्रालयको सहमति नै नभएको तथा वन क्षेत्रमा खानी सञ्चालन गर्दा अनिवार्य रूपमा गर्नुपर्ने वातावरणीय प्रभाव मुल्याङ्कन नै नगराएको अवस्थामा वातावरण संरक्षण ऐन, खानी तथा खनिज पदार्थ नियमावली विपरीत कोषको उल्लेखित जग्गामा रहेका रुखहरु अवैध कटान गरी पशुपति क्षेत्र विकास कोषलाई रु.४,४८,६१६।८० हानी नोक्सानी पुऱ्याएको, पशुपति क्षेत्र विकास कोषका प्राविधिकहरुले कोषको उल्लेखित जग्गाहरुमा लाईन लेभल तथा नापीका रेफरेन्सहरु स्पष्ट नदेखिएकोले सो कार्य तत्काल नापी विज्ञबाट गराउनु पर्ने अन्यथा बालुवाको परिमाण तथा वातावरणमा समेत ठूलो असर पर्न सक्ने भनी पशुपति क्षेत्र विकास कोषलाई राय उपलब्ध गराए पनि आफुले गैह्रकानूनी लाभ लिने बदनियतले कोषको गुरुयोजनालाई नै असर पार्ने गरी जथाभावी बालुवा उत्खनन् गरेको, पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाडौंसँग गरेको सम्झौता, स्वीकृत माईनिङ्ग स्किम, खानी तथा भूगर्भ विभाग,

काठमाडौंले खानी उत्खनन्कर्तालाई तोकेको शर्त, खानी तथा खनिज पदार्थ ऐन, नियमावलीको प्रावधान विपरीत तोकिएको परिमाण भन्दा बढी अबैध बालुवा उत्खनन् गरी सो को नियम बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा बुझाउनु पर्ने रकम रु.२९,३३,१५,७६२।८९ समेत छली गरी हानी नोक्सानी पुऱ्याएको, पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाडौंसँग गरेको सम्झौता, स्वीकृत माईनिङ्ग स्किम, खानी तथा भूगर्भ विभाग, काठमाडौंले खानी उत्खनन्कर्तालाई तोकेको शर्त बमोजिम कोषको उल्लेखित जग्गामा बालुवा उत्खनन् गर्दा निस्केको माटोलाई उत्खनन् कार्य सँगसँगै माटो उर्वरशक्ति समेत कायम गरी जग्गा समतल गर्नुपर्नेमा सो नगरी माटो समेत अवैध रुपमा बिक्री गरी पशुपति क्षेत्र विकास कोषलाई रु.९,००,७३,४५४।८० हानी नोक्सानी पुऱ्याएको जस्ता कार्य गरी निज प्रतिवादी बच्चुराम दाहालले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसुर गरी गैह्रकानूनी लाभ लिई राज्य कोषलाई रु.५,७०,७९,६३०।४१ तथा पशुपति क्षेत्र विकास कोषलाई रु.३२,६७,५८,२०४।०८ गरी जम्मा रु.३८,३८,३७,८३४।४९ हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.३८,३८,३७,८३४।४९ (अठ्तीस करोड अठ्तीस लाख सैंत्तीस हजार आठ सय चौंतीस रुपैयाँ उनान्पचास पैसा मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम हदैसम्म सजाय गरी पाउँ।

३३१. <u>प्रतिवादी मिठ्ठाराम दाहालको हकमा अभियोगः</u> प्रतिवादी मिठ्ठाराम दाहालले कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० मा खानी सञ्चालन गर्न निज मिठ्ठाराम दाहालले पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव सुशिल नाहटा र उपनिर्देशक राजुकुमार रेग्मीलाई प्रभाव र प्रलोभनमा पारी अवैधानिक मञ्जुरीनामा पत्र बनाउन लगाएको, प्रतिवादीहरु गोपाल प्रसाद पराजुली र भिष्म कुमार मल्लसँग मिलोमतो गरी बदनियतपूर्वक जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई नलेखीएको तथा कोषको मञ्जुरीनामा भनीएको पत्रलाई आधार मानी कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० लाई क्वारी क्षेत्र बनाई खानी उत्खनन् अनुमति पत्र लिएको, आफुलाई तोकिएको क्वारी क्षेत्रमा उत्खनन् नै नगरेकोमा पनि निजले प्रतिवादीहरु री प्रेमराज जोशी र भिष्म कुमार मल्लसँग मिलोमतो गरी आफ्नो नाममा रहेको खानी उत्खनन् अनुमति पत्र कोषको जग्गामा एकाधिकार राख्ने बदनियतले खानी उत्खनन् अनुमति पत्र नविकरण गराएको, जग्गाधनी

पशुपति क्षेत्र विकास कोषको स्वीकृति तथा सम्झौता नभएकै अवस्थामा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन पदाधिकारीहरुसँग मिलोमतो गरी कोषको उल्लेखित जग्गाबाट अबैध रुपमा बालुवा उत्खनन् तथा बिक्री वितरण गरी रु.१,०८,१०,०००।- पशुपति क्षेत्र विकास कोषको जग्गामा क्षति पुऱ्याएको, आफुले गैह्र कानूनी लाभ लिने बदनियतले प्रतिवादीहरु सुशिल नाहटा र प्रेमराज जोशीसँग मिलोमतो गरी पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्बाट आफु अनुकूलको निर्णय गराई कोषको जग्गामा सञ्चालन गरीरहेको अवैध बालुवा उत्खनन्लाई बैधता समेत दिलाएको, पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाडौंसँग गरेको सम्झौता, स्वीकृत माईनिङ्ग स्किम, खानी तथा खनिज पदार्थ ऐन, नियमावलीको प्रावधान विपरीत आफुलाई तोकिएको क्वारी क्षेत्र भन्दा बाहिर कोषको जग्गाबाट अवैध रुपमा जथाभावी बालुवा उत्खनन् गरी रु.१,९५,३०,०००।- पशुपति क्षेत्र विकास कोषको जग्गामा क्षति पुऱ्याएको जस्ता कार्य गरी निज प्रतिवादी मिठ्ठाराम दाहालले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसुर गरी गैह्र कानूनी लाभ लिई पशुपति क्षेत्र विकास कोषलाई रू.३,०३,४०,०००।- (तीन करोड तीन लाख चालिस हजार मात्र) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रू.३,०३,४०,०००।- (तीन करोड तीन लाख चालिस हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम हदैसम्म सजाय गरी पाउँ भन्ने आरोपपत्र।

३३२. म मिति २०६३/०८/०८ देखि मिति २०६५/०७/२६ सम्म पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदमा रही कार्य गरेको, म सो पदमा नियुक्त हुनु अगावैदेखि नै उक्त जग्गाहरुबाट बालुवा चोरी हुने गरेको, म सो पदमा बहाल हुनु अगावै सो जग्गा बचाउन गुरुयोजना तयार भएको थियो, संचालक समितिले सो गुरुयोजना कार्यान्वयन गर्ने निर्णय भएकाले गुरुयोजना अनुरुप सो जग्गा सम्याउँदा निस्कने बालुवा बिक्री गर्ने कार्य अगाडि बढाएको, सो कार्य खानी ऐन अनुसार अनुमती प्राप्त व्यक्तिलाई दिन सकिने प्रावधान रहेको, २०६२/०६३ को जन आन्दोलन पछाडि सुकुम्बासीहरुबाट सो जग्गामा अतिक्रमण भएको, दररेट कायम गर्दा समिति बनाई समितिको राय अनुसार कायम गरिएको, खानी संचालनको सम्बन्धमा कानूनी राय माग्दा खानी ऐन अनुसार इजाजत प्राप्त व्यक्तिहरु मध्ये जि.वि.स.बाट अनुमती पाएका व्यक्तिलाई मात्र दिन मिल्ने जवाफ पाएकोले सोही अनुरुप

कार्य गरेको, बालुवाको दररेटमा कर शुल्क, राजश्व, दस्तुर आदि ठेकेदार स्वयंले व्यहोर्ने गरी सम्झौता भएको, रुख कटान सम्बन्धमा मैले कुनै लिखित वा मौखिक आदेश दिएको छैन र सम्झौतामा पनि सो कुरा उल्लेख छैन। मेरो कार्यकालमा उक्त जग्गाको स्वरुप विग्रिएको छैन। मेरो कार्यकालमा भएका निर्णयहरु मेरो एकल प्रयासबाट मात्र गरेको छैन, मैले कोषलाई हानी नोक्सानी पुग्ने कुनै कार्य नगरेकोले अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी निर्मल कुईकेलले विशेष अदालत काठमाडौंमा गरेको बयान।

३३३. म पशुपति क्षेत्र विकास कोषमा मिति २०६६/०३/१६ देखि ४ वर्षको लागि सदस्य सचिवमा नियुक्त भएको थिएँ। म कोषमा नियुक्ति हुनुभन्दा पूर्व सो बालुवा खानी सम्बन्धमा सम्झौता भएको रहेछ। सदस्य सचिव निर्मल कुईकेलको पालामा मिति २०६५/०७/०५ मा ठेकेदार बच्चुराम दाहालसँग खानी उत्खनन् सम्झौता भएको, सदस्य सचिव परमानन्द शाक्यको पालामा सोही सम्झौता अनुसार खानी संचालन भएको र निजकै पालामा खानीमा अनियमितता हुनुका साथै सो जग्गामा रहेका रुख कटान भएको भन्ने उजुरी परेको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६६/०१/०६ मा स्थानीय विकास अधिकारी, पशुपति विकास कोषका सदस्य सचिव, कोषको पदाधिकारी, जि.वि.स.प्रतिनिधि, खानी विभागका प्राविधिक प्रतिनिधि रहने गरी कमिटी गठन गरी १ महिनाभित्र प्रतिवेदन दिने भनी पत्राचार भएको रहेछ, म सदस्य सचिव भएपछि सो सम्बन्धमा सकृय भई प्रतिवेदन पठाएको। सो समयमा छानविन गर्दा खानी संचालनमा अनियमितता भएजस्तो देखिएकोले खानी संचालक बच्चुराम दाहाललाई खानी बन्द गर्न लेखी पठाएको थिएँ। मिति २०६५/०७/०५ मा बच्चुराम दाहाल र कोष बीच ५ वर्षे सम्झौता भएको, सो समझौताको अवधि बाँकी नै रहेको, सर्वोच्च अदालतबाट भएको फैसला तथा खानी संचालन गर्न खानी ऐन नियमावली बमोजिम बच्चुराम दाहाललाई नै दिनु पर्ने भएकाले निजलाई नै खानी संचालन गर्नलाई कोषको संचालक परिषद्को निर्णय अनुसार दिएको हो। मैले मूल्य निर्धारण गरी सम्झौता गरेको होइन। सम्झौताभन्दा बढी बालुवा उत्खनन् नहोस् भनी मैले कोषको तर्फबाट कर्मचारी खटाउनुको साथै स्थानीय गोठाटार युवा क्लवलाई पनि सक्रिय गराएको साथै प्रहरी विट खडा गर्न लगाएको थिएँ। खानी उत्खनन् सम्बन्धी कार्य गर्दा संचालक परिषद्को निर्णय अनुसार गरेको, मैले अभियोग दावी अनुसार कोषलाई हानी नोक्सानी पुर्‍याउने कुनै कार्य नगरेकोले अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी सुशिल नाहटाले विशेष अदालत काठमाडौंमा गरेको बयान।

३३४. मैले जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा मिति २०६४/०४/१० देखि मिति २०६५/०८/१५ सम्म स्थानीय विकास अधिकारीको जिम्मेवारी सम्हाली काम गरेको थिएँ। पशुपति क्षेत्र विकास कोषले मिति २०६५/०४०/७ मा कोषको गोठाटार गा.वि.स.वडा नं. ३ र ४ को जग्गामा गुरु योजना लागू गर्ने क्रममा निस्कने बालुवा बिक्री वितरण गर्दा कसरी प्रतिस्पर्धा गराउन सकिन्छ भनी सोधिएको पत्रको जवाफ दिँदा खानी उत्खनन् गर्ने कार्य खानी तथा भूगर्भ विभागको स्वीकृती र सहमतीमा सम्बन्धित इजाजत प्रमाणपत्र प्राप्त व्यक्तिबाट मात्र गर्न सकिने भनी जवाफ दिएको, जि.वि.स.कार्यालयले कोषको जग्गामा भएको बालुवा उत्खनन् बिक्री वितरण सम्बन्धी ठेक्कापट्टा वा कोषको रकम उठाउने कार्य नगरी सो कार्य कोषको पदाधिकारीबाट हुने, कानूनले तोकेको प्रकृयाबाट स्वीकृती दिँदा राजश्व आउँछ। जि.वि.स.को निगरानीमा मात्र खानीक्षेत्रको काम हुने होइन। सो जग्गामा भएको रुख कटान सम्बन्धमा कोषले सोधेको पत्रको जवाफ दिँदा वन कार्यालयबाट स्वीकृती लिनु हुन भनी जवाफ पठाएको हो। म सो पदमा रहँदासम्म बालुवा उत्खनन्को कार्य भएको थिएन, जि.वि.स.ले पाउने सम्पूर्ण सेवा शुल्कको रकम जम्मा भएको थियो, मैले कोषका पदाधिकारी तथा उत्खन्कर्तासँग मिलेमतो गरी कोषलाई हानी नोक्सानी पुऱ्याउने कुनै कार्य नगरेकोले अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी महेन्द्रलाल श्रेष्ठले विशेष अदालत काठमाडौंमा गरेको बयान।

३३५. म जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा मिति २०६५/०८/१७ देखि २०६८/०२/१२ सम्म र मिति २०६८/०९/१३ देखि २०६८/१२/१७ सम्म २ अवधि स्थानीय विकास अधिकारी पदमा कार्यरत रहेको, उक्त अवधिमा पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको जग्गामा खानी तथा भूगर्भ विभागको क्वारी क्षेत्र थप गर्ने सहमती पत्र अनुसार बच्चुराम दाहालको खानी क्षेत्रमा क्वारी क्षेत्र थप गर्ने कार्य भएको, मिष्ठाराम दाहालले कोषको जग्गामा बच्चुराम दाहाल समेतको सहमतीमा कोषको सहमती, स्वीकृती समेत पाएको, खानीको माइनिङ प्लान, IEE,TOR समेत जि.वि.स.मा रहेको खानी समितिमा पेश गरी खानी समितिको निर्णय अनुसार खानी तथा भूगर्भ विभागमा सक्कलै फायल पठाउने कार्य भएको हो। मैले सो कार्यालयमा जिम्मेवारी सम्हाल्नु अगावै बालुवा, ढुंगा अन्य ठेक्का भै सकेको थियो, कोषको जग्गामा अवैध रुपमा खानी संचालन भएको भन्ने कुनै उजुर परेको थिएन। मैले कुनै अवैध कार्य गरेको वा अवैध कामलाई निरन्तरता दिएको छैन। जि.वि.स.को बालुवा, ढुंगा निकासीमा लाग्ने सेवा शुल्क र रोयल्टी न्यूनतम

अंक तोकी बढाबढको सूचना प्रकाशित गरेको र बोलपत्रद्वारा स्वीकृत गरी रकम जि.वि.स.मा बुझाई सकेको छ। सेवा शुल्क वा रोयल्टी रकम छली गर्ने कार्य मबाट भएको छैन। मेरो कार्यकाल भन्दा अगावै कोषको जग्गामा बालुवा उत्खनन्को ठेक्का भै सकेको, सो ठेक्का संशोधन वा खारेजको निमित्त कोषबाट कुनै पत्राचार नभएको, कोषले आफ्नो जग्गामा भएको उत्खनन् कार्य नरोकेको तथा कोष परिषद्बाटै खानी यथावत संचालन गर्ने भनी निर्णय भएको समेतले म माथिको आरोप निराधार देखिन्छ। मिठ्ठाराम दाहालको कोषको स्वमित्वमा रहेको जग्गामा खानी संचालनको निमित्त माइनिङ प्लान, IEE,TOR र जग्गाधनी कोषको सहमती पत्रसाथ राखी निवेदन गरेकोले सो निवेदन खानी समितिमा पेश गरी विज्ञ समेतको प्रतिवेदनको आधारमा खानी समितिबाट भएको निर्णय अनुसार खानी विभागमा पठाएको हो, निज निवेदकको कोषसँग खानी संचालन सम्झौता गर्ने निर्णय कोषबाट २०७० सालमा भएको छ। मैले कोषलाई हानी नोक्सानी पुऱ्याउने गरी कुनै कार्य नगरेकोले अभियोग दावीबाट सफाई पाउँ भन्ने समेत बेहोराको प्रतिवादी गोपालप्रसाद पराजुलीले विशेष अदालत काठमाडौंमा गरेको बयान।

३३६. म २०६९/०१/०८ देखि २०७१/०२/०७ गतेसम्म जि.वि.स.कार्यालय काठमाडौंको स्थानीय विकास अधिकारीको रुपमा कार्यरत रहँदा पशुपति क्षेत्र विकास कोषको गोठाटार गा.वि.स.मा रहेको कि.नं. ८० को जग्गाबाट खानी उत्खनन् गर्न मिठ्ठाराम दाहालको नाममा अनुमती पत्र जारी गरेको, खानी सम्बन्धी ऐनले तोकिएको प्रकृया पूरा गरी जि.वि.स.मा खानी विभागको सिफारिश साथ निवेदन परेकाले अनुमती पत्र दिएको हो। मिठ्ठाराम दाहालबाट आ.व. ०६९/७० मा लाग्ने राजश्व समेतको दस्तुर दाखिला भएको, खानी क्षेत्रको रक्षा गर्ने कार्य कोषकै भएको, कोषलाई निज मिठ्ठारामले दिनुपर्ने रकम दिए नदिएको बारे जानकारी नगराएको, मिठ्ठाराम दाहाल र कोष बीच खानी संचालन सम्झौता भएकाले सो सम्बन्धी सम्पूर्ण कागजपत्र कोषमै रहने, मिठ्ठाराम दाहालले अनुमती पत्र नविकरणको निमित्त म्यादभित्रै निवेदन दिएको, सो समयसम्मको सम्पूर्ण दस्तुर जम्मा गरेको देखिएको, अनुमती पत्र रोक्काको निम्ति कुनै उजुरी नपरेको, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित अनुगमन समितिले मिठ्ठाराम दाहाललाई खानी संचालन अनुमती पत्र दिन उपयुक्त छ भनी प्रतिवेदन दिएको समेतका कारण निजको अनुमती पत्र नविकरण गरिएको थियो। मिठ्ठाराम दाहाल र कोष बीच भएको सम्झौतामा नै तोकिएको क्षेत्रबाट मात्र खानी उत्खनन् गर्न पाउने शर्त उल्लेख भएको, आफ्नो जग्गाको बालुवा खानीबाट बालुवा

बिक्री गर्ने नगर्ने, के कति बिक्री गर्ने भन्ने निर्णय गर्ने अधिकार कोषमै रहेको, जि.वि.स.बाट निजलाई क्वारी क्षेत्र बाहिर उत्खनन् गर्न इजाजत दिइएको छैन। मैले पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याउने गरी कुनै कार्य नगरेकोले अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी प्रेमराज जोशीले विशेष अदालत काठमाडौंमा गरेको बयान।

३३७. म जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा मिति २०६८/९/२५ देखि २०७०/१२/१२ सम्म योजना अनुगमन तथा प्रशासकिय अधिकृत पदमा कार्यरत रहेको, पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको कि.नं.८० को जग्गामा खानी संचालक मिठ्ठाराम दाहालले खानी तथा खनिज पदार्थ ऐन नियमावली बमोजिम कोषको जग्गामा खानी संचालन सम्बन्धमा मंजुरनामा, माइनिङ प्लान, IEE,TOR साथ निवेदन परेको, सो निवेदन बारे खानी विकास समितिमा छलफल भई सो समितिको निर्णय तथा विज्ञ टोलीबाट स्थलगत निरीक्षण गरी दिएको सिफारिश बमोजिम सहमतिका लागि खानी विभागमा पठाइएको हो। सो कार्य पशुपति क्षेत्र विकास कोषबाट लेखिएको पत्र अनुसार नै भएको हो। निज खानी संचालकले कोषसँग गरेको सम्झौतामा क्वारी क्षेत्र तोकिएकोले आफ्नो क्वारी क्षेत्र बाहिर खानी संचालन गर्न अनुमती दिइएको छैन। मिठ्ठाराम दाहालको इजाजत पत्र नवीकरण सम्बन्धमा म्यादभित्रै निवेदन परेको, लाग्ने दस्तुरहरु तिरेको, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित अनुगमन टोलीले दिएको प्रतिवेदन र निजको इजाजत पत्र नवीकरण नगर्नको निमित्त कुनै उजुरी नपरेको समेतका आधारमा नवीकरण गरिएको, खानी विभागको स्वीकृती र सहमती भएको, कोषसँग सम्झौता भएको ऐन नियमको प्रकृया पुगेको आधारबाटै उक्त इजाजत पत्र जारी भएको तथा नवीरकण समेत भएको हो। मैले कोषको सम्पत्तिमा हानी नोक्सानी पुऱ्याउने गरी कुनै कार्य नगरेकोले अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी भिष्म कुमार मल्लले विशेष अदालत काठमाडौंमा गरेको बयान।

३३८. मैले खानी उत्खनन् अनुमती लिने क्रममा मिति २०६८/०८/०१ मा हिमालयन टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएकोमा सो म्यादभित्र कुनै उजुर नपरेकोले गोठाटार गा.वि.स.बाट स्थलगत मुचुल्का भएको, जग्गाधनी पशुपति क्षेत्र विकास कोषबाट सहमती पाएको, जि.वि.स.मा निवेदन गरेको, खानी विभागले वातावरण विभागमा सोधी जवाफ पाएपछि खानी विभाग एबं जि.वि.स.बाट अनुमती पत्र प्राप्त गरेको हुँ। सो कार्यमा मैले कुनै पदाधिकारीलाई अनुचित प्रभावमा पारेको छैन, मैले अनुमती पाएको ६ महिनाभित्र उत्खनन् नगरे अनुमती पत्र नवीकरण नहुने भएकोले म आफैले जि.वि.स.बाट आफ्नै

खर्चमा रसिद विल ल्याएर प्रकृया पूरा गरी नवीकरण गरेको हुँ। मैले रसिद ल्याएपछि खानी क्षेत्रभित्रका अन्य जग्गाबाट उत्खनन् गरेको, कोषको जग्गाबाट उत्खनन् गरेको छैन। मैले क्वारी क्षेत्रबाहिर गई खानी उत्खनन् गरेको छैन। मिति २०७०/०८/२७ मा कोषसँग सम्झौता भई कार्यदिश पाएपछि मात्र उत्खनन् गरेको हो, मैले पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याउने गरी कुनै कार्य नगरेकोले अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी मिठ्ठाराम दाहालले विशेष अदालत काठमाडौंमा गरेको बयान।

३३९. मैले पशुपति विकास कोषमा २०४६/१०/१७ गते मुख्य सहायक पदमा नियुक्ति पाई २०५९ सालमा प्रशासकिय अधिकृत र २०६६ सालमा उपदिर्नेशक भई कार्यरत रहेको, पशुपति विकास कोषको कि.नं. ८० को जग्गामा २०६५/०७/०५ गते तत्कालीन सदस्य सचिवको तोकआदेश अनुसार बच्चुराम दाहालसँग बालुवा खानी उत्खनन् गर्ने सम्झौता गरेको हुँ। सो सम्झौतामा उक्त कि.नं. ८० को जग्गाको केही भाग परेको केही भाग बाँकी रहेकोमा बाँकी रहेको जग्गामा पनि गुरुयोजना अनुसार सम्याउनु पर्ने भएको साथै बाँकी जग्गामा खानी उत्खनन्को लागि मिठ्ठाराम दाहालको सबै कानूनी प्रकृया पूरा गरी निवेदन परेकोले आफुभन्दा माथिका व्यक्तिहरुको निदेशनमा मिठ्ठाराम दाहाललाई कि.नं. ८० को बाँकी जग्गामा खानी संचालन अनुमती पत्र दिने प्रयोजनको लागि सहमती पत्र दिएको थिएँ। मैले उक्त कार्यहरु आफुभन्दा माथिल्लो तहबाट भएको निर्देशन अनुसार गरेको हो। मबाट भएका सहमती पत्रले कोषलाई कुनै हानी नोक्सानी पुऱ्याएको छैन बरु मिति २०६९/०९/०८ को कोष परिषद् बैठकले मिठ्ठारामलाई खानी संचालन गर्न दिने निर्णय भइ मिति २०७०/०८/२७ मा सम्झौता भएको छ। मैले खानी संचालनको विषयमा लेखिएका पत्रहरुमा कोषको पदाधिकारीको निर्देशन बमोजिम प्राप्त अख्तियारीको आधारमा सहीछाप गरेको हो। म कोषको संचालक समितिको व्यक्ति होइन, मैले मिठ्ठाराम दाहाललाई खानी उत्खनन् अनुमती सम्बन्धमा सहमती पत्रमा मात्र सहीछाप गरेको हो, सहमती पत्रबाट खानी उत्खनन् अनुमती पत्र जारी हुने पनि होइन र कोषसँग सम्झौता नभई खानी उत्खनन् उजाजत प्रदान हुने पनि होइन, कोष परिषद्को निर्णयबाट खानी उत्खनन् इजाजत दिने गरी सम्झौता भएबाट पनि मबाट कोषलाई अहित हुने कुनै कार्य नभएको स्पष्ट हुन्छ मबाट बद्नियतपूर्वक कोषलाई हानी नोक्सानी पुऱ्याउने गरी कार्य नभएकोले अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी राजुकुमार रेग्मीले विशेष अदालत काठमाडौंमा गरेको बयान।

३४०. काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३(क) को कि.नं. ५९, ८४ र ऐ. कि.नं. ८० को जग्गाहरु पशुपति क्षेत्र विकास कोषको जग्गाहरु हुन्। उक्त जग्गाहरुबाट बालुवा उत्खनन् गर्ने प्रयोजनको लागि पशुपति क्षेत्र विकास कोष र म बीच ठेक्का सम्झौता भएको हो। मैले कुनै पनि पदाधिकारीसँग मिलेमतो गरी कुनै गैरकानूनी कार्य गरेको छैन। मैले नियम कानूनले तोकेको प्रकृया पूरा गरी खानी उत्खनन् इजाजत पत्र लिनुको साथै नवीकरण समेत गराएको छु। कोषबाटै तोकिएको मापदण्ड पूरा गरी कोषको दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटमा सम्झौता गरेको हो, मैले खानी संचालन गर्दा कानून बमोजिमका वातावरण प्रभाव मूल्यांकन समेत भई इजाजत पाएको र सम्झौता भएपछि तोकिएकै क्वारी क्षेत्रमा उत्खनन् गरेको हो। सो क्षेत्रका रुखहरु मैले कटान गरेको छैन, मैले तोकिएको क्षेत्रभन्दा बाहिर उत्खनन् गरेको छैन साथै तोकिएको परिमाणभन्दा बढी उत्खनन् गरेको छैन। मैले सम्झौता अनुसार मात्र उत्खनन् गरेको छु। उत्खनन् गर्दा समय समयमा कोषबाट प्राप्त निर्देशन समेत पालन गरेको छु। मेरो नाउँको खानी संचालन अनुमती पत्र २०६९ सालमा बच्चुराम बालुवा खानी प्रा.लि.नामक कम्पनीमा नामसारी भै गएको र नामसारी हुँदा कोषको स्वीकृती समेत लिएको थिएँ। २०७० सालमा मैले उक्त कम्पनीको सम्पूर्ण शेयर बिक्री गरी सो कम्पनीको दायित्वबाट मुक्त भइसकेको छु। मैले खानी उत्खनन् गर्दाको अवस्थामा तिर्नु पर्ने सम्पूर्ण रकम राज्य तथा कोषलाई बुझाइसकेको छु, मैले कोषलाई हानी नोक्सानी पुऱ्याउने गरी कुनै कार्य नगरेकोले अभियोग दावीबाट सफाई पाउँ भनी प्रतिवादी बच्चुराम दाहालले विशेष अदालत काठमाडौंमा गरेको बयान।

३४१. विशेष अदालतको आदेशानुसार प्रतिवादी निर्मल कुइँकेलले र.नं. २७९७ मिति २०७१/११/२९बाट रु. ५०,०००।-, प्रतिवादी सुशिल नाहटाले र.नं. २८३२ मिति २०७१/१२/१बाट रु. ५०,०००।-, प्रतिवादी महेन्द्रलाल श्रेष्ठले र.नं. २८४६ मिति २०७१/१२/३बाट रु. ३०,०००।-, प्रतिवादी गोपाल प्रसाद पराजुलीले र.नं. २९०९ मिति २०७१/१२/१०बाट रु. ३५,०००।- , प्रतिवादी प्रेमराज जोले र.नं. २९०८ मिति ०७१/१२/१०बाट रु. १०,०००।-, प्रतिवादी भिष्म कुमार मल्लले र.नं. २९३१ मिति ०७१/१२/१५बाट रु. १०,०००।-, प्रतिवादी राजु कुमार रेग्मीले र.नं. २९९८ मिति ०७१/१२/३०बाट रु. ४०,०००।-, प्रतिवादी बच्चुराम दाहालले र.नं. ३०३५ मिति २०७२/१/३०बाट रु.३०,००,०००।-,नगद धरौटी राखि र प्रतिवादी मिठ्ठाराम दाहालले

निजबाट माग भएको धरौटी रु.१०,००,०००।-वापत मिति ०७१/१२/२९ मा बच्चुराम दाहाल नाम दर्ताको काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ कि.नं. २२३ क्षेत्रफल ८७.४४ व.मि.जग्गा जेथा जमानत राखी तारेखमा रहेको।

३४२. प्रतिवादी महेन्द्रलाल श्रेष्ठ काठमाडौं जि.वि.स. बाट मिति २०६५/०८/१५ गते सरुवा रमाना भै गएपछि मिति २०६५/१०/०३ गतेबाट बालुवा उत्खनन् शुरु भएको हुँदा र उत्खनन् अनुमती दिने अधिकार जि.वि.स. लाई नभएकोले बालुवा उत्खनन् कार्य सम्बन्धी कार्यमा निज प्रतिवादीको कुनै संलग्नता छैन भन्ने प्रतिवादी महेन्द्रलाल श्रेष्ठका साक्षी गोपालप्रसाद पोखरेलको बकपत्र।

३४३. प्रतिवादी निर्मल कुइँकेलले पशुपति क्षेत्र विकास कोषमा सदस्य सचिवको जिम्मेवारी सम्हाल्नु अगावै ठेकेदार बच्चुराम दाहालसँग बालुवा उत्खनन् सम्बन्धी सम्झौता कोष र ठेकेदार बीच भई सकेको थियो, कोषको गोठाटारमा रहेको जग्गामा सुकुम्बासी बस्ती बसाउन सरकार नै प्रयत्नशील रहेको, बालुवा खानीबाट बालुवा चोरी निकासी भै रहेको र ठेकेदारले खानी विभागबाट अनुमती प्राप्त गरी सकेको अवस्था रहेको जस्ता कारण निज ठेकेदारलाई उत्खनन् अनुमती दिएको सम्म हो, सो कार्यबाट कोषलाई नोक्सानी पुगेको नभै आयश्रोत बढाउने गरी निर्णय भएकोले यी प्रतिवादीले कोषलाई अनियमित तवरले हानी नोक्सानी पुऱ्याउने कुनै कार्य नगरेकोले सफाई पाउनु पर्ने भन्ने प्रतिवादी निर्मल कुईकेलका साक्षी नवराज पराजुलीको बकपत्र।

३४४. स्थानीय विकास अधिकारीको प्रयासले मात्र कोषको बालुवा खानी उत्खनन् गर्ने अनुमती प्रदान हुन नसक्ने, खानी संचालनको अनुमती सम्बन्धी निर्णय प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित समितिबाट भएको, दररेट सम्बन्धमा कोषसँग सम्झौता भएको, खानी संचालन वापत जि.वि.स.लाई प्राप्त हुने दस्तुर खादिल भएको जस्ता कारणबाट प्रतिवादी प्रेमराज जोशीबाट कोषको सम्पत्ति हानी नोक्सानी पुऱ्याउने गरी बालुवा खानी संचालन अनुमती पत्र प्रदान नभएकोले निज प्रतिवादीले सफाई पाउनु पर्ने भन्ने प्रतिवादी प्रेमराज जोशीका साक्षी सीताकुमारी कार्कीको बकपत्र।

३४५. जि.वि.स.मा सरुवा भई आउनु भएको, ठेक्का प्रक्रिया पूरा गरी सम्झौता भएको, सेवा शुल्क समेतका दस्तुर दाखिल भएको, ठेक्का सम्बन्धमा जि.वि.स.मा उजुर नपरेको जस्ता कारणबाट प्रतिवादी गोपाल प्रसाद पराजुलीले कोषको बालुवा खानी उत्खनन् गर्ने ठेक्कापट्टा सम्बन्धमा कुनै अनियमितता नगरेकोले निजले अभियोग दावीबाट सफाई पाउनु पर्ने भन्ने प्रतिवादी

गोपालप्रसाद पराजुलीका साक्षी सन्देशकुमार ढकालको बकपत्र।

३४६. प्रतिवादी भिष्म कुमार मल्लले कुनै गल्ती नगरेकाले आरोपदावीबाट सफाई पाउनु पर्छ भन्ने प्रतिवादी भिष्मकुमार मल्लका साक्षी सीता थपलियाको बकपत्र।

३४७. बालुवा खानीको ठेक्का प्रकृयाको सूचना प्रकाशित भएपछि मात्र प्रतिवादी गोपाल प्रसाद पराजुलीले जि.वि.स.काठमाडौंमा पद बहाली गर्नु भएको, म समेत जि.वि.स. काठमाडौंको कर्मचारी भएकोले मैले जाने अनुसार निज प्रतिवादीले कुनै पनि सेवा शुल्क छलेको वा हिनामिना गरेको छैन, क्वारी क्षेत्र थप सम्वन्धी कार्यमा निज प्रतिवादीले कुनै अनियमितता नगरेको, जि.वि.स.मा सो सम्वन्धी कुनै उजुरी नपरेको समेतका कारणबाट निज प्रतिवादीले अभियोग दावीबाट सफाई पाउनु पर्ने भन्ने प्रतिवादी गोपालप्रसाद पराजुलीका साक्षी उमेशकुमार चापागाईको बकपत्र।

३४८. प्रतिवादी निर्मल कुईकेल पशुपति क्षेत्र विकास कोषमा सदस्य सचिव भई आउँदा उक्त कोषको गोठाटारस्थित जग्गामा शुरु योजना लागू भई सकेको, सुकुम्बासीको अतिक्रमण भइरहेको, बालुवा चोरी निकासी भइरहेको अवस्था भएकोले उक्त जग्गालाई संरक्षण गर्नको निमित्त ठेकेदारसँग बालुवा खानी उत्खनन् संचालन सम्झौता भएको हो, खानी संचालन गर्दा निज प्रतिवादीले कोषबाट राजीनामा गरी सकेका थिए। अध्ययन टोलीको सिफारिशमा दररेट तोकिएको थियो, खानी संचालन ऐन नियमबाट बच्चुराम दाहालसँग नै सम्झौता गर्नु पर्ने कारण समेतबाट निज प्रतिवादीले कोषलाई हानी नोक्सानी पुग्ने कुनै कार्य नगरेकाले अभियोग दावीबाट सफाई पाउनु पर्ने भन्ने प्रतिवादी निर्मल कुइँकेलको साक्षी कृष्णमान श्रेष्ठको बकपत्र।

३४९. प्रतिवादी मिठ्ठाराम दाहालले खानी संचालन अनुमती प्राप्त गरेको, कोषसँग सम्झौता गरी सम्झौता अनुसार नै उत्खनन् गरेको, सम्झौता अनुसार जि.वि.स. काठमाडौंबाट स्वीकृती लिएको हुँदा निजले कोषलाई हानी नोक्सानी नपुऱ्याएकोले अभियोग दावीबाट सफाई पाउनु पर्ने भन्ने प्रतिवादी मिठ्ठाराम दाहालका साक्षी जीवन चापागाईको बकपत्र।

३५०. कोषको गोठाटारमा रहेको जग्गामा सुकुम्बासी बस्ती बसाउने, त्यहाँको रुख काटेर लैजाने कार्य भएकोले सो जग्गामा अतिक्रमण गर्न हुन्न रुख कटानबाट आएको रकम खानेपानीमा लगानी गर्नु पर्छ भनी काम भएको हो, सो स्थानका रुख बच्चुराम दाहालले काटेका छैनन्। निज र कोष बीच भएको सम्झौता अनुसार नै खानी उत्खननको कार्य भएको, बील काटेर मात्र बालुवा उत्खनन् गरी लगिएको हुँदा निज प्रतिवादीले आरोपित कसूर नगरेकोले

सफाई पाउनु पर्ने भन्ने प्रतिवादी बच्चुराम दाहालका साक्षी उद्धव दाहालको बकपत्र।

३५१. प्रतिवादी सुशील नाहटा पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव भई आएपछि कोषको जग्गाको, बालुवा खानी, बालुवाको मूल्य आदिको विवादका कारण खानी संचालन सम्झौता रद्द गर्ने निर्णय गरेको, पछि बालुवाको मूल्य रु. ३।२० बाट बढाई रु. ६।२० मा पुनः सम्झौता भएको, बालुवा खानीको अनुगमन कोषबाट गर्ने व्यवस्था गरेको, निज प्रतिवादीबाट कोषलाई हानी नोक्सानी पुऱ्याउने कुनै काम नभएकोले निजले अभियोग दावीबाट सफाई पाउनु पर्ने भन्ने प्रतिवादी सुशील नाहटाका साक्षी श्यामकृष्ण संगतको बकपत्र।

३५२. प्रतिवादी राजुकुमार रेग्मीलाई कोषको जग्गामा बालुवा खानी संचालनको मन्जुरी दिने अख्तियारी छैन, कोषको अख्तियारी प्राप्त गरेपछि निर्देशन अनुसार ठेकेदार मिठ्ठाराम दाहाललाई खानी संचालनको मन्जुरी दिएको हो, मन्जुरी पाएपछि पनि कानूनी प्रक्रिया पूरा गरी कोषसँग सम्झौता गरी खानी संचालन गर्न पाइने भएकोले निज प्रतिवादीले दावीको कसूर नगरेकोले सफाई पाउनु पर्ने भन्ने प्रतिवादी राजु कुमार रेग्मीका साक्षी चन्द्रराज अधिकारीको बकपत्र।

३५३. मैले पशुपति विकास कोषको गोठाटारस्थित जग्गामा खानी संचालन सम्बन्धमा स्थलगत अवलोकन गरी प्रतिवेदन दिएको हुँ। सो सम्बन्धमा आफूले देखेका सबै तथ्य खुलाई प्रतिवेदन पेश गरेको, सो प्रतिवेदन कोषबाट प्राप्त सम्झौता सम्बन्धी कागजातको अध्ययन गरी स्थलगत निरीक्षणको आधारमा तयार गरी दिएको हो भन्ने वादीका साक्षी सुरेन्द्र वैद्यको बकपत्र।

३५४. म पशुपति क्षेत्र विकास कोषमा मिति २०६३/०८/०८ देखि मिति २०६५/०८/०१ सम्म कोषाध्यक्ष पदमा रहेको, मेरो संयोजकत्वमा ४ सदस्यीय बालुवा मूल्य निर्धारण कार्यदल गठन भएको थियो भन्ने वादीका साक्षी ज्ञानबहादुर हमालको बकपत्र।

३५५. मैले खानी संचालन सम्झौतामा भ्रष्टाचार भएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६८/०८/२० को निर्णयानुसार मिति २०६८/१०/१० मा स्थलगत निरीक्षण गरी प्रतिवेदन दिएको, स्थलगत निरीक्षण गर्दा त्यहाँ ठेकेदारका मानिस, जि.वि.स.को रसिद काट्ने मानिस, खानीमा काम गर्ने मानिस र गाडीका स्टाफ थिए, निजहरुकै भनाईका आधारबाट प्रतिवेदन तयार गरिएको हो, प्रतिवेदन स्थलगत निरीक्षणको अवस्थामा नापजाँच गरी, तोकिएको मापदण्ड र स्थलगत अवलोकन गरी प्रतिवेदन तयार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दिएको हो भन्ने वादीका साक्षी कृष्णप्रसाद

पौड्यालको बकपत्र।

३५६. प्रतिवादी मध्येका बच्चुराम दाहालका हकमा १,१७,४७,१९७.०४१ क्यू.फिट बालुवाको बिक्री गरेको मूल्य प्रति क्यू. फिट रु. १३।३० का दरले भनी रु. १५,६२,३७,७२०।६४, सोको १३% भ्याटको हुने रु. २,०३,१०,९०३।६८, रोयल्टी सेवा शुल्क (रु. ३।१३ को दर) वापत रु. ३,६७,६८,७२६।७३ प्रति क्यू.फिट बालुवाको रु. ६।८१ का दरले हुने कोषको रकम रु. ७,९९,९८,४११।८४ तथा माटोको रु. ९,००,७३,४५४।८० तथा रुख कटान वापतको रु. ४,४८,६१६।८० समेत जम्मा रु. ३८,३८,३७,८३४।४९ दावी लिएको आरोपपत्रबाट देखिन आएकोमा बालुवाको रु. १३।३० प्रति क्यू. फिट मूल्य भनी १ ठाउँमा दावी लिई पुनः रु. ६।८१ को दरबाट सोही परिमाणको दोहोरो दावी लिएको पाइयो। बालुवा प्रति क्यू.फिट रु. ६।८१ को दरले सम्झौता भएकोमा बिक्री गरेको भनिएको सम्झौताको दर बाहिरको मूल्यलाई कायम गर्न नमिल्ने भएको हुनाले र सोही रु. ६।८१ का दरले हुन आउने मूल्य मात्र कायम हुनु मनासिव देखिन आएकाले सो दरबाट हुन आउने रु. ७,९९,९८,४११।८४, सोही रकमको १३% ले हुने भ्याट वापतको रकम रु. १,०३,९९,७९३।५३, रोयल्टी र सेवा शुल्क वापतको प्रति क्यू.फिट रु. ३।१३ को दरले हुने रु. ३,६७,६८,७२६।७३, रुख कटान वापतको रु. ४,४८,६१६।८० र तुँदि कन्ट्रक्शनलाई बिक्री गरेको माटोको मूल्य रु. २,०३,३९,१३१।५० बाट पशुपति विकास कोषमा बुझाएको रु. ३३,३६,४४०।- र रु. ७३,०४०।- लाई घटाएर हुन आएको रु. १,६९,२९,६५१।५० समेत जम्मा बिगो रु. १४,४५,४५,२००।४० सम्म रकम यी प्रतिवादी बच्चुराम दाहालले बद्नीयत गरी नबुझाई हिनामिना हानी नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८(४) को कसूर गरेको देखिन आएकोले निज प्रतिवादी बच्चुराम दाहाललाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८(४) बमोजिम रु. १४,४५,४५,२००।४० जरिवाना हुने ठहर्छ। प्रतिवादी मिठ्ठाराम दाहालले २,३०,००० क्यू. फिट बालुवाको सम्झौता बमोजिम प्रति क्यू. फिट ६।२० का दरले हुन आउने रु. १४,२६,०००।-सम्म पशुपति विकास कोषलाई नबुझाई बद्नीयत गरी भ्रष्टाचार गरी सो कोषलाई हानी नोक्सानी पुऱ्याएको देखिएकाले निजले भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८(४)को कसूर गरेको देखिँदा निज प्रतिवादी मिठ्ठाराम दाहाललाई सोही दफा बमोजिम रु. १४,२६,०००।- जरिवाना हुने ठहर्छ। अन्य प्रतिवादी मध्येका निर्मल कुईकेल, सुशिल नाहटा, राजुकुमार रेग्मी, महेन्द्रलाल

श्रेष्ठ, गोपालप्रसाद पराजुली, प्रेमराज जोशी र भिष्मकुमार मल्लले आरोपित कसूर गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट ठोस रुपमा पुष्टि भएको देखिन नआउँदा निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भन्ने बेहोराको विशेष अदालत काठमाडौंको मिति २०७३।०५।०५ को फैसला।

३५७. प्रतिवादी बच्चुराम दाहालको हकमा तथ्यगत विवरण सहितको विवेचना आरोपपत्रको पाना ४०२ देखि पाना ४२३ सम्म गरिएको, निज प्रतिवादी उपर लगाइएको आरोपको विश्लेषण गरी पाना नं. ४२० देखी ४२३ सम्म प्रकरण नं. (क) देखि (ट) सम्म बुँदागत रुपमा उल्लेख गरिएको, प्रतिवादी मिठ्ठाराम दाहालको हकमा आरोपपत्रको पाना नं. ४५१ देखी पाना नं. ४५८ सम्मका विभिन्न प्रकरणहरुमा तथ्यगत विवरण सहित गरिएको विवेचना, प्रस्तुत गरिएको तथ्य विवरण र सो तथ्यलाई पुष्ट्याई गर्ने मिसिल संलग्न प्रमाणहरुवाट निजहरु उपरको आरोपपत्र मागदावीको सम्पूर्ण विगोको मागदावी पुष्टि भैरहेकोमा वाँकी विगो र विगो जफतको मागदावीवाट उन्मुक्ति दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको छ।

प्रतिवादी मिठ्ठाराम दाहालले बदनियतपूर्वक कोषको जग्गा मध्ये कि.नं. ८० मा खानी सञ्चालन गर्न निजले प्रतिवादी सुशिल नाहटा र राजुकुमार रेग्मी समेतलाई प्रभाव र प्रलोभनमा पारेको, अवैधानिक मञ्जुरीनामा पत्र बनाउन लगाएको, निजले प्रतिवादी गोपाल प्रसाद पराजुली र भिष्म कुमार मल्लसँग मिलोमतो गरी बदनियतपूर्वक जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई नलेखीएको तथा कोषको मञ्जुरीनामा भनीएको पत्रलाई आधार मानी कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० लाई क्वारी क्षेत्र बनाई खानी उत्खनन् अनुमति पत्र लिएको, आफुलाई तोकिएको क्वारी क्षेत्रमा उत्खनन् नै नगरेका निज प्रतिवादी मिठ्ठाराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन स्थानीय विकास अधिकारी प्रतिवादी प्रेमराज जोशी र योजना अनुगमन तथा प्रशासकीय अधिकृत प्रतिवादी भिष्म कुमार मल्लसँग मिलोमतो गरी आफ्नो नाममा रहेको खानी उत्खनन् अनुमति पत्र कोषको जग्गामा एकाधिकार राख्ने बदनियतले खानी उत्खनन् अनुमति पत्र नविकरण गराएको, जग्गाधनी पशुपति क्षेत्र विकास कोषको स्वीकृति तथा सम्झौता नभएकै अवस्थामा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंका तत्कालीन पदाधिकारीहरुसँग मिलोमतो गरी कोषको उल्लेखित जग्गाबाट अबैध रुपमा बालुवा उत्खनन् तथा बिक्री वितरण गरी रु.१,०८,१०,०००।- पशुपति क्षेत्र विकास कोषको

जग्गामा क्षति पुर्‍याएको, पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाडौँसँग गरेको सम्झौता, स्वीकृत माईनिङ्ग स्किम, खानी तथा खनिज पदार्थ ऐन, नियमावलीको प्रावधान विपरीत आफुलाई तोकिएको क्वारी क्षेत्र भन्दा बाहिर कोषको जग्गाबाट अवैध रुपमा जथाभावी बालुवा उत्खनन् गरी रु.१,९५,३०,००० ।- पशुपति क्षेत्र विकास कोषको जग्गामा क्षति पुर्‍याएको अभियोग दावी पुष्टी भैरहेको अवस्थामा प्रमाणको मूल्याङकन नगरी वाँकी बिगोवाट उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ।

शुरु अदालतवाट प्रतिवादी निर्मल कुँईकेल समेतका सात जना प्रतिवादीहरुलाई सफाई दिनेगरि भएको फैसलाका सम्बन्धमा प्रतिवादीहरु निर्मल कुईकेल, सुशिल नाहटा, राजु कुमार रेग्मी, महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी र भिष्म कुमार मल्लवाट भए गरेका बदनियतपूर्ण कार्यहरुलाई छुट्टा छुट्टै रुपमा प्रत्येक प्रतिवादीहरुका हकमा आरोपपत्रको पाना नं. २५० देखि पाना नं. ३३७ सम्म र आरोपपत्रको अभियोग र दावी खण्डमा निजहरुले गरेको वदनियतपूर्ण कार्यहरुको सम्बन्धमा खुलाइएको विस्तृत तथ्यगत विवरण र त्यसलाई पुष्टि गर्ने मिसिल प्रमाणलाई फैसलाले तथ्ययुक्त रुपमा खण्डन गर्न नसकेको अवस्था समेतवाट प्रतिवादीहरु उपरको मागदावी पुष्टि भैरहेको अवस्थामा प्रमाणहरुको उचित मूल्याङकन र विश्लेषण नगरी प्रतिवादीद्वयलाई आरोपपत्र मागदावी अनुरुपको विगो ठहर नगरी र सात जना प्रतिवादीहरुलाई मागदावीवाट सफाई दिने गरी र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूर ठहर भएका प्रतिवादीहरुवाट सो दफा ८(४) बमोजिम प्रतिवादीहरुवाट विगो असुल उपर एवं जफत नगर्ने गरी भएको विशेष अदालत काठमाडौंको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला सो हदसम्म बदर गरी आरोप-पत्र मागदावी बमोजिम प्रत्यर्थी प्रतिवादीहरुलाई कसूर ठहर गरी सजाय गरिपाउँ भन्ने बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पेश गरेको पुनरावेदन।

३५८. म पुनरावेदकको नाउँबाट वालुवाखानी (साधारण निर्माणमुखी खनिज पदार्थ) को अनुमतिपत्र नामसारी भएर अन्य नगएसम्म म पुनरावेदक प्रतिवादीसंग भएको सम्झौता(करारनामा) र प्रचलित कानून बमोजिम कार्य गरेको नपाईए वा कुनै बाँकी बक्यौता रहे भएको पाईए वा म पुनरावेदक प्रतिवादीबाट करारनामा वा प्रचलित कानूनको उल्लंघन गरेको भन्ने कुनै पनि विवाद आए सो कुराको निराकरण बिशेष ऐन अर्थात खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २६ बमोजिम र करारनामा बमोजिम संचालनको क्रममा म पुनरावेदकबाट कुनै

फौज्दारी कसुर भएको अवस्थामा समेत ऐ. ऐनको दफा २५ बमोजिम दण्ड सजाय गर्न सकिने प्रष्ट व्यवस्था छ। यसै गरी करार परिपालनाको सम्बन्धमा करार ऐन, २०५६ साथै मुल्य अभिवृद्धि कर र मुल्य अभिवृद्धि करको सम्बन्धमा मुल्य अभिवृद्धि कर ऐन, २०५२ समेतका छुट्टाछुट्टै कानूनी व्यवस्थाको विद्यमानताको अवस्थामा सोही विशेष कानूनहरु बमोजिम हुने पर्नेमा म पुनरावेदक प्रतिवादीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) आकर्षित हुनै नसक्नेमा सोही दफा बमोजिम कसुरदार ठहर्याउँदै जरिवाना गर्ने गरी भएको फैसला कानूनको प्रष्ट व्यवस्था, कानूनी सिद्धान्त साथै श्री सर्वोच्च अदालतबाट प्रतिवादित नजिर सिद्धान्त समेतको विपरीत भई खारेजभागी छ।

म पुनरावेदक प्रतिवादी समेत विरुद्ध परेका उजुरी उपर छानविन गरी वालुवा अनियमितता सम्बन्धी कारवाही फायललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट नै मिति २०६६।०९।१४ मा तामेलीमा राखिएको कुरामा विवाद छैन। यसरी उजुरी परी छानविन भई कारण र आधार खोली तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय भई तामेलीमा गइसकेको विषयमा पुनः अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान र कारवाही गर्दा कारण र आधार खोली उक्त तामेली जगाई सोही आधारमा मात्र कारवाही व्युँतिन सक्छ। तर म पुनरावेदक समेत उपर लगाइएको प्रस्तुत मुद्दाको आरोपपत्रमा उक्त तामेली के कसरी के कुन आधारमा जगाई मुद्दा चलाईएको हो उल्लेख गर्न सकिएको छैन। बिशेष अदालतको आदेशले पटक पटक तामेली निर्णय सम्बन्धी फाईल झिकाउने आदेश हुँदा समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तामेली सम्बन्धी फाईल निर्णय पेश गर्न सकेको छैन। फौज्दारी मुद्दामा आरोप दावी प्रमाणित गर्ने भार वादीमा हुने र वादीले नै आरोपपत्रमा उल्लेखित कागजात र सो संग सम्बन्धित प्रमाण पेश गर्न नसकेको अवस्थामा र कानूनको प्रष्ट प्रकृया नपुर्याई दायर आरोपपत्र खारेजभागी छ।

म पुनरावेदक प्रतिवादी र पशुपति क्षेत्र विकास कोषसंग भएको सम्झौता बमोजिम खानी संचालनको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै मुल्य निर्धारण देखि खानी संचालन सम्बन्धमा पटक पटक दिएका निर्देशन बमोजिम खानि संचालन भएकोमा आफैंले दिएको निर्देशन बमोजिम भएका कार्यमा आफैंले मुद्दा चल्न चलाउन सकिने होइन।खानी क्षेत्रको रुखहरुको आम्दानी गोठाटार गा.वि.स.मा सञ्चालित खानेपानीमा खर्च हुने गरी गोठाटार गा.वि.स.लाई दिने सम्बन्धमा कोष संचालक परिषद्को मिति २०६६।०१।२२ को निर्णय भएको र उक्त निर्णय बमोजिम खानेपानी उपभोक्ता समितिलाइ खानेपानी

व्यवस्था प्रयोजनको लागि उपलब्ध गराउने भन्ने कोषका तत्कालीन सदस्य सचिव परमानन्द शाक्यको संयोजकत्वमा मिति २०६६।०२।२९ को निर्णय बमोजिम काटिएका रुखहरु हस्तान्तरण गरिएको तथ्यगत विवरण आरोपपत्रमा नै उल्लेख भई रहेको अवस्थामा रु.४,४८,६१६।८० जरिवाना गर्ने ठहर फैसला तथ्य र कानून असंगत भई खारेज़भागी छ।

खानी अनुमतिपत्र र कोषसंग भएको करारिय दायित्व कम्पनीमा हस्तान्तरण भए पश्चात उक्त कम्पनीको संचालक समिति र अन्य पदाधिकारीहरुले नै कम्पनी संचालन गरी खानी पनि सोही कम्पनी मार्फत नै संचालन भएको कुरा म विरुद्ध दायर आरोपपत्रमा साथै फैसलामा समेत स्वीकार गरिएको छ। यस अवस्थामा तत्पश्चात भएका कार्यको जिम्मेवारी स्वतः उक्त अनुमतिपत्रवाला कम्पनीमा नै सर्ने हुन्छ। फौजदारी दायित्व कुनै लिखत वा सम्झौताबाट सृजना हुने नभई कसुर गर्ने व्यक्तिमा मात्र सिमित हुँदा म पुनरावेदक बच्चुराम दाहालबाट खानी अनुमति पत्र कम्पनीमा नामसारी भए पश्चात सृजित दायित्वमा उक्त कम्पनी र कम्पनी संचालकहरुलाई जिम्मेवार बनाउनु पर्नेमा म पुनरावेदक बच्चुराम दाहाल उपर गरिएको कसुर आरोप कानुन र न्याय सम्मत हुन सक्दैन। कोष र बच्चुराम बालुवा खानी प्रा.लि. बीच मिति २०७०।१०।०९ मा भएको बालुवा खानी संचालन सम्बन्धी सम्झौतापत्रमा म पुनरावेदक प्रतिवादीको कुन हदसम्म संलग्नता थियो थिएन भन्ने सम्बन्धमा कुनै विश्लेषण नै नगरी उक्त सम्झौतामा करारिय दायित्व यथावत रहने भनी उल्लेख भएको भन्ने आधारमा म पुनरावेदकलाई कसुरदार ठहर गर्न मिल्ने होइन।

म पुनरावेदक बच्चुराम दाहाल उपर बिगो ठहरमा पुग्न फैसलामा आधार लिइएको खानी तथा भुगर्भ विभाग र नापी विभागका प्रतिवेदनहरु प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा तयार भएका लिखतहरु हुन् । उक्त लिखतहरुमा म पुनरावेदक प्रतिवादी रोहवर राखेर तयार गरेको नभई कथित अनुसन्धानको क्रममा आफु अनुकुल हुने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तयार गर्न लगाएका एक पक्षिय कागजातहरु हुन्। कानून बमोजिम तयार नभएको जुनसुकै कागजातहरु फौज्दारी हुनाले प्रमाणमा ग्राह्य होइन। यसरी पेश भएका प्रतिवेदनहरुलाई बस्तुनिष्ठ र स्वतन्त्र प्रमाणको रुपमा मान्न मिल्दैन। आरोप दावी पुष्टी हुने बस्तुनिष्ठ र स्वतन्त्र प्रमाण पेश गर्न नसकेको अवस्था प्रतिवादीलाई रोहबरमा नराखी एकपक्षिय र कानून प्रतिकुल तयार गरिएका प्रतिवेदनको आधारमा फौजदारी कसुर कायम हुन सक्दैन। आरोपित कसुरजन्य कार्य अर्थात अपराधिक कार्य

भएको भन्ने तथ्य निर्विवाद स्थापित नभई कथित कसुर ठहर हुन सक्दैन।

म पुनरावेदक प्रतिवादीको नामबाट २०६९ सालमा नै खानी अनुमतिपत्र कम्पनीको नाउँमा नामसारी भई गएको र तत्पश्चात समेत खानी उत्खनन् भई बालुवाको विक्रिवितरण भएको तथ्यमा समेत विवाद छैन। म पुनरावेदक प्रतिवादीले खानी संचालन गरेको अवधिसम्म मैले प्रचलित कानून र पशुपति क्षेत्र विकास कोषसंग भएका सम्झौता बमोजिम बालुवा उत्खनन् गरेको र उत्खनन् गरि विक्रि वितरण गरेको पुरै परिमाण वापत सम्झौता र प्रचलित कानून बमोजिमको रकम, दस्तुर, शुल्क कर कोष, जि.वि.स. साथै अन्य निकायलाई बुझाएको सत्य बेहोराको म पुनरावेदकले विशेष अदालतमा गरेको वयानमा सप्रमाण पेश गरेको छु । खानि क्षेत्रबाट बाहिर निस्कने बाटोको मुखैमा कोषका सुरक्षाकर्मी र कर्मचारीहरु ढाट राखेर बस्ने र प्रत्येक गाडिको परिमाण खुल्ने रसिद कटाएर मात्र बाहिर जान दिने व्यवस्था गरिएको कुरामा समेत मिसिलबाट प्रष्ट छ। यस अवस्थामा म पुनरावेदकले बढी वालुवा निकालेको भन्ने आरोपपत्र बमोजिमको ठहर तथ्यसंगत छैन।म पुनरावेदकले खानी संचालन गरेको अवधिको मुल्य अभिवृद्धि कर सम्बन्धमा भएको विवाद सम्बन्धी मुद्दा राजश्व न्याधिकरण, काठमाडौंले मिति २०७०।११।२७ मा फैसला (२०७०।७१ को निर्णय नं. २४२, पुनरावेदन नं. ९७-०६७-००२५७) अन्तिम भई बसेको छ। यस अवस्थामा अधिकार क्षेत्र विहिनरुपमा विशेष अदालतले मुल्य अभिवृद्धि कर समेत जोडी विगो कायम गर्ने आरोप दावी बमोजिम भएको फैसला क्षेत्राधिकार समेतको अभाव छ। माटो खरिद बिक्रि गर्न सम्झौता गर्ने, कार्यदिश दिने पक्षहरुलाई प्रतिवादी समेत नबनाई उक्त कार्यमा कुनै प्रकारले असंलग्न म पुनरावेदक प्रतिवादीलाई सो कुराको समेत फौजदारी दायित्व ठहर गर्ने फैसला कुनै तथ्य, कानुन र न्यायको दृष्टिबाट समेत खारेजभागी छ।

अन्य प्रतिवादीहरुसँगको मिलेमतोमा गैरकानुनी लाभ लिने वदनियतले हानी नोक्सानी पुर्याएको भन्ने उल्लेख गरे बाहेक म पुनरावेदक उपरको आरोपपत्रमा के कुन मनसाय तत्व र वदनियतपूर्ण कृयाबाट कसुरजन्य कार्य भएको हो भन्ने प्रष्ट उल्लेख भएको छैन। यस अवस्थामा अन्य प्रतिवादीहरुको कसुर कायम नभई सफाई दिने ठहर गरी फैसला भएको अवस्थामा म पुनरावेदकको मात्र वदनियत पुष्टि हुन सक्दैन। यसरी तथ्य, प्रमाण र कानुनको समग्र र समुचित विवेचना नै नगरी तथ्य र कानून असंगत साथै अनुमानको विश्लेषणको आधारमा म पुनरावेदकलाई रु.१४,४५,४५,२००।४० जरिवाना हुने गरी

बिशेष अदालत, काठमाडौंबाट मिति २०७३।०५।०५ मा भएको फैसला सो हदसम्म कानुन विपरीत र अन्यायपूर्ण हुँदा उक्त फैसला खारेज गरी म पुनरावेदक प्रतिवादीलाई सफाई दिई म पुनरावेदक उपर दायर झुठा आरोप दावीबाट फुर्सद पाउँ भन्ने बेहोराको प्रतिवादी बच्चुराम दाहालले यस अदालतमा पेस गरेको पुनरावेदन।

३५९. यस सम्बन्धमा प्रतिवादी बच्चुराम दाहाल र मिठ्ठाराम दाहालले जिल्ला विकास समिति काठमाडौंबाट खानी संचालन सम्बन्धमा कहिले अनुमती लिएका र कहिले कति अवधिको लागि नविकरण गरिएको हो, सो को वा निर्णयको प्रमाणित प्रतिसहित जिल्ला विकास समिति काठमाडौंबाट जवाफ झिकाई नियमानुसार गरी पेस गर्नू भन्ने यस अदालतको संयुक्त इजलासबाट भएको मिति २०७८।०५।०२ को आदेश।

३६०. विशेष ऐनमा प्रष्ट कानुनी व्यवस्था भई रहेको अवस्थामा सामान्य कानूनको व्यवस्था आकर्षित हुन सक्दैन। खानी तथा खनिज कार्यको उत्खनन् तथा खनिज पदार्थको प्रसोधन, उत्पादन, बिक्री वितरणको कार्य व्यवस्थित गर्ने विशेष कानून खानी तथा खनिज पदार्थ ऐन, २०४२ र यस ऐन अन्तर्गत बनेको खानी तथा खनिज पदार्थ नियमावली, २०५६ हो। करार वा सम्झौताको सम्बन्धमा करार ऐन, २०५६ बिशेष ऐन भएको कुरामा समेत विवाद हुन सक्दैन। यसरी विशेष ऐन र नियमावली बमोजिम खनिज कार्यको अनुमतिपत्र लिई सम्झौता (करारनामा) बमोजिम भएका र हुनु पर्ने कार्यको सम्बन्धमा कुनै विवाद आए सोही विशेष ऐन, नियमावली र करारनामामा व्यवस्था भए बमोजिम निराकरण गरिनु पर्ने कुरामा प्रष्ट छ। म पुनरावेदक प्रतिवादीले खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली २०५६ बमोजिम साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्र प्राप्त गरी खनिज कार्य गरेको थिए। म पुनरावेदकले प्राप्त गरेको साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्रमा उल्लेखित जग्गाहरुमा पशुपति क्षेत्र विकास कोषको समेत जग्गा परेको हुँदा प्रचलित कानून बमोजिम कोषसंग म पुनरावेदक प्रतिवादी आफैं एक पक्ष भई जग्गाधनी पशुपति क्षेत्र विकास कोष र जिल्ला विकास समितिसंग गरेका सम्झौता बमोजिम खनिज कार्य गरी जग्गाको वहालको रुपमा सम्झौतामा उल्लेख भए बमोजिमको रकम कोषलाई भुक्तानी गरि आएको थिए भने अन्य कानून बमोजिम तिर्नु बुझाउनु पर्ने कर, दस्तुर, शुल्क समेत जि.वि.स. समेतका निकायलाई बुझाई आएको थिए। म पुनरावेदक प्रतिवादीसंग भएको सम्झौता(करारनामा) र प्रचलित कानून बमोजिम कार्य गरेको नपाईए वा कुनै बाँकी बक्यौता रहे भएको वा अनियमितता गरेको

पाईए वा म पुनरावेदक प्रतिवादीबाट करारनामा वा प्रचलित कानूनको उल्लंघन गरेको भन्ने कुनै पनि विवाद आए सो कुराको निराकरण बिशेष ऐन अर्थात खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २६ बमोजिम र करार ऐन बमोजिम समाधान हुन सक्ने र खानी संचालनको क्रममा म पुनरावेदकबाट कुनै फौजदारी कसुर भएको अवस्थामा समेत ऐ. ऐनको दफा २५ बमोजिम दण्ड सजाय गर्न सकिने प्रष्ट व्यवस्था छ। यसरी खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली २०५६ साथै करार ऐन, २०५६ समेतका बिशेष कानूनी व्यवस्थाको विद्यमानतामा सोही विशेष कानून बमोजिम हुने पर्नेमा म पुनरावेदक प्रतिवादीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) आकर्षित हुनै नसक्नेमा सोही दफा बमोजिम कसुरदार ठहर्याउँदै जरिवाना गर्ने गरी भएको फैसला कानूनको प्रष्ट व्यवस्था, कानूनी सिद्धान्त विपरीत भई खारेजभागी छ।

कोषसंग सम्झौता भई कार्यदिश पाए पश्चात मात्र कोषको तोकिएको जग्गामा खानी उत्खनन् गरेको, खानी क्षेत्र बाहिर गई उत्खनन् गरेको छैन, खानी तथा भुगर्भ विभाग र गीफ कन्सल्टेन्सी समेतका प्रतिवेदन मलाई रोहवर राखेर तयार गरेको प्रतिवेदन होइन, कुनै वदनियत राखी कार्य नगरेको साथै कोषलाई कुनै प्रकारको हानी नोक्सानी नपुर्याएकोले निर्दोष हुँदा सफाई पाँउ भन्ने समेतको सत्यसाँचो बेहोराको वयान गरेको र सो वयानलाई पुष्ट्याई गर्ने कागज प्रमाण समेत पेश गरेकोमा उक्त बयान तथा पेश गरिएका प्रमाण कागज प्रमाणको कुनै मुल्याँकन नै नगरी अनुमानको आधारमा आ.व. ०६९/७० मा कोषको २,३०,००० क्यूफिट बालुवा उत्खनन् गरी प्रतिवादीले हिनामिना गरेकै मान्नु पर्ने भन्ने ठहर फैसला तथ्य, प्रमाण र कानुन असंगत साथै अन्यायपुर्ण छ।

कोषको जग्गामा खानी र उत्खनन् भएको बालुवाको बिक्रि वितरण हुँदा कोषका कर्मचारी र सुरक्षाकर्मीको प्रत्यक्ष निगरानी र अनुगमनमा मात्र संचालन हुने व्यवस्था गरिएको थियो। खानि क्षेत्रबाट बाहिर निस्कन एउटै मात्र बाटो निकास रहेको सो बाहेक उक्त खानीक्षेत्रबाट सवारी साधन लिई बाहिर निस्कन अन्य बाटोनिकास नरहेको अवस्थामा म पुनरावेदकले कोषसंग सम्झौता गर्नु अघि नै कोषको जग्गाबाट वालुवा निकालेको भन्ने आरोपपत्रको बस्तुनिष्ठ मुल्याँकन नै नगरी सम्झौता अगावै वालुवा निकाली कोषलाई हानी पुर्याएको भन्ने ठहर गर्ने फैसला तथ्यसंगत नहुँदा फैसलामा आधार लिइएका खानी तथा भुगर्भ विभाग समेतका प्रतिवेदनहरु मलाई रोहवर राखेर तयार गरेको प्रतिवेदन नभई कथित अनुसन्धानको क्रममा आफु अनुकुल हुने गरी अखितयार दुरुपयोग अनुसन्धान

आयोगले तयार गर्न लगाएका एक पक्षिय कागजातहरु हुनाले प्रमाणमा ग्राह्य होइन। अन्य प्रतिवादीहरुसंगको मिलेमतोमा गैरकानुनी लाभ लिने वदनियत हानी नोक्सानी पुर्याएको भन्ने उल्लेख गरे बाहेक म पुनरावेदक उपरको आरोपपत्रमा के कुन मनसाय तत्व र वदनियतपूर्ण कृयाबाट कसुरजन्य कार्य भएको हो भन्ने प्रष्ट उल्लेख भएको छैन। यस अवस्थामा अन्य प्रतिवादीहरुको कसुर कायम नभई सफाई दिने ठहर गरी फैसला भएको अवस्थामा सोही फैसलाले म पुनरावेदकको मात्र वदनियत नदेखिने हुँदा नोक्सानीको आधारमा मात्रै भ्रष्टाचार ठहर गर्नु न्यायिक दृष्टिले उपयुक्त नहुने आधारमा समेत म पुनरावेदकलाई कसुरदार ठहर्याउँदै रु.१४,२६,०००/- जरिवाना हुने भन्ने बिशेष अदालत, काठमाडौंबाट मिति २०७३।०५।०५ मा भएको फैसला अन्यायपूर्ण हुँदा उक्त फैसला खारेज गरी म पुनरावेदक प्रतिवादीलाई सफाई दिई झुठा आरोप दावीबाट फुर्सद पाउँ भन्ने समेत बेहोराको प्रतिवादी मिठ्ठाराम दाहालले यस अदालतमा पेस गरेको पुनरावेदन।

३६१. यसमा वादी नेपाल सरकार तथा प्रतिवादीहरु बच्चुराम दाहाल तथा मिठ्ठाराम दाहाल र समेतको पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.वं. २०२ नं. को प्रयोजनार्थ एक अर्का पक्षलाई पुनरावेदनको जनाउ दिनू। साथै सुरु विशेष अदालतबाट सफाई पाएका प्रतिवादीहरु निर्मल कुइँकेल, सुशिल नाहटा, राजकुमार रेग्मी, महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भीष्म कुमार मल्ल समेतलाई अ.वं. २०२ नं. को प्रयोजनार्थ कानून बमोजिम म्याद जारी गरी झिकाई निजहरु हाजिर हुन आएपछि वा सो अवस्था नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको संयुक्त इजलासबाट भएको मिति २०७५।०२।०९ को आदेश।

## <u>यस अदालतको ठहर</u>

३६२. नियम बमोजिम दैनिक पेसी सूचिमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सह न्यायाधिवक्ता श्री शम्भु कार्की र विद्वान उप न्यायाधिवक्ता श्री चपला पोखरेलले गोठाटार गा.वि.स.स्थित वडा नं. ३(क) कि.नं. ८४ र ९५ तथा वडा नं. ४(क) कि.नं. ८० को जग्गा नेपाल सरकारबाट पशुपति क्षेत्र विकास कोषका नाउँमा मिति २०४७/२/२८ मा हस्तान्तरण गर्दा उक्त जग्गामा रहेका रुखहरु मास्न नपाउने सर्त जग्गाधनी पूर्जामानै उल्लेख भएको।कोषको २०६२/११/०१ को निर्णयले गुरु योजना सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन सि. एन. एसोसियट्स प्रा. लि. लाई जिम्मा दिइएकोमा उक्त एसोसियट्सले

दिएको प्रतिवेदनमा कोषको नाउँमा रहेको उक्त जग्गामा ४,२९,३५,२४८ घनफिट बालुवा रहेको र सो बिक्री गरी जग्गा समथल गर्न सकिने वनक्षेत्र चलाउन नमिल्ने भन्ने समेत उल्लेख भएकोमा कानून बमोजिमको प्रक्रिया पूरा नगरी प्रतिवादी बच्चुरामको नाउँमा २०६४/०८/०४ मा बालुवा खानी दर्ता गरी नविकरण समेत गरेको। त्यस्तै मिठ्ठारामको नाउँमा समेत २०६९/०५/०६ मा बालुवा खानी दर्ता गरी नविकरण गरेको, बालुवा उत्खनन् गर्न दिँदा कोषको जग्गामा रहेको रुखहरु काटी हानी नोक्सानी पुऱ्याएको, खानी विभागले तोकेको शर्त तथा स्वीकृत माइनिङ स्किम अनुसार कार्य नगरी तोकिएभन्दा बढी बालुवा निकाली बिक्री वितरण गरिएको, जि.वि.स. र कोषलाई बालुवा वापत प्राप्त हुनपर्ने सम्पूर्ण रकम प्राप्त नभएको, माटो बिक्री गर्न नपाउनेमा माटो समेत बिक्री गरिएको। बालुवा उत्खनन् गर्ने प्रतिस्पर्धा गराउन कस्ता इजाजत प्राप्तबाट गराउन सकिने भनी कोषले जि.वि.स.लाई मिति २०६५/०४/०७ मा लेखेको पत्रको जवाफमा बच्चुरामले त्यस क्षेत्रको अनुमती लिएकोमा निजलाई मात्र दिन मिल्ने भनी जि.वि.स.ले कोषलाई मिति २०६५/०४/१९ मा पत्राचार गरेको, सो अवस्थामा प्रतिवादी महेन्द्रलाल श्रेष्ठ स्थानीय विकास अधिकारी रहेको तर जि.वि.स.को मिति २०७१/०५/२४ को पत्रबाट जग्गाधनीले बालुवा निकाली बिक्री गर्छु भनी अनुमतीको माग गरेमा बालुवाको परिमाण एकिन गरी दिन मिल्ने भन्ने उल्लेख भएको कोषको गुरुयोजना तयार गर्दा सि.एन.एसोसियट्सले दिएको प्रतिवेदनमा बालुवा रु. ६।०७ प्रति क्युफिटमा बिक्री गर्न सकिने भनी उल्लेख भएकोमा प्रतिवादी निर्मल कुइकेलको अध्यक्षतामा बसेको बैठकले सोलाई घटाएर रु.३।०५ मा बच्चुरामलाई दिने निर्णय गरेको देखिएको। कोष र बच्चुराम बीच २०६५/०७/०५ मा सम्झौता हुँदा तोकिएको लेभल भन्दा तल उत्खनन् गर्न नपाउने भनिएकोमा सोको विपरीत उत्खनन् भएको नापी विभागको मिति २०७१/०५/२० को पत्रबाट प्राप्त प्रतिवेदन र खानी विभागको मिति २०७१/०५/२० को पत्रबाट देखिन आएको कोषको जग्गा क्वारी क्षेत्रमा थप गर्ने निर्णय जि.वि.स. बाट मिति २०६६/०४/२० मा भएकोमा कोषको जग्गाबाट बालुवा निकाल्न सो भन्दा अघि नै जि.वि.स. बाट मिति २०६५/०६/१७ मा तथा कोषबाट २०६५/०७/११ मा दिइएको। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका इन्जिनियर सुरेन्द्रमान वैद्य समेतले मिति २०६८/१०/१९ मा दिएको प्रतिवेदनमा प्रति मिनिट्रकमा तोकिएभन्दा ५३ क्यु.फिट बढी लोड गरी लगेको र प्रति टिपरमा १८० क्यु.फिट बढी लोड गरी लगेको भनी उल्लेख भएको, बच्चुरामले बालुवा निकालेको ठाउँमा

माटोले पुरी समथल गर्न १४ लाख घ.मि. माटो लाग्नेमा ८ लाख घ.मि. मात्र माटो कोषको जग्गामा रहेको भन्ने नापी विभाग तथा खानी विभागको प्रतिवेदनबाट देखिएको। बालुवा बिक्रीको रसिद हेर्दा प्रतिवादी बच्चुरामले प्रति क्यु.फिट रु.१३।३० ले बिक्री गरेको भन्ने देखिन आएको, प्रतिवादी सुशिल नाहाटाले आफूले मिति २०६६/०७/२६ मा दिएको प्रतिवेदन विपरीत हुने गरी बच्चुरामसँग मिति २०६८/०२/२३ मा सम्झौता गरेको कोषको कि.नं. ८० को जग्गाबाट मिठ्ठारामलाई छुट्टै खानी संचालन गर्न दिन नमिल्नेमा कोषका उपनिर्देशक राजुकुमार रेग्मीले कोषबाट चलानी नभएको कसलाई लेखेको भन्ने उल्लेख नभए पनि मन्जुरी दिएको र त्यस्तो मन्जुरीलाई आधार मानी जि.वि.स. का प्रशासनिक अधिकृत भिष्मकुमार मल्लले टिप्पणी पेश गरी अनुमती पत्र प्रदान गर्ने निर्णय प्रक्रियामा लगेको र स्थानीय विकास अधिकारी प्रेमराज जोशीले मिति २०६९/०६/०५ मा अनुमती पत्र दिएको तर कोष र मिठ्ठाराम बीच २०७०/०८/२७ मा मात्र सम्झौता भएको यस प्रकार प्रतिवादीहरुको संयुक्त रुपमा गरिएको बद्नीयतपूर्ण कार्यबाट राज्यकोष तथा पशुपति विकास कोषलाई हानी पुऱ्याएको हुँदा ९ जना प्रतिवादीहरु मध्येका वालुवा खानी संचालन सम्बन्धी सम्झौताका एक पक्ष प्रतिवादीहरु खानी उत्खननकर्ता, व्यवसायी एवं विक्री कर्ता बच्चुराम दाहाल र मिठ्ठाराम दाहाललाई मात्र अभियोग दाबीमा आंशिक भ्रष्टाचार अनियमितता ठहर गरी वालुवा खानी संचालन सम्बन्धी सम्झौताका अर्को पक्षहरु सरकारी निकायहरु पशुपति क्षेत्र विकास कोष र जिल्ला विकास समितिका अनुमती पत्र प्रदान गर्ने, अनुगमन गर्ने, वार्ता गरी वालुवा बिक्रीको सम्झौता दर निर्णय गर्ने, सम्झौता गर्ने जस्ता कार्यमा संलग्न जिम्मेवार एवं जवाफदेहीसमेत हुनुपर्ने उच्च तहमा कार्यरत सरकारी कर्मचारी प्रतिवादीहरु लगायतका ७ जना प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई पाउने ठहर गरी विशेष अदालतबाट भएको फैसला नमिलेको हुँदा उल्टी गरी प्रस्तुत मुद्दाका सबै ९ जना प्रतिवादीहरुलाई अभियोगदावी बमोजिम नै कसूरदार ठहर एवं बिगो कायम गरी कैद, जरिवाना र बिगो असुल उपरको सजाय गरी पाऊँ भनी गर्नुभएको बहस सुनियो।

३६३. पुनरावेदक प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहालको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री दामोदर अधिकारी र विद्वान् अधिवक्ता श्री लेखनाथ भट्टराईले बहसको क्रममा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४६ ले पशुपति विकास कोषको अधिकार भू बहालसम्ममा रहने नियमावलीको अनुसूची १४(१) ले भू-बहालको

व्यवस्था गरेको। सि.एन. एसोशियट्सले प्रति मेट्रिक टन प्रशोधित बालुवा बजार मूल्यको कति हुने भन्नेसम्म आधारमा उल्लेख गरेको तर प्रशोधित अवस्थामा ल्याउनु भन्दा अघि धेरै लगानी गर्नु पर्ने हुन्छ। प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४)को दावी छ तर यो दफा हानी क्षतिको लागि होइन। खानी संचालन अनुमती लिन आवस्यक पर्ने शर्त पूरा गरी बच्चुरामले मिति २०६४/०८/०४ मा अनुमती पत्र लिएको।२०५१ सालमा नै राजु थापाले लिएको लाइसेन्स पछि राजेन्द्र गोर्खालीले लिएकोमा नवीकरण समेत नगराएको कारण २०६४/०५/०९ मा रद्द गरिएको सो उपर राजेन्द्र गोर्खालीले सर्वोच्च अदालतमा दिएको रिट खारेज भएको। खानी उत्खननको अनुमती लिन पहिले नै सो क्षेत्रको सबै जग्गाधनीको अनुमती लिन पर्ने होइन। साधारण खनिजका सम्बन्धमा नियम १८ लाग्ने होइन नियम ४२ ले नवीकरणको छुट्टै व्यवस्था गरेको छ। कोषबाट २०६५/०४/३२ मा बालुवा ठेक्का सम्बन्धमा प्रकाशित सूचना अनुसार कसैले पनि टेण्डर नहालेपछि तत्कालीन कोषाध्यक्ष ज्ञान बहादुर हमालको अध्यक्षतामा गठीत समितिले प्रति क्यू.फिट रु. ३।- को प्रतिवेदन दिएकोमा ५ पैसा बढाई मिति २०६५/०७/०५ मा कोषसँग रु. ३।०५ मा बच्चुरामको सम्झौता भएको, ज्ञान बहादुर उपर मुद्दा नभएको। बालुवा अनियमितता भएको भन्ने सम्बन्धमा आयोगमा परेको उजुरी कारवाहीकै अवस्थामा नरोत्तम वैद्यले २०६६/०८/०९ मा रु. ४।१० कायम गर्न प्रतिवेदन दिई मिति २०६६/०८/११ मा रु. ४।१० कायम गरिएपछि आयोगमा परेको उजुरी मिति २०६६/०९/१४ मा तामेलीमा रहेको। आयोगले कोषलाई मिति २०६७/०३/२२ मा लेखेको पत्रमा बालुवा खानी संचालन गरे वापत जग्गा धनीलाई बुझाउने शुल्क वापत दररेट जि.वि.स. काठमाडौं रु. ४।- भनी उल्लेख छ। आ.व. २०६६/०६७ सम्म जि.वि.स.ले दस्तुर संकलनको लागि टेण्डर आह्वान गर्ने गरेको, २०६५/०६६ मा स्मृति कन्सट्रक्सनले रु. ८० लाखमा टेण्डर पाएको त्यस्तै सोही कम्पनीले आ.व. २०६६/०६७ मा रु. ९५ लाखमा टेण्डर पाएको त्यो टेण्डरको क्षेत्र भित्र गोठाटार गा.वि.स. पनि परेको उक्त आ.व. पश्चात् मात्र जि.वि.स.ले त्यस्तो टेण्डर नगरी खानी उत्खनन्कर्तासँग सोझै सम्झौता गरी विल प्याड उपलब्ध गराउने गरेको। बच्चुराम र कोष बीच २०६५/०७/०५ मा सम्झौता हुनु भन्दा अघिदेखि नै रुख काटिदै आएकोमा मिति २०६५/०७/०५ मा भएको सम्झौताको दफा (३) मा रुख कटान गरी प्रथम पक्षलाई दिनु पर्ने भन्ने उल्लेख भएको, कोषको जग्गा अतिक्रमण गर्न खोज्नेले

रुखहरु काटेको र काटेर राखिएको रुखहरु खाने पानी उपभोक्ता समितिलाई उपलब्ध गराउने भनी कोष संचालक परिषद्को मिति २०६६/०१/२२ मा बसेको बैठकले निर्णय गरी दिएकोमा बच्चुराम उपर दावी लिन मिल्ने होइन। कोषको मिति २०६९/०७/२३को सहमतीले बच्चुरामको नाउँमा रहेको बालुवा खानी नियम अनुसार प्रकृया पूरा गरी २०६९/१२/१५ मा बच्चुराम बालुवा खानी प्रा.लि. मा नाउँसारी भएपछि बुझाउन व्यहोर्न बाँकी भए प्रा.लि.को हुने बच्चुरामको होइन। बच्चुरामले व्यक्तिगत रुपमा राखेको धरौट २०७०/१०/०४ मा कोषबाट फिर्ता लिएको अवस्था छ। बच्चुरामले कम्पनी छाडेपछि २०७०/१०/०९ मा कोष र बालुवा खानी प्रा.लि.को तर्फबाट लवराम दाहाल बीच सम्झौता भएको र कोषको अनुमतीले बच्चुराम बालुवा खानी प्रा.लि.ले तुँदी कन्सट्रक्सनसँग माटो खरिद सम्बन्धमा २०७०/१२/२१ मा सम्झौता गरी कारोबार गरेको अवस्थामा माटोको विगोको दायित्व पनि प्रतिवादी बच्चुरामकोमा रहने होइन। चाहे बच्चुरामको हकमा होस् वा मिठ्ठारामको हकमा होस् प्रत्येक सम्झौता कोषको संचालक परिषद्बाट अनुमोदन भएको छ। कोषको उक्त जग्गामा धेरै अघिदेखि विभिन्न व्यक्तिहरुले बालुवा हानी नोक्सानी गरेको भन्ने कुरा कोषका उपनिर्देशक रमेश कुमारले मन्त्रालयलाई मिति २०६२/०२/१७ मा लेखेको पत्र, सानुबाबु चापागाईको घर जलाई दिए वापत कोषले रु. १ लाख क्षतिपूर्ति दिएको, २०६३/०२/२१ मा नागरिक तथा पर्यटन मन्त्रालयले लेखेको पत्रबाट स्पष्ट हुन्छ। कोषले २०६५/०४/३२ मा निकालेको सूचनालाई लिएर फिरोज लामाले चुनौति दिएको अवस्था छैन। बच्चुरामसँग कोषको सम्झौता भएपछि मात्र म प्रति क्यू.फिट रु. ८।- मा लिन्छु भनी निवेदन दिएको हो। साथै निजले बच्चुराम समेत उपर सर्वोच्च अदालतमा दायर गरेको २०६७ सालको रि.नं. ०७७२ को उत्प्रेषण परमादेश मुद्दा खारेज हुने ठहरी २०६७/१२/२१ मा फैसला भएको र उक्त फैसलामा एकै क्षेत्रमा एक भन्दा बढि व्यक्तिलाई खनिज कार्यको अनुमती दिन नमिल्ने भन्ने समेत व्याख्या भएको छ। सुरेन्द्र वैद्य र कृष्ण प्रसाद पौडेलले एक दिन खानीमा उपस्थित भई निरीक्षण गरेको आधारमा २०६८/१०/१९ को प्रतिवेदनलाई आधार बनाई बढि बालुवा बेचेको भन्ने आरोप लगाइएको छ तर निजहरुले अदालतमा आई गरेको बकपत्रबाट सो स्थापित हुन सकेको छैन। किनकि बकपत्रमा ट्रक टिपर समेत छुट्याउन सकेको अवस्था छैन। बच्चुरामले दर्ता गराएको बालुवा खानी र मिठ्ठारामले दर्ता गराएको बालुवा खानीको जग्गा कित्ता नै फरक छ। मिठ्ठारामले बालुवा खानी दर्ता गराउने प्रयोजनको लागि गा.वि.स.मा

दिएको निवेदनको आधारमा गोठाटार गा.वि.स.बाट २०६८/०८/०१ मा सूचना निकालिएकोमा गा.वि.स.बाट मिति २०६८/०८/२९ मा सर्जमिन हुँदा कसैको उजुर नपरेको, सोको जानकारी सम्बन्धमा गा.वि.स.ले मिति २०६८/०८/२९ मा पत्र जारी गरेको, मिति २०६८/०९/२० मा कोषको मन्जुरी लिई मिठ्ठारामले अनुमतीपत्रको लागि मिति २०६८/१०/०४ मा निवेदन दिएको, तत्पश्चात् खानी विभागमा स्थलगत निरीक्षण समेत गरी निर्णय गरेको। जि.वि.स.ले वातावरण मन्त्रालयमा मिति २०६९/०२/०२ मा पत्र पठाएको र वातावरण मन्त्रालयले च.नं. ३६६७ मिति २०६९/०३/२९को पत्रबाट स्वीकृती प्रदान गरेको सो पश्चात् मिठ्ठारामले २०६९/०४/२८ मा राजश्व बुझाई २०६९/०४/२९ मा कोषमा पत्राचार भै कोषको संचालक परिषद्को मिति २०६९/०८/०९ मा बसेको बैठकले चार वर्षको लागि प्रति क्यू.फिट रु. ६।६० ले मिठ्ठारामलाई दिने निर्णय गरेको हो। बालुवा उत्खनन् गर्नु भन्दा अघि नै जि.वि.स.बाट विल प्याड लाने हो कोषको दस्तुरको हकमा भने बालुवा निकासी हुँदा गेटमा बुझाउने हुँदा खानीबाट बालुवा नै नझिकेको अवस्थामा कोषमा रकम जम्मा हुने अवस्था नै रहेन। आ.व. २०७०/०७१ मा ५ लाख क्यु.फिट बालुवाको कोषलाई बुझाउन पर्ने रकम तथा जि.वि.स.मा बुझाउन पर्ने सेवा शुल्क रोयल्टी समेत बुझाएको अवस्थामा कसैलाई हानी नोक्सानी भएको छैन। यस अवस्थामा दुबै प्रतिवादीहरुको हकमा अभियोग दावी खारेजभागी हुँदा दुबै प्रतिवादीहरुलाई कसूरदार ठहर गरी विशेष अदालतबाट जरिवाना गर्ने गरी गरेको फैसला उल्टी गरी प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहालले सफाइ पाउनु पर्छ भनी गर्नु भएको बहससमेत सुनियो।

३६४. प्रतिवादी निर्मल कुईकेलको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री केदारप्रसाद दाहाल, विद्वान् अधिवक्ताहरु श्री भरत कार्की र श्री कमल बहादुर बोगटीले बच्चुरामले मिति २०६४/०८/०४ मा बालुवा खानी दर्ता गर्नुभन्दा अघि राजु गोर्खालीले त्यही क्षेत्रको बालुवा खानीको अनुमतीपत्र लिई राखेको अवस्थामा कोषको जग्गाको बालुवा बारे सूचना बच्चुरामलाई प्रतिवादीले चुहावट गरेको भन्ने स्पष्ट आधार नभएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पशुपति क्षेत्र विकास कोषलाई मिति २०६७/०२/२२ मा लेखेको पत्रमा जि.वि.स. काठमाडौंमा प्रति क्यु.फिट बालुवा रु.४।- भन्ने उल्लेख भएबाट दुई वर्षअघि कायम गरिएको रु.३।०५ मनासिव देखिन्छ। ज्ञान बहादुर हमालसमेतको कार्यदलले दिएको प्रतिवेदनको आधारमा रु. ३।०० मा ५ पैसा बढाई बच्चुराम दाहालसँग

मिति २०६५।०७।०५ मा सम्झौता गरेको र मिति २०६५/०४/३२मा वोलपत्र प्रकाशित गर्दा मूल्य उल्लेख छैन, केवल आरोपपत्रमा सि.एन. एसोसियट्सले रु. ६।०७ मा बिक्री गर्न सकिने भनेको भनी उल्लेख गरिएको, प्रतिवादी र बच्चुराम बीच २०६५/०७/०५ मा भएको सम्झौताको सर्त नं. ३ मा रुखहरु द्वितीय पक्षले प्रथम पक्षलाई बुझाउन पर्ने उल्लेख भएको। प्रतिवादी बच्चुरामले मिति २०६६/०१/३० मा निवेदन दिंदा २०६५/०७/२२ बाट मात्र खानी संचालन गरेको बेहोरा उल्लेख गरेको र प्रतिवादी निर्मल कुइँकेलले सोही मिति २०६५/०७/२२ मा नै राजिनामा दिइसकेको अवस्था छ। २०६५/०४/३२ मा वोलपत्र आह्वान गर्दा कसैको वोलपत्र नपरेबाट प्रतिस्पर्धा नगराइएको भन्ने कुरा आधारहीन छ। प्रतिवादीले राजिनामा दिनुभन्दा पहिले वातावरण सम्बन्धमा वन कार्यालयलाई पत्राचार गरिएको अवस्था छ। कोषको गुरुयोजना प्रतिवादी सदस्य सचिवमा नियुक्ति नहुँदै मिति २०६२/११/०१ मा तयार भएको र गुरुयोजना कार्यान्वयन गर्न प्रतिवादीलाई कोषको संचालक परिषद्ले जिम्मेवारी दिएको। प्रतिवादीले राजिनामा दिएपछि रुख काटिएको देखिन्छ। कोषको जग्गा अतिक्रमण गर्ने बालुवा चोरी गर्ने उपर प्रतिवादीले समय समयमा विभिन्न कदम उठाएको अवस्था छ। ५% धरौट लिनुपर्नेमा २.५% मात्र दाखिल भएकोमा सो भन्दा बढी लिनुपर्ने कानूनी आधार छैन। जि.वि.स. काठमाडौंले कोषलाई मिति २०६५/०४/१९ मा लेखेको पत्रमा खानी उत्खनन् अनुमती प्रमाणपत्र प्राप्त गरेकोले मात्र उत्खनन् गर्न पाउने भन्ने उल्लेख भएको र सो क्षेत्रको उत्खनन् प्रमाणपत्र बच्चुरामसँग मात्र रहेको देखिन्छ। आरोपपत्रमा बच्चुराम बाहेकका यी व्यक्तिहरुले बालुवा खानी सन्चालन गर्न पाउने थिए भनी पक्षले उल्लेख गर्न सकेको देखिँदैन। आफूलाई फाइदा कोषलाई हानी पुग्ने कार्य प्रतिवादी निर्मल कुइँकेलले गरेको पुष्टि हुने आधार छैन। कोषको गोठाटारस्थित जग्गामा रहेको बालुवा अनियमितता भएको भन्ने सम्बन्धमा परेको उजुरी प्रतिवादीले मिति २०६५/०७/२२ मा राजिनामा दिएको लामो समय पश्चात् अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६/०९/१४ को निर्णय अनुसार कोषलाई मिति २०६६/०९/२३ मा लेखेको पत्र अनुसार तामेलीमा राखिएको देखिन आएकोले तामेलीमा राखिए पश्चात् पुनः प्रतिवादी उपर मुद्दा के कति कारणले चलाउन परेको हो आरोपपत्रमा केही खुलाइएको नहुँदा प्रतिवादी उपरको अभियोग दावी खारेजभागी छ। उपरोक्त आधारहरुलाई समेत विश्लेषण गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उजुरीका सम्बन्धमा तामेलीमा राख्ने निर्णय गरी

तामेली पश्चात यो यस्तो आधार कारण एवं प्रमाण प्राप्त भएबाट यी प्रतिवादी उपर मुद्दा चलाउन परेको भन्ने सम्बन्धमा आरोपपत्रमा कहीँ कतै उल्लेख भएको देखिन नआएको समेतबाट शंकाको भरमा मात्र प्रतिवादी निर्मल कुइँकेललाई कसूरदार ठहराउन मिल्ने अवस्था रहेन भन्ने समेतका आधार ग्रहण गरी यी प्रतिवादीलाई आरोपदावीबाट सफाइ दिने गरी भएको विशेष अदालतको फैसला मिलेको हुँदा सदर हुनु पर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

३६५. अर्का प्रतिवादी सुशिल नाहटाको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रामचन्द्र सुवेदीले कोषको परिषद्को नीतिगत निर्णय कार्यान्वयन गर्नेसम्म दायित्व सदस्य सचिवमा रहने, प्रतिवादी सदस्य सचिवको रुपमा कोषमा आउनुभन्दा पहिले भइरहेका कामलाई रोक्ने, अन्य उनाउ काम गर्ने अधिकार प्रतिवादीमा रहँदैन। वातावरणीय कुरा लाइसेन्स दिँदानै विचार गर्नुपर्ने विषय रहने। बच्चुरामलाई कोषको जग्गा क्वारी क्षेत्रमा थप गर्न प्रतिवादीले कुनै कार्य गरेको छैन। बालुवा अनियमितता सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पत्राचार गरेपछि प्रतिवादीले छानविन भइरहेकोले खानी बन्द गर्न बच्चुराम दाहाललाई २०६६/०४/२३ मा पत्राचार गरेको, २०६६/०७/२६ मा खानी सम्बन्धमा आयोगमा प्रतिवेदन बुझाएको, सो प्रतिवेदनमा सबै कुराहरु खुलाइएको छ। २०६६/१२/२६ मा बच्चुरामसँग मिति २०६५/०७/०५ मा भएको सम्झौता रद्द गरी धरौटी रकम समेत प्रतिवादीले जफत गरेकोमा कोषको संचालक परिषद्को मिति २०६७/०२/३१ मा बसेको बैठकले सुशिल नाहटाको मिति २०६६/१२/२६ को एकल निर्णय अनुमोदन गर्न मिलेन भनी निर्णय गरी कोषको मिति २०६७/१०/०५ मा बसेको १०६ औं बैठकले बच्चुरामसँग बालुवाको प्रति क्यु.फिट न्यूनतम रु. ६।- मा नघट्ने गरी सम्झौता गर्न निर्देशन दिई बच्चुरामले राखेको धरौटी समेत फिर्ता दिने निर्णय गरे पश्चात् कोष संचालक परिषद्को निर्णय निर्देशनको आधारमा २०६८/०२/२३ मा बच्चुरामसँग प्रति क्यु.फिट रु. ६।२० लिने गरी निर्णय गरेको आधारमा प्रतिवादीलाई आरोपित गर्न मिल्दैन। फिरोज लामाले दिएको रिट सर्वोच्च अदालतबाट मिति २०६७/१२/२१ मा खारेज भएकोमा बच्चुरामसँग प्रतिवादीको मिलोमतो रहेको देखिँदैन। राज कुमार रेग्मीलाई मिति २०६८/०९/२० मा पत्र लेख्ने आदेश प्रतिवादीले दिएको छैन। कोष र बच्चुराम बालुवा खानी बीच २०७०/१०/०९ मा सम्झौता हुनुभन्दा अघिनै प्रतिवादीको अवधि मिति २०७०/०३/१४ मा समाप्त भइसकेको मिठ्ठारामलाई बालुवा खानी संचालन गर्न अनुमती

दिने कार्य कोष संचालक परिषद्द्वारा २०६९/०९/०८ मा भएकोमा सो निर्णय प्रतिवादीले कार्यान्वयन गरेको अवस्था नभएको, कोषको कि.नं. ८० को जग्गा सम्बन्धमा मिठ्ठारामसँग २०७०/०८/२७ मा सम्झौता गर्दा प्रतिवादी सदस्य सचिवको रुपमा नरहेको। आयोगका उपसचिव कृष्णप्रसाद पौडेल र इन्जिनियर सुरेन्द्र वैद्यले प्रतिवादीको उपस्थिति बिना बालुवा खानीमा एकदिन निरीक्षण गर्दा मिनी ट्रक र ट्रिपरमा तोकिएभन्दा बढी लोड गरेको भेटिएको भन्ने आधारमा मिति २०६८/१०/१९ मा दिएको प्रतिवेदनलाई आधार बनाई प्रतिवादी कोषमा कार्यरत रहेको पूरा अवधिलाई गणना गरी सो अवधिमा ३८,६४,०९९.२३८ क्यु.फिट हिनामिना भएको भनी २०६५/०७/०५ को सम्झौता र २०६८/०२/२३ को सम्झौतामा उल्लेखित दररेटलाई औषत कायम गरी रु. ४।६२ को आधारमा विगो कायम गरिएको तर निजहरुले अदालतमा आई गरेको बकपत्रबाट ट्रक र ट्रिपर समेत छुट्याउन सकेको एकातर्फ छैन भने अर्कोतर्फ सो प्रतिवेदन पश्चात् प्रतिवादीले आयोगमा छलफलमा भाग लिएको आयोगबाट भएको निर्देशन अनुसार बालुवा खानीमा अनियमितता हुन नदिन विभिन्न पहल गरेको समेतबाट प्रतिवादी उपरको अभियोग दावी खारेजभागी रहेको हुँदा उपरोक्त आधारहरुलाई समेत विश्लेषण गरी यी प्रतिवादीलाई आरोपदावीबाट सफाइ दिने गरी भएको विशेष अदालतको फैसला मिलेको हुँदा सदर हुनु पर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

३६६. प्रतिवादी महेन्द्रलाल श्रेष्ठका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सूर्यप्रसाद कोइराला र विद्वान् अधिवक्ता श्री गोपालप्रसाद अर्यालले प्रतिवादी महेन्द्रलाल श्रेष्ठ तत्कालिन जि.वि.स. काठमाडौंको स्थानीय विकास अधिकारीको रुपमा २०६४/०४/१० देखि २०६५/०८/१५ सम्म कार्यरत रहेको। प्रतिवादीले २०६५/०६/०५ मा कोषलाई लेखेको पत्रमा स्थानीय जनताको सहमती र वन कार्यालयको स्वीकृती चाहिने भन्ने उल्लेख छ। बच्चुराम र जग्गाधनी कोषको बीच बालुवा खानी सम्बन्धमा २०६५/०७/०५ मा सम्झौता भएपछि जि.वि.स. ले २०६५/०७/१७ मा गा.वि.स.को कार्यालय गोठाटारलाई लेखेको पत्रमा खानी विभागबाट स्वीकृत नभएसम्म संचालन गर्न नदिनु भनी उल्लेख गरी खानी संचालक बच्चुरामलाई समेत बोधार्थ दिएको छ। बच्चुरामले मात्र बालुवा उत्खनन् गर्न पाउने भनी निजले २०६५/०४/१६ मा दिएको राय फिरोज लामाले बच्चुराम समेत उपर सर्वोच्च अदालतमा दिएको रिट निवेदनमा उक्त क्षेत्रको खानी अनुमतीपत्र बच्चुरामको भएको हुँदा एउटै क्षेत्रभित्र अर्कोलाई दिन नमिल्ने भनी फिरोज लामाको रिट निवेदन खारेज

हुने ठहरी मिति २०६७/१२/२१ मा फैसला भएको समेत देखिन आएको अवस्थामा २०७१ साल माघमा आएर प्रतिवादी उपर मुद्दा चलाउन मिल्दैन। सामान्य प्रकारको बालुवा खानीको हकमा ऐनको दफा १२(४) अनुसार ६ महिनाभित्र नविकरण गराउन पर्ने भन्ने प्रावधान लाग्ने नभै खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४२ लागू हुने हुँदा नविकरण कानून अनुरुप भएको छ। प्रतिवादी जि.वि.स.मा हाजिर हुन जानुभन्दा अघिनै मिति २०६४/०२/२१ को निर्णयले खानी संचालनको लागि खानी विभागमा लेखी पठाइएको अवस्था छ। साविकमा राजेन्द्र गोर्खालीले लिएको लाइसेन्स रद्द गरेको विषयलाई लिएर राजेन्द्र गोर्खालीले सर्वोच्च अदालतमा दिएको रिट निवेदन खारेज हुने ठहरी मिति २०६७/०८/२९ मा फैसला भएको देखिन्छ। बच्चुरामलाई लाइसेन्स दिएको विषयलाई लिएर अभियोग दावी पनि छैन। करारको विषयमा भ्रष्टाचारको मुद्दा लाग्न सक्दैन भनी स.अ. बुलेटिन, २०६७ पूर्णाङ्क ४४६ मा सिद्धान्त प्रतिपादन भएको छ। जि.वि.स.ले बालुवा खानीबाट प्राप्त गर्ने सेवा शुल्क समेतका सम्बन्धमा गोरखापत्रमा सूचना प्रकाशित गरी टेण्डर आह्वान भएकोले बढि कवोल गर्ने स्मृति कन्सट्रक्सनसँग आ.व. २०६५/०६६ को लागि मिति २०६५/०४/२३ मा रु. ८० लाखमा सम्झौता भएको र सो सम्झौता अनुसारको रकम असूल भएको छ। भ्रष्टाचार ठहर हुन बदनियत र लिनु खानु गरेको देखिनु पर्छ तर प्रतिवादीबाट त्यस्तो भएको नदेखिँदा प्रतिवादी उपरको आरोप दावी पुग्न सक्ने होइन। प्रतिवादी उपरको अभियोग दावी खारेजभागी रहेको हुँदा उपरोक्त आधारहरुलाई समेत विश्लेषण गरी यी प्रतिवादीलाई आरोपदावीबाट सफाइ दिने गरी भएको विशेष अदालतको फैसला मिलेको हुँदा सदर हुनु पर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

३६७. प्रतिवादी गोपालप्रसाद पराजुलीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री हरि प्रसाद उप्रेती र विद्वान् अधिवक्ता श्री नारायणप्रसाद पराजुलीले प्रतिवादी जि.वि.स. काठमाडौंमा स्थानीय विकास अधिकारीको रुपमा २०६५/०८/१७ देखि २०६८/०२/१२ सम्म र २०६८/०९/१८ देखि २०६९/०१/०७ सम्म कार्यरत रहेको। आरोपित कसूरमा प्रतिवादी अनुसन्धानको क्रममा तथा अदालतमा आई बयान गर्दा समेत इन्कार रहेको। आ.व. ०६५/६६ को बालुवाको ठेक्का प्रतिवादी हाजिर हुनुभन्दा पहिले नै लागेको हो। आ.व. ०६६/६७ को बालुवाको रकम संकलन गर्ने केन्द्र र ठेक्काको सम्बन्धमा २०६६/०१/२८ मा प्रकाशित सूचना अनुसार सार्वजनिक खरिद ऐन,

नियमको प्रकृया पूरा गरी ९५ लाखमा लगाइएको गोठाटार क्षेत्र समेत सोही ठेक्कामा पर्ने ठेक्का रकम सम्पूर्ण संकलन भएको छ। दुबै आर्थिक वर्षको लेखा परीक्षण भएको छ। नविकरणमा यो यस्तो रित नपुगेको भन्ने छैन। कोषको जग्गा क्वारी क्षेत्र थपको लागि प्रतिवादी हाजिर भै जानुभन्दा अघि नै कारवाही शुरु भै सकेको अवस्था थियो। बच्चुरामको अनुमतीपत्र रद्द गर्न कोषले पठाएको पत्र बारे प्रतिवादीलाई जानकारी भएन। २०६७/०१/०७ मा योजना तथा प्रशासकिय अधिकृत दिल कुमार तामाङले रद्द गर्न नमिल्ने भनी कोषलाई पत्र पठाएको रहेछ तर पछि कोषको संचालक परिषद्ले नै खानीवाला बच्चुरामलाई खानी संचालन गर्न दिने निर्णय गरेको छ। बालुवा खानी सम्बन्धमा परेको उजुरी सम्बन्धी कारवाही आयोगले मिति २०६६/०९/१४ को निर्णय अनुसार तामेलीमा राखेको अवस्था छ। मिठ्ठाराम बालुवा खानीको हकमा कोषबाट मिति २०६८/०९/२० मा दिएको मंजुरनामा कीर्ते भन्ने जि.वि.स.लाई थाहा हुने भएन। प्रतिवादी उपरको अभियोग दावी खारेजभागी रहेको हुँदा उपरोक्त आधारहरुलाई समेत विश्लेषण गरी यी प्रतिवादीलाई आरोपदावीबाट सफाइ दिने गरी भएको विशेष अदालतको फैसला मिलेको हुँदा सदर हुनु पर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

३६८. प्रतिवादी राजुकुमार रेग्मीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रेवतप्रसाद खरेल र विद्वान् अधिवक्ता श्री भानु निरौलाले प्रतिवादी पशुपति विकास कोषका उपनिर्देशक रहेको, मिठ्ठारामलाई कोषको कि.नं. ८० को जग्गा मध्येबाट बालुवा खानी संचालन गर्न भनी दिएको मिति २०६८/०९/२० को मंजुरीनामा प्रतिवादीले कोषको निर्देशन अनुसार दिएको भन्ने कुरा कोष संचालक परिषद्को २०६९/०९/०८ मा बसेको बैठकले मिठ्ठारामलाई खानी उत्खनन् गर्न दिने भनी निर्णय गरेको र सोही निर्णयको आधारमा कोष र मिठ्ठाराम बीच मिति २०७०/०८/२७ मा सम्झौता भएको बाट स्पष्ट हुन्छ। खानी विभागको च.नं.१५ मिति २०७१/०४/२४ को पत्रसाथ आयोगमा बुझाएको प्रतिवेदनमा मिठ्ठारामले बालुवा उत्खनन् गर्न अनुमती पाएको क्वारी क्षेत्रभित्र उत्खनन् नभएको भन्ने उल्लेख भएको अवस्थामा प्रतिवादीको कारणबाट कोषलाई नोक्सान हुन गएको होइन। जि.वि.स.लाई यति बालुवा निकाल्ने भनी मिठ्ठारामले अग्रिम शुल्क तिरेको अवस्थासम्म हो। मिठ्ठारामले अदालतमा आई गरेको बयानको स.ज.१२ मा अनुमती प्राप्त जग्गामा उत्खनन् गरेको छैन। नविकरण गर्ने प्रयोजनको लागि रसिद प्याड लिएको सम्म हो भनी लेखाएको समेतबाट प्रतिवादीले कोषलाई हानी नोक्सानी पुर्‍याउने कार्य नगरेको हुँदा प्रतिवादी उपरको

अभियोग दावी खारेजभागी रहेकोले उपरोक्त आधारहरुलाई समेत विश्लेषण गरी यी प्रतिवादीलाई आरोपदावीबाट सफाइ दिने गरी भएको विशेष अदालतको फैसला मिलेको हुँदा सदर हुनु पर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

३६९. त्यसैगरी, प्रतिवादी भिष्मकुमार मल्लको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुभाष आचार्यले प्रस्तुत विषय पशुपति विकाश कोष, प्रतिवादी मिठ्ठाराम, जि.वि.स. र खानी विभागको दायित्वसँग सम्बन्धित रहेको छ। प्रतिवादी जि.वि.स. को शाखा अधिकृत सम्म रहेकोले प्रतिवादीको भूमिका सामान्य रहने हो। कोषको तर्फबाट पठाइएको मिति २०६८/०९/२० को मंजुरीनामाको वैधानिकता हेर्ने सामान्य कर्मचारीको हैसियत रहदैन। खानी विभागको मिति २०६९/०४/२९ को सहमती समेतको आधारमा जि.वि.स. र खानी ठेकेदार मिठ्ठाराम बीच २०६९/०६/१५ मा सम्झौता भएको हुँदा कोषसँग सम्झौता भयो भएन भन्ने हेर्ने विषय पनि नीजको होइन। क्वारी क्षेत्र भन्दा बाहिर गई उत्खनन् गर्न नपाउने भन्ने जि.वि.स. बीच भएको सम्झौतामा नै उल्लेख छ। खानी तथा खनिज पदार्थ नियमावलीको नियम ४३ को आधारमा मात्र खानी अनुमतीपत्र रद्द हुने हो। नविकरण पनि नियम अनुसार नै भएको हो। मिठ्ठारामले बालुवा खानी उत्खननको अनुमतीपत्रको लागि कोषको मिति २०६८/०९/२० को मंजुरीनामा समेतका कागजात साथै राखी २०६८/१०/०४ मा जि.वि.स.मा निवेदन दिए पश्चात् ऐन नियम अनुसार प्रक्रिया पूरा गरी खानी तथा खनिज पदार्थ नियमावलीको नियम ३७(१) अनुसार मिति २०६९/०५/०६ मा मिठ्ठारामलाई अनुमतीपत्र दिइएको हो। जि.वि.स. र मिठ्ठाराम बीच मिति २०६९/०६/१५ मा भएको सम्झौताको शर्त नं.२(ग) मा खानी रहेको जग्गा धनी र मोहीको मंजुरीबाट मात्र संचालन गर्नुपर्ने मंजुरी बेगर संचालन गरे धरौटी रकमबाट क्षति भराई दिने भन्ने समेत उल्लेख छ। कोष र मिठ्ठाराम बीच २०७०/०८/२७ मा भएको सम्झौताको सम्बन्धमा आरोपपत्रमा विवाद उठाइएको छैन। खानी विभागको मिति २०७१/०४/२४ को पत्र र नापी विभागको २०७१/०५/२० को पत्रबाट मिठ्ठारामको क्वारी क्षेत्रबाट उत्खनन् नभएको भन्ने छ। भ्रष्टाचार हुनको लागि गैर कानूनी कार्य, बदनियत, राज्यलाई हानी र व्यक्तिलाई फाइदा पुग्ने कार्य भएको हुनुपर्छ तर प्रतिवादीको कार्यबाट त्यस्तो भएको नहुँदा प्रतिवादी उपरको आरोप दावी खारेजभागी रहेको हुँदा उपरोक्त आधारहरुलाई समेत विश्लेषण गरी यी प्रतिवादीलाई आरोपदावीबाट सफाइ दिने गरी भएको विशेष अदालतको फैसला मिलेको हुँदा सदर हुनु पर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

३७०. प्रतिवादी प्रेमराज जोशीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण सापकोटाले २०६९/०१/०८ देखि प्रस्तुत मुद्दा दायर हुँदासम्म प्रतिवादी जि.वि.स. काठमाडौंको स्थानीय विकास अधिकारीको रुपमा कार्यरत हुनुहुन्छ। कोषको कि.नं. ८० को जग्गाको बालुवा उत्खनन् सम्बन्धमा हिमालयन टाइम्समा २०६८/०८/०१ मा सूचना प्रकाशित भएकोमा कसैको उजुर नपरेको भन्ने मिति २०६८/०९/२९ को मुचुल्का र २०६८/०९/२० मा कोषले दिएको सहमतीबाट देखिन्छ। खानी विभागबाट २०६९/०४/२९ मा दिएको सहमती पश्चात् जि.वि.स. को २०६९/०५/०५ को निर्णय अनुसार मिठ्ठारामलाई मिति २०६९/०५/०६ मा अनुपतीपत्र प्रदान भै जि.वि.स. र मिठ्ठाराम बीच मिति २०६९/०६/१५ मा सम्झौता र मिति २०७०/०६/१३ मा मिठ्ठारामको नाउँको बालुवा खानी नवीकरण भएको हो। प्रस्तुत मुद्दाको अनुसन्धानको सिलसिलामा आयोगले नापी विभाग समेत मार्फत २०७१/०५/२० मा लिएको प्रतिवेदनका आधारमा २०७१/१०/०९ मा आरोपपत्र दायर गरेको तर नापीको प्रतिवेदनबाट कि.नं. ८० को क्वारी क्षेत्रबाट बालुवा उत्खनन् नै नभै अन्यत्रबाट उत्खनन् गरेकोमा प्रतिवादी जिम्मेवार हुने पनि होइन। प्रेमराजले मिठ्ठारामसँग सम्झौता गर्दा कुन कानूनको उल्लंघन गरेको हो भन्ने स्पष्ट छैन। प्र.जि.अ. को समितिले गरेको स्थलगत प्रतिवेदन समेतको आधारमा नवीकरण भएकोमा अन्य व्यक्ति उपर आरोपित गरिएको छैन। नोक्सानी भएकोमा लाभसँग प्रतिवादीको सम्बन्ध देखिनु पर्छ तर त्यस्तो देखिएको छैन। प्रतिवादी उपर दावी पुग्ने अवस्था नहुँदा उपरोक्त आधारहरुलाई समेत विश्लेषण गरी यी प्रतिवादीलाई आरोपदावीबाट सफाइ दिने गरी भएको विशेष अदालतको फैसला मिलेको हुँदा सदर हुनु पर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

३७१. यसमा श्री पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ (क) को कि.नं. ५९ र ८४ तथा ऐ. वडा नं. ४ (क) को कि.नं. ८० को जम्मा ५३४ रोपनी जग्गाहरुमा गुरुयोजना लागू गर्ने सम्बन्धमा विज्ञहरुबाट सम्भाव्यता अध्ययन पश्चात प्रतिवेदन प्राप्त भए पनि सो नगरी खानी ऐन आकर्षित हुने गरी खानी उत्खनन् अनुमति प्राप्त व्यक्तिसँग सस्तो दररेटमा सम्झौता गरी बालुवा, माटो बिक्री वितरण गर्ने मात्र मनसाय राखी खानी उत्खनन्कर्ताहरूले पशुपति क्षेत्र विकास कोष तथा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन पदाधिकारीहरूलाई प्रभाव र प्रलोभनमा पारी पशुपति क्षेत्र विकास कोष तथा जिल्ला विकास समितिको

कार्यालय, काठमाण्डौसँग खानी उत्खनन्कर्ताहरूले गरेको सम्झौता, स्वीकृत माईनिङ स्किम, खानी तथा भूगर्भ विभाग, काठमाण्डौले दिएको निर्देशन विपरित कोषको उल्लेखित जग्गाहरूलाई नै पूर्ण रुपमा बिगारी तोकिएको परिमाण भन्दा बढी बालुवा तथा माटो उत्खनन् गरी सो को नियम बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषलाई बुझाउनु पर्ने रकम समेत छली गरी ठूलो क्षति पुऱ्याउने गरी मिलोमतोमा पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा समेतमा हानी र आफूलाई व्यक्तिगत लाभ हुने गरी बदि्नयत राखी कार्य गरेकोले दोषीहरु उपर कारबाही होस् भन्नेसमेत व्यहोराको उजुरी परी अनुसन्धान भएको रहेछ।

३७२. प्रस्तुत मुद्दाका प्रतिवादीहरु जम्मा ९ जना मध्ये निर्मल कुईकेलको हकमा बालुवाको न्यूनतम मूल्यलाई विना कारण घटाई हचुवामा निर्णय गरी कोषलाई दीर्घकालिन रुपमा क्षति पुऱ्याउने गरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालसँग सस्तो दररेटमा सम्झौता गरी खानी समेत सञ्चालन गराई रु.१,६३,८०,५७७।५० पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको बदि्नयतपूर्वक कोषको गुरुयोजनालाई नै असर पार्ने गरी जथाभावी बालुवा उत्खनन् गराएको, खानी क्षेत्रमा रहेका रुखहरु अवैध कटान गरी गराई पशुपति क्षेत्र विकास कोषलाई रु.४,४८,६१६।८० क्षति पुऱ्याउने कार्यहरु गरी गर्न दिई प्रतिवादी निर्मल कुईकेलले बदि्नयतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ द्वारा परिभाषित कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१,६८,२९,१९४।३० हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१,६८,२९,१९४।३० (एक करोड अठ्सठ्ठी लाख उनान्तीस हजार एक सय चौरान्नब्बे रूपैयाँ तीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)को देहाय (झ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको आरोपपत्र रहेको देखियो।

३७३. अर्का प्रतिवादी सुशिल नाहटाको हकमा तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् तथा निकासी गराई रू. १,७८,५२,१३८।४७ पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको, मिठ्ठाराम दाहालबाट अवैध रुपमा खानी सञ्चालन गराई पशुपति क्षेत्र विकास कोषलाई रु. १४,२६,००० क्षति पुऱ्याएको, कोषको जग्गामा अवैध खानी उत्खनन् गर्ने बालुवा तथा माटो समेत बिक्री गर्न दिने बिषय प्रवेश गराई निर्णय गराई प्रतिवादी सुशिल नाहटाले बदि्नयतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ द्वारा परिभाषित कसुर

गरी पशुपति क्षेत्र विकास कोषलाई रू. १,९२,७८,१३८।४७ हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रू.१,९२,७८,१३८।४७(एक करोड बयानब्बे लाख अठहत्तर हजार एक सय अठ्तीस रुपैयाँ सत्चालीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)को देहाय (झ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको आरोपपत्र रहेको देखियो।

३७४. त्यसैगरी, प्रतिवादी राजुकुमार रेग्मीको हकमा पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी सुनियोजित र बदनियतपूर्वक पाँउदै नपाएको अख्तियारी पाएको छु भनी अवैधानिकरुपमा कोषको स्वामित्वमा रहेको का.जि.गोठाटार गा.वि.स. वडा नं. ४(क) को कि.नं. ८० को जम्मा क्षेत्रफल ३१० रोपनी जग्गाबाट का.जि.गोठाटार गा.वि.स.वडा नं. ३ बस्ने मिठ्ठाराम दाहाललाई बालुवा उत्खनन् र बिक्री गर्न १५ बर्षको लागि प्रति क्यू.फिट रु.६।२० पैसा लिने गरी मञ्जुरीनामा दिएको भन्नेसमेत बेहोराको पशुपति क्षेत्र विकास कोषको च.नं. १७८ (प्रशासन), मिति २०६८।०९।२० गतेको मञ्जुरीनामा पत्र बनाई प्रतिवादी राजुकुमार रेग्मी र मिठ्ठाराम दाहालले हस्ताक्षर गरी जि.वि.स.को कार्यालय काठमाडौंमा पेश गरी कोषको उपरोक्त जग्गामा अवैध खानी समेत सञ्चालन गराई पशुपति क्षेत्र विकास कोषलाई रु. १४,२६,०००।०० हानी नोक्सानी पुऱ्याई प्रतिवादी राजुकुमार रेग्मीले बद्नियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरेकाले निजको हकमा रु. १४,२६,०००।०० (चौध लाख छब्बीस हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको आरोपपत्र रहेको देखियो।

३७५. अर्का प्रतिवादी महेन्द्रलाल श्रेष्ठको हकमा कोषको जग्गामा रहेका रुखहरु अवैध कटान गराई पशुपतिक्षेत्र विकास कोषलाई रु. ४,४८,६१६।८० क्षति पुऱ्याएको, बद्नियतपूर्वक खानी उत्खननकर्ता बच्चुरामले उत्खनन् गराई बिक्री गरेको बालुवाको नियम बमोजिम प्राप्त हुने जि.वि.स.सेवा शुल्क छली गराई कोषको जग्गामा अबैध खानी समेत सञ्चालन गरी गराई रु. १,१५,५५,७८२।५० राज्य कोषलाई क्षति पुऱ्याएको कार्यबाट प्रतिवादी महेन्द्रलाल श्रेष्ठले बद्नियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा

७ र दफा १७ द्वारा परिभाषित कसुर गरी राज्य कोषलाई तथा पशुपति क्षेत्र विकास कोषलाई गरी जम्मा रु.१,२०,०४,३९९।३० हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१,२०,०४,३९९।३० (एक करोड वीस लाख चार हजार तीन सय उनान्सय रुपैयाँ तीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको आरोपपत्र रहेको देखियो।

३७६. त्यसैगरी, प्रतिवादी गोपाल प्रसाद पराजुलीको हकमा कोषको जग्गामा अवैध खानी समेत सञ्चालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई रु. १४,२६,०००।०० हानी नोक्सानी पुऱ्याएको र सेवा शुल्क समेतको शुल्क छली राज्य कोषलाई रु. १,५८,५०,६०८।- हानी नोक्सानी पुऱ्याएको जस्ता कार्य गरी प्रतिवादी गोपाल प्रसाद पराजुलीले बद्नियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ७ र दफा १७ द्वारा परिभाषित कसुर गरी राज्य कोषलाई तथा पशुपति क्षेत्र विकास कोषलाई गरी जम्मा रु. १,७२,७६,६०८।-हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु. १,७२,७६,६०८।-(एक करोड बहत्तर लाख छयहत्तर हजार छ सय आठ रुपया) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)को देहाय (झ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको आरोपपत्र रहेको देखियो।

३७७. अर्का प्रतिवादी प्रेमराज जोशीको हकमा अवैध खानी सञ्चालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।-हानी नोक्सानी पुऱ्याएकोले प्रतिवादी प्रेमराज जोशीले बद्नियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९को परिच्छेद २ को दफा १७ द्वारा परिभाषित कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु. १४,२६,०००।-(चौध लाख छब्बीस हजार रुपया) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको आरोपपत्र रहेको देखियो।

३७८. त्यसैगरी, प्रतिवादी भिष्मकुमार मल्लको हकमा कोषको जग्गाबाट अवैध खानी सञ्चालन

गरी गराई उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको परिमाणबाट पशुपति क्षेत्र विकास कोषलाई प्राप्त हुनुपर्ने रकम रु. १४,२६,०००।-क्षति पुऱ्याएको हुँदा प्रतिवादी भिष्मकुमार मल्लले बदि्नयतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा १७ द्वारा परिभाषित कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१४,२६,०००।-(चौध लाख छब्बीस हजार रुपया) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको आरोपपत्र रहेको देखियो।

३७९. खानी उत्खननकर्ता पुनरावेदक प्रतिवादी बच्चुराम दाहालको हकमा रुखहरु अवैध कटान गरी पशुपति क्षेत्र विकास कोषलाई रु. ४,४८,६१६।८० हानी नोक्सानी पुऱ्याएको, अबैध रुपमा बालुवा उत्खनन् गरी सो को पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा बुझाउनु पर्ने रकम रु. २९,३३,१५,७६२।८९ समेत छली गरी हानी नोक्सानी पुऱ्याएको, कोषको जग्गाको माटो उत्खनन् गरी माटो अवैध रुपमा बिक्री गरी पशुपति क्षेत्र विकास कोषलाई रु.९,००,७३,४५४।८० हानी नोक्सानी पुऱ्याएको जस्ता कार्य गरी प्रतिवादी बच्चुराम दाहालले बदि्नयतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसुर गरी गैह्रकानूनी लाभ लिई राज्य कोषलाई रु. ५,७०,७९,६३०।४१ तथा पशुपति क्षेत्र विकास कोषलाई रु. ३२,६७,५८,२०४।०८ गरी जम्मा रु. ३८,३८,३७,८३४।४९ हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.३८,३८,३७,८३४।४९ (अठ्तीस करोड अठ्तीस लाख सैंत्तीस हजार आठ सय चौंतीस रुपैयाँ उनान्पचास पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी पाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको आरोपपत्र रहेको देखियो।

३८०. त्यसैगरी, अर्का खानी उत्खननकर्ता पुनरावेदक प्रतिवादी मिठ्ठाराम दाहालको हकमा अबैध रुपमा बालुवा उत्खनन् तथा बिक्री वितरण गरी रु. १,०८,१०,०००।- पशुपति क्षेत्र विकास कोषको जग्गामा क्षति पुऱ्याएको, आफुलाई तोकिएको क्वारी क्षेत्र भन्दा बाहिर कोषको जग्गाबाट अवैध रुपमा जथाभावी बालुवा उत्खनन् गरी रु. १,९५,३०,०००।- पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको जस्ता कार्य गरी प्रतिवादी मिठ्ठाराम दाहालले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ८ को उपदफा

(४) द्वारा परिभाषित कसुर गरी गैह्र कानूनी लाभ लिई पशुपति क्षेत्र विकास कोषलाई रू. ३,०३,४०,०००।- हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रू. ३,०३,४०,०००।- (तीन करोड तीन लाख चालिस हजार रुपया) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी पाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको आरोपपत्र रहेको देखियो।

३८१. उपरोक्त बमोजिमको आरोपपत्र रहेको भ्रष्टाचार अनियमितता सम्बन्धी प्रस्तुत मुद्दामा विशेष अदालतबाट मिति २०७३/०५/०५ मा प्रतिवादी बच्चुराम दाहालले पशुपती क्षेत्र विकाश कोषको जग्गामा रहेको बालुवा, रुख तथा माटो समेत गरी राज्य कोष र पशुपती क्षेत्र विकाश कोषलाई विगो रु. १४,४५,४५,२००।४० सम्म बद्नीयत गरी नबुझाई हिनामिना हानी नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८(४) को कसूर गरेको कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखियो। अर्का प्रतिवादी मिठ्ठाराम दाहालले कोषको जग्गामा बालुवा उत्खनन् नै नगरी जिल्ला विकास समितिमा २,३०,००० क्यू.फिट बालुवाको केवल अनुमतीपत्र नवीकरण गराउने प्रयोजनको लागि मात्र रकम बुझाएको रहेछन् भनी भन्न मिलेन। उक्त बालुवाको प्रति क्यू.फिट रु. ६।२० ले हुन आउने रु. १४,२६,०००।-सम्म यी प्रतिवादीले कोषलाई हानी नोक्सानी पुऱ्याएको विगो कायम गर्न मनासिव हुने देखिन आयो भन्नेसमेत बेहोरा उल्लेख गरी ९ जना प्रतिवादीहरु मध्येका यी दुई प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहाललाई मात्र अभियोग दाबीमा आंशिक भ्रष्टाचार अनियमितता ठहर गरी अन्य ७ जना प्रतिवादीहरुलाई आरोपित कसूर गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट ठोस रुपमा पुष्टि भएको देखिन नआउँदा आरोपित कसूरबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ।

३८२. विशेष अदालतबाट भएको उपरोक्त फैसला नमिलेको हुँदा उल्टी गरी आरोप दाबी बमोजिम नै प्रस्तुत मुद्दाका सबै ९ जना प्रतिवादीहरुलाई सजाय गरी पाऊँ भनी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट र प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहालको तर्फबाट आरोप दाबी बमोजिमको कसूर नगरेकोले विशेष अदालतबाट मिति २०७३।०५।०५ मा भएको फैसला उल्टी गरी सफाई पाऊँ भनी यस अदालतमा छुट्टा छुट्टै पुनरावेदन दर्ता भई यस इजलास समक्ष निर्णयार्थ पेश हुन आएको देखियो।

३८३. उपरोक्त बमोजिमको उजुरी, आरोप दाबी, फैसला एबं पुनरावेदन जिकिर भएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान

सह न्यायाधिवक्ता र विद्वान उप न्यायाधिवक्ता एवं प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता एवं विद्वान अधिवक्ता कानून व्यवसायीहरुबाट प्रस्तुत बहससमेत सुनी विचार गर्दा प्रस्तुत मुद्दामा देहायअनुसारका प्रश्नहरूका सम्बन्धमा विचार गरी निर्णय गर्नुपर्ने देखियोः

**क. अभियोग दाबी बमोजिम पशुपती क्षेत्र विकाश कोषको जग्गामा रहेको बालुवा, रुख तथा माटो समेत अबैध रुपमा निकासी गरी/गराई पशुपती क्षेत्र विकाश कोषलाई र सो निकासीमा लाग्ने जिल्ला विकास समितिको रोयल्टी तथा शुल्क दाखिला गर्ने/गराउने कार्य नगरी राज्य कोषलाई हानी नोक्सानी भएको हो होइन ? हानी नोक्सानी भएको भए के कति परिमाण र बिगो नोक्सानी भएको हो ?**

**ख. पशुपती क्षेत्र विकाश कोष र राज्य कोषलाई पुगेको सो हानी नोक्सानीमा प्रतिवादीहरु मध्ये को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो ?**

**ग. प्रतिवादीहरुको भूमिका र संलग्नताका आधारमा निजहरुले अभियोग दाबी बमोजिमको कसूर गरेको देखिने हो वा होइन ? र प्रतिवादीहरुलाई अभियोग दाबी बमोजिमको बिगो कायम हुने हो वा होइन ?**

**घ. प्रतिवादीहरुलाई अभियोग दाबी बमोजिमको सजाय हुने हो वा होइन ?**

**ङ. पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहालको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? विशेष अदालतको मिति २०७३।०५।०५ को फैसला मिलेको छ छैन ?**

३८४. सर्वप्रथम निरूपण गर्नुपर्ने पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा, श्री पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ (क) को कि.नं. ५९ र ८४ तथा ऐ. वडा नं. ४ (क) को कि.नं. ८० को जम्मा ५३४ रोपनी जग्गाहरूमा वन क्षेत्रसमेत रहेको र उक्त जग्गा तत्कालीन श्री ५ को सरकारबाट कोषको नाममा हस्तान्तरण हुँदा वन विभाग मार्फत वृक्षारोपण भएका रूखहरू कुनै पनि किसिमले नष्ट गर्न नपाउने उल्लेख भई हस्तान्तरण भएको जग्गाधनी दर्ता श्रेष्ताको प्रमाणित प्रतिलिपीबाट देखिन्छ। पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदको मिति २०६२।११।०१ गतेको बैठकले सो जग्गाहरुको विकास गरी सामुदायिक भवन, गौशला, वृद्धाश्रम, अस्पताल, अन्तराष्ट्रिय धार्मिक केन्द्र लगायतका कार्यक्रमहरू लागू गर्ने

र सो क्रममा उल्लेखित जग्गाहरूमा रहेको ढिस्कोहरू सम्याई निस्कने बालुवा समेत बिक्री गरी कोषको आय आम्दानी बढाउने तथा गुरुयोजना लागू गर्न भू-उपयोग विस्तृत अध्ययन प्रतिवेदन तयार गर्न सि.एन. एशोसियट्सलाई उक्त कार्यको जिम्मेवारी दिईएकोमा सो को अध्ययन प्रतिवेदन "Gothatar Land Development Project (GLDP) थान-६ कोषमा प्राप्त भएको देखिन्छ। साथै, सो जग्गामा ठूलो बालुवा खानी समेत रहेको र सो बाट कोषको आय आम्दानी समेत बढाउन सकिने भनी सो एशोसियट्सले सरकारी दररेटको आधारमा विस्तृत आर्थिक विश्लेषण गरी आ.व. ०६४/०६५ को लागि खानीको बालुवाको मूल्य दररेट प्रति घनमिटर रु.२१४।४५ (प्रति क्यू.फिट रु.६।०७) निर्धारण गरी मिति २०६५।०३।२२ गते कोषलाई पत्राचारसमेत गरेको देखिन्छ।

३८५. सो जग्गामा रहेको वालुवा उत्खनन् गरी बिक्री गर्ने सम्बन्धमा पशुपति क्षेत्र विकास कोषको च.नं. ६ मिति २०६५।०४।०७ गतेको पत्र मार्फत "कस्ता ईजाजत प्राप्त बालुवाका ठेकेदारहरु बिच प्रतिष्पर्धा गराईन्छ" भनी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंलाई पत्राचार भएको देखिन्छ भने सो पत्र सम्बन्धमा जि.वि.स.को कार्यालय, काठमाण्डौंको च.नं. २३६ मिति २०६५।०४।०८ र च.नं. ३३६ मिति २०६५।०४।१९ गतेको पत्र मार्फत का.जि. गोठाटार गा.वि.स.वडा नं. ३ बस्ने बच्चुराम दाहालले कोषको उल्लेखित जग्गा समेतलाई आफ्नो लिज एरिया (Lease Area) भित्र पारी साधारण निर्माणमुखी खनिज पदार्थको उत्खनन कार्यको अनुमति पत्र मिति २०६४/०८/०४ मा नै लिईसकेकोले सम्बन्धित बच्चुराम दाहालबाट मात्रै बालुवाखानी उत्खनन् हुन सक्ने भनी जवाफ पत्र पठाएको देखिन्छ। तर मिति २०६४/०८/०४ मा जारी सो खानी उत्खनन् अनुमतिपत्र हेर्दा, खानी क्षेत्र नजिकमा रहेको पशुपति क्षेत्र विकास कोषको जग्गालाई असर नपर्ने गरी कार्य गर्नुपर्ने लगायतका निर्देशनहरु उल्लेख भएको देखिन्छ।

३८६. का.जि. गोठाटार गा.वि.स.वडा नं. ३ र ४ टोपो सिट नं. २७७५-०६ बि मा पर्ने कोटेश्वरबाट गोठाटार इचौटबाट मदनआश्रित प्रतिष्ठान हुँदै उत्तर पश्चिम जाने १३४३ मिटरको उचाई बिन्दुलाई कायम गरी सोबाट पुर्व १९७ मि. दुवाको चौरको दोबाटोलाई मूल चिन्ह मानी सोबाट पुर्व ५०० मि., पश्चिम- X मि., उत्तर ३२५ मि. र दक्षिण १७५ मि. जम्मा ०.२५ बर्ग किलोमिटरलाई चौहदी विवरण माग गरी बच्चुराम दाहालले मिति २०६३।११।१४ गते जिल्ला विकास समितिको कार्यालय काठमाण्डौंमा साधारण

निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्रको लागि निवेदन दिएकोमा यस अघि सहमति प्राप्त गरेका राजु थापाको क्षेत्र खप्टने देखिएपछि निज राजु थापाले यही क्षेत्रको उत्खनन् अनुमतीपत्र मिति २०५२।०१।२७ मा लिएकोमा निजको नाउँबाट नाउँसारी गराई लिने राजेन्द्रबहादुर गोर्खालीले २०५९ साल आषाढ पश्चात नवीकरण नगराएको भन्ने आधारमा जिल्ला विकास समितिको कार्यालय काठमाडौंले मिति २०६४।०५।१३ मा निजको अनुमतीपत्र रद्द गरेकोमा सो रद्द गरेको विषयलाई लिएर राजेन्द्रबहादुर गोर्खालीले सर्वोच्च अदालतमा दिएको २०६४ सालको रिट नं. ०१३७ को उत्प्रेषणयुक्त परमादेशको मुद्दामा अधिकार प्राप्त निकाय जिल्ला विकास समितिबाट खानी तथा खनिज पदार्थ संचालन नियमावली, २०५६ को नियम ४३(ग) को आधारमा खानी संचालन अनुमतीपत्र रद्द गरेको कार्य कानून विपरीत भएको नदेखिएको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ भनी सर्वोच्च अदालतबाट २०६७।०८।२९ मा आदेश भएको देखिन्छ। खानी उत्खननकर्ता बच्चुराम दाहाललाई खानी उत्खनन् अनुमति पत्र दिंदा निजको खानी क्षेत्र नजिकमा रहेको पशुपति क्षेत्र विकास कोषको जग्गालाई असर नपर्ने गरी कार्य गर्नुपर्ने लगायतका शर्तहरु तोकी जिल्ला विकास समितिको कार्यालय काठमाण्डौंलाई खानी तथा भूगर्भ विभाग काठमाण्डौको प.सं. ०६४/६५/३४२ मिति २०६४।०७।१९ गतेको पत्रबाट निज बच्चुराम दाहालको साधारण निर्माणमुखी खनिज पदार्थको उत्खनन् कार्यको अनुमति पत्र जारी गर्न सहमति दिएको देखिन्छ।

३८७. बच्चुराम दाहालले मिति २०६५।०४।०१ गते आफ्नो सो लिज एरियामा खानी उत्खनन् अनुमति पत्र नविकरणको लागि जि.वि.स.को कार्यालय, काठमाण्डौंमा निवेदन दिएकोमा बच्चुराम दाहालले आ.व. ०६४/०६५ मा खानी उत्खनन् नगरेकोले गा.वि.स.को सिफारिसको आधारमा मिति २०६५।०४।२७ गते नविकरण गरेको देखिन्छ। मिति २०६५।०४।३२ गते बालुवा माटो बिक्री गर्ने भनी पशुपति क्षेत्र विकास कोषले १५ दिने बोलपत्र आव्हान म्याद सूचना प्रकाशित गरेकोमा कुनैपनि बोलपत्र दर्ता नभएपछि कोषका कोषाध्यक्ष ज्ञान बहादुर हमालको संयोजकत्वमा कार्यदल गठन गरी कार्यदलले बालुवा बिक्री गर्दा प्रति क्यु.फिट रु. ३।- का दरले गर्न उपयुक्त हुने भनी मिति २०६५।०५।२० मा सिफारिश गरेको देखिन्छ। जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. ५९० मिति २०६५।०५।१६ को पत्रबाट कोषको स्वामित्वमा रहेको काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ (क) को कि.नं. ५९ र ८४ मा

वालुवा खानी संचालन गर्ने सम्बन्धमा सहमति माग गरिएकोमा पशुपति क्षेत्र विकास कोषको च.नं. १९७ मिति २०६५।०५।२४ गतेको पत्रबाट कोषबाट मिति २०६५।०४।३२ मा बोलपत्र आव्हान गरेकोमा कसैको पनि बोलपत्र नपरेको, कोषबाट गठन गरेको कार्यदलले कम्तिमा रु.३।— प्रति क्यू.फिट बालुवा बिक्री वापत पाउने दर सिफारिस गरी पेश गरेकोले उक्त दर कोषले पाउने गरी बाँकी रोयल्टी कर, सेवा शुल्क लगायत सम्पूर्ण दायित्व खानी उत्खनन्कर्ता स्वयंले वहन गर्ने शर्तमा प्रचलित ऐन नियम बमोजिम हुने गरी कसबाट खानी सञ्चालन गर्नु गराउनु पर्ने हो सो समेत त्यहाँबाट गराई दिने गरी सहमति दिएको देखिन्छ।

३८८. बालुवा खानी सञ्चालनको लागि का.जि.गोठाटार गा.वि.स.वडा नं. ३(क) को कि.नं. ८४ र ५९ र वडा नं. ४(क) को कि.नं. ८० को जग्गा मेरो खानी क्षेत्र भित्र परेको र पशुपति क्षेत्र विकास कोषले समेत सहमति दिएको हुँदा खानी सञ्चालन गरी पाउँ भनी बच्चुराम दाहालले मिति २०६५।०५।२६ गते जिल्ला विकास समितिको कार्यालय काठमाण्डौंमा निवेदन दिएपछि कोषको जग्गामा सल्लाघारी वन देखिएकोले जिल्ला वन कार्यालयको स्वीकृति र खानी तथा भुगर्भ विभागबाट सहमति प्राप्त भए पछि सो सम्बन्धी कारबाही अगाडी बढाउने भन्नेसमेत व्यहोराको पशुपति क्षेत्र विकास कोषलाई जिल्ला विकास समितिको कार्यालय काठमाण्डौंको च.नं. ७१४ मिति २०६५।०६।०२ गतेको पत्रबाट पत्राचार भएको देखिन्छ। कोषको गुरुयोजना लागू गर्दा केही रुखहरु काट्नु पर्ने हुँदा सहमतिको लागि भनी पशुपति क्षेत्र विकास कोषको च.नं. ३४० मिति २०६५।०६।०५ गतेको पत्रबाट जिल्ला वन कार्यालय, काठमाण्डौंलाई लेखेको देखिन्छ। कोषको उल्लेखित जग्गामा रहेका रूख कटान क्षेत्र ५ हेक्टर भन्दा बढी भएकोले रुख कटान सम्बन्धी कारवाही गर्न विज्ञहरुबाट वातावरणीय प्रभाव मुल्याङ्कन तयार पारी सम्बन्धित निकायबाट स्वीकृत समेत गराई पेश गर्नु हुन भन्नेसमेत व्यहोरा च.नं. ५०७ मिति २०६५।०९।०३ गतेको पत्रबाट जिल्ला वन कार्यालय, काठमाण्डौंले सो पत्रको जवाफमा लेखेको देखिन्छ।

३८९. कोषको जग्गामा खानी सञ्चालन गर्न जिल्ला विकास समितिको कार्यालयबाट अनुमति प्राप्त गरिसकेकोले खानी सञ्चालनका लागि सम्झौता गरी पाउँ भनी खानी सञ्चालक बच्चुराम दाहालले मिति २०६५।०६।२९ गते बालुवाको प्रति क्यू.फिट रु.३।०५ पैसाको दरले हुने गरी ४,२५,२५,००० क्यू.फिटको जम्मा मुल्याङ्कन

१२,९७,०१,२५०।- को २.५% को दरले हुन आउने रकम पशुपति क्षेत्र विकास कोषको नाममा रहेको ने.बै.लि. डिल्लीबजार शाखामा दाखिला गरेको भनी रु.३२,४२,५३२।- रकम जम्मा गरेको सक्कल भौचर समेत संलग्न राखी निवेदन पेश गरेपछि कोषको जग्गामा रहेका रुखहरु प्रथम पक्षको निर्देशनमा कटान गरी उक्त रुखहरु प्रथम पक्षलाई बुझाउनु पर्ने, बालुवा माटो निकाल्दा आवश्यक पर्ने सम्पूर्ण सुरक्षाको व्यवस्था (Seftey Precaution) व्यवस्था गर्नुपर्ने, निर्धारण गरेको लेभल भन्दा तल गई बालुवा, माटो, ढुङ्गा लगायतका अन्य कुनैपनि चिजबस्तु उत्खनन् गरी झिक्न नपाईने, खटाईएका प्राविधिकले सो लेभल समय-समयमा जाँच गर्ने र तोकिएको लेभल भन्दा तल गई खानी उत्खनन् गरेमा सम्झौता भंग हुने, खानी तथा खनिज पदार्थ ऐन र नियमावलीको पूर्ण रुपमा पालना गरी उत्खनन् कार्य गर्नुपर्ने, अनुमान गरेको १२,१५,००० घ.मि. बालुवाको परिमाण घटबढ हुन सक्ने, सम्झौताको म्याद ५ बर्षको हुने र दोश्रो बर्ष देखि निर्धारित दर प्रति क्यू.फिट रु.३।०५ मा प्रति बर्ष ५% का दरले थप हुँदै जाने र उचित लागेमा पुनः म्याद थप गर्न सक्ने, प्रचलित कानून अनुसार लाग्ने सबै प्रकारका रोयल्टी सेवा, शुल्क, भ्याट र अन्य सवै प्रकारका करहरु उत्खननकर्ताले बुझाउनु पर्ने, बालुवा माटो उत्खनन् गर्दा जग्गामा कुनै किसिमको हानी नोक्सानी पुऱ्याउन नपाउने र हानी नोक्शानी भएमा सोको क्षतिपुर्ति बुझाउनु पर्ने, दिएको नीति निर्देशन पालना गर्नुपर्ने लगायतका सर्तहरू सहितको पशुपति क्षेत्र विकास कोष र बच्चुराम दाहाल विच मिति २०६५।०७।०५ मा सम्झौता भएको देखिन्छ।

३९०. बालुवाको दररेट कायम गर्ने सम्बन्धमा कोषका तत्कालिन कोषाध्यक्ष ज्ञान बहादुर हमालको संयोजकत्वमा कार्यदल गठन गरेको देखियो। त्यसैगरी, कोषको च.नं. १८८ मिति २०६५।०८।२२ गतेको पत्र मार्फत निज ज्ञान बहादुर हमालले बालुवाको दररेट रु.३।- उपयुक्त हुने भनी सिफारिस समेत गरेको र सोही प्रतिवेदनमा उल्लेख भएको मूल्यलाई आधार मानी पशुपति क्षेत्र विकास कोषको च.नं. १९७ मिति २०६५।०५।२४ गतेको पत्र मार्फत निज निर्मल कुँईकेलले कोषको जग्गामा खानी सञ्चालन गर्न सहमति समेत दिएको देखियो। त्यसैगरी, उल्लेखित कोषका तत्कालिन कोषाध्यक्ष ज्ञान बहादुर हमालको संयोजकत्वमा गठन भएको कार्यदलमा ३ जना सदस्यहरु रहे तापनि जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन योजना अनुगमन तथा प्रशासकीय अधिकृत ईन्द्र प्रसाद बस्याल र गा.वि.स.को कार्यालय, गोठाटारका गा.वि.स.सचिव मुकुन्द

गजुरेलले आफू कार्य व्यस्तताका कारण खानी क्षेत्रमा बालुवाको दररेट बुझ्न नगएको तर संयोजकले बुझी ल्याएको दररेट वास्तविक नै होला भनी निर्णयमा हस्ताक्षर गरेको भनी निजहरुले अनुसन्धानमा गरेको बयान कागजबाट खुल्न आएको देखिन्छ।

३९१. यसरी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको पत्रबाट अनुमतिपत्र लिईसकेको बच्चुराम दाहालबाट मात्रै बालुवाखानी उत्खनन् हुन सक्ने भनी जानकारी प्राप्त हुँदा हुँदै निज बच्चुराम दाहालसँग सि.एन. एशोसियट्सको अध्ययन प्रतिवेदनले सिफारिश गरे बमोजिमको बालुवा बिक्रीको न्यूनतम दररेट प्रति क्यू.फिट रु.६।०७ लाई आधार मानी वार्ता नगरी खानी उत्खननको अनुमतिपत्र प्राप्त व्यक्ति वा कम्पनीबाट बोलपत्र माग गरी बोलपत्र आव्हान गर्ने सूचना प्रकाशन गर्ने कार्यको कुनै औचित्यता नरहेको अवस्थामा कुनैपनि बोलपत्र दर्ता नभएको जनाई बालुवा बिक्रीको दररेट घटाउन बालुवा बिक्रीको दररेट सम्बन्धमा सिफारिश गर्न कार्यदल गठन गरी त्यस्तो कार्यदलले उपयुक्त प्राबिधिक र आर्थिक आधार बिना बालुवा बिक्रीको न्यूनतम दररेट प्रति क्यू.फिट रु.३।०० मा घटाई सिफारिश गरी पेस गरेको अबैज्ञानिक दररेटलाई आधार मानी बालुवा बिक्रीको दररेट प्रति क्यू.फिट रु.३।०५ कायम गर्ने कार्यलाई सदनियतपूर्ण कार्य मान्न सकिएन। साथै खानी उत्खनन्कर्ता पहिचान भईसकेको अवस्थामा निजसँग सौदावाजी गरी कोषको अधिकतम हितमा बालुवाको मूल्य निर्धारण गर्नेतर्फ कुनै पहल गरेको मिसिल संलग्न कागजातबाट देखिन आएन। साथै दीर्घकालिन सम्झौता अबधि ५ वर्षसम्म सस्तो दररेट निर्धारण गरी वालुवा खानी संचालन गर्न दिंदा सो कार्यबाट कोषलाई गुम्न सक्ने आम्दानी प्रष्ट देखिएको अवस्थालाई संबोधन गरेकोसमेत देखिन आएन।

३९२. अब, बालुवा बिक्रीको दररेट घटाई प्रति क्यू.फिट रु.३।०५ कायम गरी सम्झौता गरी वालुवा खानी संचालन हुँदा के कति परिमाण वालुवाको के कति बिगो रकम कोषलाई हानी नोक्सानी भएको हो भन्ने तर्फ विचार गर्दा, मिति २०६६।०४।२३ गते छानविन गर्न समिति गठन भएकोले अर्को आदेश नभएसम्म बालुवा उत्खनन् तथा खानी संचालन नगर्न लेखी पठाएको देखिएकोले यस सम्बन्धमा आ.व. ०६५/६६ मा कोषको जग्गाबाट उत्खनन भई निकासी भएको जम्मा वालुवाको परिमाणलाई नै लिनु पर्ने देखिन आयो। यस सम्बन्धमा हेर्दा, आ.व.०६५/०६६ मा कोषको जग्गाबाट ५४,२५,२५० क्यू.फिट. बालुवा उत्खनन् गरेको भन्ने पशुपति क्षेत्र विकास कोषको च.नं. २१२ मिति २०७१।०६।०५ गतेको पत्रबाट खुल्न आएको देखिन्छ। सि.एन. एसोसिएट्सले सरकारी दररेटको आधारमा

विस्तृत आर्थिक विश्लेषण गरी आ.व.०६४/०६५ को लागि खानीको बालुवाको दररेट प्रति घनमिटर रु.२१४।४५(प्रति क्यू.फिट रु.६।०७) निर्धारण गरी मिति २०६५।०३।२२ गते कोषलाई गरेको पत्राचार र मिति २०६५।०७।०५ मा भएको सम्झौताको बालुवा बिक्रीको दररेट प्रति क्यू.फिट रु.३।०५ को फरकलाई आधारमान्दा आ.व.०६५/६६ मा बच्चुराम दाहालले उत्खनन गरेको ५४,२५,२५० क्यू. फिट वालुवाको प्रति क्यू. फिट (रु.६.०७ - रु.३.०५)= रु.३/०२ का दरले हिसाब गर्दा सस्तो दररेटमा खानी संचालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुगेको जम्मा बिगो रु. १,६३,८४,२५५।०० र सो को १३ प्रतिशतले हुन आउने भ्याट रकम रु २१,२९,९५३।१५ देखिन आयो। साथै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला विकास समितिको कार्यालय, काठमाडौलाई पशुपति क्षेत्र विकास कोषको जग्गाहरुमा सञ्चालनमा रहेको बालुवा खानीबाट प्राप्त जि.वि.स. सेवा शुल्क, रोयल्टी तथा अन्य शुल्क के कति प्राप्त भयो उपलब्ध गराउन लेखेको पत्रको जवाफमा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंले च.नं. १००७ मिति २०७१।०७।२१ गते तथा च.नं. १३६२ मिति २०७१।०८।२२ गतेको पत्रको बेहोराबाट आ.व.०६५/६६ मा बच्चुराम दाहालले उत्खनन गरेको ५४,२५,२५० क्यू. फिट वालुवाको जि.वि.स. सेवा शुल्क, रोयल्टी भुक्तानी भएको नदेखिएकोले प्रति क्यू. फिट वालुवाको रु २।१३ का दरले आ.व.०६५/६६को जि.वि.स. सेवा शुल्क र रोयल्टी तर्फ बिगो रु.१,१५,५५,७८२।५० नोक्सानी भएको देखिन आयो।

३९३. बालुवा उत्खनन् कार्यका लागि दैनिक रूपमा विहान ६ बजे देखि साँझ ५ बजेसम्म निर्धारण गरी प्रशासनिक कार्यका हकमा श्री राजु कुमार रेग्मी र प्राविधिक पक्षका लागि ई.श्री श्याम शंकर गिरी र ई.श्री विश्वानन्द मिश्रको निर्देशनमा कार्य गर्न श्री बच्चुराम दाहाललाई च.नं. ३५१ मिति २०६५।०७।११ गतेको पत्रबाट कार्यदेश दिएको देखिन्छ। टोपोग्राफिकल लाईन लेभल दिने कार्य नापी कार्यसँग सम्बन्धित भएको, सञ्चालन कार्यविधि स्पष्ट नभएको, जग्गाको पश्चिम र उत्तर तर्फबाट बालुवा केही समय अगाडीबाटै निकालिएको देखिएको हुँदा सो ठाँउको टोपोग्राफी समेत परिवर्तन भई कुनै पनि बेञ्च मार्क तथा अन्य कित्ता नापीका रेफरेन्सहरु नदेखिएकोले उक्त कार्य गर्न असमर्थ रहेकोले सो कार्य सम्बन्धित नापी विज्ञबाट तत्काल गराउनु पर्ने देखिन्छ। अन्यथा बालुवाको परिमाणमा व्यापक फरक पर्न सक्ने, बालुवा निकाल्ने क्षेत्रको नापी नक्शा

यकिन नहुँदा जग्गाको वातावरणीय अवस्थामा समेत असर पर्न जाने भन्ने व्यहोराको ई.श्री श्याम शंकर गिरी र ई.श्री विश्वानन्द मिश्रले मिति २०६५।०७।२२ गते पशुपति क्षेत्र विकास कोषमा प्रतिवेदन दिएको देखिन्छ। कोषको च.नं. ३२८ मिति २०६५।०७।०५ गतेको पत्र सम्बन्धमा सिमाङ्कन गरी दिन भनी नापी कार्यालय, चावाहिललाई नापी विभाग काठमाण्डौंको च.नं. ४५ मिति २०६५।०७।२० गते पत्र लेखेको देखिन्छ।

३९४. पशुपति क्षेत्र विकास कोषको नाममा रहेको कि.नं. ३ (क) ८४ र कि.नं. ५९ र वडा नं. ४ (क) को कि.नं. ८० को जग्गा समेतलाई क्वारी क्षेत्र थप गरी पाउँ भनी मिति २०६५।०७।२० गते खानी उत्खनन्कर्ता बच्चुराम दाहालले जिल्ला विकास समितिको कार्यालय,काठमाण्डौंमा निवेदन दिएकोमा क्वारी क्षेत्र थप गर्ने सम्बन्धमा आवश्यक कारबाही हुन भनी खानी तथा भूगर्भ विभाग, काठमाण्डौंमा जिल्ला विकास समितिको कार्यालय काठमाण्डौंको च.नं. ९१६ मिति २०६५।०७।२० गतेको पत्रबाट लेखी पठाएको देखिन्छ। बालुवा उत्खनन् कार्य स्वीकृत माईनिङ्ग स्किममा उल्लेख भएको क्वारी क्षेत्रमा गर्ने, दैनिक बालुवा उत्खनन् २९९ घन मिटर तथा वार्षिक ७१,७६० घन मिटरमा सीमित हुनुपर्ने, उत्खनन् गर्दा निस्केको माटो छुट्टै डम्पयार्डमा व्यवस्थापन गरी जमिन समतल गर्नुपर्ने, पुर्नस्थापना कार्य उत्खनन्को क्रममा बालुवा निकाली सकेको भागमा तथा उत्खनन् कार्य समाप्त भएपछि गरिनु पर्ने, कार्य सम्पन्न भएपछि हालको जमिनको सतह १३२५ मिटरको लेभल सम्म माटोले पुरी जग्गा कोषलाई हस्तान्तरण गर्नुपर्ने, उत्खनन् कार्य गर्दा कुनै हानी नोक्सानी भएमा सो को क्षतिपूर्ती दिनुपर्ने आदि शर्तहरुसहित खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई सहमति दिईएको भनी जिल्ला विकास समितिको कार्यालय काठमाण्डौंलाई खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. १३७५ मिति २०६६।०३।२६ गतेको पत्रबाट लेखेको देखिन्छ।

३९५. कोषसँगको सम्झौतामा बालुवा मात्र बिक्री गर्नु भनेकोमा केहि दिन यता तपाईले माटो समेत बिक्री वितरण गरेको भन्ने खुल्न आएकोले बालुवा निकाल्ने क्रममा निस्केको माटो सोही स्थानमा मिलाएर राख्नु हुन भन्नेसमेत व्यहोराको खानी सञ्चालक बच्चुराम दाहाललाई निर्देशन दिएको पशुपति क्षेत्र विकास कोषको च.नं. ४५१ मिति २०६५।०९।०७ गतेको पत्र, खानी उत्खनन्कर्ताले कोषबाट जारी भएको बिल भन्दा अन्य बिलबाट बालुवा बिक्री वितरण गरेको भनी पशुपति क्षेत्र विकास कोषका उप-निर्देशक रमेश कुमार उप्रेतिले मिति २०६५।११।०८ गते कोषमा दिएको प्रतिवेदनबाट

जानकारीमा आइरहेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. १०८० मिति २०६६।०१।०६ गतेको पत्रबाट पशुपति क्षेत्र विकास कोषको प्रतिनिधिको अध्यक्षतामा जिल्ला विकास समितिको कार्यालयका प्रतिनिधि, खानी तथा भूगर्भ विभागका प्राविधिक प्रतिनिधि समेत रहेको अध्ययन छानविन समिति गठन गरी एक महिना भित्र विस्तृत प्रतिवेदन आयोग समक्ष पेश गर्न लगाउने भनी लेखेको देखिन्छ। सो पत्रको कार्यान्वयनका लागि कोषका कोषाध्यक्ष गणेश प्रसाद अधिकारीको संयोजकत्वमा अध्ययन समिति गठन गरिएको देखिन्छ।

३९६. कार्यादेश अनुसार कोषको जग्गामा तपाईले बालुवा खानी सञ्चालन गर्दै आउनु भएकोमा कोषको निर्देशन अनुसार खानी सञ्चालन गर्नुपर्नेमा सो नगरी जमिन सतह भन्दा २०-२५ फिट तलसम्म उत्खनन् गरी खानी सञ्चालन गरिएको अवस्था देखिएकोले सम्झौताको शर्तको दफा ६ अनुसार कारवाही किन नगर्ने? साथै त्यस क्षेत्रमा रहेका रुखहरुको अवस्थाका सम्बन्धमा समेत ३ दिन भित्र जानकारी गराउन हुन भन्नेसमेत व्यहोराको श्री बच्चुराम दाहाललाई पशुपति क्षेत्र विकास कोषको च.नं. १००७ मिति २०६६।०१।२८ गतेको स्पष्टीकरण पत्र लेखिएकोमा मैले खानी उत्खनन् मिति २०६५।०७।२२ गते देखि सुचारु गरेको, खानी सञ्चालन गर्नु भन्दा अगाडी कुन लेवल मानी खानी सञ्चालन गर्नुपर्ने हो त्यस बिषयमा त्यस कोषबाट आएका प्राविधिकबाट हालसम्म समेत ठोष निर्देशन प्राप्त नभएको र रुख कटान गरेको सम्बन्धमा खानी उपभोक्ता समितिको रोहवरमा समितिले नै मदन आश्रित प्रतिष्ठानमा सुरक्षित राखेको भनी बच्चुराम दाहालले मिति २०६६।०१।३० गते कोषमा जवाफ पेश गरेको देखिन्छ। कोषले खानी सञ्चालन गर्दा काटिएका रुखहरु र मदन आश्रितमा राखिएका रुखहरु गोठाटार भैमाल खानेपानी तथा सरसफाई उपभोक्ता समिति गोठाटारलाई खानेपानी व्यवस्था प्रयोजनको लागि उपलब्ध गराउने भन्ने पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव परमानन्द शाक्यको संयोजकत्वमा मिति २०६६।०२।२९ गते बसेको बैठकबाट निर्णयसमेत भएको देखिन्छ। कोष र बच्चुराम दाहाल विच मिति २०६५।०७।०५ मा भएको सम्झौतामा उल्लिखित "बालुवा माटो उत्खनन् गर्दा जग्गामा कुनै किसिमको हानी नोक्सानी पुऱ्याउन नपाउने र हानी नोक्शानी भएमा सोको क्षतिपुर्ति बुझाउनु पर्ने" शर्त बमोजिम सो कटान भएको रुखको क्षतिपूर्ति बच्चुराम दाहालबाट भराउने तर्फ कुनै कारबाही नगरी कटान भएका रुखहरु खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने जस्तो कार्यलाई तर्क संगत र

औचित्यपूर्ण मान्न सकिएन।

३९७. तत्कालीन श्री ५ को सरकारबाट कोषको नाममा जग्गा हस्तान्तरण हुँदा वन विभाग मार्फत वृक्षारोपण भएका रूखहरू कुनै पनि किसिमले नष्ट गर्न नपाउने उल्लेख भई हस्तान्तरण भएको जग्गाधनी दर्ता श्रेष्ता, कोषको जग्गामा रहेका रुखहरु प्रथम पक्षको निर्देशनमा कटान गरी उक्त रुखहरु प्रथम पक्षलाई बुझाउनु पर्ने भनी मिति २०६५।०७।०५ मा भएको सम्झौताको शर्तनामा, रुख कटान क्षेत्र ५ हेक्टर भन्दा बढी भएको भनी उल्लेख गरेको वन कार्यालय, काठमाण्डौंको च.नं. ५०७ मिति २०६५।०९।०३ गतेको पत्र, माथि उल्लिखित बच्चुराम दाहाललाई पशुपति क्षेत्र विकास कोषले काटेको स्पष्टीकरण पत्र र सो सम्बन्धमा बच्चुराम दाहालको जवाफ, कोषले खानी सञ्चालन गर्दा काटिएका रुखहरु र मदन आश्रितमा राखिएका रुखहरु गोठाटार भैमाल खानेपानी तथा सरसफाई उपभोक्ता समिति गोठाटारलाई खानेपानी व्यवस्था प्रयोजनको लागि उपलब्ध गराउने भन्ने पशुपति क्षेत्र विकास कोषको निर्णयसमेतका आधारमा कोषको जग्गामा रहेका रुखहरु जिल्ला वन कार्यालय, काठमाण्डौंले च.नं. ५०७ मिति २०६५।०९।०३ गतेको पत्रबाट रुख कटान क्षेत्र ५ हेक्टर भन्दा बढी भएकोले वातावरण संरक्षण ऐन २०५३ को दफा ३ अनुसूची २ (अ) को १२ बमोजिम वन सँग सम्बन्धित सरकारी निकाय बाहेक अन्य निकायबाट कार्यान्वयन हुने प्रस्तावको लागि ५ हेक्टर भन्दा बढीको बन क्षेत्र कटान गर्न वातावरणीय प्रभाव मुल्याङ्कन (Environmental Impact Assessment-EIA) गर्नुपर्ने व्यवस्था भएकोले विज्ञहरुबाट सो गराई सम्बन्धित निकायबाट स्वीकृत समेत गराउनु पर्ने भनी लेखे बमोजिम त्यस्तो स्वीकृतीसमेत नलिई रुख कटान सम्बन्धमा कानुन बमोजिम गर्नुपर्ने कार्यहरु सम्पन्न नगरी कोषले खानी सञ्चालन गर्दा अबैध रुपमा रुखहरु कटान भए गरेको देखिन आयो। साथै बन क्षेत्र कटान गर्न वातावरणीय प्रभाव मुल्याङ्कन (Environmental Impact Assessment-EIA) गरी सम्बन्धित निकायको स्वीकृती एवं निर्देशन बमोजिम रुख कटान गरी वालुवा उत्खनन कार्य शुरु गर्नुपर्नेमा अबैधरुपमा रुख कटान गरी रुख पन्छाई वालुवा उत्खनन गरी निकासी गरेको देखिन आयो।

३९८. अब, के कति परिमाणका रुख कटान भई के कति बिगो नोक्सानी भएको हो भन्ने तर्फ बिचार गर्दा, जिल्ला वन कार्यालय, काठमाण्डौंले च.नं. ३१७ मिति २०७१।०५।१० गतेको पत्रमार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उपलब्ध गराईएको विवरण

अनुसार कोषको जग्गामा रहेको रुखहरु मध्ये १८६९ थान खोटे सल्लाका रुखहरु रहेको र रुखको उचाइ मोटाइ र गोलाइका आधारमा जम्मा ११,२१५.४२ क्यू. फिटको रु ४०/- का दरले मूल्य रु. ४,४८,६१६।८० हुने भनी उल्लेख भएको देखिँदा कोषको जग्गामा बालुवा खानी सञ्चालन गर्दा आभियोग दाबी बमोजिम नै जम्मा १८६९ थान खोटे सल्लाका रुखहरु अबैध रुपमा कटान भई बिगो रु ४,४८,६१६।८० पशुपति क्षेत्र विकास कोषलाई नोक्सानी भएको मान्नुपर्ने देखिन आयो।

३९९. बालुवा खानी संचालन ईजाजत पत्र नविकरणको लागि मिति २०६६।०४।१५ गते बच्चुराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंमा निवेदन दिएपछि पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको का.जि.गोठाटार गा.वि.स.वडा नं. ३(क) को कि.नं. ५९ र ८४ तथा वडा नं. ४(क) को कि.नं. ८० को जग्गा समेत खानी क्षेत्र थप गरी खानी ईजाजत प्रमाणपत्रको प्रतिलिपी दिने जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंले मिति २०६६।०४।२० गते निर्णय गरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालको नाममा जिल्ला विकास समितिको कार्यालय काठमाण्डौले साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्र जारी गरेको देखिन्छ। पशुपति क्षेत्र विकास कोषको च. नं. ५५ मिति २०६६।०४।२३ गतेको पत्रबाट गोठाटार स्थित कोषको जग्गामा बालुवा खानीमा अनिमियतता भएको भन्ने उजुरीको सम्बन्धमा छानविन गर्न समिति गठन भएकोले अर्को आदेश नभएसम्म बालुवा उत्खनन् तथा खानी संचालनमा रोक लगाएको देखिन्छ।

४००. पुनः खानी सञ्चालन गरी पाउँ भनी खानी उत्खनन्कर्ता बच्चुराम दाहालले मिति २०६६।०८।०३ गते पशुपति क्षेत्र विकास कोषलाई निवेदन दिएपछि परिषदको मिति २०६६।०७।२३ एवं २०६६।०८।०५ को बैठकको निर्णय अनुसार कोषको गोठाटार स्थित बालुवा खानीबाट कोषलाई अधिकतम फाइदा हुने गरी पुनः खानी सञ्चालन गर्न निर्देशन भएकोले बालुवा खानी सञ्चालकसँग छलफल गरी साविकको दरमा बृद्धि हुने गरी बालुवाको बिक्री दर तय गरी पेश गर्न पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष नरोत्तम बैद्य र सदस्य टंक बहादुर श्रेष्ठलाई मिति २०६६।०८।०५ मा जिम्मेवारी दिईएको देखिन्छ। मिति २०६६।०४।२३ बाट बन्द रहेको बच्चुराम बालुवा खानीबाट कोषलाई अधिकतम फाइदा हुने गरी खानी सञ्चालन गर्न कोष परिषदका कोषाध्यक्ष नरोत्तम बैद्य समेतले मिति २०६६।०८।०९ गते पेश गर्नु भएको प्रतिवेदनको आधारमा बालुवा

ठेकेदारसँग छलफल गरी कार्यन्वयन गर्न निर्देशन भए बमोजिम बालुवा प्रति क्यू.फिट रु.४।१० (चार रुपैयाँ दश पैसा मात्र) कोषलाई बुझाउने गरी स्थगन गरिएको बालुवा खानी मिति २०६६।०८।११ गतेबाट पुनः सञ्चालन गर्न च.नं. ८९८ मिति २०६६।०८।११ गतेको पत्र फुकुवा गरेको देखिन्छ।

४०१. पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव सुशिल नाहटाको संयोजकत्वमा गठित गोठाटार स्थित बालुवा खानीको अध्ययन तथा छानविन समितिले मिति २०६६।०८।२६ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष छानविन प्रतिवेदन पेश गरेको देखिन्छ। कोष अन्तर्गत रहेका जग्गाहरुबाट बालुवा चोरी निकासी भइरहेको भन्ने व्यापक जनगुनासो प्राप्त हुन आएको हुँदा तहाँ कोष अन्तर्गत रहेका जग्गाबाट खानी सञ्चालन भएका छन्, छैनन् ? यदि भएमा कहाँ-कहाँ, को-कसले खानी सञ्चालन गरेका छन् ? सो को विवरण उपलब्ध गराई दिन हुन भनी पशुपति क्षेत्र विकास कोषलाई महानगरीय प्रहरी वृतको च.नं. २१७० मिति २०६६।१०।२१ गतेको पत्रबाट लेखी पठाएको देखिन्छ।

४०२. सम्झौता बमोजिम बालुवा खानी सञ्चालन नगरेको भन्ने सम्बन्धमा स्पष्टीकरण पेश गर्न खानी सञ्चालक बच्चुराम दाहाललाई कोषको च.नं. ६४२ मिति २०६६।११।०५ गते पत्र लेखिएकोमा वालुवा खानी सञ्चालन गर्दा सम्झौता, माईनिङ स्किम र खानी तथा भूगर्भ विभागको सहमतिको प्रतिकूल हुने गरी बालुवा उत्खनन् गरी बिक्री वितरण नगरेको, वातावरणीय सूचाङ्कहरुको अडिट सम्बन्धमा नियमानुसार गराई सम्बन्धित निकायमा पेश गरी सकिएको, कामदारको विमा लगायत प्रर्याप्त सुरक्षा व्यवस्थाको सम्बन्धमा प्रचलित कानून र कोषसँग भएको सम्झौताको दफा ४ र ५ बमोजिम भईरहेको, रुख कटान गरी नबुझाएको भन्ने सम्बन्धमा कोषको सञ्चालक परिषद र कार्य सम्पादन समितिबाट श्री परमानन्द शाक्य ज्यू सदस्य सचिव भएको बखत कोषको निर्णय बमोजिम उपभोक्ता समितिले लगेको, बालुवाको लगत प्रचलित कानून बमोजिम नै राखिएको, वातावरणलाई प्रतिकुल असर नपारिएको र प्रचलित वातावरण सम्बन्धी कानूनको पालना गरिएको, सम्झौता भन्दा वाहिर कुनै पनि कार्य नभएको भनी स्पष्टीकरण पेश गरेको देखिन्छ।

४०३. ठेकेदारको तेज विनायक बालुवा प्रशोधन केन्द्रमा ठेकेदारकै ट्रिपरबाट विना बिल बालुवा निकास हुँदा समेत त्यहाँ ड्युटीमा रहेका सुरक्षाकर्मी मुकदर्शक भई बस्नु पर्ने अवस्था भएको कारण उक्त चुहावट रोक्नको लागि मिति २०६६।०९।०७ मा जानकारी गराएको तर हालसम्म रोक्ने व्यवस्था नभएको तथा उक्त चुहावट नियन्त्रणका लागि खानी

भन्दा दक्षिण तर्फको सडक बन्द गर्ने र खानीबाट बालुवा लिई निस्कने सवारी साधनको बिल चेक जाँच गरी पठाउनु पर्ने भन्ने कोषका सुरक्षा जवान यदु कुमार भट्टले मिति २०६६।११।०६ गते प्रतिवेदन गरेको देखिन्छ। त्यसैगरी, कोषको प्रशासन महाशाखाका निर्देशक भोला सिटौला समेतले मिति २०६६।११।१४ गते बच्चुराम दाहालले खानी सञ्चालन गर्दा कोषसँग गरेको सम्झौता तथा माईनिङ स्किम अनुसार खानी सञ्चालन नगरेको, रुखहरु कटान गरेको प्रमाण पेश नगरेको, वातावरणीय सूचाङ्कहरुको अडिट नगराएको, खानी क्षेत्रको भौतिक संरचना पूर्ण रुपमा विगारी बालुवा निकाली बिक्री वितरण गरेको, बालुवा निकालिएको लागत हिसाव नराखेको, माटो बिक्री गर्न नपाउनेमा खानी क्षेत्रवाट माटो समेत बिक्री गरिएको, जमिनको लेभल भन्दा तल गई खाल्डो खनी बालुवा निकालिएको, प्रचलित ऐन, नियमावली तथा खानी तथा भूगर्भ विभाग र जिल्ला विकस समितिको कार्यालयबाट तोकिएको शर्तहरुको पूर्ण पालना नगरेको र निर्धारित समय भन्दा वाहिर गई बालुवा उत्खनन् भईरहेको भन्ने प्रतिवेदन पेस गरेको देखिन्छ।

४०४. उपरोक्त प्रतिवेदनका बेहोरासमेत उल्लेख गरी च.नं. ६६४ मिति २०६६।११।१९ गते पुनः स्पष्टीकरण पत्र दिई कोषको च.नं. ७६२ मिति २०६६।१२।२६ गतेको पत्र मार्फत माईनिङ स्किम तथा कोष विचको सम्झौता र उत्खनन्कर्तालाई तोकिएको सहमतिको शर्त विपरित कार्य गरेको भनी खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई स्पष्टीकरण सोधिएकोमा निजले आधारयुक्त जवाफ पेश गर्न नसकेको, तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् गरेको, बेञ्चिङ प्रणालीबाट बालुवा उत्खनन् कार्य नगरेको, डम्पयार्ड, सिल्टेशन पोण्ड निर्माण नगरेको, दैनिक २९९ घन मिटर मात्र बालुवा उत्खनन् गर्नु पर्नेमा सोको ठाडो उल्लंघन गरेको, सम्झौताको शर्त अनुसार माथिबाट बेञ्च बनाई तल आउनु पर्नेमा सो कार्य नगरेको, स्वीकृति विना रुख कटान गरेको, Environment Audit नगराएको, कामदारको सुरक्षा व्यवस्था नगरेको, जथाभावी रुपमा बालुवा निकासी तथा विक्री वितरण गरेको, निकालिएको बालुवाको लगत हिसाब नराखिएको, बालुवा चोरी निकासी गरी बिक्री वितरण भएको, अनुमति प्राप्त गर्नु अगावै कोषको जग्गामा बालुवा खानी सञ्चालन गरेको, सम्झौता विपरित जमिनको लेभल भन्दा तल गई उत्खनन् गरेको, वातावरणमा प्रतिकूल असर पर्ने गरी खानी सञ्चालन गरेको, सम्झौता विपरित माटो समेत विक्री वितरण गरी माईनिङ स्किम र खानी विभागले दिएको मिति २०६६।०३।२६ को सहमतिको शर्तहरू समेत उल्लंघन गरेको हुँदा परफरमेन्स बण्डको रकम समेत जफत गर्ने

गरी मिति २०६५।०७।०५ मा भएको सम्झौता रद्ध गरी सो को जानकारी एवं सो आधारमा खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई प्रदान गरिएको खानी सञ्चालन अनुमति पत्रको औचित्य समेत समाप्त हुने भएकोले अग्रिम कारबाहीको लागि च.नं. ७६५ र ७६६ मिति २०६६।१२।२७ गतेको पत्रहरुबाट खानी तथा भूगर्भ विभाग, काठमाण्डौं र जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंलाई दिएको देखिन्छ।

४०५. खानी सञ्चालक बच्चुराम दाहालले प्रत्येक बर्ष खानी ईजाजत पत्र नविकरण गर्दै आईरहेको र खानी तथा खनिज नियमावली, २०५६ को नियम ४३ मा व्यवस्था भए अनुसार मात्र कुनैपनि खानीको ईजाजत पत्र रद्द हुने हुनाले त्यस कोषको निर्णय वा पत्रबाट खानी सञ्चालन ईजाजतको औचित्यता समाप्त हुन नसक्ने भन्ने जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. २७३१ मिति २०६७।०१।०७ गतेको पत्रबाट कोषलाई जवाफ लेखेको देखिन्छ। तर, खानी तथा खनिज नियमावली, २०५६ को नियम ४३ मा सार्वजनिक हित वा वातावरणमा प्रतिकूल असर पर्न सक्नेलगायतका कार्य गरेमा एवं नियमावली बमोजिम तोकिएका शर्त उल्लंघनसमेतका कार्य गरेमा अनुमती पत्र रद्द हुन सक्ने अवस्था उल्लेख भएको देखिन्छ।

४०६. यसरी, खानी संचालनको अनुमती पत्र दिने, अनुगमन गर्ने एवं सालवसाली आवस्यक जाँचबुँझ गरी नविकरण गर्ने जिम्मेवार निकाय जिल्ला विकास समितिको कार्यालयले खानी सञ्चालक बच्चुराम दाहालले सम्झौता विपरीत कार्य गरेको, वालुवाको चोरी निकासी भएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उक्त कार्यालय, कोष एवं खानी तथा भूगर्भ विभागको संयुक्त छानबिन टोली गठनसमेत भई प्रतिवेदन प्राप्त भएको, र जग्गाधनी कोषले माईनिङ स्किम र खानी विभागले दिएको मिति २०६६।०३।२६ को सहमतिको शर्तहरू समेत उल्लंघन गरेकोले भनी सम्झौतासमेत रद्द गरेको जानकारीमा आएपछि पनि उपरोक्त नियम ४३ बमोजिम निजको खानी संचालनको अनुमती पत्र रद्द गर्ने तर्फ कार्य अगाडि बढाउनु पर्नेमा निज खानी सञ्चालक बच्चुराम दाहालको खानी संचालनको अनुमती पत्र जग्गा धनी कोषसंग भएको सम्झौता रद्द हुँदा पनि कायम रही रहने भनी पत्राचार गर्नु र सालवसाली ईजाजत पत्र नविकरण गर्दै जाने कार्यलाई कानून बमोजिमको कार्य मान्न सकिने देखिन आएन।

४०७. खानी सञ्चालक बच्चुराम दाहालले खानी ईजाजत प्रमाणपत्र नविकरण गरी पाउँ भनी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंमा निवेदन दिएपछि खानी सञ्चालकले

खानी उत्खनन गर्ने क्रममा पालना गर्नुपर्ने सर्तहरू सहितको जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं र खानी सञ्चालक बच्चुराम दाहाल बिच मिति २०६७।०४।०२ मा सम्झौता भएको देखिन्छ। त्यसैगरी, कोषको जग्गाबाट बालुवा बिक्री गर्दा जग्गाधनीलाई बुझाउने न्यूनतम दर प्रति क्यू.फिट रु.६।- कायम गरिएको र सो भन्दा बढी के-कति दरमा खानी सञ्चालन गर्न सहमति हुन सक्छ, सम्बन्धित खानी सञ्चालकसँग छलफल गरी बालुवाको बिक्रीको दर प्रस्ताव गर्ने, खानी सञ्चालनबाट सो क्षेत्रमा पर्न सक्ने वातावरणीय प्रभावको समेत अध्ययन गर्न आवश्यक देखिएकोले वातावरण संरक्षण सम्बन्धी कानूनी व्यवस्था बमोजिम वातावरण प्रभाव मुल्याङ्कन गराउने, आगामी दिनमा बालुवा खानी सम्बन्धी कुनैपनि नीतिगत निर्णय गर्नु पर्दा सञ्चालक परिषदमा पेश गरेर मात्र गर्ने भन्ने पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदले मिति २०६७।०९।१३ मा एवं मुल्य प्रति क्यू.फिट रु.६।२० मा प्रचलित कानून बमोजिम परफरमेन्स वण्ड लिई सम्झौता गर्ने भन्ने मिति २०६७।१०।०५ गते निर्णय गरेपछि खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली २०५६ बमोजिम दोश्रो पक्षलाई स्वीकृति प्रदान गरेको खानीको माईनिङ्ग स्किममा उल्लेखित गहिराई भन्दा तल गई बालुवा झिक्न नपाईने, जमिनको सतह सम्याउने, वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) गराई सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भए पछि मात्र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी खानी सञ्चालन गर्ने, खानी सञ्चालन गर्दा आवश्यक पर्ने सम्पूर्ण सुरक्षाको व्यवस्था (Safety Precautions) को व्यवस्था गर्ने लगायतका सर्तहरू सहितको मुल्य प्रति क्यू.फिट रु.६।२० कायम गरी मिति २०६८।०२।२३ मा सम्झौता भएको दखिन्छ।

४०८. अब, सम्झौता भन्दा बढी बालुवाको परिमाण निकासी भएको सन्दर्भमा हेर्दा, ठेकेदार र कोष बिचको सम्झौता विपरित ढुवानीमा प्रयोग भएको ट्रकको संख्या बढी भएको र ढुवानी भएको बालुवाको परिमाण समेत सम्झौता भन्दा बढी भएको पाईएकोले कोषको आम्दानीमा असर हुँदा यस्तो कार्य तत्काल रोकी कडा अनुगमन गर्नुपर्ने भएको हुँदा प्रभावकारी ढंगले अनुगमन कार्य गराउन भनी पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले च.नं. ७५५७ मिति २०६९।०१।१४ गते पत्र लेखेको देखिन्छ। बालुवा खानी सञ्चालन गर्दा सम्झौता विपरित कार्य गरी पशुपति क्षेत्र विकास कोष, जि.वि.स.को कार्यालय, काठमाण्डौका तत्कालीन पदाधिकारी तथा खानी

उत्खनन्कर्ताहरूको मिलोमतोमा आफूहरूलाई लाभ र कोषलाई हानी पुऱ्याई भ्रष्टाचार गरेको उजुरी सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६८।०८।२० गतेको निर्णयानुसार आयोगको ईन्जिनियर सुरेन्द्र बैद्य समेतले स्थलगत निरीक्षण गरी खानी सञ्चालक बच्चुराम दाहालले आफ्नै नाममा तीन प्रति विल छपाई प्रयोग गरीरहेको र सो बिल कोषको छाप प्रमाणित विना प्रयोग भईरहेको, कोषबाट रेखदेख, अनुगमन, नापजाँच आदि गर्नका लागि कोषका कर्मचारी/रक्षक उत्खनन् क्षेत्रमा खटाएको भए तापनि तोकिएको परिमाण भन्दा बढी बालुवा लोड गरी बाहिर निकासी गरेको, बालुवाको परिमाण प्रति मिनि ट्रक १०० क्यू.फिट र प्रति ट्रक/टिपर ३४२ क्यू.फिट हुनुपर्ने भनी तोकिएकोमा त्यसलाई पालना नगरी प्रति मिनि ट्रकमा विलमा उल्लेखित परिमाण (१०० क्यू.फिट) भन्दा ५३ क्यू.फिट बढी र प्रति ट्रक/टिपर बिलमा उल्लेखित परिमाण (३४२ क्यू.फिट) भन्दा १८० क्यू. फिट बढी निकासी गरी सो बमोजिमको रकम कोषमा नबुझाई भ्रष्टाचार गरेको भनी २०६८।१०।१९ गते अनुसन्धानका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रतिवेदन पेश गरेको देखिन्छ। बालुवा खानी व्यवस्थित रुपमा सञ्चालन गरी नियन्त्रण एवं अनुगमन गर्न खानीको प्रवेश मार्गमा ढाट निर्माण गरी सञ्चालन गर्ने सम्बन्धमा गोठाटार युवा क्लब नेपाल, काठमाण्डौं र कोष बीच मिति २०६९।१०।०५ गते सम्झौता भएको देखिन्छ। बालुवा खानीको उत्खनन् तथा ढुवानी गर्दा उत्खनन्कर्ता र कोष विच भएको सम्झौता विपरित बालुवा ढुवानीमा प्रयोग हुने ट्रकहरुको संख्या बढी भएको पाइएकोले कोषको आम्दानीमा असर परेको हुँदा यस्तो कार्यलाई तत्काल रोक्न अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन गोठाटार युवा क्लबलाई जिम्मेवारी दिने भन्ने निर्णय सहित संलग्न राखी जिल्ला प्रशासन कार्यालय काठमाण्डौंले च.नं. २११६ मिति २०६९।१०।२८ गते पशुपति क्षेत्र विकास कोषलाई पत्र लेखेकोसमेत देखिन्छ। साथै सम्झौता विपरित ढुवानीमा प्रयोग भएको ट्रकको संख्या बढी भएको र ढुवानी भएको बालुवाको परिमाण समेत सम्झौता भन्दा बढी भएको भन्ने पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदलेसमेत मिति २०६९।१०।०२ मा पत्र लेखेको देखिन्छ।

४०९. कोषलाई हानी नोक्शानी हुन नदिन अनुगमन प्रणाली समेत प्रभावकारी बनाउन कोषको निर्णय अनुसार गेट पास, दैनिक बालुवा निष्कासन विवरण फाराम र बालुवा बिक्रीको मासिक प्रतिवेदन फारामहरु तयार गरी ठेक्का सम्झौता विपरित बालुवा ढुवानीमा प्रयोग

हुने ट्रकको संख्या बढी भएको र ढुवानी भएको बालुवाको परिमाणसमेत सम्झौता भन्दा बढी पाईएकोले कोषको आम्दानीमा असर परेको हुँदा त्यस्तो कार्य रोकी गेट पास वमोजिम बालुवा निष्काशन गर्न गराउन हुन भनी खानी सञ्चालक बच्चुराम दाहाललाई पशुपति क्षेत्र विकास कोषले च.नं. ३७९ मिति २०६९।१०।०२ गतेको पत्र दिएको देखिन्छ।

४१०. यसरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग र जिल्ला प्रशासन कार्यालय काठमाण्डौंले पत्र लेखी सम्झौता विपरित ढुवानीमा प्रयोग भएको ट्रकको संख्या बढी भएको र ढुवानी भएको बालुवाको परिमाण समेत सम्झौता भन्दा बढी भएको पाईएको भनी जानकारी दिएको र प्रभावकारी ढंगले अनुगमन कार्य गराउन भनी यस्तो कार्यलाई तत्काल रोक्न र अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन गोठाटार युवा क्लबलाई जिम्मेवारी दिएको देखिएतापनि सो समयमा के कति परिमाणमा सम्झौता भन्दा बढी वालुवा निकासी भएको हो भन्ने सम्बन्धमा प्राबिधिकबाट साइट आयतन (Site Volume) निकाल्न लगाई प्रभावकारी छानबिन गरी बढी निकासी भएको वालुवाको परिमाण बराबरको रकम बच्चुराम दाहालबाट असूल उपर गरी सम्झौता रद्द गर्ने तर्फ प्रक्रिया अगाडि बढाउनु पर्नेमा ठेक्का सम्झौता विपरित बालुवा ढुवानीमा प्रयोग हुने ट्रकको संख्या बढी भएको र ढुवानी भएको बालुवाको परिमाणसमेत सम्झौता भन्दा बढी पाईएकोले कोषको आम्दानीमा असर परेको स्वीकार गरी पत्र लेखी त्यस्तो कार्य रोकी गेट पास वमोजिम बालुवा निष्काशन गर्न गराउन हुन भनी बच्चुराम दाहाललाई निर्देशन दिई वालुवा उत्खनन कार्य एवं सो को निकासीलाई निरन्तरता दिएको देखिन आयो।

४११. त्यसैगरी बच्चुराम बालुवा खानी, बच्चुराम बालुवा खानी प्रा.लि. मा परिणत भए तर्फ हेर्दा, बच्चुराम बालुवा खानी कम्पनी रजिष्टारको कार्यालयमा "बच्चुराम बालुवा खानी प्रा.लि." को नाममा दर्ता भएको हुँदा नामसारीका लागि सहमतिका लागि खानी तथा भूगर्भ विभागलाई लेखिदिन बच्चुराम दाहालले निवेदन दिएबमोजिम जिल्ला विकास समितिको कार्यालयले बच्चुराम दाहालको करारीय दायित्व यथावत रहने गरी बच्चुराम बालुवा खानीबाट बच्चुराम बालुवा खानी प्रा.लि.का नाममा नामसारी गर्न सहमति प्रदान गर्न सक्कलै फायल उक्त विभागमा पठाई सो नामसारीका लागि नियम बमोजिम दस्तुर दाखिला गर्ने शर्तमा सहमति प्रदान भई बच्चुराम दाहालको नामबाट बच्चुराम बालुवा खानी प्रा.लि.मा नामसारी गरी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौबाट मिति २०६९।१२।१५

गते साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्र जारी भएको देखिन्छ। साथै पशुपति क्षेत्र विकास कोषले समेत च.नं. २२८ मिति २०७०।०६।२१ गते जिल्ला विकास समितिको कार्यालय काठमाण्डौंलाई पत्र लेखी बच्चुराम दाहालको करारीय दायित्व यथावत रहने गरी बच्चुराम बालुवा खानी प्रा.लि.को नाममा नामसारी गर्न स्वीकृति प्रदान गरेको देखिन्छ। यसबाट बच्चुराम दाहालको करारीय दायित्व सो सन्दर्भमा यथावत रहने नै देखिन आयो।

४१२. अब, माटो निकासीका सन्दर्भमा हेर्दा, कोषको जग्गामा सञ्चालित बालुवा खानीमा बालुवा निकाल्ने क्रममा बढी माटो निस्कन गएको हुँदा बालुवा उत्खनन् कार्यमा कठिन भएकोले सो माटोलाई बिक्री गर्न सके उचित मूल्य प्राप्त हुने साथै व्यवस्थापन गर्न समेत सजिलो हुने भएकोले त्यस तर्फ आवश्यक पहल गरी दिनु हुन भनी खानी सञ्चालक बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषमा मिति २०६९।१०।११ गते निवेदन दिएकोमा कोषसँग गरेको सम्झौता बमोजिम सतह मिलाउने दायित्व खानी सञ्चालकको भएकोले सतह मिलाई बाँकी रहेको माटो निष्काशन गर्न तपाईबाट माग भएको सम्बन्धमा निकासाको लागि सतह मिलाउन कति माटो चाहिने र कति माटो निष्काशन गर्न मिल्ने प्राविधिक अध्ययन गराई सो प्रतिवेदन सम्बन्धित निकायमा बुझाई अनुमति पत्र सम्बन्धित निकायबाट लिन हुन भनी खानी सञ्चालक बच्चुराम दाहाललाई पशुपति क्षेत्र विकास कोषले च.नं. ५५८ मिति २०६९।१२।०७ गते पत्र लेखेको देखिन्छ। माटो बिक्रीको दर मिनी ट्रक (१०० क्यू.फिट क्षमता) प्रति ट्रीप रु.१०५।-, ट्रक/टिपर (३५० क्यू.फिट क्षमता) प्रति ट्रीप २३०।-, दश चक्के ठुलो ट्रक/टिपर (५०० क्यू.फिट क्षमता) प्रति ट्रीप रु.३५०।- भनी खानी सञ्चालक बच्चुराम दाहाललाई पशुपति क्षेत्र विकास कोषले च.नं. ५७५ मिति २०७०।११।२१ गतेको पत्र लेखेको देखिन्छ। तर सतह मिलाउन कति माटो चाहिने र कति माटो निष्काशन गर्न मिल्ने प्राविधिक अध्ययन गराई पेस भएको मिसिल संलग्न कागजातबाट देखिन आएन।

४१३. अब, के कति परिमाणमा अबैधरुपमा सम्झौता तथा माईनिङ स्किम, तोकिएका शर्त तथा प्रचलित कानून विपरित उत्खनन् गरी वालुवा तथा माटो निकासी भएको हो सो सन्दर्भमा हेर्दा, स्वीकृत माईनिङ्ग स्किममा पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गाहरुमा बालुवा अनुमानित भण्डार १२,९२,८५० घनमिटर (४,५६,१३,०४० घन फिट) रहेको जस मध्ये बालुवा ७८% र माटो २२% रहेको, सतही माटोलाई डम्पयार्डमा राखिने र

उत्खनन् कार्य सँग सँगै बालुवा उत्खनन् गर्ने क्रममा परेको खाल्डोहरु पुरी जग्गा समतल गर्ने, बालुवा उत्खनन् गरेको खाल्डोमा माटोलाई बटम लेभल (Bottom Level) १३१५ मिटर देखि १३२५ मिटरसम्म पुर्न प्रयोग गरीने, बालुवाको उत्खनन् म्यानुअल मेथड (Manual Method) बाट गह्रा-गह्रा अर्थात बेन्च बनाई गरीने, बालुवा दैनिक उत्पादन योजना २९९ घनमिटर (५३ ट्रक), बार्षिक २४० कार्यदिन, मासिक उत्पादन ८,९७० घनमिटर (१,५९० ट्रक), बार्षिक उत्पादन ७१,७६० घनमिटर (१२,७२० ट्रक) हुने, शुरुको अवस्थामा सतही माटो र अन्य माटोलाई छुट्टा-छुट्टै डम्पयार्डमा राखिने, उत्खनन् लेभल १३२५ मिटर र कार्य गर्ने लेभलको चौडाई ३० मिटर भन्दा बढी भए पछि उत्खनन् हुने माटोलाई खाल्डोमा राखी जमिनको उर्वरशक्ति कायम राख्दै जग्गा समतल गर्दै जाने, बालुवाको उत्खनन् सावेल, कोदालो, फोरुवा, ह्वील व्यारो आदि प्रयोग गरी कामदारहरुबाट गर्ने लगायतका उत्खनन् कार्यविधिहरू उल्लेख भएको देखिन्छ।

४१४. खानी सञ्चालक बच्चुराम दाहालको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्र तथा निजको स्वीकृत माईनिङ स्किममा बार्षिक २४० कार्यदिन र दैनिक २९९ घनमिटर उत्खनन् गर्न पाउने भनी उल्लेख भएको देखिन्छ जस अनुरुप खानी उत्खननकर्ता बच्चुराम दाहालले बार्षिक ७१,७६० घनमिटर उत्खनन् गर्न पाउनेमा निज बच्चुराम दाहालले आ.व. ०६६/०६७ देखि आ.व. ०७०/०७१ सम्म कोषको जग्गाबाट कुल ३,५८,८०० घन मिटर बालुवा उत्खनन् गर्न पाउनेमा निजले खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको निर्देशन तथा निज बच्चुराम दाहालको खानी उत्खनन् अनुमति पत्रमा तोकिएको शर्त विपरित कुल ६,९१,७६१ घनमिटर उत्खनन् गरेको जसमध्ये ३,३२,९६१ घनमिटर बढी बालुवा र १,९५,११२ घनमिटर उत्खनन् गर्न नपाउने माटो उत्खनन् गरी विक्री वितरण गरेको खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. ४०१ मिति २०७१।०५।२० गतेको पत्रसाथ प्राप्त खानी तथा भूगर्भ विभाग, काठमाण्डौं तथा नापी विभाग, काठमाण्डौंका विज्ञहरुले स्थलगत सर्भेको आधारमा नापी विभाग, काठमाण्डौंले तयार गरेको "श्री पशुपति क्षेत्र विकास कोषको जग्गामा सञ्चालित बालुवा खानीको फिल्ड सर्भे प्रतिवेदन-२०७१" मा आधारित रही खानी तथा भूगर्भ विभागबाट निकालिएको साईट भोलम (Site Volume) प्रतिवेदनबाट देखिन्छ।

४१५. अब, अबैधरुपमा सम्झौता तथा माईनिङ स्किम, तोकिएका शर्त तथा प्रचलित कानून विपरित उत्खनन् गरी निकासी भएको वालुवाको उपरोक्त परिमाण बमोजिम के कति बिगो

नोक्सानी भएको हो सो सन्दर्भमा हेर्दा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले माग गरेको खानी उत्खनन्कर्ताहरुले कोषको जग्गामा खानी सञ्चालन गरे वापत कोषमा बुझाएको बालुवा तथा माटो वापतको रकम विवरणको जवाफमा पशुपति क्षेत्र विकास कोषले च.नं. २१२ मिति २०७१।०६।०५ गते लेखेको पत्रबाट सदस्य सचिव सुशिल नाहटाको कार्यकाल आ.व. ०६६/०६७ देखि ०६९/०७० सम्ममा खानी उत्खनन्कर्ता बच्चुराम दाहालले आ.व.०६६/०६७ मा २०,१६,३५० क्यू.फिट, आ.व.०६७/०६८ मा २,६६,४६०.६७ क्यू.फिट, आ.व.०६८/०६९ मा २५,३१,६९२.८० क्यू.फिट, आ.व.०६९/०७० मा २५३१६९२.८० क्यू.फिट गरी कूल जम्मा ७३,४६,१९६.२७ क्यू.फिट बालुवा उत्खनन् गरेको खुल्न आएको देखिन्छ। सो बालुवाको परिमाण ७३,४६,१९६.२७ क्यू.फिटलाई ई.सुरेन्द्र बैद्यको प्रतिवेदनमा उल्लेखित बढी निकासी गरेको परिमाणलाई आधार मान्दा निज बच्चुराम दाहालले प्रति क्यू.फिट ०.५२६ (बढी लगेको बालुवाको परिमाण १८० क्यू.फिट ÷ स्वीकृत ट्रकको क्षमता ३४२ क्यू.फिट =०.५२६) का दरले जम्मा हुन आउने ३८,६४,०९९.२३८ क्यू.फिट बालुवाको परिमाण सो अबधिमा बढी निकासी गरेको मान्नुपर्नै देखिन आयो। पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बिच मिति २०६५।०७।०५ गते र मिति २०६८।०२।२३ गते भएको सम्झौतामा कोषले पाउने बालुवाको दररेट क्रमशः प्रति क्यू.फिट रू.३।०५ र प्रति क्यू.फिट रू.६।२० उल्लेख भएको देखिएबाट उक्त मूल्यहरुको औषत मूल्य प्रति क्यू.फिट रू.४।६२ ले गणना गर्दा हुन आउने जम्मा रकम रू.१,७८,५२,१३८।४७ (एक करोड अठत्तर लाख बाउन्न हजार एक सय अठ्तीस रुपैयाँ सत्चालिस पैसा) बराबरको बिगो पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको र सो को १३ प्रतिशतले हुन आउने भ्याट रकम रु २३,२०,७७८।०० राज्य कोषमा क्षति पुगेको देखिन आयो। साथै, आयोगले जिल्ला विकास समितिको कार्यालय, काठमाडौंलाई पशुपति क्षेत्र विकास कोषको जग्गाहरुमा सञ्चालनमा रहेको बालुवा खानीबाट प्राप्त जि. वि. स. सेवा शुल्क, रोयल्टी तथा अन्य शुल्क के कति प्राप्त भयो उपलब्ध गराउन लेखेको पत्रको जवाफमा जिल्ला विकास समितिको कार्यालय, काठमाडौंले च.नं. १००७ मिति २०७१।०७।२१ गते तथा च. नं. १३६२ मिति २०७१।०८।२२ गतेको पत्रबाट आ.व.०६७/६८ देखि जि.वि.स. सेवा शुल्क, रोयल्टी भुक्तानी गरेको देखिएता पनि आ.व. ०६६/६७ मा बच्चुराम दाहालले उत्खनन गरेको २०,१६,३५० क्यू. फिट

वालुवाको जि.वि.स. सेवा शुल्क, रोयल्टी भुक्तानी भएको नदेखिएकोले प्रति क्यू. फिट वालुवाको रु २।१३ का दरले आ.व. ०६६/६७ को जिविस सेवा शुल्क र रोयल्टी तर्फ बिगो रु. ४२,९४,८२५।५० राज्य कोषलाई नोक्सानी भएको देखिन आयो।

४१६. त्यसैगरी, कोषको जग्गाबाट कुल ३,५८,८०० घन मिटर बालुवा उत्खनन् गर्न पाउनेमा बच्चुराम दाहालले कुल ६,९१,७६१ घनमिटर उत्खनन् गरेकोले जम्मा ३,३२,९६१ घनमिटर अर्थात १,१७,४७,१९७.०४१ क्यू.फिट बढी बालुवा उत्खनन् गरेकोमा सदस्य सचिव सुशिल नाहटाको कार्यकाल बाहेकको अबधिमा जम्मा (१,१७,४७,१९७.०४१-३८६४०९९.२३८)= ७८,८३,०९७.८०३ क्यू.फिट बालुवा बढि उत्खनन् गरी विक्री वितरण गरेको देखिन आयो। पशुपती क्षेत्र विकाश कोषले बालुवा खानी सन्चालन गर्न दिँदा उत्खनन्कर्तासँग मिति २०७०/१०/०९ मा गरेको सम्झौतामा प्रति क्यु.फिट रु. ६।८१ का दरले लिने भनी उल्लेख भए अनुसार सो परिमाण ७८,८३,०९७.८०३ क्यू.फिट बालुवा को बिगो प्रति क्यु.फिट रु. ६।८१ का दरले हिसाब गर्दा हुन आउने मूल्य रु. ५,३६,८३,८९६.०४ (पाँच करोड छत्तीस लाख त्रियासी हजार आठ सय छेयानब्बे रुपैयाँ चार पैसा) बराबरको बिगो पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको देखिन आयो। त्यसैगरी, सो मा १३% मुल्य अभिवृद्धि करको दरले हुन आउने रु. ६९,७८,९०६।४८ र सो मा लाग्ने जि.वि.स. सेवा शुल्क, वातावरण शुल्क तथा रोयल्टी समेत गरी जम्मा प्रति क्यू.फिट रू.३।१३ को दरले हिसाब गर्दा हुन आउने रु.२,४६,७४,०९६।१२ समेत हानी नोक्सानी भएको देखिन आयो।

४१७. अब, बच्चुराम दाहालले अबैधरुपमा उत्खनन् गरी निकासी भएको माटोको उपरोक्त परिमाण बमोजिम के कति बिगो नोक्सानी भएको हो सो सन्दर्भमा हेर्दा, खानी तथा भुगर्भ विभागको प्रतिवेदनमा प्रतिवादी बच्चुराम दाहालले बिक्री वितरण गरेको माटोको परिमाण १,९५,११२ घन मिटर यथाअवस्थामा (खानी क्षेत्रमा) राखी जग्गा समथल गर्न शहरी विकास तथा भवन निर्माण विभागको आ.व. २०७०÷०७१ को दर विश्लेषणको आधारमा माटोको मूल्य रु. ४४८।२१ प्रति घन मिटर (चक्रपथबाट ३ कि.मि. बाहिरको ढुवानी समेत) रु. ९,००,७३,४५४।८० लाग्ने भनी उल्लेख गरेको आधारमा आरोपपत्रमा विगो कायम गरिएको देखिन आयो। तर प्रतिवादी बच्चुराम दाहालले HAZAMA ANDO Corporatoin लाई कोषको माटो बिक्री गरी यो यति रकम प्राप्त गरेको भन्ने देखिन आउँदैन। तुँदी कन्सट्रक्सनको च.नं. १०३/०७०/७१ मिति २०७१।०४।०६ को

पत्रबाट बच्चुराम दाहाल वालुवा खानी प्रा.लि.लाई २,०३,३९,१३१।५० सम्म भुक्तानी गरेको भन्ने देखिन आयो भने पशुपती क्षेत्र विकाश कोषलाई बच्चुराम बालुवाखानी प्रा.लि.ले माटो बेचे वापत आ.व. २०७०/०७१ मा रु. ३३,३६,४४०।– तथा आ.व. २०७१/०७२ मा रु. ७३,०४०।– बुझाएको कोषको च.नं. २१२ मिति २०७१।०६।०५ को पत्रबाट देखिँदा बच्चुराम बालुवाखानी प्रा.लि.ले तुँदी कन्सट्रक्सन प्रा.लि.लाई माटो बिक्री गरेको मूल्यबाट प्रा.लि.ले पशुपती क्षेत्र विकास कोषलाई बुझाएको रकम घटाई हुन आउने रु. १,६९,२९,६५१।५० मात्र अबैधरुपमा उत्खनन् गरी निकासी भएको माटो वापतको विगो कायम गर्न मनासिव देखिन आयो।

४१८. प्रतिवादी मिठ्ठाराम दाहालले उत्खनन् गरी निकासी गरेको वालुवाका सन्दर्भमा हेर्दा, बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषको गोठाटार स्थित जग्गामा सञ्चालित बालुवा खानी सञ्चालन गर्न आफ्नो फुर्सद नमिलेकोले खानी सञ्चालनको लागि आफ्नो सहोदर दाजु मिठ्ठाराम दाहाललाई सम्पूर्ण अख्तियारी दिएको कागज गरी पशुपति क्षेत्र विकास कोषमा मिति २०६५।०९।०८ गते निवेदन दिई बालुवा खानी उत्खनन कार्यमा मिठ्ठाराम दाहाललाई प्रबेश गराएको देखिन्छ।यसरी आफ्नो सहोदर दाजु मिठ्ठाराम दाहाललाई वालुवा खानी उत्खनन्मा समावेश गराएपनि बच्चुराम दाहाल स्वयंले आफु र पछि आफ्नो नामको प्रा.लि.को माध्यमबाट वालुवा तथा माटो उत्खनन र बिक्री निरन्तर गरेको देखिन्छ।

४१९. पशुपति क्षेत्र विकास कोषको च.नं. १७८, 'प्रशासन' मिति २०६८/०९/२० गतेको पत्र मार्फत कोषको स्वामित्वमा रहेको का.जि.गोठाटार गा.वि.स. वडा नं ४(क) को कि.नं. ८० को जग्गाबाट प्रतिवादी मिठ्ठाराम दाहाललाई बालुवा उत्खनन् तथा बिक्री गर्ने उद्देश्यले १५ बर्षका लागि प्रति क्यू.फिट रु.६।२० लिने गरी कोषका उपनिर्देशक राजु कुमार रेग्मीले मञ्जुरीनामा दिएको देखिन्छ। सो कोषको च.नं. १७८, 'प्रशासन' लेखिएको मञ्जुरीनामा भनिएको पत्र कोषको मूल चलानी तथा प्रशासनको चलानी कितावसमेतमा चलानी भएको देखिदैन भने कुनै कार्यालयलाई सम्बोधन गरी लेखिएको समेत देखिदैन। त्यसैगरी, कोषका उपनिर्देशक निज राजु कुमार रेग्मीलाई उक्त अख्तियारी को-कसले र कहिले दिएको हो भन्नेसमेत मञ्जुरीनामा पत्रमा खुलेको देखिदैन। यसैगरी पशुपति क्षेत्र विकास कोषको आधिकारीक लेटर प्याडमा निज मिठ्ठाराम दाहाल (गैह्र व्यक्ति) ले समेत हस्ताक्षर गरेको देखिन्छ। त्यसैगरी सो मञ्जुरीनामा पत्रको आधिकारिकता सम्बन्धमा कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटाले कोषका उपनिर्देशक राजुकुमार रेग्मीलाई

कोषको उल्लेखित जग्गाबाट बालुवा बिक्री वितरण गर्न दिने सम्बन्धमा आफूले अख्तियारी नदिएको भनी अनुसन्धानका क्रममा बयान गरेको पाईन्छ तर निज राजुकुमार रेग्मीले कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटाको आदेश अनुसार सो मञ्जुरीनामा पत्र बनाई मिठ्ठाराम दाहाललाई दिएको भनी अनुसन्धानका क्रममा बयान गरेको देखिन्छ।

४२०. त्यसैगरी, कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटाबाट कानून विपरित कार्य गर्ने त्यस्ता कर्मचारीउपर कुनै विभागीय कारवाही गर्ने तथा त्यस्तो मञ्जुरीनामा पत्रबाट कोषको जग्गामा पुग्न सक्ने क्षतिलाई समय मै सच्याउने प्रयास समेत गरेको देखिदैन भने अर्कोतर्फ कोषको जग्गामा भएको अवैध खानी सञ्चालनलाई बैधानिकता हुने गरी कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटाले खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाललाई कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट खानी उत्खनन् गर्न दिने सम्बन्धमा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदमा प्रस्ताव पेश गरी मिति २०६९।०९।०८ गतेको बैठकबाट निर्णय समेत गराएको देखिन्छ। यसरी निज सुशिल नाहटाले खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाललाई नै खानी उत्खनन् गर्न दिने गरी सिफारिस गर्नुले निज सुशिल नाहटाको निर्देशनमा नै कोषका उपनिर्देशक राजुकुमार रेग्मीले उल्लेखित मञ्जुरीनामा भनिएको पत्र तयार गरी खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाललाई दिएको भन्ने मान्नु पर्नै देखिन आयो।

४२१. कोषबाट प्राप्त गरेको उक्त मञ्जुरीनामा भनिएको पत्र संलग्न राखी मिठ्ठाराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंमा साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्रको लागि मिति २०६८।१०।०४ गते निवेदन दिएको देखिन्छ। जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका प्रशासनिक कार्यको जिम्मेवारी पाएका तत्कालिन योजना अनुगमन तथा प्रशासकीय अधिकृत भिष्म कुमार मल्लले कोषको मञ्जुरीनामा भनिएको पत्र सम्बन्धमा कोषलाई पत्राचार गर्ने, आफु भन्दा माथिल्लो अधिकारी समक्ष पेश गरी कोषको आधिकारीक सहमति छ कि छैन भनी जाँचबुझ नगरी पशुपति क्षेत्र विकास कोषको लेटर प्याडमा गैह्र व्यक्ति (मिठ्ठाराम दाहाल) ले समेत दस्तखत गरी पेश गरेको मञ्जुरीनामा भनिएको सो विवादित पत्रलाई कोषको आधिकारीक सहमति रहेको हो भनी खानी विकास समितिको बैठकमा पेश गरी उक्त विवादस्पद मञ्जुरीनामा पत्रको आधारमा निज मिठ्ठाराम दाहालको नाममा खानी उत्खनन् अनुमति पत्र जारी गर्न प्रस्ताव समेत गरेको देखियो।

४२२. सो विवादित पत्रकै आधारमा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंबाट मिति

२०६९।०५।०६ गते निज खानी उत्खननकर्ता मिठ्ठाराम दाहालको नाममा खानी उत्खनन् अनुमति पत्र समेत जारी भएको देखिन्छ। तर, खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाल र जग्गाधनी पशुपति क्षेत्र विकास कोष बिच मिति २०७०।०८।२७ गते मात्र सम्झौता भई पशुपति क्षेत्र विकास कोषको च.नं. ३६४ मिति २०७०।०९।०५ गतेको पत्र मार्फत खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाललाई कोषको कि.नं. ८० मध्येको जग्गाबाट बालुवा उत्खनन् गर्न कार्यदिश दिएको पाईन्छ। कोषसँग सम्झौता गर्नु अगावै कोषको सहमति बेगर जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं र खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाल बिच मिति २०६९।०६।१५ गते सम्झौता भई जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. ५१५ मिति २०६९।०६।१५ गतेको पत्रद्वारा निज मिठ्ठाराम दाहाललाई खानी सञ्चालन गर्न अनुमति दिएको देखिन्छ भने खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले मिति २०६९।०६।१५ गतेबाटै पटक-पटक बिल प्याड लिन निवेदन दिई जि.वि.स.सेवा शुल्क तथा रोयल्टी तिरी बिल प्याड प्राप्त गरेको जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको नगदी रसिदबाट देखिन्छ। त्यसैगरी, खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले कोषसँग सम्झौता गर्नु अगावै आ.व.०६९/०७० मै कोषको जग्गाबाट २,३०,००० क्यू.फिट  बालुवाको पटक–पटक गरी विल प्याड लिई बालुवा बिक्री गरी सो को आ.व. ०६९/७० मा रु. ७,१६,०८२।- जि.वि.स.सेवा शुल्क तथा रोयल्टी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंमा दाखिला गरेको जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. १३६२ मिति २०७१।०८।२२ गतेको पत्रबाट देखिन्छ तर उल्लेखित परिमाणको बालुवा वापत जग्गाधनी पशुपति क्षेत्र विकास कोषले पाउनु पर्ने रकम निज मिठ्ठाराम दाहालबाट प्राप्त भएको पशुपति क्षेत्र विकास कोषको च.नं. २१२ मिति २०७१।०६।०५ गतेको पत्रबाट देखिन आएन।

४२३. अब, खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले पशुपति क्षेत्र विकास कोषसँग सम्झौता गर्नु पूर्व नै आ.व.०६९/०७० मा अबैधरुपमा उत्खनन् गरी निकासी भएको बालुवाको उपरोक्त २,३०,००० क्यू.फिट परिमाण बमोजिम के कति बिगो नोक्सानी भएको हो सो सन्दर्भमा हेर्दा, कोषको जग्गाबाट अबैध उत्खनन् भएको उल्लेखित बालुवाको परिमाणलाई पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बिच मिति २०६८।०२।२३ गते भएको सम्झौतामा कोषले पाउने भनी उल्लेख भएको दररेट प्रति क्यू.फिट रु.६।२० लाई नै आधारमानी हुन आउने रकम रु.१४,२६,०००।- (चौध लाख छविस हजार मात्र)

पशुपति क्षेत्र विकास कोषमा क्षति पुग्न गएको मान्नुपर्ने देखिन आयो।

४२४. यसरी माथि बिभिन्न प्रकरणमा विवेचना गरिए अनुसार सस्तो दररेटमा खानी संचालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुगेको तर्फ आ.व.०६५/६६ मा बच्चुराम दाहालले उत्खनन गरेको ५४,२५,२५० क्यू. फिट वालुवाको प्रति क्यू. फिट रु.३/०२ (६.०७-३.०५) का दरले हिसाब गर्दा जम्मा बिगो रु. १,६३,८४,२५५।००, सो को १३ प्रतिशतले हुन आउने भ्याट रकम रु २१,२९,९५३।१५ र सो ५४,२५,२५० क्यू. फिट वालुवाको जि. वि. स. सेवा शुल्क, रोयल्टी भुक्तानी भएको नदेखिएकोले प्रति क्यू. फिट वालुवाको रु २।१३ का दरले आ.व.०६५/६६को जिविस सेवा शुल्क र रोयल्टी तर्फ बिगो रु.१,१५,५५,७८२।५० नोक्सानी भएको देखिन आयो। त्यस्तै, रुखहरु अबैध रुपमा कटान गरे गराएको तर्फ रुखको उचाइ मोटाइ र गोलाइका आधारमा जम्मा ११,२१५.४२ क्यू. फिटको रु ४०/- का दरले १८६९ थान खोटे सल्लाका रुखहरुको बिगो रु ४,४८,६१६।८० पशुपति क्षेत्र विकास कोषलाई नोक्सानी भएको देखिन आयो। आ.व. ०६६/६७ देखि आ.व. ०६९/७० सम्मको अबधिमा जम्मा ३८,६४,०९९.२३८ क्यू.फिट बालुवाको परिमाण बढी निकासी गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुगेको तर्फ कोष र बच्चुराम दाहाल बिच मिति २०६५।०७।०५ गते र मिति २०६८।०२।२३ गते भएको सम्झौतामा कोषले पाउने बालुवाको दररेट क्रमशः प्रति क्यू.फिट रू.३।०५ र प्रति क्यू.फिट रू.६।२० उल्लेख भएको देखिएबाट उक्त मूल्यहरुको औषत मूल्य प्रति क्यू.फिट रू.४।६२ ले गणना गर्दा हुन आउने जम्मा रकम रू.१,७८,५२,१३८।४७ (एक करोड अठत्तर लाख बाउन्न हजार एक सय अठ्तीस रुपैयाँ सत्चालिस पैसा) बराबरको बिगो पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको र सो को १३ प्रतिशतले हुन आउने भ्याट रकम रु २३,२०,७७८।०० राज्य कोषलाई क्षति पुगेको, जिल्ला विकास समितिको कार्यालय, काठमाडौंको च.नं. १००७ मिति २०७१।०७।२१ गते तथा च. नं. १३६२ मिति २०७१।०८।२२ गतेको पत्रबाट आ.व.०६७/६८ देखि जि.वि.स. सेवा शुल्क, रोयल्टी भुक्तानी गरेको देखिएता पनि आ.व. ०६६/६७ मा बच्चुराम दाहालले उत्खनन गरेको २०,१६,३५० क्यू. फिट वालुवाको जि.वि.स. सेवा शुल्क, रोयल्टी भुक्तानी भएको नदेखिएकोले प्रति क्यू. फिट वालुवाको रु २।१३ का दरले आ.व. ०६६/६७ को जिविस सेवा शुल्क र रोयल्टी तर्फ बिगो रु. ४२,९४,८२५।५० राज्य कोषलाई नोक्सानी

भएको देखिन आयो। सुशिल नाहटाको कार्यकाल बाहेकको अबधिमा जम्मा (१,१७,४७,१९७.०४१-३८६४०९९.२३८) = ७८,८३,०९७.८०३ क्यू.फिट बालुवा बढि उत्खनन् गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुगेको तर्फ कोष र बालुवा खानी उत्खनन्कर्तासँग मिति २०७०/१०/०९ मा गरेको सम्झौता बमोजिमको प्रति क्यु.फिट रु. ६।८१ का दरले हिसाब गर्दा हुन आउने मूल्य बिगो रु. ५,३६,८३,८९६.०४ (पाँच करोड छत्तीस लाख त्रियासी हजार आठ सय छेयानब्बे रुपैयाँ चार पैसा) पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको र सो मा १३% मुल्य अभिवृद्धि करको दरले हुन आउने रु. ६९,७८,९०६।४८ साथै सो मा लाग्ने जि.वि.स. सेवा शुल्क, वातावरण शुल्क तथा रोयल्टी समेत गरी जम्मा प्रति क्यू.फिट रू.३।१३ को दरले हिसाब गर्दा हुन आउने रु.२,४६,७४,०९६।१२ समेत हानी नोक्सानी भएको देखिन आयो। त्यसैगरी, अबैधरुपमा उत्खनन् गरी निकासी गरेको माटो वापतको विगो तर्फ तुँदी कन्सट्र्क्सनले बच्चुराम दाहाल वालुवा खानी प्रा.लि.लाई भुक्तानी गरेको रु.२,०३,३९,१३१।५० बाट कोषलाई बच्चुराम बालुवाखानी प्रा.लि.ले माटो बेचे वापत बुझाएको आ.व. २०७०/०७१ को रु. ३३,३६,४४०।– तथा आ.व. २०७१/०७२ को रु. ७३,०४०।– रकम घटाई हुन आउने रकम रु. १,६९,२९,६५१।५० पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको दखिन आयो। साथै, मिठ्ठाराम दाहालबाट अवैध बालुवा खानी संचालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको तर्फ मिठ्ठाराम दाहाल र पशुपति क्षेत्र विकास कोषसँग सम्झौता गर्नु पूर्व नै आ.व. ०६९/०७० मा २,३०,००० क्यू.फिट अवैध बालुवा उत्खनन् गरी गराई बिक्री वितरण भएको बालुवाको नियम बमोजिम कोषले पाउनु पर्ने रकम कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बिच मिति २०६८।०२।२३ गते भएको सम्झौताको दररेट प्रति क्यू.फिट रु.६।२० ले हुन आउने रकम रु.१४,२६,०००।- (चौध लाख छब्बिस हजार मात्र) पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको देखिन आयो।

४२५. अव, आरोप पत्रमा आ.व. ०७०/७१ मा मिठ्ठाराम दाहालको हकमा मात्र लिइएको रु. १,९५,३०,०००।–को विगो दावी तर्फ हेर्दा, सो आ.व.मा प्रतिवादीले उत्खनन् गरेको भनेको ५,००,००० क्यू.फिट बालुवाको कोषलाई प्रति क्यू.फिट रु. ६।८१ का हिसाबले बुझाएको तथा जिल्ला विकास शुल्क, र रोयल्टी प्रति क्यू.फिट रु. ३।१३ ले बुझाएको भन्ने आरोपपत्रबाटै देखिन आउँछ।अर्थात कोष तथा जिल्ला विकास समितिसँग गरेको

संझौता अनुसार उक्त आ.व.को कुनै रकम बुझाउन बाँकी रहेको भन्ने देखिन आएन। विवादको विषय बालुवाको विषय खानी उत्खनन् गरे वापत बुझाउन पर्ने मूल्यको रहेको र संझौता अनुसार सम्पूर्ण दस्तुर बुझाएको अवस्थामा जिल्ला प्राविधिक कार्यालयले बजार मूल्य बालुवाको प्रति क्यू. फिट रु. ४९।- भनी दिएको दररेटका आधारमा प्रतिवादीले बुझाएको रकम घटाई हुन आउने बाँकी रकम विगो कायम गरी लिएको आरोप दावी न्यायको रोहबाट समेत उचित एवं मनासिव मान्न सकिने अवस्था नहुँदा आ.व. ०७०/७१ मा मिठ्ठाराम दाहालको हकमा मात्र कायम गरेको विगो रु. १,९५,३०,०००।– हानी नोक्सानी भएको देखिन आएन।

४२६. माथि बिभिन्न प्रकरणमा विवेचना गरेका आधारमा पशुपति क्षेत्र विकास कोषका तत्कालिन पदाधिकारीहरु जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन पदाधिकारीहरु तथा खानी उत्खननकर्ता द्वय बच्चुराम दाहाल र मिठ्ठाराम दाहालसमेतले गैह्र कानूनी लाभ लिई बदनियतपूर्ण तवरले श्री पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ (क) को कि.नं. ५९ र ८४ तथा ऐ. वडा नं. ४ (क) को कि.नं. ८० को जम्मा ५३४ रोपनी जग्गाहरुमा अवैध रुपमा रुख कटान एवं बालुवा तथा माटो उत्खनन् गर्दा गराउदा जि.वि.स शुल्क तथा रोयल्टी एवं भ्याट रकमसमेत छली राज्य कोष तथा पशुपति क्षेत्र विकास कोषलाई सस्तो दररेटमा वालुवा खानी संचालन गरे गराएतर्फ रु. १,६३,८४,२५५।००(एक करोड त्रिसठ्ठी लाख चौरासी हजार दुइ सय पच्पन्न रुपैयाँ), सो को भ्याट रकम रु २१,२९,९५३।१५(एक्काइस लाख उनान्तीस हजार नौ सय त्रिपन्न रुपैयाँ पन्ध्र पैसा) र सो को जि.वि.स. सेवा शुल्क, रोयल्टी रु.१,१५,५५,७८२।५०(एक करोड पन्ध्र लाख पच्पन्न हजार सात सय बयासी रुपैयाँ पचास पैसा), रुखहरु अबैध रुपमा कटान गरे गराएको तर्फ रु. ४,४८,६१६।८०(चार लाख अठ्चालिस हजार छ सय सोह्र रुपैयाँ असी पैसा), सुशील नाहाटाको कार्यकाल आ.व. ०६६/६७ देखि आ.व. ०६९/७० सम्मको अबधिमा सम्झौतामा उल्लेख भए भन्दा बढी बालुवाको परिमाण निकासी गरे गराएतर्फ रू.१,७८,५२,१३८।४७ (एक करोड अठत्तर लाख बाउन्न हजार एक सय अठ्तीस रुपैयाँ सत्चालिस पैसा), सो को भ्याट रकम रु २३,२०,७७८।००(तेइस लाख बीस हजार सात सय अठहत्तर रुपैयाँ), आ.व. ०६६/६७ को जि.वि.स. सेवा शुल्क र रोयल्टी तर्फ रु.४२,९४,८२५।५०(बयालिस लाख चौरानब्बे हजार आठ सय पच्चीस रुपैयाँ पचास पैसा), सुशिल नाहटाको कार्यकाल बाहेकको

अबधिमा सम्झौतामा उल्लेख भए भन्दा बढी बालुवाको परिमाण निकासी गरे गराएतर्फ रु. ५,३६,८३,८९६.०४ (पाँच करोड छत्तीस लाख त्रियासी हजार आठ सय छेयानब्बे रुपैयाँ चार पैसा), सो को मुल्य अभिवृद्धि कर रु. ६९,७८,९०६।४८ (उनान्सत्तरी लाख अठहत्तर हजार नौ सय छ रुपैयाँ अठ्चालिस पैसा), सो मा लाग्ने जि.वि.स. सेवा शुल्क, वातावरण शुल्क तथा रोयल्टी रु.२,४६,७४,०९६।१२ (दुई करोड छेयालिस लाख चौहत्तर हजार छेयानब्बे रुपैयाँ बाह्र पैसा), अबैधरुपमा उत्खनन् गरी निकासी गरेको माटो वापतको रु. १,६९,२९,६५१।५० (एक करोड उनान्सत्तरी लाख उनान्तीस हजार छ सय एकाउन्न रुपैयाँ पचास पैसा) र मिठ्ठाराम दाहालबाट सम्झौता पूर्व अवैध बालुवा खानी संचालन गरे गराएतर्फ रु.१४,२६,०००।००(चौध लाख छब्बीस हजार रुपैयाँ) गरी जम्मा रू.१५,८६,७८,८९९।५६ (पन्ध्र करोड छेयासी लाख अठहत्तर हजार आठ सय उनान्सय रुपैयाँ छपन्न पैसा मात्र) हानी नोक्सानी पुऱ्याएको मान्नुपर्ने देखिन आयो।

४२७. सो हानी नोक्सानीमा प्रतिवादीहरु मध्ये को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो भन्ने दोश्रो प्रश्नका सम्बन्धमा बिचार गर्दा, माथि विभिन्न प्रकरणमा उल्लेख भए बमोजिम राज्य कोष तथा पशुपति क्षेत्र विकास कोषलाई पुऱ्याइएको हानी नोक्सानी बमोजिम कायम हुन आएको सस्तो दररेटमा खानी संचालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई पुऱ्याएको हानी नोक्सानी, सो बिगोका आधारमा राज्य कोषमा गुमेको भ्याट रकम र आ.व.०६५/६६को जि.वि.स सेवा शुल्क र रोयल्टी, अबैध रुपमा रुखहरु कटान गरी पशुपति क्षेत्र विकास कोषलाई पुऱ्याएको हानी नोक्सानी, सुशिल नाहटाको कार्यकाल आ.व. ०६६/६७ देखि आ.व. ०६९/७० सम्मको अबधिमा जम्मा ३८,६४,०९९.२३८ क्यू.फिट सम्झौतामा तोकिएको भन्दा बढी परिमाणमा बालुवाको निकासी गरी गराई पशुपति क्षेत्र विकास कोषलाई पुऱ्याएको हानी नोक्सानी, सो बिगोका आधारमा राज्य कोषमा गुमेको भ्याट रकम र आ.व. ०६६/६७ को जि.वि.स सेवा शुल्क र रोयल्टी, सुशिल नाहटाको कार्यकाल बाहेकको अबधिमा ७८,८३,०९७.८०३ क्यू.फिट सम्झौतामा तोकिएको भन्दा बढी परिमाणमा बालुवाको निकासी गरी गराई पशुपति क्षेत्र विकास कोषलाई पुऱ्याएको हानी नोक्सानी, सो बिगोका आधारमा राज्य कोषमा गुमेको भ्याट रकम र जि.वि.स. सेवा शुल्क र रोयल्टी, अबैधरुपमा उत्खनन् गरी निकासी गरेको माटो वापतको विगो र मिठ्ठाराम दाहालबाट अवैध बालुवा खानी संचालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई पुऱ्याएको हानी नोक्सानी बिगो शीर्षकहरुमा प्रतिवादीहरु

मध्ये को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो भन्ने सन्दर्भमा विवेचना गर्नु सान्दर्भिक देखिन आयो।

४२८. अब, माथि विवेचना गरिए अनुसार सस्तो दररेटमा खानी संचालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई बिगो रु. १,६३,८४,२५५।००, सो को १३ प्रतिशतले हुन आउने भ्याट रकम रु २१,२९,९५३।१५ र आ.व. ०६५/६६ को जिविस सेवा शुल्क र रोयल्टी तर्फ बिगो रु.१,१५,५५,७८२।५० हानी नोक्सानी पुऱ्याएकोमा को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो सो सन्दर्भमा हेर्दा, प्रतिवादीहरु मध्येका निर्मल कुइकेल पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदमा मिति २०६३।०८।०८ देखि २०६५।०७।२६ सम्म कार्यरत रहेको देखिन्छ। माथि बिभिन्न प्रकरणहरुमा विवेचना गरिए बमोजिम कोषको उल्लेखित जग्गा विकास गरी गुरुयोजना लागू गर्ने सम्बन्धमा पशुपति क्षेत्र विकास कोषले सि.एन.एसोसिएट्स प्रा.लि. मार्फत उल्लेखित जग्गाको सम्भाव्यता अध्ययन गराई कोषको जग्गामा वालुवा खानी रहेको भन्नेसमेत बेहोराको कोषमा प्रतिवेदन दिई सो एसोसिएट्सले सरकारी दररेटको आधारमा विस्तृत आर्थिक विश्लेषण गरी आ.व. ०६४/०६५ को लागि खानीको बालुवाको दररेट प्रति घनमिटर रु.२१४।४५ (प्रति क्यू.फिट रु.६।०७) निर्धारण गरी मिति २०६५।०३।२२ गते कोषलाई पत्राचार गरे पश्चात पशुपति क्षेत्र विकास कोषको च.नं. ६ मिति २०६५।०४।०७ गतेको पत्र मार्फत कोषको उल्लेखित जग्गामा गुरुयोजना लागू गर्ने क्रममा निस्केको बालुवा बिक्री वितरण गर्ने सम्बन्धमा "कस्ता ईजाजत प्राप्त बालुवाका ठेकेदारहरु बिच प्रतिष्पर्धा गराईन्छ" भनी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंलाई पत्राचार गरेको देखिन्छ। त्यसैगरी कोषको सो पत्र सम्बन्धमा जि.वि.स.को कार्यालय, काठमाण्डौंको च.नं. २३६ मिति २०६५।०४।०८ र च.नं. ३३६ मिति २०६५।०४।१९ गतेको पत्र मार्फत का.जि. गोठाटार गा.वि.स.वडा नं. ३ बस्ने बच्चुराम दाहालले कोषको उल्लेखित जग्गा समेतलाई आफ्नो लिज एरियामा पारी खानी उत्खनन् अनुमतिपत्र लिईसकेकोले सम्बन्धितबाट मात्रै बालुवाखानी उत्खनन् हुन सक्ने भनी जवाफ पत्र पठाएको देखिन्छ तर अनुसन्धानको क्रममा आयोगमा प्राप्त भएको जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. ४७२ मिति २०७१।०५।२४ गतेको पत्रमा "जग्गा सम्याउने क्रममा निस्केको बालुवा, ढुंगा बिक्रीका लागि सम्बन्धित व्यक्ति वा व्यवसायीले जि.वि.स.मा निवेदन दिएमा जि.वि.स.बाट त्यस्तो बालुवाको परिमाण एकिन गरी

जि.वि.स.शुल्क र रोयल्टी लिई बिक्री गर्न सक्ने" भनी लेखेको देखिन्छ। यसैगरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालले आफ्नो नाममा रहेको खानी उत्खनन् अनुमति पत्र नविकरण गरी पाउँ भनी मिति २०६५।०४।०१ गते जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंमा निवेदन दिएकोमा मिति २०६५।०४।२७ गते मात्र नविकरण भएको देखिन आयो।

४२९. यसरी कोष आफैले वा जग्गा विकास गर्ने व्यक्ति वा संस्था मार्फत कोषको जग्गामा गुरुयोजना लागू गर्न सकिने र सो क्रममा निस्केको बालुवा, माटो आदि नियम बमोजिमको जि.वि.स.सेवा शूल्क वा अन्य दस्तुर तिरी बिक्री वितरण गर्न सकिने अवस्था बिद्यमान हुँदा हुँदै पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेलले खानी ऐन आकर्षित हुने तथा कोषको उल्लेखित जग्गामा निज बच्चुराम दाहालले मात्र खानी उत्खनन् गर्न पाउने गरी राय माग गर्नु र जि.वि.स.को कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठले अन्य विकल्पहरु सहितको सुझाव समेत समावेश नगरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालको खानी उत्खनन् अनुमति पत्र नविकरण भै नसकेको अवस्थामा निज बच्चुराम दाहालबाट मात्र बालुवा उत्खनन् गर्न सकिने भनी पत्राचार गरिनुले पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्य सचिव निर्मल कुँईकेल, जि.वि.स.को कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठ र खानी उत्खनन्कर्ता बच्चुराम दाहालको मिलोमतो भई सुनियोजित तवरले व्यक्तिगत लाभ हुने गरी कोषको उल्लेखित जग्गामा गुरुयोजना लागू गर्ने भन्दा पनि दीर्घकालीन रूपमा खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट मात्र बालुवाखानी सञ्चालन गराउने बदनियत राखी कार्य गरेको देखिन आयो।

४३०. साथै, खानी उत्खनन्कर्ता बच्चुराम दाहालले कोषको उल्लेखित जग्गाहरूलाई आफ्नो लिज एरिया (Lease Area) भित्र पारी साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्र मिति २०६४।०८।०४ गते प्राप्त गरेको र सो लिज एरियामा खानी उत्खनन्कर्ता बच्चुराम दाहाल वाहेक अन्यले खानी उत्खनन् गर्न नपाउने भनी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. २३६ मिति २०६५।०४।०८ र च.नं. ३३६ मिति २०६५।०४।१९ गतेको पत्रमार्फत कोषलाई राय प्राप्त भईसकेको अवस्थामा पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेलले मिति २०६५।०४।३२ गते बालुवा माटो बिक्री गर्ने भनी बालुवाको दररेट प्रति घनमिटर

रु.२१४।४५ (प्रति क्यू.फिट रु.६।०७) निर्धारण गरी १५ दिने बोलपत्र आव्हानको सूचना प्रकाशित गरेकोमा सो लाई औचित्यहीन बनाई सो प्रति क्यू.फिट रु. ६।०७ मा कुनैपनि बोलपत्र दर्ता नभएको जनाई पुनः दोश्रो पटक बोलपत्र आव्हानसमेत नगरी खानी उत्खनन्कर्ता (बच्चुराम दाहाल) पहिचान भईसकेको अवस्थामा निजसँग सौदावाजी गरी कोषको अधिकतम हितमा बालुवाको मूल्य निर्धारण गर्नेतर्फ कुनै पहल नगरी कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेलले विना कारण बालुवाको मूल्य घटाउने योजना बनाई आफ्नै संयोजकत्वमा बसेको कार्य सम्पादन समितिको मिति २०६५।०५।१८ गतेको बैठकले बालुवाको दररेट कायम गर्ने सम्बन्धमा कार्यदल गठन गरेको देखाई उक्त कार्यदलले दिएको बालुवाको दररेट रु.३।- लाई कोषको हितमा रहेको ठहर गरी पशुपति क्षेत्र विकास कोषको च.नं. १९७ मिति २०६५।०५।२४ गतेको पत्र मार्फत जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंलाई कोषको जग्गामा खानी सञ्चालन गर्न सहमति दिएको देखिन्छ।

४३१. सो कार्यदलका सदस्यहरु जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन योजना अनुगमन तथा प्रशासकीय अधिकृत ईन्द्र प्रसाद बस्याल र गा.वि.स.को कार्यालय, गोठाटारका गा.वि.स. सचिव मुकुन्द गजुरेलले आफू कार्य व्यस्तताका कारण खानी क्षेत्रमा बालुवाको दररेट बुझ्न नगएको तर संयोजक ज्ञान बहादुर हमालले बुझी ल्याएको दररेट वास्तविक नै होला भनी निर्णयमा हस्ताक्षर गरेको भनी निजहरुले अनुसन्धानको क्रममा बयान गरेको देखिएकोले बालुवाको दररेट रु.३।- वास्तविक नभई उत्खनन्कर्तासमेतलाई व्यक्तिगत फाईदा र कोषलाई नोक्सानी पुऱ्याउने नियतले तयार गरिएको देखिन आयो। त्यसैगरी, उक्त कार्यदलका संयोजक ज्ञान बहादुर हमालले बालुवा दररेट निर्धारण गर्ने सम्बन्धमा आफू विज्ञ नभएको, सरकारी दररेट बुझ्ने सम्बन्धमा कार्यदलका सदस्यहरु बिच छलफल मात्र गरेको, आफ्नो प्रतिवेदन बाध्यात्मक नभएको भनी अनुसन्धानको क्रममा बयानसमेत गरेको देखिन आयो।

४३२. त्यसअघि खानी उत्खनन्कर्ता बच्चुराम दाहालले श्रीधर आचार्य समेतको जग्गामा खानी उत्खनन् गर्दा खानी क्षेत्र नजिकमा रहेको पशुपति क्षेत्र विकास कोषको जग्गालाई असर नपर्ने गरी कार्य गर्नुपर्ने भनी खानी तथा भूगर्भ विभाग काठमाण्डौको प.सं. ०६४/६५/३४२ मिति २०६४/०७/१९ गतेको सहमति पत्र मार्फत जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौलाई निर्देशन दिएकोमा जिल्ला विकास समितिको कार्यालय,

काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठले मूल पत्रको मनसायलाई नै अपव्याख्या गरी बच्चुराम बालुवा खानी कोषको क्षेत्राधिकार भित्र पर्ने उल्लेख गरी कोषको जग्गा समेतमा खानी सञ्चालन गर्न कोषको सहमति माग गर्नु र पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेलले कुनै अध्ययन नगरी कोषको हित विपरित हुने गरी बालुवाको मूल्य समेत घटाई रु. ३।- निर्धारण गरी खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई खानी सञ्चालन गर्न सहमति दिनुले कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेल, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठ र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बिच मिलोमतो भई सुनियोजित रुपमा कोषको गुरुयोजनालाई नै प्रभावित पार्ने गरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट कोषको जग्गामा सस्तो दररेटमा खानी सञ्चालन गर्ने गराउने बदनियत राखी पत्राचार गरेको देखिन आयो।

४३३. जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. ९१६ मिति २०६५।०७।२० गतेको पत्र मार्फत खानी उत्खनन्कर्ता बच्चुराम दाहालको खानी उत्खनन् अनुमति पत्रमा कोषको उल्लेखित जग्गा समेत थप गर्नको लागि खानी तथा भूगर्भ विभाग, काठमाण्डौंलाई पत्राचार गरिएको देखिन्छ भने खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. १३७५ मिति २०६६।०३।२६ गतेको पत्र मार्फत खानी उत्खनन्कर्ताले पालना गर्नुपर्ने शर्तहरु सहित सहमति समेत दिईएको देखिन्छ। त्यसैगरी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको मिति २०६६।०४।२० गतेको निर्णयले कोषको उल्लेखित जग्गा समेतलाई खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा समावेश गरिएको खानी उत्खनन्कर्ता बच्चुराम दाहालको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्रबाट देखिन्छ तर कोषको उल्लेखित जग्गालाई बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप गर्ने प्रक्रिया शुरु हुनु अगावै सम्झौताको म्याद ५ बर्षको हुने र दोश्रो बर्ष देखि निर्धारित दर प्रति क्यू.फिट रु.३।०५ मा प्रति बर्ष ५% का दरले थप हुँदै जानेसमेतका शर्त तोकी मिति २०६५।०७।०५ मा नै पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बीच कोषको जग्गामा वालुवा खानी संचालन गर्ने सम्झौता भएको देखिन्छ। त्यसैगरी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. ८०० मिति २०६५।०६।१७ गतेको पत्र र पशुपति क्षेत्र विकास कोषको च.नं. ३५१ मिति २०६५।०७।११ गतेको पत्र मार्फत खानी सञ्चालक बच्चुराम दाहाललाई कोषको

उल्लेखित जग्गामा खानी सञ्चालन गर्न अनुमति दिएको देखिन्छ। तर खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. १३७५ मिति २०६६।०३।२६ गतेको पत्र मार्फत खानी उत्खनन्कर्ता बच्चुराम दाहालले पालना गर्नुपर्ने शर्तहरुसहित बच्चुराम दाहालको खानी उत्खनन् अनुमति पत्रमा कोषको उल्लेखित जग्गा समेत थप गर्नको लागि सहमति दिईए बमोजिम जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको मिति २०६६।०४।२० गतेको निर्णयले मात्र कोषको उल्लेखित जग्गा समेतलाई खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा समावेश गरिएको खानी उत्खनन्कर्ता बच्चुराम दाहालको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्रबाट देखिन आयो।

४३४. यसरी पशुपति क्षेत्र विकास कोषको च.नं. २१२ मिति २०७१।०६।०५ गतेको पत्रमा उल्लेख गरिए अनुसार खानी सञ्चालक बच्चुराम दाहालले क्वारी क्षेत्र थप हुनु भन्दा अगावै कोषको जग्गाबाट आ.व. ०६५/०६६ मा ५४,२५,२५० क्यू.फिट बालुवा उत्खनन् गरेको खुल्न आएकोले कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेल, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठ र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बिच मिलोमतो भई निजहरूले सुनियोजित रुपमा व्यक्तिगत लाभ हुने गरी कोषको जग्गामा अवैध खानी सञ्चालन गरे गराएको देखिन आयो। त्यसैगरी, पशुपति क्षेत्र विकास कोषको तत्कालिन सदस्य सचिव निर्मल कुइकेलले मिति २०६५।०७।२६ गते राजिनामा दिएपछि कार्यरत रहेका कोषको तत्कालिन सदस्य सचिवले खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई स्पष्टीकरण पत्र काटी जवाफ लिएपनि मिति २०६५।०७।०५ मा पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बीच कोषको जग्गामा वालुवा खानी संचालन गर्न भएको सम्झौताको शर्त बमोजिम अनुगमन गरी बच्चुराम दाहालबाट क्षतिपूर्ति भराउने, खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा कोषको जग्गा थप नहुँदासम्म खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा कोषको जग्गामा भइरहेको अवैध खानी सञ्चालनलाई रोक लगाउने वा सम्झौता रद्द गर्ने जस्ता कुनैपनि कार्य गरेको मिसिल संलग्न कागजातबाट देखिन आएन।

४३५. यसरी पशुपति क्षेत्र विकास कोषको अधिकतम हितमा हुने प्रति क्यू.फिट रु.६।०७ वालुवाको मुल्यलाई बिना कारण घटाउन ज्ञानबहादुर हमालको संयोजकत्वमा कार्यदल गठन गरी खानी उत्खनन्कर्ता बच्चुराम दाहाल, बालुवा दररेट निर्धारण कार्यदल, र निर्मल

कुँईकेल बीचको मिलोमतोमा प्रति क्यू.फिट वालुवाको मूल्य घटाई हचुवाको भरमा प्रतिवेदन तयार गरी गराई प्रति क्यू.फिट रु ३।— उल्लेख गरी प्रतिवेदन पेश गरी उल्लेखित सो मुल्यलाई आधार मानी दीर्घकालिन महत्वको बिषयमा निज निर्मल कुँईकेलले बदनितपूर्वक निर्णय गरी सस्तो दररेट प्रति क्यू.फिट रु. ३।०५ लिने गरी मिति २०६५।०७।०५ मा ५ वर्षका लागि खानी संचालन गर्न दिने गरी सम्झौता गरेकोले सो बाट खानी सञ्चालक बच्चुराम दाहालले क्वारी क्षेत्र थप हुनु भन्दा अगावै कोषको जग्गाबाट आ.व. ०६५/०६६ मा उत्खनन् गरेको ५४,२५,२५० क्यू.फिट बालुवाको प्रति क्यू.फिट रु. ३।०२ ले हुन आउने रु.१,६३,८४,२५५।०० (एक करोड त्रिसठ्ठी लाख चौरासी हजार दुई सय पचपन्न रुपैयाँ) पशुपति क्षेत्र विकास कोषलाई र सो को १३ प्रतिशतले हुन आउने भ्याट रकम रु २१,२९,९५३।१५ (एक्काइस लाख उनान्तीस हजार नौ सय त्रिपन्न रुपैयाँ पन्ध्र पैसा) राज्य कोषमा क्षति पुऱ्याएको देखिन आयो। उपरोक्त बिगो रु.१,६३,८४,२५५।०० (एक करोड त्रिसठ्ठी लाख चौरासी हजार दुई सय पचपन्न रुपैयाँ) का सम्बन्धमा प्रतिवादीहरु निर्मल कुइकेल र खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई दामासाहीले जिम्मेवार एवं जवाफदेही रहेको मान्नुपर्ने देखिन आयो। साथै, भ्याट रकम रु २१,२९,९५३।१५(एक्काइस लाख उनान्तीस हजार नौ सय त्रिपन्न रुपैयाँ पन्ध्र पैसा) क्षति पुऱ्याएको सन्दर्भमा हेर्दा, मिति २०६५।०७।०५ मा पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बीच कोषको जग्गामा वालुवा खानी संचालन गर्ने सम्झौतामा प्रचलित कानून अनुसार लाग्ने सबै प्रकारका रोयल्टी, सेवा शुल्क, भ्याट र अन्य सवै प्रकारका करहरु द्वितीय पक्ष बच्चुराम दाहालले बुझाउनु पर्ने शर्त उल्लेख भएको देखिँदा उपरोक्त भ्याट बापतको रकम रु. २१,२९,९५३।१५(एक्काइस लाख उनान्तीस हजार नौ सय त्रिपन्न रुपैयाँ पन्ध्र पैसा) को दायित्व खानी उत्खनन्कर्ता बच्चुराम दाहालले मात्र बहन गर्नुपर्ने देखिन आयो।

४३६. त्यसैगरी, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (संशोधन सहित) को परिच्छेद ४ को नियम १८ को उप-नियम (१) र (२) मा खानी उत्खनन् अनुमति पत्र प्राप्त गरेको ६ महिना भित्र खानी उत्खनन् गर्नुपर्ने र ऐ. नियमावलीको परिच्छेद ९ को नियम ४२ को उपनियम (३) बमोजिम साधारण निर्माणमुखी खनिज पदार्थको हकमा सम्बन्धित जिल्ला विकास समितिले आवश्यक जाँचबुझ गरी नविकरण गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। तर बच्चुराम दाहालले अनुमति पत्र प्राप्त गरेको ६ महिना भित्र निजलाई तोकिएको क्वारी

क्षेत्रमा खानी उत्खनन् नगरेको बेहोरा निजले मिति २०६५/०४/०१ गते इजाजत नविकरण गर्नको लागि जि.वि.स.को कार्यालय, काठमाण्डौमा दिएको निवेदनमा “आ.व.०६४/०६५ मा खानी सञ्चालन नगरेको” भनी लगाएको तोक आदेशबाट खुल्न आएको देखिन्छ। यस सम्बन्धमा प्रतिवादी महेन्द्रलाल श्रेष्ठले आफूले नविकरण गर्ने अधिकार तत्कालिन योजना अनुगमन तथा प्रशासकीय अधिकृतलाई दिएको र निजले कार्य व्यस्तताको कारण अनुगमन नगरी खानी उत्खनन् ईजाजत पत्र नविकरण गरेको भनी अनुसन्धानको क्रममा बयान दिएको देखिन्छ। यसरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालले आफूलाई तोकेको क्वारी क्षेत्रमा ६ महिना भित्र उत्खनन् नै नगरेको अवस्थामा खानी क्षेत्रको अनुगमन समेत नगरी खानी तथा खनिज पदार्थ नियमावलीको उल्लेखित प्रावधानहरुको उल्लंघन हुने गरी खानी उत्खनन् अनुमति पत्र नविकरण गर्नु गराउनुले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठ र खानी उत्खननकर्ता बच्चुराम दाहालको मिलोमतोमा कोषको जग्गालाई खानी उत्खनन्कर्ता बच्चुराम दाहालको लिज एरियामा राखी राख्ने बदनियत राखी अनुमति पत्र नविकरण गरे गराएको देखिन आयो।

४३७. जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौले आ.व.२०६५/०६६ को लागि काठमाण्डौ जिल्ला अन्तर्गतका जोरपाटी, पेप्सीकोला चोक, कपन कर संकलन केन्द्र अन्तर्गत नयाँपाटी, सुन्दरीजल, बालुवा, चुनिखेल, कपन, गोठाटार, मूलपानी, जोरपाटी, पुखुलाछी, डाँछी, आलापोट भद्रबास, सुन्टोल, वज्रयोगिनी गा.वि.स. र का.म.न.पा.-६ मा स्वीकृत खानीहरूको जिल्ला विकास समिति सेवा शुल्क संकलन गर्न मिति २०६५ श्रावण २४ गते देखि २०६६ अषाढ मसान्तसम्मको लागि रू. ८०,५०,०००।- (असी लाख पचास हजार रुपैयाँ) मा स्मृति कन्सट्रक्सन प्रा.लि. लाई ठेक्का दिएको भएतापनि बच्चुराम दाहालले श्रीधर आचार्य समेतको जग्गामा खानी उत्खनन् गर्दा खानी क्षेत्र नजिकमा रहेको पशुपति क्षेत्र विकास कोषको जग्गालाई असर नपर्ने गरी कार्य गर्नुपर्ने भनी खानी तथा भूगर्भ विभाग काठमाण्डौको प.सं. ०६४/६५/३४२ मिति २०६४/०७/१९ गतेको सहमति पत्र मार्फत जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौलाई निर्देशन दिए बमोजिम वालुवा उत्खनन गर्ने शर्त रहेकोमा पशुपति क्षेत्र विकास कोषको उपरोक्त जग्गामा खानी संचालनका सम्बन्धमा तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. १३७५ मिति २०६६।०३।२६ गतेको पत्र मार्फत खानी उत्खनन्कर्ता बच्चुराम दाहालले पालना

गर्नुपर्ने शर्तहरुसहित बच्चुराम दाहालको खानी उत्खनन् अनुमति पत्रमा कोषको उल्लेखित जग्गा समेत थप गर्नको लागि सहमति दिईए बमोजिम जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको मिति २०६६।०४।२० गतेको निर्णयले कोषको उल्लेखित जग्गा समेतलाई खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा समावेश गरिएको खानी उत्खनन्कर्ता बच्चुराम दाहालको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्रबाट देखिन आएकोले स्वीकृत खानीहरूको जिल्ला विकास समिति सेवा शुल्क संकलन गर्न मिति २०६५ श्रावण २४ गते देखि २०६६ आषाढ मसान्तसम्मको लागि स्मृति कन्सट्रक्सन प्रा.लि. लाई दिएको ठेक्कामा बच्चुराम दाहालले क्वारी क्षेत्र थप हुनु भन्दा अगावै कोषको जग्गाबाट आ.व. ०६५/०६६ मा ५४,२५,२५० क्यू.फिट बालुवा उत्खनन् गरेकोले सो परिमाणको प्रति क्यू. फिट वालुवाको रु २।१३ का दरले हुन आउने रु. १,१५,५५,७८२।५०(एक करोड पन्ध्र लाख पचपन्न हजार सात सय बयासी रुपैयाँ पचास पैसा) जिल्ला विकास समिति सेवा शुल्क र रोयल्टी संकलन भएको देखिन आएन।

४३८. अब, माथि विवेचना गरिए अनुसार उपरोक्त जिल्ला विकास समिति सेवा शुल्क र रोयल्टी वापतको रु. १,१५,५५,७८२।५०(एक करोड पन्ध्र लाख पचपन्न हजार सात सय बयासी रुपैयाँ पचास पैसा) संकलन नहुनुमा को को प्रतिवादीहरु जिम्मेवार रहेका थिए भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादी महेन्द्रलाल श्रेष्ठ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको स्थानीय विकास अधिकारीको पदमा मिति २०६४।०४।१० देखि २०६५।०८।१५ सम्म र प्रतिवादी गोपालप्रसाद पराजुली सोही पदमा मिति २०६५।०८।१७ गते देखि मिति २०६८।०२।१२ गते सम्म कार्यरत रहेको देखिन्छ।

४३९. महेन्द्रलाल श्रेष्ठले अनुसन्धानको क्रममा दिएको बयान कागजमा "स्मृति कन्सट्रक्सनले पाएको ठेक्का अलग्गै खानीहरूको भएको तर पछि थप भएका खानी पशुपति क्षेत्र विकास कोषसँग सम्बन्धित भएकोले खानी सञ्चालन पछि सञ्चालकले प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर शुल्कहरू तिर्ने नै छ भन्ने मान्यतामा केही नबोलिएको हो" भन्ने खुलाएको र निज महेन्द्रलाल श्रेष्ठको कार्यकाल पश्चात् कार्यरत रहेका गोपाल प्रसाद पराजुलीले अनुसन्धानको क्रममा दिएको बयान कागजमा "आ.व.०६५/०६६ को सेवा शुल्क असुलीका लागि ठेकेदारको नियुक्ति कार्य सबै म हाजिर हुनु भन्दा अगावै भई सकेको, म

समक्ष थप सेवा शुल्क कर असूली वाँकी समावेश गरिनु पर्ने भन्ने कुनै पनि व्यहोरा कहीँ कतैबाट जानकारी तथा पेश समेत नभएबाट त्यसरी छुट हुन गएको" भनी उल्लेख गरेको देखिन्छ। तर महेन्द्रलाल श्रेष्ठले खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई कोषको उल्लेखित जग्गामा खानी सञ्चालन गर्न अनुमति दिए पश्चात् कोषको जग्गा समावेश नभएको जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं र निज बच्चुराम दाहाल बिच भएको मिति २०६५।०५।१९ गतेको सम्झौतालाई पुनरावलोकन गरी निज बच्चुराम दाहालसँग पुनः सम्झौता गरेको मिसिल कागजातबाट नदेखिएबाट निज महेन्द्रलाल श्रेष्ठले बयानमा जिकिर लिएको व्यहोरा आधारहिन देखिन्छ र निजले जानीजानी बदनियत राखी खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट नियम बमोजिम प्राप्त हुने राजस्व छली गराएको देखिन आयो। त्यसैगरी गोपाल प्रसाद पराजुलीलेसमेत पूर्व निर्णयकर्ता (महेन्द्रलाल श्रेष्ठ) ले गरेको त्रुटीलाई नसच्याई निज खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट नियम बमोजिम पाउनु पर्ने जि.वि.स.सेवा शुल्क तथा रोयल्टी संकलन गर्ने सम्बन्धमा कुनै पहल नगरी मौन रही अवैध खानी उत्खनन् कार्यलाई निरन्तरता तथा बैधानिकता समेत दिनुले महेन्द्रलाल श्रेष्ठ र गोपाल प्रसाद पराजुलीले खानी उत्खनन्कर्ता बच्चुराम दाहालसंग मिलेमतो गरी जि.वि.स.शुल्क वापत नियम बमोजिम प्राप्त हुने रकम बिगो रु.१,१५,५५,७८२।५० (एक करोड पन्ध्र लाख पचपन्न हजार सात सय बयासी रुपैयाँ पचास पैसा) बदनियतपूर्वक छली गरी गराई राज्य कोषलाई क्षति पुऱ्याएको देखिन आएकोले सो कार्यका लागि जिम्मेवार प्रतिवादीहरु महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली र खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई दामासाहीले जिम्मेवार एवं जवाफदेही रहेको मान्नुपर्ने देखिन आयो।

४४०. अब, माथि विवेचना गरिए अनुसार रुखहरु अबैध रुपमा कटान गरे गराएको तर्फको बिगो रु ४,४८,६१६।८० पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएकोमा को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो सो सन्दर्भमा हेर्दा, माथि बिभिन्न प्रकरणहरुमा विवेचना गरिए बमोजिम पशुपति क्षेत्र विकास कोषको उल्लेखित जग्गा तत्कालीन श्री ५ को सरकारको मिति २०४७।०२।२८ को निर्णयानुसार कोषको नाममा हस्तान्तरण हुँदा वन विभाग मार्फत वृक्षारोपण भएका रूखहरू कुनैपनि किसिमले नष्ट गर्न नपाउने भनी कोषको उल्लेखित जग्गाको जग्गाधनी श्रेष्ता किताबमा उल्लेख भएको विषयलाई सम्मान गर्दै वन क्षेत्रलाई संरक्षण गर्दै गुरुयोजना लागू गर्ने भनी सि.एन. एसोशियट्सको प्रतिवेदनमा उल्लेख भएको बिषयलाई ध्यान नै नदिई जिल्ला विकास

समितिको कार्यालय, काठमाण्डौं र पशुपति क्षेत्र विकास कोषका तत्कालिन पदाधिकारीहरु प्रतिवादीहरु निर्मल कुइकेल, महेन्द्रलाल श्रेष्ठ र खानी सञ्चालक बच्चुराम दाहालको मिलोमतोमा उक्त जग्गामा रहेका रुखहरु सम्बन्धित निकायको स्वीकृति विना अवैध रुपमा कटान गरे गराएको जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. ७१४ मिति २०६५।०६।०२ गतेको पत्र, च.नं. ८०० मिति २०६५।०६।१७ गतेको पत्र, र च.नं. ७३४ मिति २०६५।०७।०५ गतेको पत्र, जिल्ला वन कार्यालय काठमाण्डौंको च.नं. ५०७ मिति २०६५।०९।०३ गतेको पत्र र च.नं. ३१७ मिति २०७१।०५।१० गतेको पत्र, पशुपति क्षेत्र विकास कोषको च.नं. १९७ मिति २०६५।०५।२४ गतेको पत्र, च.नं. ३५१ मिति २०६५।०७।११ गतेको पत्र, च.नं. १००७ मिति २०६६।०१।२८ गतेको पत्र, सो पत्रको जवाफमा बच्चुराम दाहालले मिति २०६६।०१।३० गते कोषमा दिएको निवेदन तथा कोषको च.नं. १२० मिति २०७१।०५।०४ गतेको पत्रबाट देखिन आयो।

४४१. साथै, बच्चुराम दाहाललाई पशुपति क्षेत्र विकास कोषको च.नं. १००७ मिति २०६६।०१।२८ गतेको स्पष्टीकरण पत्रको जवाफमा रुख कटान गरेको सम्बन्धमा खानी उपभोक्ता समितिको रोहवरमा समितिले नै मदन आश्रित प्रतिष्ठानमा सुरक्षित राखेको भनी बच्चुराम दाहालले मिति २०६६।०१।३० गते कोषमा जवाफ पेश गरेको देखिन्छ। कोषले खानी सञ्चालन गर्दा काटिएका रुखहरु र मदन आश्रितमा राखिएका रुखहरु गोठाटार भैमाल खानेपानी तथा सरसफाई उपभोक्ता समिति गोठाटारलाई खानेपानी व्यवस्था प्रयोजनको लागि उपलब्ध गराउने भन्ने पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव परमानन्द शाक्यको संयोजकत्वमा मिति २०६६।०२।२९ गते बसेको बैठकबाट निर्णयसमेत भएको देखिन्छ। कोषको उल्लेखित जग्गामा वालुवा खानी संचालन गर्ने सम्बन्धमा पशुपति क्षेत्र विकास कोष र खानी उत्खननकर्ता बच्चुराम दाहाल बिच मिति २०६५।०७।०५ मा भएको सम्झौतामा कोषको जग्गामा रहेका रुखहरु प्रथम पक्षको निर्देशनमा कटान गरी उक्त रुखहरु प्रथम पक्षलाई बुझाउनु पर्ने, बालुवा, माटो उत्खनन् गर्दा जग्गामा कुनै किसिमको हानी नोक्सानी पुऱ्याउन नपाउने र हानी नोक्शानी भएमा सोको क्षतिपुर्ति प्रथम पक्षले तोकेको रकम द्वितीय पक्षले प्रथम पक्षलाई बुझाउनु पर्नेसमेतका शर्तहरू उल्लेख भए बमोजिम सो कटान भएको रुखको क्षतिपूर्ति बच्चुराम दाहालबाट भराउने तर्फ तत्कालिन पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव परमानन्द

शाक्यले कुनै कारबाही नगरी कटान भएका रुखहरु खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी खानी संचालनलाई निरन्तरता दिएको देखिन्छ। तसर्थ, सम्बन्धित निकायको स्वीकृती बिना अबैध रुपमा रुखहरु कटान गर्ने गराउने र त्यसको समयमा नै उचित क्षतिपूर्ति कोषलाई भराउने कार्यसमेत नगरी पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएको तर्फको बिगो रु ४,४८,६१६।८०(चार लाख अठ्चालिस हजार छ सय सोह्र रुपैयाँ असी पैसा)मा प्रतिवादीहरु निर्मल कुइकेल, महेन्द्रलाल श्रेष्ठ र खानी सञ्चालक बच्चुराम दाहाल दामासाहीले जिम्मेवार एवं जवाफदेही रहेको मान्नुपर्ने देखिन आयो।

४४२. त्यसैगरी, अब, माथि विवेचना गरिए अनुसार आ.व. ०६६/६७ देखि आ.व. ०६९/७० सम्मको अबधिमा जम्मा ३८,६४,०९९.२३८ क्यू.फिट बालुवाको परिमाण बढी निकासी गरी गराई बिगो रू.१,७८,५२,१३८।४७ (एक करोड अठत्तर लाख बाउन्न हजार एक सय अठ्तीस रुपैयाँ सत्चालिस पैसा) पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएको, सो को १३ प्रतिशतले हुन आउने भ्याट रकम रु २३,२०,७७८।००(तेइस लाख बीस हजार सात सय अठहत्तर रुपैयाँ) र आ.व. ०६६/६७ को जि.वि.स. सेवा शुल्क र रोयल्टी तर्फ बिगो रु. ४२,९४,८२५।५०(बयालिस लाख चौरानब्बे हजार आठ सय पच्चीस रुपैयाँ पचास पैसा) राज्य कोषलाई हानी नोक्सानी पुऱ्याएको मा को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो सो सन्दर्भमा हेर्दा, सो अबधि आ.व.०६६/६७ देखि आ.व.०६९/७० सम्ममा पशुपति क्षेत्र विकास कोषका सदस्य सचिवको पदमा प्रतिवादीहरु मध्येका सुशिल नाहटा मिति २०६६।०३।१६ देखि २०७०।०३।१५ गतेसम्म कार्यरत रहेको र जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको स्थानीय विकास अधिकारीको पदमा गोपाल प्रसाद पराजुली मिति २०६५।०८।१७ गते देखि मिति २०६८।०२।१२ गते सम्म र मिति २०६८।०९।१८ गते देखि मिति २०६९।०१।०७ गते सम्म कार्यरत रहेको देखिन्छ।

४४३. माथि बिभिन्न प्रकरणमा विवेचना गरिए बमोजिम कोषका उल्लेखित जग्गामा खानी सञ्चालन गर्ने क्रममा कोषलाई क्षति पुग्ने गरी कार्य गरेको र अनियमितता भएको भन्ने सम्बन्धमा उजुरी परी कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटाको संयोजकत्वमा गोठाटार स्थित बालुवा खानी अध्ययन तथा छानविन समिति गठन भई सो समितिले मिति २०६६।०७।२६ गते प्रतिवेदन समेत बुझाएको देखियो। सो प्रतिवेदनमा खानी

सञ्चालकले सम्झौता तथा स्वीकृत माईनिङ स्किम विपरित कार्य गरी जमिनको संरचना समेत बिगारी खानी सञ्चालन गरेको, जमिनको लेभल भन्दा तल गई बालुवा उत्खनन् गरेको, अवैध रुपमा माटो समेत बिक्री वितरण गरेको, वातावरणमा प्रतिकूल असर पर्ने गरी खानी सञ्चालन गरेको, तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् गरेको लगायतका महत्वपूर्ण विषयहरु उल्लेख भएको पाईयो। त्यसैगरी, पशुपति क्षेत्र विकास कोषका निर्देशक भोला सिटौला समेतले मिति २०६६।११।१४ गते पेश गरेको तथ्य विवरण प्रतिवेदन समेतमा खानी सञ्चालक खानी तथा खनिज पदार्थ ऐन, नियमावली, कोषसँग निज बच्चुराम दाहालले गरेको सम्झौता तथा स्वीकृत माईनिङ स्किम विपरित खानी सञ्चालन गरेको उल्लेख भएको देखियो। उल्लेखित प्रतिवेदनहरुलाई आधार मानी खानी उत्खनन्कर्ता बच्चुराम दाहालसँग मिति २०६५।०७।०५ गते भएको सम्झौता रद्द गरिएको भनी मिति २०६६।१२।२६ गते निर्णय गरी पशुपति क्षेत्र विकास कोषको च.नं. ७६५ मिति २०६६।१२।२७ गतेको पत्र मार्फत निज खानी उत्खनन्कर्ता बच्चुराम दाहालले कोषको जग्गा समेतलाई क्वारी क्षेत्र बनाई अनुमति पत्र लिएकोले निजको अनुमति पत्र समेत रद्द गर्नेतर्फ कारवाही हुन जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंलाई पत्राचार गरेको देखियो। तर सम्झौता तथा स्वीकृत माईनिङ स्किम विपरित कार्य गरी जमिनको संरचना समेत बिगारी खानी सञ्चालन गरेको, जमिनको लेभल भन्दा तल गई बालुवा उत्खनन् गरेको, अवैध रुपमा माटो समेत बिक्री वितरण गरेको, वातावरणमा प्रतिकूल असर पर्ने गरी खानी सञ्चालन गरेको, तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् गरेको भनी निज सुशील नाहटा सहित अन्य विज्ञहरुले खानी क्षेत्रको स्थलगत अध्ययन गरी प्रतिवेदन दिएको तथा कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटा आफैले मिति २०६६।१२।२६ गते गरेको सम्झौता रद्द गर्ने निर्णय आधारमा सो कुराहरु औंल्याएता पनि मिति २०६५।०७।०५ मा पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बीच कोषको जग्गामा वालुवा खानी संचालन गर्न भएको सम्झौताको शर्त बमोजिम उपरोक्त कार्य गरे बापत बच्चुराम दाहालबाट क्षतिपूर्ति भराउने तर्फ कुनैपनि कार्य नगरी आफैले दिएको प्रतिवेदन तथा मिति २०६६।१२।२६ गते गरेको सम्झौता रद्द निर्णय पर्चामा औंल्याएका विषयहरुमा आवस्यक कारबाही गर्ने र थप सजगता अपनाउनुपर्ने कुनै कार्य नगरी सो तर्फ मौन रही खानी उत्खनन्कर्ता बच्चुराम दाहालसँग सोही उल्लंघन गरिएका शर्तहरुसमेत राखी मिति २०६८।०२।२३ गते पुनः

सम्झौता गर्नु, उक्त सम्झौता पश्चात् निज खानी उत्खनन्कर्ताले के-कसरी उत्खनन् गरेका छन्, सम्झौता तथा स्वीकृत माईनिङ स्किम बमोजिम कार्य गरेका छन्, छैनन् भन्ने सम्बन्धमा कुनै अनुगमन नगरी खानी सञ्चालन कार्यलाई मात्र निरन्तरता दिनुले कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटाले खानी उत्खनन्कर्ता बच्चुराम दाहालसँग मिलेमतो गरी आफू र खानी उत्खनन्कर्ता बच्चुराम दाहालले व्यक्तिगत लाभ प्राप्त गर्ने गरी तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् कार्यलाई पनि निरन्तरता दिएको कोषका कार्यकारी निर्देशक रामशरण चिमोरिया समेतले पेश गरेको मिति २०६७।०३।२३ गतेको बालुवा खानी अध्ययन कार्यटोली (समिति) को प्रतिवेदन-२०६७, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका ईन्जिनियर सुरेन्द्र बैद्य समेतले स्थलगत निरीक्षण गरी मिति २०६८।१०।१९ गते पेश गरको प्रतिवेदन, कोषका सुरक्षा जवान यदुकुमार भट्टको मिति २०६६।११।०६ गतेको प्रतिवेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ७५५७ मिति २०६९।०१।१४ गतेको पत्र, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंको च.नं. २११६ मिति २०६९।१०।२८ गतेको पत्र, खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. १५ मिति २०७१।०४।०४ गतेको पत्रसाथ प्राप्त प्रतिवेदन, नापी विभाग, काठमाण्डौंको च.नं. ३७ मिति २०७१।०५।२० गतेको पत्रसाथ प्राप्त प्रतिवेदन, खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. ४०१ मिति २०७१।०५।२० गतेको पत्रसाथ प्राप्त प्रतिवेदन, GEO-ENVIRON Consultant को मिति २०७१।०४।०६ गतेको पत्र, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको च.नं. २२० मिति २०७१।०४।२१ गतेको पत्रसाथ प्राप्त प्रतिवेदनबाट समेत देखिन आयो।

४४४. यसरी निज सुशिल नाहटा मिति २०६६।०३।१६ देखि २०७०।०३।१५ गतेसम्म कार्यरत रहेको र माथि विवेचना गरिएअनुसार निज कार्यरत रहेको आ.व. ०६६/६७ देखि आ.व. ०६९/७० सम्मको अबधिमा जम्मा ३८,६४,०९९.२३८ क्यू.फिट बालुवाको परिमाण बढी निकासी गरी गराई बिगो रू.१,७८,५२,१३८।४७ (एक करोड अठत्तर लाख बाउन्न हजार एक सय अठ्तीस रुपैयाँ सत्चालिस पैसा) पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएको देखिएकोले उपरोक्त हानी नोक्सानी पुगेको बिगोका सन्दर्भमा प्रतिवादीहरु सुशिल नाहटा र बच्चुराम दाहालले दामासाहीले जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने देखिन आयो।

४४५. त्यसैगरी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको तत्कालिन स्थानीय विकास

अधिकारी गोपाल प्रसाद पराजुलीको हकमा हेर्दा, माथि विवेचना गरिए अनुसार पशुपति क्षेत्र विकास कोषको उपरोक्त जग्गामा खानी संचालनका सम्बन्धमा खानी तथा भूगर्भ विभाग काठमाण्डौंले खानी उत्खनन्कर्ता बच्चुराम दाहालले पालना गर्नुपर्ने निजको खानी उत्खनन् अनुमति पत्रमा कोषको उल्लेखित जग्गासमेत थप गर्नको लागि दिईएको सहमति बमोजिम जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंले मिति २०६६।०४।२० गते मात्र कोषको उल्लेखित जग्गासमेतलाई खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप गरेको देखिन्छ। खानी उत्खनन्कर्ता बच्चुराम दाहालले उत्खनन् गरेको बालुवाको नियम बमोजिमको राजस्व संकलन सम्बन्धमा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुलीले अनुसन्धानमा गरेको वयानमा "क्वारी क्षेत्र थप गर्न खानी विभागको स्वीकृत पत्र ढिला गरी आएको कारणले मात्र पछि क्वारी एरिया थप भएको पत्र दिएको र म भन्दा पूर्व कै स्थानीय विकास अधिकारीले स्वीकृति दिईसकेको क्षेत्रलाई समेत थप बालुवा निकाशी हुने अनुमान सहित स्वीकृति भई सोही आधारमा न्युनतम ठेक्का अंक कायम गरी सूचना प्रकाशित गरी बोलपत्र आव्हान भई ठेक्का पट्टा भएकोले आ.व. ०६६/०६७ को जिल्ला विकास समितिले प्राप्त गर्नुपर्ने सेवा शुल्क स्मृति कन्सट्रक्सन मार्फत असूल उपर भएको छ, सेवा शूल्क असुली गर्न छुटेको छैन" भनी उल्लेख गरेतापनि आ.व. ०६६/०६७ को जिल्ला विकास समितिले प्राप्त गर्नुपर्ने सेवा शुल्क स्मृति कन्सट्रक्सन मार्फत असूल उपर गर्ने सम्बन्धी सम्झौता कोषको उल्लेखित जग्गासमेतलाई खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप गरेको मिति २०६६।०४।२० गते भन्दा अगावै मिति २०६६।०३।३० गते गरेको देखिँदा र खानीको बालुवाको दुई आर्थिक बर्षको मुल्यतर्फ विश्लेषण गर्दा जिल्ला प्राविधिकको कार्यालय, काठमाण्डौको च.नं. ४७ मिति २०७१।०५।११ गतेको पत्रमा आ.व. ०६५/०६६ र ०६६/०६७ मा खानीको बालुवाको बजार दररेट प्रति क्यू.फिट क्रमशः रू. ३० र रू. ४५ रहेको भनी खुल्न आएबाट आ.व. ०६६/०६७ मा खानीको बालुवाको बजार मुल्य साविकमा भन्दा ५०% ले वृद्धि भएको देखिएकोले आ.व. ०६६/०६७ मा कोष समेतको जग्गालाई समावेश गरी रू. ९५,०९,०००।- मा स्मृति कन्सट्रक्शनसंग ठेक्का सम्झौता गरेको भनी बयानमा जिकिर लिए पनि उल्लेखित विवरण तथ्यमा आधारित रहेको देखिन आएन।

४४६. यसैगरी कोषको जग्गा आफ्नो क्वारी क्षेत्रमा थप भए पश्चात् खानी उत्खनन्कर्ता बच्चुराम

दाहालले आ.व.०६६/०६७ मा कोषको जग्गाबाट २०,१६,३५० क्यू.फिट बालुवा उत्खनन् गरी बिक्री वितरण गरेको अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको पशुपति क्षेत्र विकास कोषको च.नं. २१२ मिति २०७१।०६।०५ गतेको पत्रबाट देखियो तर जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ र स्मृति कन्स्ट्रक्सन प्रा.लि. विच मिति २०६६।३।३० गते जि.वि.स. सेवा शुल्क उठाउने प्रयोजनको लागि भएको सम्झौताको बुँदा नं. ३७ मा "सम्झौतामा उल्लेख नभएको अन्य कुराहरू प्रचलित ऐन, नियममा प्रष्ट व्यवस्था भएकोमा सोही बमोजिम र अन्य विषयको सम्बन्धमा जि.वि.स.बाट निर्णय भए बमोजिम हुने उल्लेख भए पनि ठेक्का सम्झौता पश्चात् क्वारी क्षेत्र थप भएको कोषको उल्लेखित जग्गामा संचालित बालुवा खानीबाट नियम बमोजिम प्राप्त हुने जि.वि.स.सेवा शुल्क संकलन गर्न जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंबाट कुनै निर्णय भएको वा कानून बमोजिम शुल्क संकलन गर्न खानी उत्खननकर्ता बच्चुराम दाहालसंग छुट्टै सम्झौता गरेको मिसिल संलग्न कागजातबाट देखिन आएन। त्यसैगरी, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को परिच्छेद ४ को नियम २१ र २२ मा उल्लेख भए अनुसार जिल्ला विकास समितिको कार्यालयले खानी उत्खनन् अनुमति प्राप्त व्यक्तिबाट खनिज पदार्थ उत्खनन् गरी निकासी गर्दा निकासी भएको परिमाणको नियम बमोजिमको स्थानीय विकास शुल्क तथा रोयल्टी संकलन गर्नु पर्ने व्यवस्था बमोजिम खानी उत्खननकर्ता बच्चुराम दाहालबाट आ.व. ०६६/०६७ मा उत्खनन् भएको बालुवाको परिमाणको नियम बमोजिमको राजश्व उठाउने तर्फ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुलीबाट कुनै पहल भएको मिसिल संलग्न कागजातबाट देखिन आएन।

४४७. यसरी जि.वि.स.सेवा शुल्क संकलन गर्ने सम्बन्धमा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं र स्मृति कन्सट्रक्शन बिच ठेक्का सम्झौता भए पश्चात् कोषको उल्लेखित जग्गा समेत थप गरी क्षमता तथा स्तरबृद्धि भएका खानी उत्खननकर्ता बच्चुराम दाहालको खानी क्षेत्रबाट निकासी गरेको बालुवाको परिमाणबाट नियम बमोजिम प्राप्त हुने जि.वि.स.सेवा शुल्क तथा रोयल्टी सम्बन्धमा स्मृति कन्सट्रक्शन प्रा.लि.को ठेक्का कबुल अंकमा पुनरावलोकन गरी नयाँ मुल्य कायम गर्ने वा खानी उत्खननकर्ता बच्चुराम दाहालसँग छुट्टै सम्झौता गरी निजले उत्खनन् गरी निकासी गरेको बालुवाको परिमाणबाट प्राप्त हुने नियम बमोजिमको जि.वि.स. सेवा शुल्क तथा रोयल्टी उठाउने तर्फ जिल्ला

विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुलीबाट कुनै पहल समेत नभई मौन रही खानी उत्खनन् कार्यलाई मात्र निरन्तरता र अवैध खानी सञ्चालनलाई बैधानिकता समेत दिनुले निज गोपाल प्रसाद पराजुलीले बदनियतपूर्वक खानी उत्खननकर्ता बच्चुराम दाहालसंग मिलेमतो गरी निजबाट आ.व.०६६/०६७ मा असूल हुनु पर्ने २०,१६,३५० क्यू.फिट बालुवाको परिमाणको नियम बमोजिमको जि.वि.स.सेवा शुल्क तथा रोयल्टी प्रति क्यू.फिट रु.२।१३ (तत्कालीन अवस्थामा बालुवाको जि.वि.स.सेवा शुल्क प्रति क्यू.फिट रु.२।- र रोयल्टी प्रति क्यू.फिट रु.०।१३ पैसा) का दरले हुन आउने रकम रु.४२,९४,८२५।५० (बयालीस लाख चौरानब्बे हजार आठ सय पच्चीस रुपैयाँ पचास पैसा) छली गरी गराई राज्य कोषमा क्षति पुऱ्याएको देखिन आएकोले उपरोक्त क्षती पुगेको बिगोका सन्दर्भमा प्रतिवादीहरु गोपाल प्रसाद पराजुली र बच्चुराम दाहालले दामासाहीले जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने देखिन आयो।

४४८. त्यसैगरी, पशुपति क्षेत्र विकास कोषको च.नं. ६४२ मिति २०६६।११।०५ गतेको पत्र मार्फत कोषको उल्लेखित जग्गामा खानी सञ्चालन गर्ने बच्चुराम दाहालले कोषसँग भएको सम्झौता तथा माईनिङ स्किम विपरित खानी सञ्चालन गर्दा बेन्चिङ प्रणालीबाट गर्नुपर्नेमा सो नगरेको, डम्पयार्ड, सिल्टेशन पोण्ड निर्माण नगरेको, तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् लगायतका सर्तहरु उल्लंघन गरेको भनी खानी सञ्चालक बच्चुराम दाहाललाई स्पष्टीकरण सोधी कोषको च.नं.७६२, मिति २०६६।१२।२६ गतेको पत्र मार्फत अनुमतिकर्ताको परफरमेन्ड बण्ड समेत जफत गर्ने गरी सम्झौता रद्ध गरी अग्रीम कारवाहीको लागि पशुपति क्षेत्र विकास कोषको च.नं. ७६६ मिति २०६६।१२।२७ गतेको पत्र मार्फत जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंलाई पत्राचार गरेकोमा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. २७३१ मिति २०६७/०१/०७ गतेको पत्र मार्फत खानी सञ्चालक बच्चुराम दाहालले प्रत्येक वर्ष खानी उत्खनन अनुमति पत्र नविकरण गर्दै आईरहेको र खानी तथा खनिज पदार्थ नियमावली २०५६ को नियम ४३ मा व्यवस्था भए अनुसार मात्र कुनै पनि खानीको ईजाजत पत्र रद्ध हुने भनी जवाफ पठाएको देखियो। जग्गा धनी पशुपति क्षेत्र विकास कोषको पत्र तथा निर्णयमा खानी उत्खननकर्ता बच्चुराम दाहालको खानी उत्खनन् अनुमति पत्र रद्द हुने यथेष्ट अवस्थाहरु खानी तथा खनिज पदार्थ नियमावली २०५६ को नियम ४३ को देहाय (घ) र (ङ)

समेतबाट देखिए तापनि निज खानी उत्खनन्कर्ता बच्चुराम दाहालको अनुमति पत्र रद्द हुन नसक्ने भनी पत्राचार गरेको देखियो। यसैगरी, ऐ. नियमावलीको परिच्छेद ७ को नियम ३८ को उपनियम (१) ले खानी तथा खनिज पदार्थ ऐन, नियमावली तथा अन्य प्रचलित कानूनको पालना भए/नभएको सम्बन्धमा जि.वि.स.को कार्यालयले अनुगमन गरी उल्लेखित कार्य नगरेमा खनिज कार्य रोक्का तथा अनुमति पत्र खारेज समेत गर्न सक्ने व्यवस्था गरेको छ तर कोषको उल्लेखित पत्र प्राप्त भए पश्चात् खानी उत्खनन्कर्ताले के-कसरी खानी उत्खनन् गरेका छन् भनी खानी क्षेत्रको अनुगमन गर्ने वा विज्ञहरू खटाउने वा खानी विकास समितिको बैठकमा छलफल गरी निर्णय लिने कार्य जि.वि.स.को कार्यालय, काठमाण्डौबाट भए गरेको देखिएन। त्यस्तै, कोषको च.नं. ७६६ मिति २०६६।१२।२७ गतेको पत्रको जवाफमा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौको च.नं. २७३१ मिति २०६७/०१/०७ गतेको पत्र मार्फत पशुपति क्षेत्र विकास कोषलाई खानी उत्खनन्कर्ताको खानी उत्खनन् अनुमति पत्र रद्द हुन नसक्ने भनी खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई बोधार्थसमेत दिई पत्राचार गरेको देखियो।

४४९. यसरी, खानी उत्खनन्कर्ता बच्चुराम दाहालले कोषसँगको सम्झौता र स्वीकृत माईनिङ्ग स्किम विपरित कोषको जग्गाबाट तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् गरी विक्री वितरण गरेको, अबैध वन कटान गरेको, कोषको जग्गा समतल गर्न प्रयोग गर्नुपर्ने माटो समेत अबैध विक्री वितरण गरेको, वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी कार्य गरेको र कोषको जग्गामा ठूलो क्षति पुऱ्याएको जस्ता महत्वपूर्ण विषयहरू उल्लेख गरी कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बीच भएको खानी उत्खनन् सम्बन्धी सम्झौतासमेत रद्द गरी पशुपति क्षेत्र विकास कोषले जि.वि.स.को कार्यालय, काठमाण्डौलाई पत्राचार गरेकोमा खानी उत्खनन्कर्ता बच्चुराम दाहालले खानी उत्खनन् अनुमति पत्र नविकरण गर्दै आएकोले रद्द गर्न नमिल्ले भनी पत्राचार गर्नु र मूल पत्रको बोधार्थमा महत्वपूर्ण कार्यालयहरूलाई जानकारी नै नदिई खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई बोधार्थ दिई कोषलाई पत्राचार गर्नुले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुली र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल विच मिलोमतो गरी कोषको जग्गामा सञ्चालन हुने गुरूयोजनालाई नै प्रभावित पार्ने गरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालाई खानी सञ्चालन गर्न दिने र सोबाट आफू र बच्चुराम दाहालले लाभ लिने गरी बदनियतपूर्वक कार्य गरेको देखिन आयो।

४५०. यसैगरी पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटाको संयोजकत्वमा गठित जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका प्रतिनिधी समेत रहेको गोठाटार स्थित बालुवा खानी अध्ययन तथा छानविन समितिको प्रतिवेदन-२०६६ लगायतका प्रतिवेदनले खानी उत्खनन्कर्ता बच्चुराम दाहालले खानी तथा भूगर्भ विभाग,काठमाण्डौंको च.नं. १३७५ मिति २०६६।०३।२६ गतेको पत्रमा उल्लेखित सर्त, कोष तथा जि.वि.स. कार्यालय, काठमाण्डौंसँग गरेको सम्झौता विपरित खानी सञ्चालन गरेको देखिन आयो। त्यस्तै, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को परिच्छेद ९ को नियम ४२ को उपनियम (३) अनुसार साधारण निर्माणमुखी खनिज पदार्थको हकमा सम्बन्धित जिल्ला विकास समितिले आवश्यक जाँचबुझ गरी नविकरण गर्नुपर्ने, ऐ. नियमावलीको परिच्छेद ७ को नियम ३८ अनुसार जिल्ला विकास समितिले साधारण निर्माणमुखी खनिज पदार्थको अनुमति पत्र प्राप्त व्यक्तिबाट खनिज कार्य गर्दा खानी तथा खनिज पदार्थ ऐन र नियमावली तथा अन्य प्रचलित कानूनको पालना भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने र यसरी अनुगमन गर्दा जिल्ला विकास समितिले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक निर्देशन दिन, खनिज कार्य रोक्का राख्न र साधारण निर्माणमुखी खनिज कार्यको अनुमतिपत्र खारेज गर्न सक्ने व्यवस्था छ तर सो नै नगरी पूर्व छानविन प्रतिवेदनहरूमा उल्लेख भएको विषयहरुमा ध्यान नै नदिई उल्लेखित प्रावधानहरूको विपरित जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंले निज बच्चुराम दाहालको खानी तथा खनिज पदार्थको खनिज कार्यको अनुमति पत्र मिति २०६६।०५।२० र मिति २०६७।०४।३० गते नविकरण गर्नु गराउनुले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुलीले खानी उत्खनन्कर्ता बच्चुराम दाहालसँग मिलोमतो गरी कोषको गुरुयोजना लागू गर्ने कार्यक्रमलाई नै प्रभावित पार्ने गरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालको अनुमति पत्र बदनियतपूर्वक पटक-पटक नविकरण गरे गराएको देखिन आयो।

४५१. अब, माथि विवेचना गरिए अनुसार सुशिल नाहटाको कार्यकाल बाहेकको अबधिमा जम्मा (१,१७,४७,१९७.०४१-३८६४०९९.२३८) = ७८,८३,०९७.८०३ क्यू.फिट बालुवा बढि उत्खनन् गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएको तर्फ कोष र बालुवा खानी उत्खनन्कर्तासँग मिति २०७०/१०/०९ मा गरेको सम्झौता बमोजिमको प्रति क्यु.फिट रु. ६।८१ का दरले हिसाब गर्दा हुन आउने मूल्य बिगो रु.

५,३६,८३,८९६.०४ (पाँच करोड छत्तीस लाख त्रियासी हजार आठ सय छेयानब्बे रुपैयाँ चार पैसा) पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको र सो मा १३% मुल्य अभिवृद्धि करको दरले हुन आउने रु. ६९,७८,९०६।४८ साथै सो मा लाग्ने जि.वि.स. सेवा शुल्क, वातावरण शुल्क तथा रोयल्टी समेत गरी जम्मा प्रति क्यू.फिट रू.३।१३ को दरले हिसाब गर्दा हुन आउने रु.२,४६,७४,०९६।१२ समेत हानी नोक्सानी पुऱ्याएकोमा को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो सो सन्दर्भमा हेर्दा, पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता बच्चुराम दाहाल बीच कोषको उल्लेखित जग्गाहरुमा खानी संचालन सम्बन्धमा मिति २०६५।०७।०५ गते प्रति क्यू.फिट वालुवाको रू.३।०५ को दरले, २०६८।०२।२३ गते प्रति क्यू.फिट वालुवाको रू.६।२० को दरले, र २०७०।१०।०९ गते प्रति क्यू.फिट वालुवाको रू.६।८१ को दरले पशुपति क्षेत्र विकास कोषले खानी उत्खनन्कर्ताबाट प्राप्त गर्ने गरी छुट्टा छुट्टै सम्झौता भई खानी उत्खनन कार्य भएको देखिन्छ। प्रतिवादी सुशिल नाहटा मिति २०६६।०३।१६ देखि २०७०।०३।१५ गतेसम्म पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव पदमा कार्यरत रहेको र निज सदस्य सचिव पदमा कार्यरत रहेको अबधिमा पुऱ्याइएको हानी नोक्सानीका सन्दर्भमा माथि विवेचना गरिसकिएको र सो बाहेकको अबधिमा ७८,८३,०९७.८०३ क्यू.फिट बालुवा सम्झौतामा उल्लेखित परिमाण भन्दा बढि परिमाण उत्खनन् गरी पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएको बिगो रु. ५,३६,८३,८९६.०४ (पाँच करोड छत्तीस लाख त्रियासी हजार आठ सय छेयानब्बे रुपैयाँ चार पैसा), सो मा १३% मुल्य अभिवृद्धि करको दरले हुन आउने रु. ६९,७८,९०६।४८ (उनान्सत्तरी लाख अठहत्तर हजार नौ सय छ रुपैयाँ अठ्चालिस पैसा) र सो मा लाग्ने जि.वि.स. सेवा शुल्क, वातावरण शुल्क तथा रोयल्टी रु.२,४६,७४,०९६।१२(दुई करोड छेयालिस चौहत्तर हजार छेयानब्बे रुपैयाँ बाह्र पैसा) को जिम्मेवारी एवं दायित्व प्रतिवादीहरु मध्येका खानी उत्खनन्कर्ता प्रतिवादी बच्चुराम दाहालले बहन गर्नुपर्ने देखिन आयो।

४५२. अब, माथि विवेचना गरिए अनुसार अबैधरुपमा उत्खनन् गरी निकासी गरेको १,९५,११२ घन मिटर माटो वापतको विगो रु. १,६९,२९,६५१।५०(एक करोड उनान्सत्तरी लाख उनान्तीस हजार छ सय एकाउन्न रुपैयाँ पचास पैसा) पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएकोमा को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो सो सन्दर्भमा हेर्दा, खानी उत्खनन्कर्ता प्रतिवादी बच्चुराम दाहालले कोषको जग्गामा माटोसमेत

उत्खनन गरी सम्झौता बमोजिम सम्याउने कार्य नगरेको, माटो अबैध रुपमा बिक्री गरेको माथि विवेचना गरिएका बिभिन्न अध्ययन प्रतिवेदन, अनुगमन कर्ता टोलीहरुको प्रतिवेदन, एवं खानी उत्खनन्कर्ता प्रतिवादी बच्चुराम दाहाललाई सोधिएका स्पष्टिकरण पत्रहरुबाट समेत देखिन्छ। साथै, पशुपती क्षेत्र विकाश कोषलाई बच्चुराम बालुवाखानी प्रा.लि.ले माटो बेचे वापत आ.व. २०७०/०७१ मा रु. ३३,३६,४४०।– तथा आ.व. २०७१/०७२ मा रु. ७३,०४० बुझाएको कोषको च.नं. २१२ मिति २०७१/०६/०५ को पत्रबाट देखिन्छ। कुन अबधिमा के कति माटोको परिमाण अबैधरुपमा निकासी भएको हो सो कुरा मिसिल संलग्न कागजातबाट खुल्न नआएको र पशुपती क्षेत्र विकाश कोषलाई बच्चुराम बालुवाखानी प्रा.लि.ले माटो बेचे वापत आ.व. २०७०/०७१ र आ.व. २०७१/०७२ मा माटो बेचे वापतको रकम दाखिला गरेको रकम उत्खनन् गरी निकासी गरेको १,९५,११२ घन मिटर माटोको परिमाणका आधारमा तुलना गर्दा दाखिला गरेको रकम औचित्यपूर्ण मान्न सकिएन। त्यसैले अबैधरुपमा उत्खनन् गरी निकासी गरेको १,९५,११२ घन मिटर माटो वापतको पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएको विगो रु. १,६९,२९,६५१।५०(एक करोड उनान्सत्तरी लाख उनान्तीस हजार छ सय एकाउन्न रुपैयाँ पचास पैसा) को जिम्मेवारी एवं दायित्व प्रतिवादीहरु मध्येका खानी उत्खनन्कर्ता प्रतिवादी बच्चुराम दाहालले बहन गर्नुपर्ने देखिन आयो।

४५३. त्यसैगरी, माथि विवेचना गरिए अनुसार मिठ्ठाराम दाहाल र पशुपति क्षेत्र विकास कोष बीच सम्झौता हुनु पूर्व नै आ.व. ०६९/०७० मा २,३०,००० क्यू.फिट अवैध बालुवा उत्खनन् गरी गराई बिक्री वितरण भएको बालुवाको नियम बमोजिम कोषले पाउनु पर्ने रकम विगो रु.१४,२६,०००।०० (चौध लाख छब्बिस हजार मात्र) पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएकोमा को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो सो सन्दर्भमा हेर्दा, पाँउदै नपाएको अख्तियारी पाएको छु भनी कोषका तत्कालिन उपनिर्देशक राजु कुमार रेग्मीले झुट्टा कागज बनाई खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाललाई तत्कालीन सदस्य सचिवको निर्देशनमा कोषको जग्गामा खानी उत्खनन् अनुमति पत्र लिन आवश्यक पर्ने कोषको सहमति दिएको, सो विषयमा कोषका तत्कालीन सदस्य सचिव सुशिल नाहाटा आफू वेखवर रहेको र आफूले त्यस्तो पत्र जारी गर्न निर्देशन वा अख्तियारी नदिएको भनी अनुसन्धानमा बयान गरेतापनि कोषको जग्गाबाट लामो अबधिका लागि उत्खनन् गर्न प्रति क्यू फिट वालुवाको दररेटसमेत तोकी कोषको आर्थिक कारोबारसंगसमेत सम्बन्धित

यसप्रकारको दीर्घकालिन महत्वको विषयमा सहमति दिने जस्तो कानून विपरितको कार्य गर्ने निज राजु कुमार रेग्मी उपर कुनै कारवाही नगरी तथा त्यस्तो मञ्जुरीनामा भनिएको पत्रबाट कोषको जग्गामा पुग्न सक्ने क्षतिलाई समय मै सच्याउने प्रयाससमेत नगरी कोषसँग सम्झौता गर्नु पूर्व नै खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको निर्देशनमा कोषको जग्गामा खानी सञ्चालन गरिसकेको अवस्थामा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदको मिति २०६९।०९।०८ गतेको बैठकमा कोषको जग्गामा अवैध खानी सञ्चालन गरीरहेका निज मिठ्ठाराम दाहाललाई नै कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट बालुवा तथा माटो समेत उत्खनन् गर्न दिने गरी एजेण्डा तय गरी सिफारिससमेत गरी निर्णय समेत भएको देखिँदा अवैध खानी सञ्चालनलाई बैधानिकता प्रदान गरेको तथा राजु कुमार रेग्मीबाट सो विवादित मञ्जुरीनामा दिने कार्य समेत निज सुशिल नाहटा कै निर्देशनमा भएको मान्नुपर्ने देखिन आयो।

४५४. त्यसैगरी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका प्रशासनिक एवं अनुगमन कार्यको जिम्मेवारी पाएका तत्कालिन योजना अनुगमन तथा प्रशासकीय अधिकृत भिष्म कुमार मल्लले प्रथम दृष्टिमै शंकास्पद कोषको विवादस्पद व्यहोराको मञ्जुरीनामा पत्र सम्बन्धमा कोषलाई पत्राचार गर्ने, आफु भन्दा माथिल्लो अधिकारी समक्ष पेश गरी कोषको आधिकारीक सहमति छ कि छैन भनी जाँचबुझ गर्ने जस्ता कार्य नगरी सोही मञ्जुरीनामा पत्रलाई कोष (जग्गाधनी) को सहमति रहेको आधिकारीक लिखत मानी उक्त विवादस्पद मञ्जुरीनामा पत्रको आधारमा निज मिठ्ठाराम दाहालको नाममा खानी उत्खनन् अनुमति पत्र जारी गर्न प्रस्ताव समेत गरेको देखिन आयो। यसबाट भिष्म कुमार मल्लले खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालसंग मिलोमतो गरी कोषको उल्लेखित जग्गा मध्येको कि.नं. ८० मा खानी सञ्चालक बच्चुराम दाहालको सहोदर दाजु मिठ्ठाराम दाहाललाई खानी उत्खनन् गर्न दिने बदनियत राखी कार्य गरेको मान्नु पर्ने देखिन आयो।

४५५. कोषबाट प्राप्त उक्त विवादास्पद मञ्जुरीनामा पत्र संलग्न राखी मिठ्ठाराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंमा साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्रको लागि मिति २०६८।१०।०४ गते निवेदन दिएकोमा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुलीले सोही अवैधानिक पत्रलाई आधारमानी जग्गाधनी पशुपति क्षेत्र विकास

कोषलाई समेत पत्राचार नगरी निज मिठ्ठाराम दाहाललाई कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० को जग्गाबाट खानी उत्खनन् अनुमति दिने उद्देश्यले प्रकृया अगाडि बढाई खानी विकास समितिको मिति २०६८।११।११ गतेको निर्णयले निज मिठ्ठाराम दाहालले माग गरे बमोजिमको क्षेत्रमा खानी उत्खनन् ईजाजत दिन जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. १४९० मिति २०६८।११।१७ गतेको पत्र मार्फत खानी तथा भूगर्भ विभाग, काठमाण्डौंलाई सिफारिस गरेको देखिन आयो।

४५६. त्यसैगरी सो सिफारिसको आधारमा खानी तथा भूगर्भ विभाग, काठमाण्डौंबाट पत्राचार भई जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंबाट निज खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालको नाममा मिति २०६९।०६।०५ गते खानी उत्खनन् अनुमति पत्र जारी भएको देखियो। प्रतिवादी प्रेमराज जोशी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंमा मिति २०६९।०१।८ गते देखि मिति २०७१।०२।०७ गते सम्म स्थानीय विकास अधिकारीको पदमा कार्यरत रहेको देखियो। खानी उत्खनन् अनुमति पत्र प्राप्त गरे पश्चात् निज मिठ्ठाराम दाहालले बालुवा निकासी गर्दा प्रयोग हुने जि.वि.स. सेवा शुल्क सम्बन्धी बिल प्याड समेत पाउँ भनी स्थानीय विकास अधिकारीलाई सम्बोधन गरी मिति २०६९।०६।०५ गते निवेदन पेश गरी कोषको उल्लेखित जग्गामा खानी उत्खनन् गर्न जि.वि.स.को कार्यालय, काठमाण्डौंसँग मिति २०६९।०६।१५ सम्झौतासमेत गरी जि.वि.स.को कार्यालय, काठमाण्डौबाट निज मिठ्ठाराम दाहालको नाममा मिति २०६९।०६।१५ गते देखि नै पटक-पटक नगदी रसिद समेत जारी भएको देखिन आयो। जि.वि.स.को कार्यालय, काठमाण्डौको च.नं. ५१५ मिति २०६९।०६।१५ गतेको पत्र मार्फत खानी उत्खनन् अनुमति प्राप्त मिठ्ठाराम दाहालको खानी सञ्चालन भएको भनी गाउँ विकास समितिको कार्यालय, गोठाटार काठमाण्डौलाई पत्राचार गरेको देखिएतापनि खानी सञ्चालन भएको जानकारी जग्गाधनी पशुपति क्षेत्र विकास कोषलाई दिएको तथा खानी सञ्चालन गर्नु गराउनु पूर्व कोषको सहमति माग गरेको एवं पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाल विच सो समयमा खानी सञ्चालन सम्बन्धमा कुनै सम्झौता भएको मिशिल संलग्न कागजातबाट देखिन आएन भने सो खानी सञ्चालन सम्बन्धमा पशुपति क्षेत्र विकास कोष र खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाल विच १ वर्ष भन्दा बढि अबधि पछि मिति २०७०।०८।२७ गते मात्र सम्झौता भएको देखियो।

४५७. यसरी, पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटा, उपनिर्देशक राजुकुमार रेग्मी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारीद्वय गोपाल प्रसाद पराजुली र प्रेमराज जोशी, योजना अनुगमन तथा प्रशासकीय अधिकृत भिष्म कुमार मल्ल र खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालको मिलोमतोमा सुनियोजित तवरले खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहाललाई कोषको जग्गामा खानी सञ्चालन गर्न दिने बदनियत राखी कार्य गरी गराई पशुपति क्षेत्र विकास कोषसँग सम्झौता गर्नु पूर्व नै आ.व.०६९/०७० मा कोषको जग्गाबाट २,३०,००० क्यू.फिट अवैध बालुवा उत्खनन् गरी बिक्री वितरण गरी सो परिमाण बालुवाको नियम बमोजिम पाउनु पर्ने रकम रु.१४,२६,०००।- (चौध लाख छब्बिस हजार मात्र) पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं.१३६२ मिति २०७१।०८।२२ गतेको पत्र, पशुपति क्षेत्र विकास कोषको च.नं. २१२ मिति २०७१।०६।०५ गतेको पत्र, खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. ४०१ मिति २०७१।०५।२० गतेको पत्रसाथ प्राप्त प्राविधिक समितिले दिएको स्थलगत सर्वेक्षण प्रतिवेदन, नापी विभाग, मिनभवन, काठमाण्डौंको च.नं. ३७ मिति २०७१।०५।२० को पत्रसाथ प्राप्त प्रतिवेदन, मिति २०७१।४।१५ को GIEF Consultancy को प्रतिवेदन, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंको च.नं. १००७ मिति २०७१।०७।२१ गतेको पत्रबाट देखिन आएकोले उपरोक्त क्षती पुगेको बिगो रु.१४,२६,०००।- (चौध लाख छब्बिस हजार मात्र) का सन्दर्भमा प्रतिवादीहरु सुशिल नाहटा, राजु कुमार रेग्मी, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल र मिठ्ठाराम दाहालले दामासाहीले जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने देखिन आयो।

४५८. वादी नेपाल सरकारको अभियोग दाबी बमोजिमको बिगो कायम हुने हो वा होइन र प्रतिवादीहरुको भूमिका र संलग्नताका आधारमा निजहरुले अभियोग दाबी बमोजिमको कसूर गरेको देखिने हो वा होइन भन्ने तेश्रो प्रश्नका सम्बन्धमा बिचार गर्दा, अवैध रुपमा १८६९ थान खोटे सल्ला रुख कटान गरी बालुवा तथा माटो उत्खनन् गरी श्री पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याई जि.वि.स शुल्क तथा रोयल्टी र भ्याटसमेत छली पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिवद्वय निर्मल कुँईकेल र सुशिल नाहटा, कोषका उप निर्देशक राजुकुमार रेग्मी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारीहरू महेन्द्रलाल श्रेष्ठ, गोपालप्रसाद

पराजुली र प्रेमराज जोशी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन योजना अनुगमन तथा प्रशासकीय अधिकृत भिष्म कुमार मल्ल तथा खानी उत्खनन्‌कर्ता द्वय बच्चुराम दाहाल र मिठ्ठाराम दाहालले मिलेमतो गरी गैह्र कानूनी लाभ लिई बदनियतपूर्ण तवरले राज्य कोष तथा पशुपति क्षेत्र विकास कोषलाई रू.४६,५६,८७,१५८।४६ (छेयालीस करोड छपन्न लाख सत्तासी हजार एक सय अन्ठाउन्न रुपैयाँ छेयालीस पैसा मात्र) हानी नोक्सानी पुऱ्याएको भनी संलग्न उपरोक्त कर्मचारी तथा पदाधिकारीहरूको हकमा अलग अलग माग दाबी लिई आरोप पत्र दायर गरेको देखिन्छ।

४५९. माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट अबैध रुख कटान तर्फ जम्मा रु.४,४८,६१६।८० (चार लाख अठचालिस हजार छ सय सोह्र रुपैयाँ असी पैसा) हानी नोक्सानी भएको देखिएकोमा प्रतिवादीहरु निर्मल कुँईकेल, महेन्द्रलाल श्रेष्ठ र बच्चुराम दाहालका हकमा जनही बिगो रु.४,४८,६१६।८० माग दाबी लिई वादी नेपाल सरकारले आरोप पत्र दायर गरेकोले अबैध रुख कटान तर्फ बिगो दावी तेब्बर हुन गएको, सस्तो दररेटमा खानी संचालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुगेको तर्फको जि.वि.स. सेवा शुल्क, रोयल्टी संकलन नभएकोमा पनि प्रत्येक प्रतिवादीका हकमा जनही सो तर्फको पुरै बिगो दावी लिएको, बालुवाको परिमाण बढी निकासी गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुगेको तर्फ पनि एउटै परिमाणको वालुवाको हकमा प्रतिवादी सुशील नाहाटा र खानी उत्खनन्‌कर्ता बच्चुराम दाहाललाई दोहोरो पर्ने गरी बिगो कायम गरेको, सोही परिमाणको वालुवाको हकमा प्रतिवादी सुशील नाहाटा र खानी उत्खनन्‌कर्ता बच्चुराम दाहालका हकमा फरक फरक दररेटले हिसाब गरी बिगो कायम गरेको, अबैधरुपमा उत्खनन् गरी निकासी गरेको माटो वापतको विगो तर्फ खानी बाट बिक्री हुसक्ने मूल्य तर्फ विचार नगरी निर्माण कार्यहरुको सम्बन्धमा बोलपत्र आव्हान गर्ने लागत अनुमान तयार गर्ने प्रयोजनका लागि शहरी विकास तथा भवन निर्माण बिभागले दर विश्लेषणका आधारमा तयार गरेको दररेटलाई आधार मानी हिसाब गरी बिगो कायम गरेको, मिठ्ठाराम दाहालबाट आ.व. ०६९/७० मा अवैध बालुवा खानी संचालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको तर्फ जम्मा बिगो रु.१४,२६,०००।- (चौध लाख छब्बिस हजार मात्र) पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको देखिएकोमा प्रतिवादीहरु सुशिल नाहटा, राजु कुमार रेग्मी, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल र मिठ्ठाराम दाहाल सबैलाई जनही बिगो रु.१४,२६,०००।– नै कायम गरी

६ गुणा बढि कायम गरेको एवं आ.व. ०७०/७१ का सम्बन्धमा आरोप माग दाबी पुग्न नसक्ने देखिएकोले वादी नेपाल सरकारको अभियोग दाबी बमोजिमको जम्मा रु.४६,५६,८७,१५८।४६ (छेयालीस करोड छपन्न लाख सत्तासी हजार एक सय अन्ठाउन्न रुपैयाँ छेयालीस पैसा मात्र) बिगो कायम हुने अवस्थाको बिद्यमानता देखिन आएन। त्यसैगरी प्रतिवादीहरु निर्मल कुँईकेल, सुशिल नाहटा, राजुकुमार रेग्मी, महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल तथा खानी उत्खनन्कर्ता द्वय बच्चुराम दाहाल र मिठ्ठाराम दाहालको हकमा पनि आरोप माग दाबी बमोजिमको बिगो कायम हुने अवस्थाको बिद्यमानता देखिन आएन।

४६०. अब, श्री पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ (क) को कि.नं. ५९ र ८४ तथा ऐ. वडा नं. ४ (क) को कि.नं. ८० को जम्मा ५३४ रोपनी जग्गाहरुमा प्रतिवादीहरु निर्मल कुँईकेल, सुशिल नाहटा, राजुकुमार रेग्मी, महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल तथा खानी उत्खनन्कर्ता द्वय बच्चुराम दाहाल र मिठ्ठाराम दाहालले मिलेमतो गरी गैह्र कानूनी लाभ लिई बदनियतपूर्ण तवरले अवैध रुपमा रुख कटान गरी बालुवा तथा माटोसमेत उत्खनन् लगायतका कार्यहरु गरी श्री पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याई जि.वि.स शुल्क तथा रोयल्टी र भ्याटसमेत छली राज्य कोष तथा पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएकोले जम्मा कायम हुन आएको बिगो रू.१५,८६,७८,८९९।५६ (पन्ध्र करोड छेयासी लाख अठहत्तर हजार आठ सय उनान्सय रुपैयाँ छपन्न पैसा मात्र) बाट को को प्रतिवादीका हकमा के कति बिगो कायम हुने हो सो तर्फ हेर्दा, उपरोक्त हानी नोक्सानी पुऱ्याएको बिगोमा को कसको के कस्तो भूमिका र संलग्नता रहेको देखिने हो सो सन्दर्भमा माथि बिभिन्न प्रकरणहरुमा विवेचना गरिसकिएकोले सो बमोजिम हिसाब गर्दा अबैध रुख कटान तर्फ जम्मा रु.४,४८,६१६।८० (चार लाख अठचालिस हजार छ सय सोह्र रुपैयाँ असी पैसा) हानी नोक्सानी भएको देखिएकोमा सो बिगो सन्दर्भमा प्रतिवादीहरु निर्मल कुँईकेल, महेन्द्रलाल श्रेष्ठ र बच्चुराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले दामासाहीले जनही बिगो रु १,४९,५३८।९३ कायम हुने, आ.व.०६५/६६ मा बच्चुराम दाहालले उत्खनन गरेको ५४,२५,२५० क्यू. फिट वालुवा सस्तो दररेटमा खानी संचालन गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुगेको तर्फको जम्मा बिगो रु. १,६३,८४,२५५।०० को सन्दर्भमा प्रतिवादीहरु निर्मल

कुँईकेल र बच्चुराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले दामासाहीले जनही बिगो रु ८१,९२,१२७।५० कायम हुने, सो जम्मा बिगो रु. १,६३,८४,२५५।०० को १३ प्रतिशतले हुन आउने भ्याट रकम रु २१,२९,९५३।१५ मा प्रतिवादी बच्चुराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले प्रतिवादी बच्चुराम दाहालको नाममा बिगो कायम हुने, सो ५४,२५,२५० क्यू. फिट वालुवाको जि. वि. स. सेवा शुल्क, रोयल्टी भुक्तानी भएको नदेखिएकोले प्रति क्यू. फिट वालुवाको रु २।१३ का दरले आ.व.०६५/६६ को जिविस सेवा शुल्क र रोयल्टी तर्फ बिगो रु.१,१५,५५,७८२।५० नोक्सानी भएको सन्दर्भमा प्रतिवादीहरु महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली र बच्चुराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले दामासाहीले जनही बिगो रु ३८,५१,९२७।५० कायम हुने, आ.व. ०६६/६७ मा बच्चुराम दाहालले उत्खनन गरेको २०,१६,३५० क्यू. फिट वालुवाको जि.वि.स. सेवा शुल्क, रोयल्टी भुक्तानी भएको नदेखिएकोले प्रति क्यू. फिट वालुवाको रु २।१३ का दरले आ.व. ०६६/६७ को जिविस सेवा शुल्क र रोयल्टी तर्फ बिगो रु. ४२,९४,८२५।५० राज्य कोषलाई नोक्सानी भएको सन्दर्भमा प्रतिवादीहरु गोपाल प्रसाद पराजुली र बच्चुराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले दामासाहीले जनही बिगो रु २१,४७,४१२।७५ कायम हुने, आ.व. ०६६/६७ देखि आ.व. ०६९/७० सम्मको अबधिमा जम्मा ३८,६४,०९९.२३८ क्यू.फिट बालुवाको परिमाण बढी निकासी गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुगेको तर्फ जम्मा रकम रू.१,७८,५२,१३८।४७ (एक करोड अठत्तर लाख बाउन्न हजार एक सय अठ्तीस रुपैयाँ सत्चालिस पैसा) बराबरको बिगो पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको सन्दर्भमा प्रतिवादीहरु सुशिल नाहाटा र बच्चुराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले दामासाहीले जनही बिगो रु ८९,२६,०६९।२४ कायम हुने, सो को १३ प्रतिशतले हुन आउने भ्याट रकम रु २३,२०,७७८।०० मा प्रतिवादी बच्चुराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले प्रतिवादी बच्चुराम दाहालको नाममा बिगो कायम हुने, सुशिल नाहटाको कार्यकाल बाहेकको अबधिमा जम्मा (१,१७,४७,१९७.०४१-३८६४०९९.२३८) = ७८,८३,०९७.८०३ क्यू.फिट बालुवा बढि उत्खनन् गरी गराई पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुगेको तर्फ रु. ५,३६,८३,८९६.०४ (पाँच करोड छत्तीस लाख त्रियासी हजार आठ सय छेयानब्बे रुपैयाँ चार पैसा) पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको र सो मा १३% मुल्य अभिवृद्धि करको दरले हुन आउने रु.

६९,७८,९०६।४८ साथै सो मा लाग्ने जि.वि.स. सेवा शुल्क, वातावरण शुल्क तथा रोयल्टी समेत गरी जम्मा प्रति क्यू.फिट रू.३।१३ को दरले हिसाब गर्दा हुन आउने रु.२,४६,७४,०९६।१२ मा प्रतिवादी बच्चुराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले प्रतिवादी बच्चुराम दाहालको नाममा बिगो कायम हुने, अबैधरुपमा उत्खनन् गरी निकासी गरेको माटो वापतको रु. १,६९,२९,६५१।५० पशुपति क्षेत्र विकास कोषलाई क्षति पुगेको विगो तर्फ प्रतिवादी बच्चुराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले प्रतिवादी बच्चुराम दाहालको नाममा बिगो कायम हुने, मिठ्ठाराम दाहाल र पशुपति क्षेत्र विकास कोषसँग सम्झौता गर्नु पूर्व नै आ.व. ०६९/०७० मा २,३०,००० क्यू.फिट अवैध बालुवा उत्खनन् गरी गराई बिक्री वितरण भएको बालुवाको नियम बमोजिम कोषले पाउनु पर्ने रकम तर्फको बिगो रु. १४,२६,०००।- (चौध लाख छब्बिस हजार मात्र) मा प्रतिवादीहरु सुशिल नाहटा, राजु कुमार रेग्मी, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल र मिठ्ठाराम दाहाल जिम्मेवार एवं जवाफदेही देखिएकोले दामासाहीले जनही बिगो रु २,३७,६६६।६७ कायम हुने देखिन आयो।

४६१. यसरी, प्रतिवादी निर्मल कुइकेलको हकमा बिगो रु.८३,४१,६६६।४३ (त्रियासी लाख एक्चालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र), प्रतिवादी महेन्द्रलाल श्रेष्ठको हकमा बिगो रु.४०,०१,४६६।४३ (चालिस लाख एक हजार चार सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र), प्रतिवादी सुशील नाहटाको हकमा बिगो रु.९१,६३,७३५।९१ (एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र), प्रतिवादी गोपाल प्रसाद पराजुलीको हकमा बिगो रु.६२,३७,००६।९२(बैसठ्ठी लाख सैंतिस हजार छ र बयानब्बे पैसा मात्र), प्रतिवादी प्रेमराज जोशीको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र), प्रतिवादी भीष्मकुमार मल्लको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र), प्रतिवादी राजु कुमार रेग्मीको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र), प्रतिवादी मिठ्ठाराम दाहालको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) र प्रतिवादी बच्चु राम दाहालको हकमा बिगो रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) कायम हुन आउने देखियो।

४६२. अब, प्रतिवादीहरुलाई अभियोग दाबी बमोजिमको सजाय हुने हो वा होइन ? भन्ने चौथो प्रश्नका सम्बन्धमा बिचार गर्दा, प्रतिवादीहरु निर्मल कुँईकेल, सुशिल नाहटा, राजु कुमार रेग्मी, प्रेमराज जोशी, भिष्म कुमार मल्लले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरेकोले ऐ. दफा ३(१) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम क्षति बापतको बिगो समेत निजहरुबाट असुल उपर गर्न, प्रतिवादीहरु महेन्द्रलाल श्रेष्ठ र गोपाल प्रसाद पराजुलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा १७ द्वारा परिभाषित कसुर गरेकोले ऐ. दफा ७ र दफा ३(१) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम क्षति बापतको बिगो समेत निजहरुबाट असुल उपर गर्न एवं प्रतिवादीहरु मिठ्ठाराम दाहाल बच्चु राम दाहालले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ८(४) द्वारा परिभाषित कसुर गरेकोले ऐ. दफा ८(४) बमोजिम हदैसम्मको सजाय गरी पाउँ भनी प्रतिवादीहरुउपर आरोप दाबी रहेको देखियो। सो सन्दर्भका कानूनी व्यवस्था हेर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) मा "**राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिए बापत वा नगर्न वा नगरिदिए बापत वा आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिए बापत वा नगर्न वा नगराइदिए बापत आफ्नो वा अरू कसैको निमित्त रिसवत लिएमा वा लिन मञ्जुर गरेमा देहाय बमोजिमको रिसवत लिनेलाई वा लिन मञ्जुर गर्नेलाई कसुरको मात्रा अनुसार देहाय बमोजिम कैद र बिगो बमोजिम जरिबाना हुनेछ । रिसवत लिइसकेको भए सो रिसवत समेत जफत हुनेछः- (क) पच्चीस हजार रुपैयाँसम्म तीन महिनासम्म कैद, (ख) पच्चीसहजार रुपैयाँ भन्दा बढी पचास हजार रुपैयाँसम्म तीन महिनादेखि चार महिनासम्म कैद, (ग) पचास हजार रुपैयाँ भन्दा बढी एक लाख रुपैयाँसम्म चार महिनादेखि छ महिनासम्म कैद, (घ) एक लाख रुपैयाँ भन्दा बढी पाँच लाख रुपैयाँसम्म छ महिनादेखि एक वर्ष छ महिनासम्म कैद, (ङ) पाँच लाख रुपैयाँ भन्दा बढी दश लाख रुपैयाँसम्म एक वर्ष छ महिनादेखि दुई वर्ष छ महिनासम्म कैद, (च) दश लाख रुपैयाँ भन्दा बढी पच्चीस लाख रुपैयाँसम्म दुई वर्ष छ महिनादेखि चार वर्षसम्म कैद, (छ) पच्चीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म चार वर्षदेखि छ वर्षसम्म कैद, (ज) पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म छ वर्षदेखि आठ वर्षसम्म कैद, (झ) एक करोड रुपैयाँभन्दा बढी जतिसुकै भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद**" भन्ने कानूनी व्यवस्था

रहेको देखिन्छ।

४६३. त्यसैगरी, ऐ. दफा ७ मा **“राजश्व उठाउनु पर्ने कर्तव्य भएको राष्ट्रसेवकले देहायको काम गरी राजश्व चुहावट गरेमा वा राजश्व चुहावट गर्न कसैलाई मद्दत पुऱ्याएमा वा आफू समेत संलग्न भई दुरुत्साहन दिएमा निजले चुहावट भएको राजश्व रकम अनुसार दफा ३ बमोजिमको कसुर गरेको मानिनेछ र सोही बमोजिम कैदको सजाय गरी त्यसरी चुहावट भएको राजश्व रकमको दोब्बर जरिबाना हुनेछ”** भन्ने, ऐ. दफा ८(४) मा **“राष्ट्रसेवक बाहेक अरू कुनै व्यक्तिले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानुनी लाभ पु¥याउने बदनियतले, नेपाल सरकार वा सार्वजनिक संस्था समक्ष गरेको शपथ, कबुलियत, सम्झौता, ठेक्का, लाइसेन्स, परमिट, प्रतिज्ञापत्र वा डिलरशिपको शर्तपालना नगरेमा वा नेपाल सरकार वा त्यस्तो संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त उल्लङ्घन हुने गरी प्रचलित कानुनद्वारा निषेधित तवरबाट व्यवसाय गरेमा वा सरकारी वा त्यस्तो संस्थाको सुविधा वा अधिकारको दुरूपयोग गरेमा निजलाई कसुरको मात्रा अनुसार दुई वर्षसम्म कैद वा बिगो बमोजिम जरिबाना गरी बिगो समेत जफत गरिनेछ”** भन्ने र ऐ. दफा १७ मा **“कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा, नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ”** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

४६४. अब, प्रतिवादी पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेलको हकमा हेर्दा, आरोप पत्रको पाना नं. ३५९ देखि ३७० सम्म अभियोगको बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित पाना नं. ३७० देखि ३७२ सम्म उल्लिखित (क) देखि (च) सम्मका कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१,६८,२९,१९४।३० (एक करोड अठ्सठ्ठी लाख उनान्तीस हजार एक सय चौरान्नब्बे रूपैयाँ तीस पैसा) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१,६८,२९,१९४।३० (एक करोड अठ्सठ्ठी लाख उनान्तीस हजार एक सय चौरान्नब्बे रूपैयाँ तीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी

नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेछ। माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट प्रतिवादी निर्मल कुँईकेलले वादी नेपाल सरकारको आरोप दाबी बमोजिम सि.एन.एसोसिएट्स प्रा.लि.ले कोषको उल्लेखित जग्गाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना लागु गर्ने सम्बन्धमा कोषमा पेश गरेको प्रतिवेदनमा उल्लेखित बालुवाको भण्डार सम्बन्धी सूचना बदनियतपूर्वक खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई चुहावट गरेको; खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई मात्र कोषको उल्लेखित जग्गामा उत्खनन् गर्न दिने बदनियत राखी सोही अनुसारको व्यहोरा बनाई जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंसँग राय माग गर्न पत्राचार गरेको; खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट मात्र कोषको उल्लेखित जग्गामा खानी सञ्चालन गराउने बदनियत राखी सोही अनुसारको मापदण्ड तयार गरी प्रतिष्पर्धाको सिद्धान्त विपरित बोलपत्र आव्हान गरेको; पशुपति क्षेत्र विकास कोषबाट आव्हान गरिएको बोलपत्र फाराममा उल्लेखित कोषले पाउने बालुवाको न्यूनतम मुल्य तथा सरकारी दररेटको आधारमा विस्तृत आर्थिक विश्लेषण गरी सि.एन.एसोसिएट्स प्रा.लि.ले कोषलाई दिएको खानीको बालुवाको न्यूनतम मूल्यलाई विना कारण घटाई हचुवाको भरमा दिएको प्रतिवेदनमा उल्लेखित मूल्यलाई आधार मानी कोषको गुरुयोजना लागू गर्ने कार्यक्रमलाई नै प्रभावित पार्ने तथा पशुपति क्षेत्र विकास कोषलाई दीर्घकालिन रुपमा क्षति पुऱ्याउने गरी खानी उत्खनन्कर्ता बच्चुराम दाहालसँग सस्तो दररेटमा सम्झौता गरेको, खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको सहमति तथा खानी उत्खनन्कर्ता बच्चुराम दाहालको खानी उत्खनन् अनुमति पत्रमा कोषको जग्गा थप नहुँदै (क्वारी क्षेत्र थप नहुँदै) निज बच्चुराम दाहाललाई कोषको जग्गामा उत्खनन् गर्न कार्यदेश दिई सस्तो दररेटमा अवैध खानी समेत सञ्चालन गराई पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको; पशुपति क्षेत्र विकास कोषका प्राविधिकहरुले कोषको उल्लेखित जग्गाहरुमा लाईन लेभल तथा नापीका रेफरेन्सहरु स्पष्ट नदेखिएकोले सो कार्य तत्काल नापी विज्ञबाट गराउनु पर्ने अन्यथा बालुवाको परिमाण तथा वातावरणमा समेत ठूलो असर पर्न सक्ने भनी पशुपति क्षेत्र विकास कोषलाई राय उपलब्ध गराएकोमा खानी उत्खनन्कर्ता बच्चुराम दाहालको प्रभाव र प्रलोभनमा परी बदनियतपूर्वक कोषको गुरुयोजनालाई नै असर पार्ने गरी जथाभावी बालुवा उत्खनन् गराएको; वन तथा भू-संरक्षण मन्त्रालयको सहमति नै नभएको तथा वन क्षेत्रमा खानी सञ्चालन गर्दा अनिवार्य रूपमा गर्नुपर्ने वातावरणीय प्रभाव मुल्याङ्कन नै नगराएको अवस्थामा वातावरण संरक्षण ऐन,

खानी तथा खनिज पदार्थ नियमावली विपरित निज निर्मल कुँईकेल, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठ र खानी उत्खनन्कर्ता बच्चुराम दाहालले कोषको उल्लेखित जग्गामा रहेका रुखहरु अवैध कटान गरी गराई पशुपति क्षेत्र विकास कोषलाई क्षति पुर्‍याउने जस्ता कसूरजन्य कार्यहरु गरेको देखिन आई प्रतिवादी निर्मल कुइकेलको हकमा बिगो रु.८३,४१,६६६।४३ (त्रियासी लाख एक्चालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) कायम हुने देखिएकोले निजले सो बराबरको बिगो रकम भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन आएकोले प्रतिवादी निर्मल कुइकेलबाट भ्रष्टाचार निवाराण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो रु.८३,४१,६६६।४३(त्रियासी लाख एकचालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) असूल उपर गरी निजलाई ऐ. ऐनको दफा ३ (१) (ज) बमोजिम ६ (छ) वर्ष कैद र बिगो बमोजिम रु.८३,४१,६६६।४३(त्रियासी लाख एकचालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) जरिवाना हुने देखिन आयो।

४६५. त्यसैगरी, प्रतिवादी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानिय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठको हकमा हेर्दा, आरोप पत्रको पाना नं. ३७२ देखि ३८५ सम्म अभियोगको बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ७ र दफा १७ द्वारा परिभाषित पाना नं. ३८५ देखि ३८७ सम्म उल्लिखित (क) देखि (झ) सम्मका कसुर गरी राज्य कोषलाई रु.१,१५,५५,७८२।५० (एक करोड पन्ध्र लाख पचपन्न हजार सात सय बयासी रुपैयाँ पचास पैसा) तथा पशुपति क्षेत्र विकास कोषलाई रु.४,४८,६१६।८० (चार लाख अठचालिस हजार छ सय सोह्र रुपैयाँ अस्सी पैसा) गरी जम्मा रु.१,२०,०४,३९९।३० (एक करोड वीस लाख चार हजार तीन सय उनान्सय रुपैयाँ तीस पैसा) हानी नोक्सानी पुर्‍याएकोले निजको हकमा रु.१,२०,०४,३९९।३० (एक करोड वीश लाख चार हजार तीन सय उनान्सय रुपैयाँ तीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेछ। माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट प्रतिवादी महेन्द्रलाल श्रेष्ठले वादी नेपाल सरकारको आरोप दाबी बमोजिम खानी

तथा भूगर्भ विभाग, काठमाण्डौंको निर्देशन विपरित खानी उत्खनन्कर्ता बच्चुराम दाहालको नाममा खानी उत्खनन् अनुमति पत्र जारी गरी खानी सञ्चालन समेत गराएको; कोषको उल्लेखित जग्गामा गुरूयोजना लागू गर्दा निस्केको बालुवा विक्री वितरण गर्ने सम्बन्धमा राय माग हुँदा बदनियतपूर्वक खानी उत्खनन्कर्ता बच्चुराम दाहालले मात्र उत्खनन् गर्न पाउने भनी पत्राचार गरेको; खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको निर्देशनको अपव्याख्या गरी कोषको जग्गामा खानी उत्खनन्कर्ता बच्चुराम दाहाललाई खानी सञ्चालन गर्न दिने बदनियत राखी कोषको सहमति माग गरेको; खानी उत्खनन्कर्ता बच्चुराम दाहालले खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम ६ महिना भित्र उत्खनन् नै नगरेको अवस्थामा निजको अनुमति पत्र नविकरण गरे गराएको; खानी तथा खनिज पदार्थ नियमावली, खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको निर्देशन विपरित कोषको जग्गा निज खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप हुनु भन्दा अगावै अबैध खानी सञ्चालन गरे गराएको; वन क्षेत्रमा खानी सञ्चालन गर्दा अनिवार्य रूपमा गर्नुपर्ने वातावरणीय प्रभाव मुल्याङ्कन गरी गराई वन तथा भू-संरक्षण मन्त्रालयको सहमति र स्वीकृति लिनु पर्नेमा सो नगराई अबैध खानी सञ्चालन गराएको; खानी उत्खनन्कर्ता बच्चुराम दाहालले खानी सञ्चालन सम्बन्धमा पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाण्डौंसँग गरेको सम्झौता विपरित अवैध खानी सञ्चालन गराएको; निज महेन्द्रलाल श्रेष्ठ, खानी उत्खनन्कर्ता बच्चुराम दाहाल र पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेल बिच मिलोमतो भई वन तथा भू-संरक्षण मन्त्रालयको सहमति नै नभएको तथा वन क्षेत्रमा खानी सञ्चालन गर्दा अनिवार्य रूपमा गर्नुपर्ने वातावरणीय प्रभाव मुल्याङ्कन नै नगराएको अवस्थामा वातावरण संरक्षण ऐन तथा खानी तथा खनिज पदार्थ नियमावलीका प्रावधान विपरित कोषको उल्लेखित जग्गामा रहेका रुखहरु अवैध कटान गरी पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको; जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारीद्वय महेन्द्रलाल श्रेष्ठ र गोपाल प्रसाद पराजुलीले बदनियतपूर्वक खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट आ.व. ०६५/०६६ मा उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको नियम बमोजिम प्राप्त हुने जि.वि.स.सेवा शुल्क छली गराई कोषको जग्गामा अबैध खानी समेत सञ्चालन गरी गराई राज्य कोषलाई क्षति पुऱ्याउने जस्ता कसूरजन्य कार्यहरु गरेको देखिन आई प्रतिवादी महेन्द्रलाल श्रेष्ठको हकमा बिगो रु.४०,०१,४६६।४३ (चालिस लाख एक हजार चार

सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) कायम हुने देखिएकोले निजले सो बराबरको बिगो रकम भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन आएकोले प्रतिवादी महेन्द्रलाल श्रेष्ठबाट भ्रष्टाचार निवाराण ऐन, २०५९ को दफा १७ बमोजिम रुख कटान तर्फको बिगो रू.१,४९,५३८।९३ असूल उपर गरी जि.वि.स रोयल्टी तथा शुल्क तर्फको बिगो रू.३८,५१,९२७।५० तर्फ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम बिगोको दोब्बर रु.७७,०३,८५५।००(सतहत्तर  लाख तीन हजार आठ सय पच्पन्न मात्र)  जरिवाना तथा ऐ.दफा ३ र ३ (१) बमोजिम रुख कटान तर्फको बिगो बमोजिमको जरिवाना रु.१,४९,५३८।९३ समेत जम्मा रु.७८,५३,३९३।९३ (अठत्तर लाख त्रिपन्न हजार तीन सय त्रियानब्बे र त्रियानब्बे पैसा मात्र) जरिवाना र ऐ. दफा ३ (१) (छ) बमोजिम ४ वर्ष कैद हुने देखिन आयो।

४६६. अब, प्रतिवादी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुलीको हकमा हेर्दा, आरोप पत्रको पाना नं. ३८७ देखि ४०० सम्म अभियोगको बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ७ र दफा १७ द्वारा परिभाषित पाना नं. ४०० देखि ४०२ सम्म उल्लिखित (क) देखि (ङ) सम्मका कसुर गरी राज्य कोषलाई रु.१,५८,५०,६०८।०० (एक करोड अन्ठाउन्न लाख पचास हजार छ सय आठ रुपैयाँ) तथा पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।-(चौध लाख छब्बीस हजार मात्र) गरी जम्मा रु.१,७२,७६,६०८।- (एक करोड बहत्तर लाख छयहत्तर हजार छ सय आठ) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१,७२,७६,६०८।- (एक करोड बहत्तर लाख छयहत्तर हजार छ सय आठ) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेछ। माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट प्रतिवादी गोपाल प्रसाद पराजुलीले वादी नेपाल सरकारको आरोप दाबी बमोजिम खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको च.नं. १३७५ मिति २०६६।०३।२६ गतेको पत्रबाट खानी उत्खनन्कर्ता बच्चुराम दाहालले कोषको उल्लेखित जग्गामा अवैध खानी सञ्चालन भईरहेको जानकारीमा आए पनि निज बच्चुराम दाहाललाई आवश्यक कारवाही गर्ने तथा करको दायरामा नल्याई अवैध खानी उत्खनन्लाई निरन्तरता दिएको

तथा कोषको उल्लेखित जग्गालाई खानी उत्खनन्कर्ता बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप गरी अवैध खानीलाई बैधानिकता दिई निज बच्चुराम दाहालको नाममा खानी उत्खनन् अनुमति पत्र समेत जारी गरेको; जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारीद्वय गोपाल प्रसाद पराजुली र महेन्द्रलाल श्रेष्ठले बदनियतपूर्वक खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट आ.व. ०६५/०६६ मा उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको नियम बमोजिम प्राप्त हुने जि.वि.स.सेवा शुल्क छली गराई कोषको जग्गामा अबैध खानी समेत सञ्चालन गरी गराई रु.१,१५,५५,७८२।५० (एक करोड पन्ध्र लाख पचपन्न हजार सात सय बयासी रुपैयाँ पचास पैसा) राज्य कोषलाई हानी नोक्सानी पुऱ्याएको; जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुलीले बदनियतपूर्वक खानी उत्खनन्कर्ता बच्चुराम दाहालबाट आ.व. ०६६/०६७ मा पनि उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको नियम बमोजिम प्राप्त हुने जि.वि.स.सेवा शुल्क छली गराई राज्य कोषलाई हानी नोक्सानी पुऱ्याएको; खानी उत्खनन्कर्ता बच्चुराम दाहालले पशुपति क्षेत्र विकास कोषसँग गरेको सम्झौता, खानी तथा खनिज पदार्थ नियमावली, स्वीकृत माईनिङ स्किम तथा खानी तथा भूगर्भ विभागले दिएको निर्देशन विपरित जथाभावी अवैध खानी सञ्चालन तथा रुख कटान समेत गरी कोषको जग्गामा ठूलो क्षति पुऱ्याएकोले निजसँग गरेको सम्झौता रद्द गरी कोषको जग्गा समेतलाई क्वारी क्षेत्र बनाई खानी उत्खनन् अनुमति पत्र लिएकोले त्यसको औचित्यता समेत समाप्त हुने भएकोले पशुपति क्षेत्र विकास कोषले अग्रीम कारवाहीको लागि लेखी पठाएकोमा त्यस कोषको पत्रले निज खानी उत्खनन्कर्ता बच्चुराम दाहालको अनुमति पत्रको औचित्यता समाप्त नहुने भनी बदनियतपूर्वक खानी तथा खनिज पदार्थ नियमावलीको प्रावधान विपरित हुने गरी पत्राचार गरे गराएको; पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटा, उपनिर्देशक राजुकुमार रेग्मी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुली र खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालको मिलोमतोमा निज मिठ्ठाराम दाहाललाई कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट खानी उत्खनन् पत्र दिने प्रयोजनको लागि पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी सुनियोजित र बदनियतपूर्वक अनधिकृत मञ्जुरीनामा पत्र बनाई निज मिठ्ठाराम दाहालको नाममा खानी उत्खनन् अनुमति पत्र जारी गर्ने प्रकृया अघि बढाएको तथा सोही मञ्जुरीनामा

भनीएको पत्रबाट निज मिठ्ठाराम दाहालले खानी उत्खनन् अनुमति पत्र लिई कोषको जग्गामा अवैध खानी समेत सञ्चालन गरी पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याउने जस्ता कसूरजन्य कार्यहरु गरेको देखिन आई प्रतिवादी गोपाल प्रसाद पराजुलीको हकमा बिगो रु.६२,३७,००६।९२(बैसठ्ठी लाख सैंतिस हजार छ र बयानब्बे पैसा मात्र) कायम हुने देखिएकोले निजले सो बराबरको बिगो रकम भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन आएकोले प्रतिवादी गोपाल प्रसाद पराजुलीबाट मिठ्ठारामले अवैध खानी संचालन गरी निकासी गरेको बालुवा तर्फको बिगो रू.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) भ्रष्टाचार निवाराण ऐन, २०५९ को दफा १७ बमोजिम असूल उपर गरी जि.वि.स रोयल्टी तथा शुल्क तर्फको बिगो रू.५९,९९,३४०।२५ तर्फ ऐ. दफा ७ बमोजिम बिगोको दोब्बर रु.१,१९,९८,६८०।५० (एक करोड उन्नाईस लाख अन्ठानब्बे हजार छ सय असी र पचास पैसा मात्र) जरीवाना तथा ऐ. दफा ३ र ३ (१) बमोजिम मिठ्ठाराम दाहालले अवैध खानी संचालन गरी निकासी गरेको बालुवा तर्फको बिगो बमोजिमको जरिवाना रू.२,३७,६६६।६७ समेत जम्मा रु.१,२२,३६,३४७।१७(एक करोड बाईस लाख छत्तिस हजार तीन सय सत्चालिस र सत्र पैसा मात्र) जरिवाना र ऐ. ३ (१)(ज) बमोजिम ६ (छ) वर्ष कैद हुने देखिन आयो।

४६७. त्यसैगरी, प्रतिवादी खानी उत्खनन्कर्ता बच्चुराम दाहालको हकमा हेर्दा, आरोप पत्रको पाना नं. ४०२ देखि ४२० सम्म अभियोगको बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ८(४) द्वारा परिभाषित पाना नं. ४२० देखि ४२३ सम्म उल्लिखित (क) देखि (ट) सम्मका कसुर गरी गैह्रकानूनी लाभ लिई राज्य कोषलाई रु.५,७०,७९,६३०।४१ तथा पशुपति क्षेत्र विकास कोषलाई रु.३२,६७,५८,२०४।०८ गरी जम्मा रु.३८,३८,३७,८३४।४९ (अठ्तीस करोड अठ्तीस लाख सैंत्तीस हजार आठ सय चौंतीस रुपैयाँ उनान्पचास पैसा मात्र) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.३८,३८,३७,८३४।४९ (अठ्तीस करोड अठ्तीस लाख सैंत्तीस हजार आठ सय चौंतीस रुपैयाँ उनान्पचास पैसा मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम हदैसम्म सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेछ। माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट प्रतिवादी बच्चुराम दाहालले वादी नेपाल सरकारको आरोप दाबी बमोजिम सि.एन.एसोसिएट्सको प्रतिवेदनबाट कोषको उल्लेखित

जग्गामा ठूलो परिमाणमा बालुवाको भण्डार रहेको भन्ने खुल्न आए पश्चात पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरुसँग मिलोमतो गरी कोषको उल्लेखित जग्गामा आफुले मात्र खानी उत्खनन् गर्ने बदनियतले कोषको जग्गालाई लिज एरियामा पार्ने गरी खानी उत्खनन् अनुमति पत्रको लागि प्रकृया अगाडि बढाएको; खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको निर्देशन विपरित जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठसँग मिलोमतो गरी कोषको सहमति नै नभएको अवस्थामा खानी उत्खनन् अनुमति पत्र लिएको; आफुलाई तोकिएको क्वारी क्षेत्रमा ६ महिना भित्र उत्खनन् नै नगरेको अवस्थामा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन पदाधिकारीहरुसँग मिलोमतो गरी गा.वि.स.को सिफारिसको आधारमा खानी उत्खनन् अनुमति पत्र नविकरण गराएको; कोषको उल्लेखित जग्गामा आफुले मात्र खानी उत्खनन् गर्ने बदनियतले पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेल र जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठलाई प्रभाव र प्रलोभनमा पारी सुनियोजित तवरबाट आफ्नो मात्र हितमा हुने गरी पत्राचार गराएको; पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेलसँग मिलोमतो गरी सुनियोजित रुपमा प्रतिष्पर्धाको सिद्धान्त विपरित कोषको उल्लेखित जग्गामा आफुले मात्र बालुवा बिक्री वितरण गर्ने बदनियत राखी सोही अनुसारको मापदण्ड तयार गर्न लगाई बोलपत्र आव्हान गराएको; बोलपत्र आव्हान प्रकृयामा सहभागी भए तापनि कोषबाट तय गरिएको न्यूनतम मुल्य सकार्ने वा नयाँ मुल्य तय गर्न छलफल समेत नगरी पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेलसँग मिलोमतो गरी सुनियोजित रुपमा सस्तो दररेटमा सम्झौता गर्ने बदनियतले हचुवाको भरमा बालुवाको दररेट तयार गर्न लगाई आफुलाई गैह्रकानूनी लाभ तथा पशुपति क्षेत्र विकास कोषलाई दीर्घकालिन रुपमा क्षति पुऱ्याउने बदनियत राखी सस्तो दररेटमा सम्झौता गरेको; जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठ र पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेललाई प्रभाव र प्रलोभनमा पारी खानी तथा भूगर्भ विभाग, काठमाण्डौंबाट कोषको उल्लेखित जग्गालाई निज बच्चुराम दाहालको क्वारी क्षेत्रमा थप गर्ने सहमति दिनु भन्दा अगावै खानी सञ्चालन गर्ने अनुमति तथा कार्यादेश जारी गर्न लगाई अवैध खानी सञ्चालन गरेको; निज बच्चुराम दाहालले

पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेल र जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठलाई प्रभाव र  प्रलोभनमा पारी वन तथा भू-संरक्षण मन्त्रालयको सहमति नै नभएको तथा वन क्षेत्रमा खानी सञ्चालन गर्दा अनिवार्य रूपमा गर्नुपर्ने वातावरणीय प्रभाव मुल्याङ्कन नै नगराएको अवस्थामा वातावरण संरक्षण ऐन, खानी तथा खनिज पदार्थ नियमावली विपरित कोषको उल्लेखित जग्गामा रहेका रुखहरु अवैध कटान गरी पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याएको; पशुपति क्षेत्र विकास कोषका प्राविधिकहरुले कोषको उल्लेखित जग्गाहरुमा लाईन लेभल तथा नापीका रेफरेन्सहरु स्पष्ट नदेखिएकोले सो कार्य तत्काल नापी विज्ञबाट गराउनु पर्ने अन्यथा बालुवाको परिमाण तथा वातावरणमा समेत ठूलो असर पर्न सक्ने भनी पशुपति क्षेत्र विकास कोषलाई राय उपलब्ध गराए पनि खानी उत्खननकर्ता बच्चुराम दाहालले कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेललाई प्रभाव र प्रलोभनमा पारी आफुले गैह्रकानूनी लाभ लिने बदनियतले कोषको गुरुयोजनालाई नै असर पार्ने गरी जथाभावी बालुवा उत्खनन् गरेको; पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाण्डौंसँग गरेको सम्झौता, स्वीकृत माईनिङ्ग स्किम, खानी तथा भूगर्भ विभाग, काठमाण्डौंले खानी उत्खननकर्तालाई तोकेको शर्त, खानी तथा खनिज पदार्थ ऐन, नियमावलीको प्रावधान विपरीत तोकिएको परिमाण भन्दा बढी अबैध बालुवा उत्खनन् गरी सो को नियम बमोजिम पशुपति क्षेत्र विकास कोष तथा राज्य कोषमा बुझाउनु पर्ने रकम समेत छली गरी हानी नोक्सानी पुऱ्याएको; पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाण्डौंसँग गरेको सम्झौता, स्वीकृत माईनिङ्ग स्किम, खानी तथा भूगर्भ विभाग, काठमाण्डौंले खानी उत्खननकर्तालाई तोकेको शर्त बमोजिम कोषको उल्लेखित जग्गामा बालुवा उत्खनन् गर्दा निस्केको माटोलाई उत्खनन् कार्य सँगसँगै माटो उर्वरशक्ति समेत कायम गरी जग्गा समतल गर्नुपर्नेमा सो नगरी माटो समेत अवैध रुपमा बिक्री गरी पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याउने जस्ता कसूरजन्य कार्यहरु गरेको देखिन आई प्रतिवादी बच्चुराम दाहालको हकमा बिगो रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) कायम हुने देखिएकोले निजले सो बराबरको बिगो रकम भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन आएकोले प्रतिवादी बच्चुराम दाहालबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) बमोजिम बिगो

रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) असूल उपर गरी बिगो बमोजिम रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) जरिवाना हुने देखिन आयो।

४६८. त्यसैगरी, अर्का प्रतिवादी पशुपति क्षेत्र विकास कोष,काठमाण्डौंका तत्कालिन सदस्य सचिव सुशिल नाहटाको हकमा हेर्दा, आरोप पत्रको पाना नं. ४२३ देखि ४३६ सम्म अभियोगको बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित पाना नं. ४३६ देखि ४३७ सम्म उल्लिखित (क) देखि (ङ) सम्मका कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रू.१,९२,७८,१३८।४७ (एक करोड बयानब्बे लाख अठहत्तर हजार एक सय अठ्तीस रुपैयाँ सत्चालीस पैसा) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रू.१,९२,७८,१३८।४७ (एक करोड बयानब्बे लाख अठहत्तर हजार एक सय अठ्तीस रुपैयाँ सत्चालीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेछ। माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट प्रतिवादी बच्चुराम दाहालले वादी नेपाल सरकारको आरोप दाबी बमोजिम पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदको मिति २०६७।०९।१३ गतेको निर्णय तथा पशुपति क्षेत्र विकास कोष र खानी उत्खननकर्ता बच्चुराम दाहाल बिच मिति २०६८।०२।२३ गते भएको सम्झौता विपरित वातावरणीय प्रभाव मुल्याङ्कन नै नगराएको अवस्थामा कोषको जग्गामा पुनः खानी सञ्चालन गराएको; खानी उत्खननकर्ता बच्चुराम दाहालले सम्झौता तथा स्वीकृत माईनिङ स्किममा उल्लेखित प्रावधानहरुको उल्लंघन हुने गरी खानी सञ्चालन गरेकोले निज बच्चुराम दाहालसँग भएको सम्झौता रद्द गर्ने प्रकृया अगाडी बढाए तापनि सोही उल्लंघन भएका शर्तहरुलाई नै पुनः समावेश गरी निज बच्चुराम दाहालसँग सम्झौता गरी जथाभावी खानी उत्खनन् कार्यलाई निरन्तरता दिएको; खानी उत्खननकर्ता बच्चुराम दाहालसँग मिलोमतो गरी कोषको जग्गाबाट तोकिएको परिमाण भन्दा बढी बालुवा उत्खनन् तथा निकासी गराई पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको; पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटा, उपनिर्देशक राजुकुमार रेग्मी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन

स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुली र खानी उत्खनन्‌कर्ता मिठ्ठाराम दाहालको मिलोमतोमा निज मिठ्ठाराम दाहाललाई कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट खानी उत्खनन् पत्र दिने प्रयोजनको लागि पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी सुनियोजित र बदनियतपूर्वक अवैधानिक मञ्जुरीनामा पत्र बनाई सोही मञ्जुरीनामा भनीएको पत्रबाट निज मिठ्ठाराम दाहालले खानी उत्खनन् अनुमति पत्र लिई कोषको जग्गामा अवैध खानी समेत सञ्चालन गरी पशुपति क्षेत्र विकास कोषलाई क्षति पुऱ्याएको; खानी उत्खनन्‌कर्ता मिठ्ठाराम दाहालसँग मिलोमतो गरी कोषको जग्गामा अवैध खानी सञ्चालन गराएको र पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदको मिति २०६८।०९।०८ गतेको बैठकमा कोषको जग्गामा अवैध खानी उत्खनन् गर्ने मिठ्ठाराम दाहाललाई बालुवा तथा माटो समेत बिक्री गर्न दिने बिषय प्रवेश गराई निर्णय गराई कोषको जग्गामा क्षति पुऱ्याउने जस्ता कसूरजन्य कार्यहरु गरेको देखिन आई प्रतिवादी सुशिल नाहटाको हकमा बिगो रु.९१,६३,७३५।९१ (एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र)कायम हुने देखिएकोले निजले सो बराबरको बिगो रकम भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन आएकोले प्रतिवादी सुशिल नाहटाबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो रु.९१,६३,७३५।९१(एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र) असूल गरी निजलाई ऐ. दफा ३ (१) (ज) बमोजिम ६ (छ) वर्ष कैद र बिगो बमोजिम रु.९१,६३,७३५।९१(एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र) जरिवाना हुने देखिन आयो।

४६९. अब, अर्का प्रतिवादी पशुपति क्षेत्र विकास कोष, काठमाण्डौंका उपनिर्देशक राजुकुमार रेग्मीको हकमा हेर्दा, आरोप पत्रको पाना नं. ४३७ देखि ४४० सम्म अभियोगको बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी सुनियोजित र बदनियतपूर्वक अवैधानिक मञ्जुरीनामा पत्र बनाई खानी उत्खनन्‌कर्ता मिठ्ठाराम दाहाललाई दिई पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।०० (चौध लाख छब्बीस हजार मात्र) हानी नोक्सानी पुऱ्याउने कसुर गरेकोले निजको हकमा रु.१४,२६,०००।०० (चौध लाख छब्बीस हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र

विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेछ। माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट प्रतिवादी राजुकुमार रेग्मीले वादी नेपाल सरकारको आरोप दाबी बमोजिम पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटा, उपनिर्देशक राजुकुमार रेग्मी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुली र खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालको मिलोमतोमा निज मिठ्ठाराम दाहाललाई कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट खानी उत्खनन् पत्र दिने प्रयोजनको लागि पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी सुनियोजित र बदनियतपूर्वक अवैधानिक मञ्जुरीनामा पत्र बनाई सोही मञ्जुरीनामा भनिएको पत्रबाट निज मिठ्ठाराम दाहालले खानी उत्खनन् अनुमति पत्र लिई कोषको जग्गामा अवैध खानी समेत सञ्चालन गरी पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुऱ्याउने कसूरजन्य कार्य गरेको देखिन आएकोले प्रतिवादी राजुकुमार रेग्मीको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) कायम हुने देखिन देखिएकोले निजले सो बराबरको बिगो रकम भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन आएकोले प्रतिवादी राजुकुमार रेग्मीबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ऐ. को दफा ३ र ३ (१) (घ) बमोजिम ६ (छ) महिना कैद र बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने देखिन आयो।

४७०. त्यसैगरी, अर्का प्रतिवादी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानिय विकास अधिकारी प्रेमराज जोशीको हकमा हेर्दा, आरोप पत्रको पाना नं. ४४० देखि ४४५ सम्म अभियोगको बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित पाना नं. ४४५ देखि ४४६ सम्म उल्लिखित (क) देखि (घ) सम्मका कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।०० (चौध लाख छब्बीस हजार मात्र) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१४,२६,०००।०० (चौध लाख छब्बीस हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम

पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेछ। माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट प्रतिवादी प्रेमराज जोशीले वादी नेपाल सरकारको आरोप दाबी बमोजिम जग्गाधनी पशुपति क्षेत्र विकास कोषसँग खानी उत्खननकर्ता मिठ्ठाराम दाहालले सम्झौता गर्नु पूर्व नै निज प्रेमराज जोशी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन योजना अनुगमन तथा प्रशासकीय अधिकृत भिष्म कुमार मल्ल र खानी उत्खननकर्ता मिठ्ठाराम दाहालले मिलोमतो गरी कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० मा करिब १५ महिना सम्म अवैध खानी सञ्चालन गरी गराई आ.व.०६९/०७० मा निज मिठ्ठाराम दाहालले कोषको जग्गाबाट उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको परिमाणबाट पशुपति क्षेत्र विकास कोषलाई प्राप्त हुनुपर्ने रकम हानी नोक्सानी पुऱ्याएको; खानी उत्खननकर्ता मिठ्ठाराम दाहालसँग मिलोमतो गरी निजको क्वारी क्षेत्र भन्दा बाहिर कोषको जग्गामा खानी सञ्चालन गरे गराएको; पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदको मिति २०६९।०९।०८ गतेको बैठकमा निज प्रेमराज जोशी उपस्थित भएर पनि कोषको उल्लेखित जग्गामा मिति २०६९।०६।१५ गतेबाट नै खानी सञ्चालन भईसकेको सम्बन्धमा बैठकलाई जानकारी नगराई अवैध खानी सञ्चालनलाई बैधानिकता दिने गरी निर्णय गराएको; खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (संशोधन सहित) को परिच्छेद ४ को नियम १८ को उप-नियम (१) र (२) विपरित खानी उत्खननकर्ता मिठ्ठाराम दाहालको अनुमति पत्र नविकरण गराएको जस्ता कसूरजन्य कार्यहरु गरेको देखिन आई प्रतिवादी प्रेमराज जोशीको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) कायम हुने देखिन देखिएकोले निजले सो बराबरको बिगो रकम भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन आएकोले प्रतिवादी प्रेमराज जोशीबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ऐ. को दफा ३ र ३ (१) (घ) बमोजिम ६ (छ) महिना कैद र बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने देखिन आयो।

४७१. त्यसैगरी, अर्का प्रतिवादी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन योजना तथा प्रशासकीय अधिकृत भिष्म कुमार मल्लको हकमा हेर्दा, आरोप पत्रको पाना

नं. ४४६ देखि ४४९ सम्म अभियोगको बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित पाना नं. ४५० उल्लिखित (क) देखि (घ) सम्मका कसुर गरी पशुपति क्षेत्र विकास कोषलाई रु.१४,२६,०००।०० (चौध लाख छब्बीस हजार मात्र) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रु.१४,२६,०००।०० (चौध लाख छब्बीस हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम हदैसम्मको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम पशुपति क्षेत्र विकास कोषमा पुगेको हानी नोक्सानी समेत निजबाट असुल उपर गरी पाउँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेछ। माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट प्रतिवादी प्रेमराज जोशीले वादी नेपाल सरकारको आरोप दाबी बमोजिम कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० बाट खानी उत्खनन् पत्र दिने प्रयोजनको लागि पशुपति क्षेत्र विकास कोषको लेटर प्याड तथा छाप समेत दुरुपयोग गरी खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले पेश गरेको मञ्जुरीनामा पत्र सम्बन्धमा आवश्यक जाँचबुझ तथा कोषलाई पत्राचार समेत नगरी निज मिठ्ठाराम दाहाललाई खानी उत्खनन् अनुमति दिने सम्बन्धमा प्रकृया अघि बढाएको; जग्गाधनी पशुपति क्षेत्र विकास कोषसँग खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले सम्झौता गर्नु पूर्व नै निज भिष्म कुमार मल्ल, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी प्रेमराज जोशी र खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालले मिलोमतो गरी कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० मा करिब १५ महिना सम्म अवैध खानी सञ्चालन गरी गराई आ.व.०६९/०७० मा निज मिठ्ठाराम दाहालले कोषको जग्गाबाट उत्खनन् गरी बिक्री वितरण गरेको बालुवाको परिमाणबाट पशुपति क्षेत्र विकास कोषलाई प्राप्त हुनुपर्ने रकम रु.१४,२६,०००।- (चौध लाख छब्बीस हजार मात्र) क्षति पुऱ्याएको; खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालसँग मिलोमतो गरी निजको क्वारी क्षेत्र भन्दा बाहिर कोषको जग्गामा खानी सञ्चालन गरे गराएको; खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (संशोधन सहित) को परिच्छेद ४ को नियम १८ को उप-नियम (१) र (२) विपरित खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालको अनुमति पत्र नविकरण गराएको जस्ता कसूरजन्य कार्यहरु गरेको देखिन आई प्रतिवादी भिष्म कुमार मल्लको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) कायम हुने देखिन देखिएकोले निजले सो बराबरको बिगो रकम भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन

आएकोले प्रतिवादी भिष्म कुमार मल्लबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ऐ. को दफा ३ र ३ (१) (घ) बमोजिम ६ (छ) महिना कैद र बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने देखिन आयो।

४७२. अब, प्रतिवादी खानी उत्खनन्कर्ता मिठ्ठाराम दाहालको हकमा हेर्दा, आरोप पत्रको पाना नं. ४५१ देखि ४५७ सम्म अभियोगको बेहोरा उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ८(४) द्वारा परिभाषित पाना नं. ४५७ देखि ४५८ सम्म उल्लिखित (क) देखि (च) सम्मका कसुर गरी गैह्र कानूनी लाभ लिई पशुपति क्षेत्र विकास कोषलाई रू.३,०३,४०,०००।०० (तीन करोड तीन लाख चालिस हजार मात्र) हानी नोक्सानी पुऱ्याएकोले निजको हकमा रू.३,०३,४०,०००।००(तीन करोड तीन लाख चालिस हजार मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम हदैसम्म सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको आरोप दाबी रहेछ। माथि बिभिन्न प्रकरणमा विवेचित आधार र कारणबाट प्रतिवादी मिठ्ठाराम दाहालले वादी नेपाल सरकारको आरोप दाबी बमोजिम कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० मा खानी सञ्चालन गर्न निज मिठ्ठाराम दाहालले पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटा र उपनिर्देशक राजुकुमार रेग्मीलाई प्रभाव र प्रलोभनमा पारी अवैधानिक मञ्जुरीनामा पत्र बनाउन लगाएको; निज मिठ्ठाराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी गोपाल प्रसाद पराजुली र योजना अनुगमन तथा प्रशासकीय अधिकृत भिष्म कुमार मल्लसँग मिलोमतो गरी बदनियतपूर्वक जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंलाई नलेखिएको तथा कोषको मञ्जुरीनामा भनिएको पत्रलाई आधार मानी कोषको उल्लेखित जग्गा मध्ये कि.नं. ८० लाई क्वारी क्षेत्र बनाई खानी उत्खनन् अनुमति पत्र लिएको; हालसम्म आफुलाई तोकिएको क्वारी क्षेत्रमा उत्खनन् नै नगरेका निज मिठ्ठाराम दाहालले जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी प्रेमराज जोशी र योजना अनुगमन तथा प्रशासकीय अधिकृत भिष्म कुमार मल्लसँग मिलोमतो गरी आफ्नो नाममा रहेको खानी उत्खनन् अनुमति पत्र कोषको जग्गामा एकाधिकार राख्ने बदनियतले खानी उत्खनन् अनुमति पत्र नविकरण गराएको; जग्गाधनी पशुपति क्षेत्र विकास कोषको स्वीकृति तथा

सम्झौता नभएकै अवस्थामा जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन पदाधिकारीहरुसँग मिलोमतो गरी कोषको उल्लेखित जग्गाबाट अबैध रुपमा बालुवा उत्खनन् तथा बिक्री वितरण गरी पशुपति क्षेत्र विकास कोषको जग्गामा क्षति पुऱ्याएको; आफुले गैह्र कानूनी लाभ लिने बदनियतले पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव सुशिल नाहटा र जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी प्रेमराज जोशीसँग मिलोमतो गरी पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदबाट आफु अनुकूलको निर्णय गराई कोषको जग्गामा सञ्चालन गरीरहेको अवैध बालुवा उत्खनन्लाई बैधता समेत दिलाएको; पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाण्डौंसँग गरेको सम्झौता, स्वीकृत माईनिङ्ग स्किम, खानी तथा खनिज पदार्थ ऐन, नियमावलीको प्रावधान विपरीत आफुलाई तोकिएको क्वारी क्षेत्र भन्दा बाहिर कोषको जग्गाबाट अवैध रुपमा जथाभावी बालुवा उत्खनन् गरी पशुपति क्षेत्र विकास कोषको जग्गामा क्षति पुऱ्याउने जस्ता कसूरजन्य कार्यहरु गरेको देखिन आई प्रतिवादी मिठ्ठाराम दाहालको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) कायम हुने देखिएकोले निजले सो बराबरको बिगो रकम भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन आएकोले प्रतिवादी मिठ्ठाराम दाहालबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी सोही ऐन बमोजिम रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने देखिन आयो।

४७३. अब, पुनरावेदक प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहाल र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? विशेष अदालतको मिति २०७३।०५।०५ को फैसला मिलेको छ छैन? भन्ने पाँचौ प्रश्नका सम्बन्धमा बिचार गर्दा, सर्वप्रथम पुनरावेदक प्रतिवादीहरु खानी उत्खननकर्ता बच्चुराम दाहाल र मिठ्ठाराम दाहालले खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २६ बमोजिम र करारनामा बमोजिम खानी संचालनको क्रममा म पुनरावेदकबाट कुनै फौजदारी कसुर भएको अवस्थामा समेत ऐ. ऐनको दफा २५ बमोजिम दण्ड सजाय गर्न सकिने एवं करार परिपालनाको सम्बन्धमा करार ऐन, २०५६ साथै मुल्य अभिवृद्धि करको सम्बन्धमा मुल्य अभिवृद्धि कर ऐन, २०५२ समेतका छुट्टाछुट्टै कानूनी व्यवस्थाको विद्यमानताको अवस्थामा सोही विशेष कानूनहरु

बमोजिम हुनु पर्नेमा म पुनरावेदक प्रतिवादीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) आकर्षित हुनै नसक्ने भनी लिएको पुनरावेदन जिकिर तर्फ हेर्दा, प्रतिवादी उपर दावी लिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कानूनी व्यवस्थामा **"राष्ट्र सेवक बाहेक अन्य कुनै व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकार वा सार्वजनिक संस्था समक्ष गरेको सपथ, कबुलियत, सम्झौता ठेक्का लाइसेन्स, परमिट, प्रतिज्ञापत्र वा डिलरशिपको शर्त पालन नगरेमा वा नेपाल सरकार वा त्यस्तो संस्थाले निर्धारण गरेको नियम वा कार्यविधी वा स्वीकार गरेको शर्त उल्लंघन हुनेगरी प्रचलित कानूनद्वारा निषेधित तवरबाट व्यवसाय गरेमा"** भन्ने समेत उल्लेख भएको देखिन्छ। पुनरावेदक प्रतिवादीहरुले पशुपती क्षेत्र विकास कोषको जग्गाहरुमा खानी संचालन इजाजत पत्र (लाइसेन्स) बमोजिमको स्वीकृत माइनिङ स्किम, जिल्ला विकास समिति काठमाडौं तथा पशुपती क्षेत्र विकास कोषसँग गरेको सम्झौतामा उल्लिखित शर्तहरु विपरीत कार्य गरी एवं कोषसँग सम्झौता गर्नुपूर्व नै उत्खनन कार्य गरी गैरकानूनी लाभ लिई राज्य कोष तथा पशुपती क्षेत्र विकास कोष समेतलाई हानी नोक्सानी पुऱ्याएको भनी दावी लिइएको देखिन आएको अवस्थामा दावी लिइएको उक्त दफाको आधारमा प्रतिवादीको हकमा विचार हुनै नसक्ने भन्न मिलेन।

४७४. त्यसैगरी, यस्तै जिकिरका सम्बन्धमा यस अदालतको संयुक्त इजलासबाट **नेपाल सरकार बि. ओम विक्रम राणासमेत**[1] भएको भ्रष्टाचार (सुडान मिसनका APC र सोको स्पेर्यर पार्ट खरिद) मुद्दामा **"सुरक्षा र हातहतियारको खरिद र आपूर्तिसँग सम्बन्धित विषय कुनै व्यक्ति विशेषका बीच हुने विशुद्ध करार नभई नेपाल सरकारको स्वार्थ र हित गाँसिएको विषय हो। यस्तो राज्यको हकहितसँग सम्बन्धित करारलाई करार कानूनको दायराभन्दा बाहिर ल्याउन नमिल्ने भनी व्याख्या गर्ने हो भने राज्यको हित पराजित हुन गई अन्ततः नेपाल सरकारलाई अपूरणीय क्षति हुने देखिन्छ। त्यसैले यस्तो नेपाल राज्यको हक हितसँग सम्बन्धित विषयवस्तुलाई करार ऐनअन्तर्गत मात्र उपचार खोज्नुपर्छ भन्नु सर्वथा उचित नदेखिने"** भनी व्याख्या भएको पाइन्छ। प्रस्तुत मुद्दामा पनि प्रतिवादीहरुले पशुपती क्षेत्र विकास कोष जस्तो सार्वजनिक संस्थाको जग्गामा रहेको वालुवा खानी संचालन गरी वालुवा तथा माटो निकासी गर्दा सार्वजनिक संस्थाको रुखसमेतका सम्पत्तिको दुरुपयोग गरी त्यसबाट कोषलाई प्राप्त हुनुपर्ने रकम एवं राज्य कोषमा जम्मा हनुपर्ने जिविस सेवा शुल्क र

---

[1] ने.का.प. २०७४, अंकः ११ नि.नं. ९८९८

रोयल्टीसमेत छली सार्वजनिक संस्था पशुपती क्षेत्र विकास कोष र राज्य कोषमा क्षति पुऱ्याएको देखिँदा सार्वजनिक संस्था एवं नेपाल राज्यको हक हितसँग सम्बन्धित विषयवस्तुलाई करार ऐनअन्तर्गत मात्र उपचार खोज्नुपर्छ भन्नु उचित हुने देखिन आएन।

४७५. त्यसैगरी पुनरावेदक प्रतिवादी खानी उत्खनन्कर्ता बच्चुराम दाहालले म पुनरावेदकले खानी संचालन गरेको अवधिको मुल्य अभिवृद्धि कर सम्बन्धमा भएको विवाद सम्बन्धी मुद्दामा राजश्व न्याधिकरण, काठमाडौंबाट मिति २०७०।११।२७ मा भएको फैसला (२०७०।७१ को निर्णय नं. २४२, पुनरावेदन नं. ९७-०६७-००२५७) अन्तिम भई बसेको छ। यस अवस्थामा अधिकार क्षेत्र विहिनरुपमा विशेष अदालतले मुल्य अभिवृद्धि करसमेत जोडी विगो कायम गर्ने आरोप दावी बमोजिम भएको फैसला क्षेत्राधिकार समेतको अभाव रहेको भनी लिएको पुनरावेदन जिकिर तर्फ हेर्दा, उपरोक्त मुद्दा बच्चुरामले आफ्नो खरिद तथा बिक्री खातामा जनाई गरेको सम्झौतानुसारको परिमाणको मूल्यबाट गणना भएको मुल्य अभिवृद्धि करसंग सम्बन्धित रहेकोमा प्रस्तुत मुद्दामा बिगो कायम भएको परिमाणहरु खानी उत्खनन्कर्ता बच्चुराम दाहालले खानी तथा भूगर्भ विभाग, काठमाण्डौंको निर्देशन विपरित मिलोमतो गरी कोषको सहमति नै नभएको अवस्थामा खानी उत्खनन् अनुमति पत्र लिई आफुलाई तोकिएको क्वारी क्षेत्रमा ६ महिना भित्र उत्खनन् नै नगरेको अवस्थामा मिलोमतो गरी गा.वि.स.को सिफारिसको आधारमा खानी उत्खनन् अनुमति पत्र नविकरण गराई पशुपति क्षेत्र विकास कोषका तत्कालिन सदस्य सचिव निर्मल कुँईकेलसँग मिलोमतो गरी सुनियोजित रुपमा सस्तो दररेटमा सम्झौता गरी जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौंका तत्कालिन स्थानीय विकास अधिकारी महेन्द्रलाल श्रेष्ठलाईसमेत प्रभाव र प्रलोभनमा पारी खानी तथा भूगर्भ विभाग, काठमाण्डौंबाट कोषको उल्लेखित जग्गालाई क्वारी क्षेत्रमा थप गर्ने सहमति दिनु भन्दा अगावै खानी सञ्चालन गर्ने अनुमति तथा कार्यदिश जारी गर्न लगाई अवैध खानी सञ्चालन गरी वन तथा भू-संरक्षण मन्त्रालयको सहमति नै नभएको तथा वन क्षेत्रमा खानी सञ्चालन गर्दा अनिवार्य रूपमा गर्नुपर्ने वातावरणीय प्रभाव मुल्याङ्कन नै नगराई वातावरण संरक्षण ऐन, खानी तथा खनिज पदार्थ नियमावली विपरित कोषको उल्लेखित जग्गामा रहेका रुखहरु अवैध कटान गरी गैह्रकानूनी लाभ लिने बदनियतले कोषको गुरुयोजनालाई नै असर पार्ने गरी जथाभावी बालुवा उत्खनन् गरी पशुपति क्षेत्र विकास कोष तथा जि.वि.स.को कार्यालय, काठमाण्डौंसँग गरेको सम्झौता, स्वीकृत माईनिङ्ग स्किम, खानी तथा भूगर्भ विभाग,

काठमाण्डौंले खानी उत्खननकर्तालाई तोकेको शर्त, खानी तथा खनिज पदार्थ ऐन, नियमावलीको प्रावधान विपरीत तोकिएको परिमाण भन्दा बढी अबैध बालुवा एवं माटोसमेत उत्खनन् गरी सो को नियम बमोजिम पशुपति क्षेत्र विकास कोषमा बुझाउनु पर्ने रकम समेत छली गरी हानी नोक्सानी पुऱ्याएको तर्फ मात्रको गणना भएको मुल्य अभिवृद्धि कर भएकोले पुनरावेदक प्रतिवादी खानी उत्खननकर्ता बच्चुराम दाहालको जिकिरसंग सहमत हुन सकिएन।

४७६. त्यसैगरी पुनरावेदक प्रतिवादी खानी उत्खननकर्ता बच्चुराम दाहालले पुनरावेदक प्रतिवादी र पशुपति क्षेत्र विकास कोषसंग भएको सम्झौता बमोजिम खानी संचालनको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परी अनुसन्धान गरी मुल्य निर्धारण देखि खानी संचालन सम्बन्धमा पटक पटक दिएका निर्देशन बमोजिम खानि संचालन गरेकोले सो उजुरी तामेलीमा राखी सो को जानकारी पशुपती क्षेत्र विकास कोषलाई पठाएकोमा पछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफैंले दिएको निर्देशन बमोजिम भएका कार्यमा आफैंले मुद्दा चलाउन मिल्दैन भनी लिएको पुनरावेदन जिकिर तर्फ हेर्दा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३२ मा आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ र ऐ. दफा ३७ मा ऐन कार्यान्वयन गर्न आयोगले नियम बनाउन सक्ने कानूनी व्यवस्था देखिन्छ। साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० मा उजुरी तामेली वा मुल्तवीमा राख्न सक्ने कानूनी व्यवस्था देखिन्छ। साधरणतया भ्रष्टाचारसम्बन्धी उजुरी प्राप्त भएपछि भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्ने निकायले प्रारम्भिक अध्ययन छानबिन गरी सो उजुरीमा उल्लिखित विषय कानूनी रूपमा ठोस छ वा छैन भन्ने मूल्यांकन गरी उजुरीमा स्पष्ट प्रमाण, आधारभूत तथ्य वा कानूनी प्रक्रिया अगाडि बढाउन आवश्यक न्यूनतम प्रमाण नपुगेको देखिएमा उक्त उजुरी तामेलीमा राख्न सक्दछ। उजुरीकर्ताको व्यक्तिगत द्वेष, अपूर्ण विवरण वा प्रमाणविना गरिएको आरोपका आधारमा अनुसन्धान अघि बढाउन सम्भव नहुने भएकाले तामेलीमा राख्ने व्यवस्था न्यायिक प्रक्रियाको दुरुपयोग रोक्न महत्त्वपूर्ण हुन्छ।

४७७. तर, यदि उजुरी तामेलीमा राखे पछि अनियमितताको कार्य भएकोमा वा भ्रष्टाचारसम्बन्धी थप प्रमाण भेटिएमा सोही तामेलीमा रहेको उजुरी जगाई वा नयाँ अन्य उजुरीसमेत परेमा प्रचलित कानूनी प्रावधानअनुसार सम्बन्धित निकायले प्रारम्भिक अनुसन्धान गरी प्रमाण संकलन, साक्षीका बयान, आवस्यक परे बिज्ञहरु सम्मिलित अध्ययन टोली गठन गरी

अध्ययन गराई प्रतिवेदनसमेत लिई भ्रष्टाचारको अभियोग दायर गर्न पर्याप्त आधार भेटिएमा कानूनी कारबाही अघि बढाई अभियोग दायर गरी अदालतमा भ्रष्टाचार मुद्दा चलाउन कुनै बाधा पर्ने हुदैन। यस प्रक्रियाले राज्यको पारदर्शिता तथा सुशासन प्रवर्द्धन गर्न मद्दत नै गर्ने देखिन्छ।

४७८. प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले पशुपती क्षेत्र विकास कोषको जग्गाहरुमा खानी संचालन इजाजत पत्र (लाइसेन्स) बमोजिमको स्वीकृत माइनिङ स्किम, जिल्ला विकास समिति काठमाडौं तथा पशुपती क्षेत्र विकास कोषसँग गरेको सम्झौतामा उल्लिखित शर्तहरु विपरीत कार्य गरी गैरकानूनी लाभ लिई राज्य कोष तथा पशुपती क्षेत्र विकास कोष समेतलाई हानी नोक्सानी पुऱ्याएको सन्दर्भमा माथि विवेचना गरिसकिएकोले उजुरी तामेलीमा राखी सो को जानकारी पशुपती क्षेत्र विकास कोषलाई पठाएको विषयमा पुनः मुद्दा चलाउन मिल्दैन भनी लिएको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

४७९. त्यसैगरी पुनरावेदक प्रतिवादीहरु खानी उत्खनन्कर्ता बच्चुराम दाहाल र मिठ्ठाराम दाहालले विशेष अदालतले ठहरमा पुग्न फैसलामा आधार लिइएको खानी तथा भुगर्भ विभाग र नापी विभागका प्रतिवेदनहरु प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा तयार भएका लिखतहरुमा म पुनरावेदक प्रतिवादी रोहवर राखेर तयार गरेको नभई एक पक्षिय कागजातहरु भएकोले कानून बमोजिम तयार नभएको सो कागजातहरु फौजदारी मुद्दामा सो प्रतिवेदनहरुलाई बस्तुनिष्ठ र स्वतन्त्र प्रमाणको रुपमा मान्न मिल्दैन भनी लिएको पुनरावेदन जिकिर तर्फ हेर्दा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २१ मा **"आयोगले प्रचलित कानुनबमोजिम अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी अन्य कारबाही गर्दा आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा प्राप्त गर्न सक्नेछ। सो सेवा प्राप्त गर्न आयोगले सम्बन्धित विशेषज्ञ वा विशिष्टीकृत निकायलाई नियुक्त गर्नेछ र त्यसरी नियुक्ति गर्दा आयोगले त्यस्तो विशेषज्ञ वा विशिष्टीकृत निकायले गर्नु पर्ने काम, प्रयोग गर्न पाउने अधिकार, पालन गर्नु पर्ने शर्त, कार्यविधि र त्यस्तो विशेषज्ञ वा विशिष्टीकृत निकायले पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी सम्झौता गर्नुपर्नेछ।साथै आयोगलाई नेपाल सरकार वा विशिष्टीकृत निकायको कर्मचारीको सेवा आवश्यक परेमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगबाट मागभएको समयावधिसम्म काजमा खटाउनु पर्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

४८०. त्यसैगरी ऐ. दफा २६ मा **"अख्तियार दुरूपयोगको अनुसन्धान र तहकीकातको निमित्त**

**आयोगले प्रहरी प्रधान कार्यालय, राष्ट्रिय अनुसन्धान विभाग वा त्यस अन्तर्गतका कार्यालय लगायत नेपाल सरकारको कुनै विभाग, कार्यालय वा कुनै सार्वजनिक संस्थाको सहयोग लिन र त्यस्तो विभाग, कार्यालय वा सार्वजनिक संस्थाको कुनै कर्मचारीको सेवा उपयोग गर्न सक्नेछ। आयोगले अनुसन्धान र तहकीकात गर्न लागेको अख्तियारको दुरूपयोगको प्रकृतिबाट कुनै विभाग, कार्यालय वा सार्वजनिक संस्थामा कार्यरत कुनै विशेषज्ञसँग परामर्श गर्नु पर्ने वा त्यस्तो विशेषज्ञलाई समेत अनुसन्धान र तहकीकातमा संलग्न गराउनु पर्ने देखिएमा आयोगले निजलाई केही अवधिको लागि आयोगमा काजमा पठाई दिन सम्बन्धित विभाग, कार्यालय वा सार्वजनिक सार्वजनिक संस्थासँग माग गर्न सक्नेछ। आयोगले कुनै विभाग, कार्यालय, सार्वजनिक संस्था वा त्यहाँ कार्यरत कुनै कर्मचारीको सहयोग मागेकोमा आयोगलाई सहयोग दिनु त्यस्तो विभाग, कार्यालय, सार्वजनिक संस्था वा कर्मचारीको कर्तव्य हुनेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

४८१. यसबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा उपरोक्त कानूनी व्यवस्था बमोजिम नै खानी तथा भुगर्भ विभाग र नापी विभागका बिज्ञ प्राबिधिक कर्मचारीहरु खटाई निजहरुबाट स्थलगत विस्तृत अध्ययन अनुसन्धानसमेत गरी गराई निजहरुले पेस गरेको प्रतिवेदनहरुलाई अनुसन्धानको क्रममा तयार भएको लिखत भनी प्रतिवादीले नामाकरण गर्दैमा यस्ता प्रमाण प्रतिवेदनहरुलाई बस्तुनिष्ठ र स्वतन्त्र प्रमाणको रुपमा अदालतले ग्रहण गर्न बाधा पर्ने देखिदैन। त्यसैले पुनरावेदक प्रतिवादी खानी उत्खनन्कर्ता बच्चुराम दाहालले सो प्रतिवेदनहरुलाई बस्तुनिष्ठ र स्वतन्त्र प्रमाणको रुपमा मान्न मिल्दैन भनी लिएको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन। कम्पनीबाट भएको कार्यमा आफ्नो दायित्व नहुने भन्ने जिकिर एवं हानी नोक्सानी पुऱ्याएको तर्फ कायम भएको बिगोको सन्दर्भमा प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहालको पुनरावेदन जिकिर सम्बन्धमा माथि बिभिन्न प्रकरणहरुमा विवेचना गरिसकिएकोले अभियोग दावीबाट सफाई पाउनु पर्ने भन्ने प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहालको पुनरावेदन जिकिर पुग्न सक्ने देखिन आएन।

४८२. त्यसैगरी अभियोग दावी बमोजिम भ्रष्टाचारको कसूर ठहर एवं बिगो कायम गरी कैद, जरिवाना र बिगो असुल उपरको सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, माथि बिभिन्न प्रकरणहरुमा विवेचना गरेका आधार कारण बमोजिम प्रतिवादीहरु निर्मल कुँईकेल, सुशिल नाहटा, राजुकुमार रेग्मी, महेन्द्रलाल श्रेष्ठ, गोपाल

प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल तथा खानी उत्खनन्‌कर्ता द्वय बच्चुराम दाहाल र मिठ्ठाराम दाहालले मिलेमतो गरी गैह्र कानूनी लाभ लिई बदनियतपूर्ण तवरले अवैध रुपमा रुख कटान गरी बालुवा तथा माटोसमेत उत्खनन् लगायतका वादी नेपाल सरकारको आरोप दाबी बमोजिमका कसूरजन्य कार्यहरु गरी श्री पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुर्‍याई जि.वि.स शुल्क तथा रोयल्टी र भ्याटसमेत छली राज्य कोष तथा पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुर्‍याई वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिमको भ्रष्टाचारको कसूर गरेको देखिन आयो। तर, अभियोगदावी बमोजिम नै बिगो कायम गरी कैद, जरिवाना र बिगो असुल उपरको सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिन आएन।

४८३. अब, विशेष अदालतको मिति २०७३।०५।०५ को फैसला मिलेको छ छैन भन्ने सम्बन्धमा हेर्दा, प्रस्तुत मुद्दाका ९ जना प्रतिवादीहरु मध्ये पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको जग्गामा खानी संचालन सम्बन्धमा भए गरेका सम्झौताहरुको प्रथम पक्षका जिम्मेवार एवं जवाफदेहिता बहन गर्नुपर्ने प्रतिवादी कर्मचारीहरु महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल, निर्मल कुँईकेल, सुशिल नाहटा, राजुकुमार रेग्मीसमेतका प्रस्तुत मुद्दाका ७ जना प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिने गरी एवं खानी संचालन सम्बन्धमा भए गरेका सम्झौताहरुको दोश्रो पक्षका प्रतिवादीहरु खानी उत्खनन्‌कर्ता द्वय बच्चुराम दाहाल र मिठ्ठाराम दाहाललाई मात्र कसूर कायम गरी बिगो तर्फ आंशिक ठहर गरी विशेष अदालतबाट फैसला भएको देखिन्छ।

४८४. कुनै कार्य गर्नका लागि भएको सम्झौता बमोजिम कार्य सम्पन्न गर्ने क्रममा भएको भ्रष्टाचारका सम्बन्धमा यस अदालतको संयुक्त इजलासबाट **नेपाल सरकार बि. ओम विक्रम राणासमेत**[2] भएको भ्रष्टाचार (सुडान मिसनका APC र सोको स्पेयर्र पार्ट खरिद) मुद्दामा **"प्रहरी कल्याण कोषको रकम लगानी गरी नेपाल सरकार अन्तर्गतको प्रहरी प्रधान कार्यालयले गलत र अनुचित तवरबाट गरेको खरिद सम्झौताको आधारमा नेपाल सरकार, प्रहरी प्रधान कार्यालयलाई हानि नोक्सानी हुने र ठेकेदारलाई फाइदा हुने स्थिति भयो भने सो कार्यमा संलग्न राष्ट्रसेवक वा व्यक्तिउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को देहाय (ङ) मा भएको विशेष व्यवस्थाअनुसार कारवाही चलाउन वाधा पर्ने नदेखिने"** भनी व्याख्या भएको पाइन्छ। प्रस्तुत मुद्दामा पनि पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा

[2] ने.का.प. २०७४, अंकः ११ नि.नं. ९८९८

रहेको जग्गामा खानी संचालन सम्बन्धमा प्रतिवादीहरु महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल, निर्मल कुँईकेल, सुशिल नाहटा, राजुकुमार रेग्मीले गलत र अनुचित तवरबाट मिलेमतो गरी खानी उत्खनन् सम्बन्धी इजाजत पत्र लिन आवस्यक पर्ने जग्गा धनीको अनुमती प्रदान गर्ने, खानी उत्खनन् सम्बन्धी इजाजत पत्र जारी गर्ने, प्राबिधिकबाट तोकिएको दररेट भन्दा सस्तोमा खानी उत्खनन् सम्झौता गर्ने, सो इजाजत पत्र र सम्झौता बमोजिम खानी संचालन भए नभएको अनुगमन नै नगरी सालवसाली खानी उत्खनन् सम्बन्धी इजाजत पत्र नविकरण गर्ने, खानी संचालनको प्रभावकारी अनुगमन नगरी सम्झौतामा तोकिए भन्दा बढी परिमाणमा वालुवा तथा माटो निकासी हुन दिने, खानी उत्खनन स्किम एवं खानी उत्खनन् सम्झौता बमोजिम खानी उत्खनन्कर्ताले कार्य नगरेको प्रतिवेदन एवं उजुरीउपर समयमै कुनै कारबाही नगरी वालुवा खानी संचालन गरी वालुवा तथा माटो निकासी गर्दा सार्वजनिक संस्थाको रुखसमेतका सम्पत्तिको दुरुपयोग गरी त्यसबाट कोषलाई प्राप्त हुनुपर्ने रकम एवं राज्य कोषमा जम्मा हुनुपर्ने जि.वि.स. सेवा शुल्क र रोयल्टीसमेत छली सार्वजनिक संस्था पशुपती क्षेत्र विकास कोष र राज्य राज्य कोषलाई हानि नोक्सानी हुने र खानी उत्खनन्कर्ताहरुलाई फाइदा पुऱ्याएको देखिएकोले सो कार्यमा संलग्न उपरोक्त राष्ट्रसेवकहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारवाही चलाउनु उपयुक्त हुने नै देखिन आयो।

४८५. त्यसैगरी, यस अदालतको संयुक्त इजलासबाट **मथुरा ढकालसमेत बि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत सरीताकुमारी खतिवडाको प्रतिवेदनले नेपाल सरकार**[3] भएको परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको मुद्दामा **"भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने"** भनी व्याख्या भएको पाइन्छ।

[3] ने.का.प. २०७५, अंकः ११ नि.नं. १०१४२

प्रस्तुत मुद्दामा पनि पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको जग्गामा खानी संचालन सम्बन्धमा प्रतिवादीहरु महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल, निर्मल कुँईकेल, सुशिल नाहटा, राजुकुमार रेग्मीले कार्यालयको काममा आएका प्रक्रियागत कार्यहरु गरेको तर आफूहरुले कुनै आर्थिक लाभ लिने र पशुपती क्षेत्र विकास कोष र राज्य राज्य कोषलाई हानि पुऱ्याउने मनसायका साथ नगरेको भनी बयान गरेकै आधारमा मात्र उक्त दोषपूर्ण कार्यहरुबाट निजहरुले उन्मुक्ति पाउने अवस्था रहेको देखिन आएन।

४८६. यसरी, पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको जग्गामा खानी संचालन सम्बन्धमा खानी उत्खनन्कर्तालाई शर्त तोकी खानी उत्खनन् सम्बन्धी इजाजत पत्र जारी गर्ने, खानी संचालनका उत्खनन्कर्तालाई शर्त तोकी सम्झौता गर्ने, सो इजाजत पत्र र सम्झौता बमोजिम खानी संचालन भए नभएको अनुगमन गरी सालवसाली खानी उत्खनन् सम्बन्धी इजाजत पत्र नविकरण गर्ने वा खानी उत्खनन् सम्बन्धी इजाजत पत्र कानून बमोजिम रद्दसमेत गर्न सक्ने अख्तियारी एवं अधिकार प्राप्त जिल्ला विकास समितिका जिम्मेवार एवं जवाफदेहिता बहन गर्नुपर्ने प्रतिवादी कर्मचारीहरु महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल एवं खानी उत्खनन्कर्ताले खानी उत्खनन् सम्बन्धी इजाजत पत्र लिन आवस्यक पर्ने जग्गा धनीको अनुमती प्रदान गर्ने, खानी उत्खनन् सम्बन्धी इजाजत पत्र धारक खानी उत्खनन्कर्तासंग कोषको हितमा हुने गरी खानी उत्खनन् सम्झौता गर्ने, सो को अनुगमन गर्ने, खानी उत्खनन स्किम एवं खानी उत्खनन् सम्झौता बमोजिम खानी उत्खनन्कर्ताले कार्य नगरेमा खानी उत्खनन् सम्झौता रद्द समेत गर्न सक्ने अख्तियारी एवं अधिकार प्राप्त जग्गा धनी पशुपति क्षेत्र विकास कोषका जिम्मेवार एवं जवाफदेहिता बहन गर्नुपर्ने प्रतिवादी कर्मचारीहरुले आफ्नो पदीय जिम्मेवारी बमोजिम कार्य नगर्दा पशुपती क्षेत्र विकास कोष र राज्य कोषलाईसमेत हानी नोक्सानी पुग्न गएको देखिँदा खानी संचालन सम्बन्धमा भए गरेका सम्झौताहरुको प्रथम पक्षका जिम्मेवार एवं जवाफदेहिता बहन गर्नुपर्ने प्रतिवादी कर्मचारीहरु महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्म कुमार मल्ल, निर्मल कुँईकेल, सुशिल नाहटा, राजुकुमार रेग्मीसमेतका प्रस्तुत मुद्दाका ७ जना प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिई सो सम्झौताहरुको दोश्रो पक्षका प्रतिवादीहरु खानी उत्खनन्कर्ता द्वय बच्चुराम दाहाल र मिठ्ठाराम दाहाललाई मात्र कसूर कायम गरेकोले उपरोक्त ७ जना प्रतिवादीहरुलाई आरोपपत्र मागदावी बमोजिम

कसूर कायम गर्नुपर्नेमा आरोपपत्र मागदावी बाट सफाई दिने गरी शुरु विशेष अदालत काठमाडौंबाट मिति २०७३।०५।०५ मा भएको फैसला सो हदसम्मसमेत मिलेको देखिन आएन।

४८७. त्यसैगरी, माथि बिभिन्न प्रकरणहरुमा विवेचना गरेका आधार कारण बमोजिम एवं मिसिल संलग्न विभिन्न उजुरी, प्राविधिकहरुले तयार पारी पेश गरेको प्रतिवेदनहरु, निर्णय, पत्राचार लगायतका मिसिल संलग्न नाप, नक्सा, फोटोहरु यस अदालतबाट प्रतिपादित सिध्दान्त एवं व्याख्यासमेतका प्रमाणहरुबाट प्रतिवादीहरु निर्मल कुइकेल, सुशील नाहटा, महेन्द्रलाल श्रेष्ठ, गोपाल प्रसाद पराजुली, प्रेमराज जोशी, भिष्मकुमार मल्ल, राजु कुमार रेग्मीसमेतले श्री पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स. वडा नं. ३ (क) को कि.नं. ५९ र ८४ तथा ऐ. वडा नं. ४ (क) को कि.नं. ८० को जम्मा ५३४ रोपनी जग्गाहरुमा अवैध रुपमा रुख कटान एवं बालुवा तथा माटो उत्खनन् गरी श्री पशुपति क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुर्‍याई जि.वि.स शुल्क तथा रोयल्टीसमेत छली अभियोग मागदावी बमोजिमको भ्रष्टाचारको कसूर गरेको स्थापित हुन आएको हुँदा निजहरुलाई आरोपपत्र मागदावी बाट सफाई दिने गरी शुरु विशेष अदालत काठमाडौंबाट मिति २०७३।०५।०५ मा भएको फैसला मिलेको नदेखिँदा निजहरुको हकमा उल्टी भई निजहरुले आरोपपत्र मागदावी बमोजिम कसूर गरेको देखियो र प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहालको हकमा शुरु अदालतबाट भएको फैसलामा कसूर कायम गरेको हदसम्म मिलेको देखिई निजहरुलाई कायम गरेको बिगो र भएको जरिवानाको हकमा सम्म केही उल्टी हुने देखियो।

४८८. अतः प्रतिवादी निर्मल कुइकेलको हकमा बिगो रु.८३,४१,६६६।४३ (त्रियासी लाख एक्चालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र), प्रतिवादी महेन्द्रलाल श्रेष्ठको हकमा बिगो रु.४०,०१,४६६।४३ (चालिस लाख एक हजार चार सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र), प्रतिवादी सुशील नाहटाको हकमा बिगो रु.९१,६३,७३५।९१ (एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र), प्रतिवादी गोपाल प्रसाद पराजुलीको हकमा बिगो रु.६२,३७,००६।९२(बैसठ्ठी लाख सैंतिस हजार छ र बयानब्बे पैसा मात्र), प्रतिवादी प्रेमराज जोशीको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र), प्रतिवादी भीष्मकुमार मल्लको

हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र), प्रतिवादी राजु कुमार रेग्मीको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र), प्रतिवादी मिठ्ठाराम दाहालको हकमा बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) र प्रतिवादी बच्चु राम दाहालको हकमा बिगो रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) भ्रष्टाचार गरेको बिगो कायम भई निजहरुले भ्रष्टाचार गरी सरकारी सम्पत्ति खाई मासी हिनामिना गरेको पुष्टि हुन आएकोले प्रतिवादी निर्मल कुइकेलबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो रु.८३,४१,६६६।४३(त्रियासी लाख एकचालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) असूल उपर गरी निजलाई ऐ. ऐनको दफा ३ (१) (ज) बमोजिम ६ (छ) वर्ष कैद र बिगो बमोजिम रु.८३,४१,६६६।४३(त्रियासी लाख एकचालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) जरिवाना, प्रतिवादी महेन्द्रलाल श्रेष्ठलाई जम्मा बिगो रु.४०,०१,४६६।४३(चालिस लाख एक हजार चार सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) कायम भएकोमा रुख कटान तर्फको बिगो रू.१,४९,५३८।९३ असूल उपर गरी जि.वि.स रोयल्टी तथा शुल्क तर्फको बिगो रू.३८,५१,९२७।५० तर्फ ऐ. दफा ७ बमोजिम बिगोको दोब्बर रु.७७,०३,८५५।००(सतहत्तर लाख तीन हजार आठ सय पच्पन्न मात्र) जरिवाना तथा ऐ.दफा ३ र ३ (१) बमोजिम रुख कटान तर्फको बिगो बमोजिमको जरिवाना रु.१,४९,५३८।९३ समेत जम्मा रु.७८,५३,३९३।९३ (अठत्तर लाख त्रिपन्न हजार तीन सय त्रियानब्बे र त्रियानब्बे पैसा मात्र) जरिवाना र ऐ. दफा ३ (१) (छ) बमोजिम ४ वर्ष कैद हुने, प्रतिवादी सुशील नाहटाबाट ऐ. दफा १७ बमोजिम बिगो रु.९१,६३,७३५।९१(एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र) असूल गरी निजलाई ऐ. दफा ३ (१) (ज) बमोजिम ६ (छ) वर्ष कैद र बिगो बमोजिम रु.९१,६३,७३५।९१(एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र) जरिवाना हुने, प्रतिवादी गोपाल प्रसाद पराजुलीलाई जम्मा बिगो रु.६२,३७,००६।९२(बैसठ्ठी लाख सैंतिस हजार छ र बयानब्बे पैसा मात्र) कायम भएकोमा मिठ्ठारामले अवैध खानी संचालन गरी निकासी गरेको बालुवा तर्फको बिगो रू.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल

उपर गरी जि.वि.स रोयल्टी तथा शुल्क तर्फको बिगो रू.५९,९९,३४०।२५ तर्फ ऐ. दफा ७ बमोजिम बिगोको दोब्बर रु.१,१९,९८,६८०।५० (एक करोड उन्नाईस लाख अन्ठानब्बे हजार छ सय असी र पचास पैसा मात्र) जरीवाना तथा ऐ.दफा ३ र ३ (१) बमोजिम मिठ्ठाराम दाहालले अवैध खानी संचालन गरी निकासी गरेको बालुवा तर्फको बिगो बमोजिमको जरिवाना रू.२,३७,६६६।६७ समेत जम्मा रु.१,२२,३६,३४७।१७(एक करोड बाईस लाख छत्तिस हजार तीन सय सत्चालिस र सत्र पैसा मात्र) जरिवाना र ऐ. ३ (१)(ज) बमोजिम ६ (छ) वर्ष कैद हुने, प्रतिवादी प्रेमराज जोशीबाट ऐ. दफा १७ बमोजिम बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ऐ. को दफा ३ र ३ (१) (घ) बमोजिम ६ (छ) महिना कैद र बिगो बमोजिम रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने, प्रतिवादी भीष्मकुमार मल्लबाट ऐ. दफा १७ बमोजिम बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ऐ. को दफा ३ र (३)(१)(घ) बमोजिम ६ (छ) महिना कैद र बिगो बमोजिम रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने, प्रतिवादी राजु कुमार रेग्मीबाट ऐ. दफा १७ बमोजिम बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ऐ. को दफा ३ र ३ (१) (घ) बमोजिम ६ (छ) महिना कैद र बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने, प्रतिवादी मिठ्ठाराम दाहालबाट ऐ. दफा ८ (४) बमोजिम बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी सोही ऐन बमोजिम रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने र प्रतिवादी बच्चुराम दाहालबाट ऐ. दफा ८ (४) बमोजिम बिगो रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) असूल उपर गरी बिगो बमोजिम रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) जरिवाना हुने ठहर्छ। अभियोगदावी बमोजिम नै बिगो कायम गरी कैद, जरिवाना र बिगो असुल उपरको सजाय हुनुपर्ने भन्ने सम्मको वादी नेपाल सरकारको

र अभियोग दावीबाट सफाई पाउनु पर्ने भन्ने प्रतिवादीहरु बच्चुराम दाहाल र मिठ्ठाराम दाहालको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसील बमोजिम गर्नू।

## तपसील

१. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी निर्मल कुइकेललाई बिगो रु.८३,४१,६६६।४३(त्रियासी लाख एकचालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) असूल उपर गरी ६(छ) वर्ष कैद र बिगो बमोजिम रु.८३,४१,६६६।४३ (त्रियासी लाख एकचालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) जरिवाना हुने ठहर भई फैसला भएकोले प्रतिवादीले मुद्दा पुर्पक्षको क्रममा राखेको र.नं. २७९७ मिति २०७१/११/२९ बाट राखेको नगद धरौटी रु. ५०,०००।-निजलाई ठहर भएको जरिवानाबाट कट्टा गरी राजश्व दाखिला गरी बाँकी जरिवाना रु. रु.८२,९१,६६६।४३(बयासी लाख एकानब्बे हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) जरिवाना र बिगो रु. ८३,४१,६६६।४३(त्रियासी लाख एकचालिस हजार छ सय छैसठ्ठी र त्रिचालिस पैसा मात्र) असूल उपर गरी ६(छ) वर्ष कैद लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनू।

२. प्रतिवादी सुशिल नाहटालाई बिगो रु.९१,६३,७३५।९१(एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र) असूल गरी ६ (छ) वर्ष कैद र बिगो बमोजिम रु.९१,६३,७३५।९१(एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र) जरिवाना हुने ठहर भई फैसला भएकोले प्रतिवादीले मुद्दा पुर्पक्षको क्रममा राखेको र.नं. २८३२ मिति २०७१/१२/१ बाट राखेको नगद धरौटी रु. ५०,०००।- निजलाई ठहर भएको जरिवानाबाट कट्टा गरी राजश्व दाखिला गरी बाँकी जरिवाना रु.९१,१३,७३५।९१(एकानब्बे लाख तेह्र हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र) जरिवाना र बिगो रु.९१,६३,७३५।९१(एकानब्बे लाख त्रिसठ्ठी हजार सात सय पैंतिस र एकानब्बे पैसा मात्र)असूल उपर गरी ६(छ) वर्ष कैदको लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनू।

३. प्रतिवादी महेन्द्रलाल श्रेष्ठ लाई बिगो रू.१,४९,५३८।९३(एक लाख उनान्पचास

हजार पाँच सय अठतीस र त्रियानब्बे पैसा मात्र) असूल उपर गरी जम्मा रु.७८,५३,३९३।९३ (अठत्तर लाख त्रिपन्न हजार तीन सय त्रियानब्बे र त्रियानब्बे पैसा मात्र) जरिवाना र ४(चार) वर्ष कैद हुने हुने ठहर भई फैसला भएकोले प्रतिवादीले मुद्दा पुर्पक्षको क्रममा राखेको र.नं. २८४६ मिति २०७१/१२/३ बाट राखेको नगद धरौटी रु. ३०,०००।– निजलाई ठहर भएको जरिवानाबाट कट्टा गरी राजश्व दाखिला गरी बाँकी जरिवाना रु.७८,२३,३९३।९३ (अठत्तर लाख तेइस हजार तीन सय त्रियानब्बे र त्रियानब्बे पैसा मात्र) जरिवाना र बिगो रू.१,४९,५३८।९३ (एक लाख उनान्पचास हजार पाँच सय अठतीस र त्रियानब्बे पैसा मात्र) असूल उपर गरी ४(चार) वर्ष कैदको लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनू।

४. प्रतिवादी गोपालप्रसाद पराजुली लाई बिगो बिगो रू.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ६(छ) वर्ष कैद र रु.१,२२,३६,३४७।१७(एक करोड बाईस लाख छत्तिस हजार तीन सय सत्चालिस र सत्र पैसा मात्र) जरिवाना हुने ठहर भई फैसला भएकोले प्रतिवादीले मुद्दा पुर्पक्षको क्रममा राखेको र.नं. २९०९ मिति २०७१/१२/१० बाट राखेको नगद धरौटी रु. ३५,०००।- निजलाई ठहर भएको जरिवानाबाट कट्टा गरी राजश्व दाखिला गरी बाँकी रु.१,२२,०१,३४७।१७(एक करोड बाईस लाख एक हजार तीन सय सत्चालिस र सत्र पैसा मात्र) जरिवाना र बिगो रू.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ६(छ) वर्ष कैदको लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनू।

५. प्रतिवादी प्रेमराज जोशी लाई बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ६ (छ) महिना कैद र बिगो बमोजिम रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने ठहर भई फैसला भएकोले प्रतिवादीले मुद्दा पुर्पक्षको क्रममा राखेको र.नं. २९०८ मिति २०७१/१२/१० बाट राखेको नगद धरौटी रु. १०,०००।-निजलाई ठहर भएको जरिवानाबाट कट्टा गरी राजश्व दाखिला गरी

बाँकी रु.२,२७,६६६।६७(दुई लाख सत्ताइस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना र बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ६ (छ) महिना कैद लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनू।

६. प्रतिवादी भिष्मकुमार मल्ल लाई बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ६ (छ) महिना कैद र बिगो बमोजिम रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने ठहर भई फैसला भएकोले प्रतिवादीले मुद्दा पुर्पक्षको क्रममा राखेको र.नं. २९३१ मिति २०७१/१२/१५ बाट राखेको नगद धरौटी रु. १०,०००।-निजलाई ठहर भएको जरिवानाबाट कट्टा गरी राजश्व दाखिला गरी बाँकी रु.२,२७,६६६।६७(दुई लाख सत्ताइस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना र बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ६(छ) महिना कैद लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनू।

७. प्रतिवादी राजुकुमार रेग्मी लाई बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ६(छ) महिना कैद र बिगो बमोजिम रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने ठहर भई फैसला भएकोले प्रतिवादीले मुद्दा पुर्पक्षको क्रममा राखेको र.नं. २९९८ मिति २०७१/१२/३० बाट राखेको नगद धरौटी रु.४०,०००।-निजलाई ठहर भएको जरिवानाबाट कट्टा गरी राजश्व दाखिला गरी बाँकी रु.१,९७,६६६।६७(एक लाख सन्तानब्बे हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना र बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी ६(छ) महिना कैद लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनू।

८. प्रतिवादी बच्चुराम दाहाललाई बिगो रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) असूल उपर गरी बिगो बमोजिम रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी

हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) जरिवाना हुने ठहर भई फैसला भएतापनि शुरु विशेष अदालतबाट यी प्रतिवादीलाई रु.१४,४५,४५,२००।४० (चौध करोड पैंतालिस लाख पैंतालिस हजार दुई सय रुपैयाँ चालीस पैसा) जरिवाना हुने ठहरेकोमा शुरु विशेष अदालतमा र.नं.३०३५ मिति २०७२/१/३० बाट राखेको नगद धरौटी रु.३०,००,०००।- निजलाई ठहर भएको सो जरिवानाबाट कट्टा गरी बाँकी जरिवाना रु. १४,१५,४५,२००।४०(चौध करोड पन्ध्र लाख पैंतालिस हजार दुई सय रुपैया चालीस पैसा) लगत कायम रहेकोमा निज यस अदालतमा पुनरावेदन दर्ता गर्ने क्रममा थुनामा बसेको र यस अदालतको ०७५-WH-०००३ बन्दीप्रत्यक्षीकरण मुद्दाबाट जरिवाना बापत कैदमा बस्नुपर्ने अबधि भूक्तान भइसकेको भनी थुनामूक्त भएको काठमाडौं जिल्ला अदालतको च.नं. ५२७ मिति २०७५/०५/०३ को पत्र मिसिल संलग्न रहेको देखिँदा निजको हकमा जरिवाना तर्फको लगत कट्टा भइसकेकोले बाँकी बिगो रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) असूल उपरको लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनू।

९. प्रतिवादी मिठ्ठाराम दाहाललाई बिगो रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) असूल उपर गरी रु.२,३७,६६६।६७(दुई लाख सैंतिस हजार छ सय छैसठ्ठी र सत्सठ्ठी पैसा मात्र) जरिवाना हुने ठहर भई फैसला भएकोले सो जरिवाना र बिगोको लगत कसी असूल भई आएमा र जेथा जमानी राख्न दिने दाता प्रतिवादी बच्चुराम दाहालको बाँकी बिगो रु.१२,९९,८४,३५७।२१(बाह्र करोड उनान्सय लाख चौरासी हजार तीन सय सन्ताउन्न र एक्काईस पैसा मात्र) समेत असूल उपर भएमा प्रतिवादी मिठ्ठाराम दाहालले मुद्दा पुर्पक्षको क्रममा राखेको जेथा जमानत बच्चुराम दाहाल नाम दर्ताको काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ३ कि.नं. २२३ क्षेत्रफल ८७.४४ व.मि. जग्गा नियमानुसार गरी फूकुवा गरिदिनू भनी सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनू।

१०. बिगो असूलउपरका सन्दर्भमा श्री पशुपति क्षेत्र विकास कोषले प्रस्तुत मुद्दाका

प्रतिवादीहरुको नाममा रहेको स्वतन्त्र जेथा देखाई कानूनका म्याद भित्र निवेदन दिएमा प्रतिवादीहरुको नाममा माथि कायम भएको लगत बराबरको बिगो कोषले देखाएको जेथा रहेको सम्बन्धित जिल्ला अदालतबाट असूल गरिदिनू।

११. प्रस्तुत मुद्दाको फैसलाको जानकारी श्री पशुपति क्षेत्र विकास कोष, विशेष अदालत र महान्यायाधिवक्ता कार्यालयलाई दिई मुद्दाको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(अब्दुल अजीज मुसलमान)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(कुमार रेग्मी)
न्यायाधीश

इजलास अधिकृत (उपसचिव): कृष्ण प्रसाद अधिकारी
कम्प्युटर टाइप : अमिर रत्न महर्जन
इति सम्वत् २०८१ साल माघ ३० गते रोज ४ शुभम्---------------------------।